# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

लक्ष्मीप्रसाद देवकोटा (वि.सं.१९६६-२०१६) नेपाली साहित्यका महान् तथा बहुमुखी प्रतिभाशाली व्यक्तित्व हुन् । नेपाली साहित्यको महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, उपन्यास, समालोचना जस्ता विधाहरूमा कलम चलाएका देवकोटाको मुख्य साधना र सिर्जनाको क्षेत्र भने कविता हो । त्यसपछि उनको सफलताको पाटो निबन्ध हो । गुणात्मक तथा परिमाणात्मक रूपमा धेरै कविताहरू सिर्जना गरेका र महाकाव्यको फाँटमा अमूल्य योगदान गरेकाले उनलाई महाकविको उपाधि दिइएको छ । उनका ६४४ भन्दा बढी फुटकर कविता, तिन दर्जनभन्दा बढी खण्डकाव्य तथा आधा दर्जन महाकाव्यहरूले जसरी नेपाली काव्यिक फाँटलाई सुसम्पन्न बनाएको छ । उनका तिनवटा मौलिक निबन्ध सङ्ग्रहहरूले समग्र नेपाली निबन्ध जगत्लाई नै अमूल्य योगदान पुऱ्याएका छन् । उनले नेपाली निबन्ध जगत्मा सर्वप्रथम निजात्मकतालाई प्रवेश गराई ऐतिहासिक योगदान दिएका छन् । वि.सं. १९९३ मा 'आषाढको पन्ध्र' (शारदा, वर्ष २ अङ्क ९) निबन्ध प्रकाशित गरेर निबन्धात्मक यात्राको श्रीगणेश गरेका देवकोटा नेपाली निबन्धको फाँटमा स्वर्णअक्षरले नाम लेखाउन सफल स्रष्टा हुन् ।

लक्ष्मीप्रसाद देवकोटाले आफ्नो साहित्यिक यात्रा अवधिमा मौलिक निबन्ध लेखन तथा विभिन्न अङ्ग्रेजी निबन्धकारहरूको निबन्धको अनुवाद पनि गरेका छन् । उनले प्रकाशित तथा अप्रकाशित गरी करिब छ दर्जनभन्दा बढी निबन्धहरू लेखेका छन् । देवकोटाका 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' (१९९८, अङ्ग्रेजीबाट अनुवाद), 'लक्ष्मी निबन्धसङ्ग्रह' (२००२), 'दाडिमको रूखनेर' (२०३९, सम्पा. राजेन्द्र सुवेदी) र 'महाकवि देवकोटाका निबन्ध' (२०६६, सम्पा. शिव रेग्मी) गरी चारवटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् ।

नेपाली निबन्धको क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको विशिष्ट स्थान छ । निजात्मक नेपाली निबन्धको थालनी गरेर निबन्ध विधामा नौलो परम्पराको विकास गर्ने प्रतिभा देवकोटा नै मानिन्छन् । जसरी कविता काव्यमा स्वच्छन्दतावादी भावानुकूल प्रकृतिप्रेम, मानवतावाद तथा ईश्वरप्रतिको मानव जीवनसँग घनिष्ट तादात्म्यता प्रकट गरेका छन् त्यसैगरी उनले आफ्ना निबन्धहरूमा पनि देशभक्ति, चिन्तनशीलता, दार्शनिकता, निजात्मकता, व्यङ्ग्यात्मकता जस्ता भावहरूको गहन प्रस्तुतीकरण गरेका छन् । देवकोटाका निबन्धहरूको अध्ययन, अनुसन्धान, समालोचना तथा शोधकार्यहरू विभिन्न विषय तथा दृष्टिकोणमा आधारित भएर गरिएका छन् तर देवकोटाका निबन्धहरूमा रहेका प्रकृतिप्रेमलाई आधार मानेर आजसम्म पनि विस्तृत खोज, अनुसन्धान तथा शोधकार्य भएको छैन । यस अभावलाई पूरा गर्न यो शोधकार्य गरिएको हो ।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले आफ्ना निबन्धहरूमा प्रकृतिप्रति प्रकट गरेका प्रेमभावको विस्तृत अध्ययन गरी विभिन्न तथ्य र प्रमाणको आधारमा उनलाई प्रकृतिप्रेमी निबन्धकारका रूपमा उभ्याउनु नै यस शोधकार्यको मुख्य लक्ष्य हो ।

## १.२ समस्या कथन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूको विश्लेषण तथा प्राज्ञिक अध्ययनका विविध क्षेत्रहरू छन् । ती मध्ये उनका प्रमुख प्रवृत्तिगत विशेषताको एउटा पाटो प्रकृतिप्रेम पनि हो । प्रकृतिप्रति समर्पित देवकोटाका अन्य विधाका कृतिहरू जस्तै निबन्धहरूमा पनि प्रकृतिको प्रयोग भएको छ । प्रकृतिप्रेम भावुक र जटिल विषय भए पनि उनका निबन्धमा प्रष्ट रूपमा यो भाव झल्किएको हुँदा प्रस्तुत विषय खोज र अनुसन्धानको विषय बन्न पुगेको हो । यस शोधकार्यको मूल समस्या लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूमा अभिव्यक्त भएका प्रकृतिप्रेमी भावहरू पहिल्याउनु हो । यसै मुख्य समस्यासँग सम्बन्धित निम्नलिखित प्रश्नहरूको गहन प्राज्ञिक समाधान खोज्ने कार्यमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ :

(क) लक्ष्मीप्रसाद देवकोटाको निबन्धयात्रा के-कस्तो छ ?

(ख) निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा के-कस्ता प्रकृतिप्रेमका भावनाहरू प्रकट भएका छन् ?

उपर्युल्लिखित दुईवटा समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधको उद्देश्य

समस्या कथनमा प्रस्तुत भएको शोध समस्यामा केन्द्रित रही निम्नलिखित उद्देश्य प्राप्तिका निम्ति प्रस्तुत शोधकार्य गरिएको छ :

(क) लक्ष्मीप्रसाद देवकोटाको निबन्धयात्रा पहिचान गर्नु,

(ख) निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकट भएका प्रकृतिप्रेमी भावनाको खोज गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली निबन्धका एक विशिष्ट प्रतिभा लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९९३ मा 'आषाढको पन्ध' (शारदा, वर्ष २, अङ्क ९) शीर्षकको निबन्ध प्रकाशन गरी औपचारिक रूपमा निबन्ध लेखनमा प्रवृत्त भएका हुन् । स्वच्छन्दतावादी धाराका केन्द्रीय कवि देवकोटाले रुसो, वर्डस्वर्थ र कलरिज् जस्ता स्रष्टाहरूको समेत प्रभाव ग्रहण गरी आफ्ना रचनाहरूमा प्रकृतिको चित्रण र प्रेमभाव प्रकट गरेका छन् ।

देवकोटाको निबन्धकारिताको विविध कोणहरूबाट विभिन्न समयमा खोज तथा अनुसन्धान भएका छन् । देवकोटा सम्बन्धी खोज र अध्ययनको सुदीर्घ परम्परा नै रहेको छ । विभिन्न लेखक,

समालोचक, अध्येता तथा अनुसन्धानकर्ताहरूबाट उनका निबन्धमा रहेका प्रकृतिप्रेमको बारेमा खोज र टिप्पणी जस्ता कार्यहरू हुँदै आएको पाइन्छ । तिनै लेखहरूलाई प्रस्तुत शोधपत्रको पूर्वकार्यको रूपमा समावेश गरिएको छ जसले यस शोधपत्रको महत्त्वपूर्ण मार्गदर्शकको रूपमा भूमिका खेलेको छ । प्रस्तुत शोधकार्य गर्दा ती सम्पूर्ण पूर्वज लेखक तथा अनुसन्धानकर्ताहरूप्रति आभार प्रकट गर्दै प्रकृतिप्रेमका बारेमा गरेका विचार तथा खोजलाई यस शोधकार्यको पूर्वकार्यको समीक्षाका रूपमा ग्रहण गरी यहाँ तिनको कालक्रमिक सर्वेक्षण र समीक्षात्मक प्रस्तुति गरिएको छ :

### १.४.१ निबन्धकार देवकोटा सम्बन्धी गरिएका विद्यावारिधीय शोधकार्यहरू

दुर्गाप्रसाद अर्यालले दे**वकोटाका निबन्धमा दार्शनिक चिन्तन** (२०५७) शीर्षकको शोध प्रबन्धमा दर्शनको सैद्धान्तिक पृष्ठभूमि, पूर्वीय र पाश्चात्य दार्शनिक चिन्तनको अभिप्रेरक परिवेश तथा दार्शनिक निबन्ध सिर्जनामा मूल प्रेरणा र परिस्थितिको बारेमा चर्चा गर्दै देवकोटाका निबन्धको दार्शनिक अध्ययन गरेका छन् । यस अध्ययनमा उनले प्रसङ्गवश विभिन्न ठाउँमा प्रकृतिदर्शनको चर्चा पनि गरेका छन् । यस अध्ययनमा उनले 'पहाडी जीवन', 'फूल', 'सरिताको कलकलमा', 'आषाढको पन्ध्र' र 'मेरी शिशु' आदि जस्ता निबन्धमा प्रकृतिप्रेम प्रकट भएको प्रसङ्ग उल्लेख गरेका छन् । पुस्तकाकार रूपको प्रस्तुत ग्रन्थ मुख्यतः दर्शनकै सेरोफेरोमा परिक्रमा गरे पनि प्रकृतिप्रतिको मोह र झुकावलाई बुझ्न सहायक सिद्ध भएको छ ।

रामनाथ ओझाले **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य चेतना** (२०५९) शीर्षकको विद्यावारिधीय शोध प्रबन्धमा पूर्वीय र पाश्चात्य व्यङ्ग्यको भाषाशैली र सिद्धान्त उल्लेख गर्दै देवकोटाको निबन्ध यात्रा, देवकोटाका व्यङ्ग्यप्रधान निबन्ध रचनाको प्रमुख प्रेरकहरू र निबन्धको वर्गीकरण गरेका छन् । दश परिच्छेदमा पूरा भएको प्रस्तुत शोधकार्यमा ओझाले व्यङ्ग्यात्मक निबन्धको विश्लेषण गर्ने क्रममा 'मान्छे जादू', 'मसलाको बोटले के हेर्छ ?', 'एउटी चरीको चिरीबिरी', 'दाडिमको रूखनेर' निबन्धमा मानिसप्रति व्यङ्ग्य गर्दै प्रकृतिप्रेम र प्राकृतिक जीवनको पक्षमा वकालत गरेका छन् ।

### १.४.२ निबन्धकार देवकोटा सम्बन्धी गरिएका दर्शनाचार्य स्तरीय शोधकार्य

रजनी काफ्लेले **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा निजात्मकता** (२०६९) शीर्षकको शोध प्रबन्धमा गहन विश्लेषण र अध्ययन गरी निबन्धमा वैयक्तिक सन्दर्भ तथा सार्वजनिक सन्दर्भको चर्चा गर्दै विभिन्न प्रसङ्गहरू र अभिव्यक्तिहरूको आधारमा देवकोटालाई एक विशिष्ट निजात्मक निबन्धकारका रूपमा उभ्याएकी छन् । उनले विभिन्न शीर्षकहरूमा निजत्वको विशलेषण गर्ने क्रममा देवकोटाको एकान्त प्रियता र प्रकृतिप्रेमको चर्चा गरेकी छन् । उनले देवकोटाका तिनवटै

मौलिक निबन्धसङ्ग्रहको गहन अध्ययन पश्चात् विभिन्न उपशीर्षकहरूमा देवकोटाका निजत्वलाई प्रस्तुत गरेकी छन् ।

यो अध्ययन देवकोटाको प्रकृतिप्रियताको ज्ञान हासिल गर्न महत्त्वपूर्ण कडीको रूपमा रहेको छ ।

### १.४.३ निबन्धकार देवकोटा सम्बन्धी गरिएका स्नातकोत्तरीय शोधकार्यहरू

कृष्णचन्द्र घिमिरेले **निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन** (२०३८) शीर्षकको शोधपत्रमा देवकोटाको निबन्ध लेखनको पृष्ठभूमि र प्रेरणा उल्लेख गर्दै निबन्धयात्रा र प्रवृत्ति प्रस्तुत गरेका छन् । देवकोटाका निबन्धहरूको विविध आधारमा वर्गीकरण गर्ने क्रममा उनले प्रकृतिचित्रणपरक निबन्धहरू भनि 'पहाडी जीवन', 'सरिताको कलकलमा', 'मसलाको बोटले के हेर्छ ?' 'गौरी-शंकर यात्रा' आदि निबन्धको चर्चा गरेका छन् । यस अध्ययनबाट देवकोटाका निबन्धहरूको विशलेषण र मूल्याङ्कन गर्दा प्रकृतिप्रेमपरक भावको जानकारी लिइएको छ ।

ध्रुवप्रसाद बस्यालले **लक्ष्मी निबन्धसङ्ग्रहको कृतिपरक विश्लेषण** (२०५४) शीर्षकको शोधपत्रमा 'कृतिकारको जीवनवृत्त' बाट सुरु गर्दै निबन्धको व्युत्पत्ति र अर्थ, निबन्ध तत्त्व प्रस्तुत गर्नुका साथै आख्यानेत्तर र अन्य गद्य विधा र निबन्धको बीचमा तुलना गरेका छन् । उनले देवकोटाको निबन्धमा प्रादुर्भाव र निबन्ध सिर्जनाको विस्तृत चर्चा गरेका छन् । लक्ष्मी निबन्धसङ्ग्रहको निबन्धहरूको वर्गीकरण गर्दै कतिपय निबन्धहरूमा प्रकृतिचित्रण र प्रकृतिप्रेमी भाव रहेको कुरा व्यक्त गरेका छन् । यो अध्ययन देवकोटाको निबन्ध सिर्जना र विकासक्रम खोज्न सहायक सिद्ध भएको छ र 'लक्ष्मी निबन्धसङ्ग्रह' मा भएका प्रकृतिप्रेमका विषयलाई बुझ्न सहयोगी भएको छ ।

निर्मला सापकोटाले **दाडिमको रूखनेर निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन** (२०५६) शीषर्कमा 'जीवनका आलोकमा निबन्धकार देवकोटाको विकास' शीर्षकमा देवकोटाका निबन्धहरूमा पनि उनको कवितामाझैं प्रकृतिप्रेम देखापरेको छ भन्ने उल्लेख गरेकी छन् । **दाडिमको रूखनेर** (२०३९) मा सङ्गृहीत १९ वटा निबन्धहरूको विविध कोणबाट अध्ययन र विश्लेषण गर्दै प्रकृतिप्रेम पनि देवकोटाका निबन्धहरूको प्रमुख विशेषता भएको टिप्पणी गरेकी छन् । यस अध्ययनबाट देवकोटाका दाडिमको रूखनेर निबन्धसङ्ग्रहमा प्रकट भएका प्रकृतिप्रेमपरक भावको जानकारी लिइएको छ ।

भानुभक्त पोखरेलले **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य** (२०५८) शीर्षकको शोधपत्रमा व्यङ्ग्यको सैद्धान्तिक परिचय प्रस्तुत गर्दै पूर्वीय र पाश्चात्य साहित्यमा व्यङ्ग्यको अर्थ, परिभाषा, चिन्तनका साथै शब्दशक्तिका सन्दर्भमा व्यङ्ग्य विवेचना, ध्वनिवादका सन्दर्भमा व्यङ्ग्य,

वक्रोक्तिवादका सन्दर्भमा व्यङ्ग्य तथा व्यङ्ग्यका प्रकार उल्लेख गरेका छन् । त्यसैका आधारमा देवकोटाका निबन्धको व्यङ्ग्यात्मक दृष्टिकोणले विश्लेषण गरेका छन् । देवकोटाका निबन्धमा मानिसले प्रकृतिको विनाश गर्दै आफ्नै विनाश निम्त्याउँदै छ भन्ने कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । देवकोटाले मानवीय कुप्रवृत्तिप्रति व्यङ्ग्य गरी प्रकृतिको संरक्षण र सम्बर्द्धनमा लाग्न प्रेरित गरेको कुरा पोखरेलले प्रस्तुत शोधपत्रमा उल्लेख गरेका छन् । यस शोधपत्रबाट व्यङ्ग्यात्मक रूपमा भए पनि देवकोटा प्रकृतिप्रेमकै पक्षमा वकालत गर्थे भन्ने कुराको जानकारी लिइएको छ ।

रमा शर्माले **देवकोटा सम्बन्धी अध्ययन परम्परा** (२०६३) शीर्षकको शोधपत्रमा स्रष्टा देवकोटाका विषयमा वि.सं. २०६३ सम्म गरिएका अध्ययन, अनुसन्धान, लेख तथा समालोचनाहरूको खोज गरी कालक्रम अनुसार समग्र सूची प्रस्तुत गरेकी छन् । देवकोटाको विविध सिर्जनात्मक पाटाहरूको छुट्टाछुट्टै अध्ययनको शीर्षक बनाई तयार पारिएको यस शोधपत्रले देवकोटाका विषयमा भएका लेख तथा समालोचना र शोधसम्बन्धी जानकारी दिएको छ । अभिसूचीकाको रूपमा प्रस्तुत यस शोधपत्र निबन्धकार देवकोटाको प्रकृतिप्रेमको बारेमा प्रकाशित लेखहरूको सामग्री सङ्कलन गर्न सन्दर्भ सामग्रीको रूपमा लिइएको छ ।

भीमप्रसाद सुवेदीले **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा देशभक्ति** (२०६५) शीर्षकको शोधपत्रमा 'देवकोटाको निबन्ध यात्रा र निबन्ध सिर्जना' शीर्षकमा देवकोटाको निबन्ध यात्राको चरण विभाजन गर्दै उनलाई देशभक्तिको भाव भएका निबन्धकारका रूपमा उभ्याएका छन् । उनले देशभक्तिको चर्चा गर्ने क्रममा दवकोटाका निबन्धमा अभिव्यक्त नेपाली प्रकृतिप्रतिको भक्ति तथा प्रेमको पनि चर्चा गरेका छन् । यस शोधकार्यबाट देवकोटाको निबन्ध यात्रा र चरण विभाजन गर्न तथा प्रकृतिप्रति प्रकट गरिएको प्रेमभावको जानकारी लिन सहयोग पुगेको छ ।

### १.४.४ देवकोटाका निबन्धमा रहेका प्रकृतिप्रेमसँग सम्बन्धित प्रकाशित लेखरचनाहरू

प्रस्तुत शीर्षकमा निबन्धकार देवकोटाको प्रकृतिप्रेमसँग सम्बन्धित विभिन्न पत्रपत्रिकाहरू तथा पुस्तकहरूको लेखलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

रत्नध्वज जोशीले **हिमानी** (२०१०)पत्रिकामा 'निबन्धकार देवकोटा' शीर्षकको समीक्षात्मक लेखमा देवकोटाका निबन्धमा पाइने देशप्रेम तथा व्यङ्ग्य चेतना र प्रकृतिचित्रण सम्बन्धी विषयको उल्लेख गरेका छन् । समालोचकीय चेतनाले भरिएको यस लेखमा देवकोटा प्रकृतिप्रति पनि झुकाउ राख्ने निबन्धकार भएको उल्लेख गरेका छन् ।

इन्द्रबहादुर राईले **टिपेका टिप्पणीहरू** (सन् १९६६) समीक्षा सङ्ग्रहमा 'देवकोटाको पोथी गद्य' शीर्षकको लेखमा देवकोटाका निबन्धमा पाइने शैलीपक्षको विश्लेषण गरेका छन् । देवकोटा आफैँले आफ्नो शैलीलाई 'पोथी गद्यको' संज्ञा दिएको प्रसङ्ग उल्लेख गर्दै देवकोटालाई

भावसंयोगको सही ढङ्गमा सच्चा प्रकाशन गर्ने, केस्रा-केस्रा केलाएर प्रकृतिचित्रण गर्ने, नवीन शब्दको प्रयोग गर्ने निबन्धकारको रूपमा प्रस्तुत गरेका छन् । राईले देवकोटा प्रकृतिको सूक्ष्म अवलोकन गरी साहित्यमा प्रस्तुत गर्न सक्ने कोमल भावका स्रष्टा भएको स्वीकारेका छन् ।

सुन्दर झा 'शास्त्री' ले **रत्नश्री** (४.४) (२०२४) पत्रिकामा 'मुनामदनमा प्रकृति वर्णन' शीर्षको लेख प्रकाशित गरी देवकोटाले कालिदासझैँ प्रकृति र मानवको तादात्म्य सम्बन्ध आफ्ना कृतिहरूमा कायम गरेको उल्लेख गरेका छन् । देवकोटाको मुनामदनमा प्रकृति कहिले क्रूर राक्षसी जस्तो रौद्ररूप धारण गरी उपस्थित हुन्छे त कहिले ममतामयी आमा जस्तै स्वतः माया र स्नेहको धारा पोख्छे भन्ने चित्रण गरिएको छ र त्यसकै प्रभाव उनका लक्ष्मी निबन्धसङ्ग्रहमा पनि केही रूपमा परेको छ भनि उल्लेख गरेका छन् ।

चूडामणि उपाध्याय रेग्मीले **भानु** (५/१२) (२०२५) पत्रिकामा 'लक्ष्मीप्रसाद देवकोटा : निबन्धकार' शीर्षकको लेखमा 'प्रकृतिको अध्ययन देवकोटाले राम्ररी गरेका छन्, कविका रूपमा पनि उनी प्रकृतिका कवि हुन् र निबन्धहरूमा पनि प्रकृतिको दर्शन राम्ररी गराउँछन्' भन्ने उल्लेख गरेका छन् । देवकोटाले 'पहाडी जीवन', 'सरिताको कलकलमा', 'आषाढको पन्ध्र', 'एउटी चरीको चिरीबिरी' आदिमा प्रकृति र प्राकृतिक जीवनको चित्रण गरेका छन् भनि उल्लेख गरेका छन् ।

गोमाले **रूपरेखा** (२०२७) पत्रिकामा 'प्रकृति पुजारी लक्ष्मीप्रसाद देवकोटा' शीर्षकको लेखमा बहुमुखी प्रतिभाशाली लक्ष्मीप्रसाद देवकोटा वनकालीको काखमा जन्मे र उनी प्रकृतिका राजा, प्रकृतिसँग खेल्ने चतुर खेलाडी, प्रकृतिलाई आफ्नै स्वर र गीतमा लठ्याएर नचाउने सपेरा हुन् भनेर उल्लेख गरेकी छन् । देवकोटाका कवितामा प्रकटित प्रकृतिप्रेमी अंशहरूको उल्लेख गरेकी उनले प्रकृतिप्रेमी र प्रकृतिका सच्चा पुजारी स्रष्टाको रूपमा देवकोटालाई प्रस्तुत गरेकी छन् । यस लेखबाट पनि देवकोटाको प्रकृतिप्रेमको बारेमा जानकारी लिइएको छ ।

अम्बिकाप्रसाद अधिकारीले **प्रज्ञा** (२०२७) पत्रिकामा 'देवकोटाको प्रकृतिदर्शन' शीर्षकको लेख प्रकाशित गरी पूर्वीय सन्दर्भ तथा पाश्चात्य सन्दर्भमा प्रकृतिको परिचय प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा उनले देवकोटाको कविताकाव्य तथा निबन्धमा प्रकटित प्रकृतिचित्रणको भावलाई संक्षिप्त रूपमा चर्चा गरेका छन् । प्रस्तुत लेखले देवकोटा प्रकृतिमा रमाउने, प्रकृतिमा खेल्ने र प्रकृतिकै बारेमा लेख्ने स्रष्टा थिए भन्ने कुरा उल्लेख गरेको छ । देवकोटाको प्रकृतिप्रेम र प्रकृतिदर्शनको झुकाउलाई बुझ्न यस लेखले सहयोगी भूमिका खेलेको छ ।

घनश्याम कँडेलले **प्रज्ञा** (२०२८) पत्रिकामा 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह' शीर्षकको लेखमा कविताकाव्यमा जसरी देवकोटा स्वच्छन्दतावादमा आकर्षित भएर काव्य रचेका छन्, त्यसैको प्रभाव लक्ष्मी निबन्धसङ्ग्रहमा पनि पारेको छ भन्ने विश्लेषण गरेका

छन् । यस क्रममा उनले देवकोटा प्रकृतिप्रति अत्यन्त मोहित भई काव्य सिर्जना गर्ने र प्रकृति चित्रणमा रमाउने स्रष्टा हुन् भन्ने उल्लेख गरेका छन् । कँडेलले कविता र लक्ष्मी निबन्धसङ्ग्रहको केही मिल्दाजुल्दा प्रसङ्गको पनि चर्चा गरेका छन् ।

नरेन्द्र चापागाईले **बरगाछी** (२०२८) पत्रिकामा प्रकाशित 'लक्ष्मी निबन्धसङ्ग्रह र देवकोटा' शीर्षकको लेखमा देवकोटाको लक्ष्मी निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूभित्र पाइने प्राकृतिक धरातलको चर्चा गरेका छन् । प्रकृतिप्रेम र प्रकृतिचित्रणका आधारमा संक्षिप्त रूपमा नै भए पनि चापागाईले विभिन्न निबन्धहरूको विश्लेषण गरेका छन् ।

प्रस्तुत लेखले पनि देवकोटाको निबन्धमा अभिव्यक्त प्रकृतिप्रेमी भावनालाई उद्धृत गर्न सहयोगी भूमिका खेलेको छ ।

गोमाको **रत्नश्री** (२०३०) पत्रिकामा प्रकाशित 'देवकोटामा राष्ट्रियता' शीर्षको समीक्षात्मक लेखमा देवकोटाका निबन्ध तथा काव्यमा प्रकटित भएको देशप्रेमको भावनाको उल्लेख गर्दै देवकोटाले नेपाली प्रकृतिको माध्यमबाट पनि आफ्नो राष्ट्रप्रेम झल्काएका छन् भनि आफ्नो धारणा अभिव्यक्त गरेकी छन् । उनले देवकोटालाई राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका प्रकृतिप्रेमी स्रष्टाको रूपमा चित्रण गरेकी छन् ।

वासुदेव त्रिपाठीले कुमारबहादुर जोशीले तयार पारेका **महाकवि देवकोटा र उनका महाकाव्य** (तेस्रो संस्करण, २०५३) पुस्तकको लामो भूमिकामा 'महाकवि देवकोटा र उनका महाकाव्य सम्बन्धमा' शीर्षकमा देवकोटाका काव्य प्रवृत्तिको विस्तृत चर्चा गर्दै स्वच्छन्दतावादी र प्रकृतिप्रेमी स्रष्टाको महारथीको रूपमा चित्रण गरेका छन् । 'शाकुन्तल' र 'मुनामदन' जस्ता काव्यमा प्रकृतिको बेजोड चित्रण र प्रेमभाव प्रकट गरिएको छ भन्दै देवकोटाको निबन्ध लेखनमा पनि त्यसको प्रभाव परेको उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **रूपरेखा** (२०३२) मा प्रकाशित 'महाकवि देवकोटा र निबन्धकार देवकोटाको आन्तरिक सम्बन्ध' शीर्षकको समीक्षात्मक लेखमा प्रकृतिप्रेमी महाकवि देवकोटाको प्रभाव उनको निबन्धहरूमा पनि परेको छ र स्वच्छन्दतावादी भाव, काल्पनिकता उनका निबन्धको पनि विशेषता हो भनेका छन् । उनले रुसो र मोन्तेनलाई नेपाली निबन्धमा जोड्न सक्ने निबन्धकारका रूपमा देवकोटालाई प्रस्तुत गरेका छन् ।

मोहनराज शर्मा र दयाराम श्रेष्ठले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) पुस्तकको 'नेपाली निबन्ध' शीर्षकको लेखमा देवकोटालाई आत्मपरक निबन्धका अगुवा मान्दै अर्न्तहृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गर्ने नेपालीका प्रथम आधुनिक निबन्धकार भनी उल्लेख गरेका छन् । यस पूर्वकार्यमा देवकोटाको निबन्धात्मक वैशिष्ट्यहरूको

चर्चा गर्दै देवकोटालाई अनुभूतिका कलात्मक अभिव्यक्ति र प्राकृतिक सौन्दर्यको आधारमा कोमल भावको अभिव्यञ्जना गर्ने निबन्धकार भनिएको छ ।

घटराज भट्टराईले **मधुपर्क** (२०३५) पत्रिकामा 'लक्ष्मीप्रसाद देवकोटा : व्यक्ति र कृति' शीर्षकको लेखमा लक्ष्मी निबन्धसङ्ग्रहलाई आत्मपरक निबन्धहरूको सँगालोको रूपमा लिएका छन् । यस लेखमा उनले देवकोटालाई आफूले भोगेका, देखेका, अनुभव गरेका, कल्पना गरेका घटना र प्रसङ्गहरू मनोरम शैलीमा व्यक्त गर्ने र प्रकृतिको खुल्ला वर्णनमा रमाउने निबन्धकार भनि टिप्पणी गरेका छन् ।

चन्द्रेश्वर दुबेले **नेपाली साहित्यः एक सर्वेक्षण** (२०३८) नामक समालोचना सङ्ग्रहमा 'श्री लक्ष्मीप्रसाद देवकोटा : निबन्धकारका रूपमा' शीर्षकको लेखमा लक्ष्मी निबन्धसङ्ग्रहमा व्यक्त भएका केही प्रकृतिप्रेमी भावनाको चर्चा गरेका छन् । यस लेखमा दुबेले देवकोटाको व्यक्तित्व, धर्म, संस्कृति तथा प्रकृतिप्रेमको धारणाहरूको परिचर्चा गरेका छन् ।

राजेन्द्र सुवेदीले **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रहको सम्पादन गर्ने क्रममा 'देवकोटाका निबन्ध : केही मेलो केही झमेलो' शीर्षकको भूमिका लेखमा देवकोटाको निबन्ध यात्रा तथा निबन्धहरूको विभिन्न कोणबाट चर्चा गरेका छन् । समालोचनात्मक गुणले भरिएको प्रस्तुत लेखमा सुवेदीले निजात्मक नेपाली निबन्धको थालनी र निबन्ध विधामा नौलो परम्पराको विकास गर्ने सर्वाधिक विराट् प्रतिभा देवकोटा नै हुन् भनि उल्लेख गरेका छन् । उनले देवकोटाका निबन्धहरूको विषयगत वर्गीकरण गर्दै 'प्रकृतिगत टिप्पणी' शीर्षकमा प्रकृतिप्रेम प्रकट भएका निबन्धहरूको उल्लेख गरी देवकोटा प्रकृतिका पुजारी निबन्धकार नै हुन् भनि आफ्नो निष्कर्ष दिएका छन् ।

राजनारायण प्रधानले **केही कृति केही स्मृति** (२०४८) पुस्तकमा लक्ष्मी निबन्धसङ्ग्रहको समीक्षा गरेका छन् । 'लक्ष्मी निबन्धसङ्ग्रह' शीर्षकको समीक्षामा देवकोटाको निबन्धगत वैशिष्ट्यको रूपमा रोमान्टिकता र प्रकृतिप्रेमलाई समावेश गराएका छन् । देवकोटा कलरिज् र वर्डस्वर्थझैं कल्पना र प्राकृतिक रमणीयतामाथि निबन्ध लेख्ने भावुक निबन्धकार हुन् भनि उल्लेख गरेका छन् ।

शिवप्रसाद भट्टराईको **गोरखापत्र** (२०५०) मा प्रकाशित 'निबन्धकार देवकोटा र उनका मूलभूत प्रवृत्ति' शीर्षकको लेखमा देवकोटाका निबन्धकारिताको विविध विशेषताहरूको उल्लेख गर्दै देवकोटाको एक मुख्य विशेषता प्रकृति चित्रण भएको उल्लेख गरेका छन् । यस लेखमा उनले देवकोटालाई प्राकृतिक स्वच्छन्दतामा रमाइ प्रकृतिको विविध स्वरूपको चित्रण गर्ने महान् स्रष्टा हुन् भनि टिप्पणी गरेका छन् ।

कुमार बहादुर जोशीको **देवकोटाका कविताकृतिहरूमा प्रकृति** (२०५३) पुस्तकमा प्रकृतिको परिचय पूर्वीय र पाश्चात्य दर्शनहरूको सापेक्षमा गराएका छन् । उनले देवकोटालाई प्रकृतिका पुजारी तथा प्रकृतिप्रेमी साहित्यकारको रूपमा चित्रण गर्दै पाश्चात्य साहित्यका वर्डस्वर्थ, कलरिज् आदि जस्ता साहित्यकारका पुस्तक पढे पनि देवकोटाले आफ्नै किसिमले प्रकृति प्रयोग गरेका बताएका छन् । देवकोटाको सामान्य पृष्ठभूमि दिँदै उनका केही कविताहरूको प्रकृति प्रयोग र प्रकृतिप्रेमको विश्लेषण पनि गरिएको छ । यस पूर्वकार्यबाट प्रकृतिको परिचय र प्रकृतिदर्शनको बारेमा जानकारी लिइएको छ ।

चूडामणि बन्धुले **देवकोटा** (२०५८) शीर्षकको पुस्तकमा देवकोटाका साहित्यिक जीवनका विविध पक्षको चर्चा गर्दै 'आत्मपरक निबन्धका हस्ती देवकोटा कवितामा जस्तै निबन्धहरूमा पनि प्रकृतिप्रेमप्रति घनिष्टता जोड्छन्' भनि टिप्पणी गरेका छन् ।

महादेव अवस्थीले **लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कृतित्वको अन्त : सम्बन्धको विवेचना** (२०५८) पुस्तकमा देवकोटाको जीवन र कृतिबीचको अर्न्तसम्बन्धको विस्तृत चर्चा गरेका छन् । यस पुस्तकमा उनले देवकोटाको हरेक कुराको जानकारी राख्न चाहने जिज्ञासु व्यक्तित्व, गाउँले जीवनप्रतिको देवकोटाको आकर्षणले 'आषाढको पन्ध्र' निबन्ध लेखेको र यसै निबन्धदेखि उनी प्रकृतिप्रति आकर्षित भएको, साथसाथै यहीँबाट नेपाली निबन्धको फाँटमा स्वच्छन्दतावादको सुरूआत भएको मत व्यक्त गरेका छन् । यसै पुस्तकको 'अंशबण्डा र पारिवारिक दायित्व' शीर्षकमा वि.सं. १९९७ मा देवकोटाको स्वास्थ्य बिग्रिएकाले हावापानी फेर्न दुई तिन महिनाका लागि झिल्टुङ गाउँ गएका र त्यहाँ रहँदा नेपालको मध्यपहाडी जीवन, त्रिशूली र कोल्पु खोलाको प्राकृतिक सौन्दर्यलाई आत्मसात् गर्ने मौका पाएर 'कुञ्जिनी' लेखेका र 'पहाडी जीवन' निबन्ध पनि यही बेलाको अनुभव भएको कुरा उल्लेख गरेका छन् ।

कुमार बहादुर जोशीले **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्यमान्यता** (२०६१) नामक अनुसन्धानात्मक पुस्तकमा लक्ष्मी निबन्धसङ्ग्रहका १० वटा निबन्धहरूको विस्तृत चर्चा गरेका छन् र २६ वटा निबन्धका संक्षिप्त चर्चा गरेका छन् । प्रस्तुत पुस्तकमा उनले देवकोटाका कवितासम्बन्धी मान्यता, निबन्धसम्बन्धी मान्यता, उपन्यास र नाटकसम्बन्धी विविध मान्यताहरूको चर्चा र विश्लेषण गरेका छन् । यस पुस्तकमा उनले प्रसङ्गवश विभिन्न निबन्धहरुमा रहेको प्रकृतिप्रेमी भावनाको पनि उल्लेख गरेका छन् ।

नेत्रप्रसाद न्यौपानेले **गरिमा** (२०६१) पत्रिकामा 'लक्ष्मी निबन्धसङ्ग्रह देवकोटाको साहित्यिक आत्मवृतान्त' शीर्षकको लेख प्रकाशित गरी लक्ष्मी निबन्धसङ्ग्रह देवकोटाको जीवनको वास्तविक प्रतिविम्ब हो भन्ने कुरा प्रस्तुत गरेका छन् । उनले देवकोटा जसरी स्वच्छन्द रूपमा प्रकृतिमा रमाउँथे र प्रकृतिलाई माया गर्थे त्यस्तै रूपमा लक्ष्मी निबन्धसङ्ग्रहमा पनि प्रकृतिप्रेम

प्रकट गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । यस पूर्वकार्यबाट पनि देवकोटाले लक्ष्मी निबन्धसङ्ग्रहमा व्यक्त गरेका प्रकृतिप्रेमको जानकारी लिइएको छ ।

राजेन्द्र सुवेदीले **स्नातकोत्तर नेपाली निबन्ध भाग–३** (२०६३) मा 'नेपाली निबन्धको विकास प्रक्रिया' अन्तर्गत 'निबन्धकार लक्ष्मीप्रसाद देवकोटा' शीर्षकमा देवकोटाका निबन्धहरूको वर्गीकरण गर्दै स्वच्छन्दतावादी, स्वतःस्फूर्त भाव भएका आत्मपरक र प्रकृतिप्रेमी निबन्धकारका रूपमा चित्रण गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली निबन्ध समालोचना** (२०६८) मा देवकोटाको 'पहाडी जीवन' निबन्धको विश्लेषण गर्ने क्रममा नेपाली निबन्धको पहिलो निजात्मक निबन्धका रूपमा चित्रण गरेका छन् । उनले देवकोटा प्रकृतिप्रति मोहित हुने र प्रकृतिकै प्रभावमा पनि साहित्य रच्ने सर्जक भएको टिप्पणी गरेका छन् । 'पहाडी जीवन' निबन्धमा प्राकृतिक जीवन पद्धति तथा प्रकृतिप्रति मोहित भएको उल्लेख गरेका छन् ।

उपर्युक्त पूर्वकार्यहरूको समीक्षा गर्दा लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृतिप्रेम र प्रकृतिचित्रण सम्बन्धी सामान्य अध्ययन, खोज, समालोचना, चर्चा र टिप्पणीहरू भएको पाइन्छ । नरेन्द्र चापागाई, कुमारबहादुर जोशी, गोमा, राजेन्द्र सुवेदी आदिका अध्ययनहरू केही गहिराइमा भए पनि देवकोटाका निबन्धमा प्रकट भएका प्रकृतिप्रेमी भावनाको अध्ययनमा पूर्ण रूपमा केन्द्रित भएको सामग्री पाइँदैन । यी सबैजसो पूर्वकार्यहरूमा प्रकृतिप्रेमको चर्चा प्रसङ्गवश उठाइएको छ तर प्रकृतिप्रेमलाई नै मूल आधार मानेर देवकोटाका निबन्धहरूको अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधकार्यमा देवकोटाका निबन्धमा प्रकट भएका प्रकृतिप्रेमी भावनाको गहन अध्ययन गरेर निष्कर्षमा पुग्ने लक्ष्य राखिएको हो ।

## १.५ शोध कार्यको औचित्य र उपयोगिता

लक्ष्मीप्रसाद देवकोटा नेपाली निबन्धका विशिष्ट स्रष्टा हुन् । उनका निबन्धहरूमा निहित प्रकृतिप्रेम एउटा गहन अध्ययन तथा प्राज्ञिक अनुसन्धानको विषय हो । देवकोटाका निबन्धहरूको बारेमा प्रशस्त पूर्वाध्ययनहरू भए तापनि प्रकृतिप्रेमको खोज तथा अध्ययनहरू संक्षिप्तता र सूत्रात्मकताका रूपमा नै सीमित छन् । विभिन्न लेखक तथा समालोचकहरूले प्रसङ्गवश उनको प्रकृतिप्रेमको चर्चा गरे तापनि यो विषय अन्दाज र अनुमानमा आँकलन गर्न सकिने विषय होइन । प्रकृतिप्रेम आफैँमा जटिल र गहन विषय पनि हो । देवकोटाका निबन्धमा प्रकृतिप्रेमको विस्तृत खोज तथा अनुसन्धान हुनु आवश्यक छ । त्यसर्थ उनका निबन्धहरू के-कसरी प्रकृतिप्रेमपरक छन् ? भन्ने प्राज्ञिक जिज्ञासाको उपयुक्त समाधान खोजिएको हुनाले यस शोधपत्रको महत्त्व पुष्टि हुन्छ । देवकोटाले के-कस्ता स्वरूपको प्रकृतिको प्रेम प्रकट गरेका छन् र ती कुन-कुन निबन्धमा अभिव्यक्त छन् ? भन्ने प्रश्नको बारेमा जान्न चाहने तथा निबन्धमा कुन-कुन रूपबाट प्रकृतिको

प्रयोग गर्न सकिन्छ ? प्रकृतिप्रेम प्रकट हुन्छ ? भनेर जिज्ञाशा मेटाउन चाहनेहरूका निम्ति पनि यो शोधकार्यले महत्त्वपूर्ण  सहयोग गर्ने हुँदा यसको उपयोगिता स्वतः पुष्टि हुन्छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधपत्र निबन्धकार देवकोटाका **लक्ष्मी निबन्धसङ्ग्रह** र **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहमा समाविष्ट निबन्धहरूमा प्रकटित भएका प्रकृतिप्रेमी भावनाहरूको खोज र विश्लेषणमा केन्द्रित रहेको छ । उनका अप्रकाशित तथा निबन्ध सङ्ग्रहमा सङ्गृहीत नभएका निबन्धहरूको बारेमा यस शोधकार्यमा अध्ययन गरिएको छैन । देवकोटाका निबन्धहरूको प्रकृतिप्रेमको चर्चा गर्दा वनस्पतिप्रतिको प्रेम, मानवीय प्रकृतिको प्रेम, तन्मय प्रकृतिको प्रेम, मन्मय प्रकृतिको प्रेम, वर्षा तथा बादलप्रतिको प्रेम, भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम, खगोलीय पीण्डहरूप्रतिको प्रेम, कीटपतङ्ग तथा जनावरप्रतिको प्रेम, नदीनाला तथा जलप्रतिको प्रेम, रौद्र स्वभावको प्रकृति प्रेम, सौम्य रूपको प्रकृतिप्रेम, प्रकृतिको मानवीकरणप्रतिको प्रेम, मानवको प्रकृतीकरणप्रतिको प्रेम, रहस्यमूलक रूपको प्रकृतिको प्रेम तथा दैवी गुणप्रतिको प्रकृति प्रेमको मात्र अध्ययन तथा खोज गरिएको छ । यस शोधकार्यमा **महाकवि देवकोटाका निबन्ध** सङ्ग्रहको अध्ययन गरिएको छैन । यो  प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

शोधविधि भन्नाले सामग्री सङ्कलन तथा ती सङ्कलित सामग्रीको उपयुक्त तरिकाबाट विशलेषण गर्ने विधि भन्ने बुझिन्छ । यस शोधपत्र तयार पार्ने क्रममा अवलम्बन गरिएका सामग्री सङ्कलन तथा विश्लेषणका विधिहरू तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको समस्याहरूको विश्लेषणको निम्ति मूलतः पुस्तकालयीय कार्यद्वारा प्रकृति र प्रकृतिप्रेम सम्बन्धी मान्यता र दृष्टिकोणहरूको खोज गरिएको छ । देवकोटाका निबन्धमा भएका प्रकृति प्रयोगसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन गरिएको छ । यी सङ्कलित सामग्रीहरू कतिपय प्राथमिक स्रोतका छन् भने कतिपय द्वितीयक स्रोतका छन् । लक्ष्मीप्रसाद देवकोटाका दुईवटा निबन्ध सङ्ग्रहहरू प्राथमिक स्रोतका सामग्रीहरू हुन् भने पूर्वकार्य समीक्षामा उल्लेख भएका र शोध समस्यासँग सम्बन्धित जीवनी, कृतिहरू, समालोचना, लेख, टिप्पणी आदि द्वितीयक स्रोतका सामग्रीका रूपमा सङ्कलन र प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको अवधारणात्मक आधार र ढाँचा

प्रस्तुत शोधपत्रमा उठाइएका समस्याहरूको प्राज्ञिक समाधानका निम्ति सङ्कलित सामग्रीहरूको विश्लेषण गर्ने सिलसिलामा प्रकृति र प्रकृतिप्रेमको अवधारणालाई उपयोग गरिएको छ । प्रस्तुत शोधकार्यको प्रमुख आधारस्तम्भ नै निबन्धमा प्रकृतिप्रेम हो । प्रकृतिप्रेमको अध्ययनको निम्ति निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका सङ्गृहीत निबन्धहरूमा अभिव्यक्त भएका प्रकृतिप्रेमयुक्त भावना र उनका निबन्धात्मक कृतिहरूका टीका-टिप्पणी, विवेचना, समालोचना तथा लेखहरूलाई पनि आधार बनाइएको छ । यस शोधपत्रमा सङ्कलित सामग्रीहरूको विश्लेषणको अवधारणात्मक प्रारूप प्रस्तुत शोध समस्याका क्रमानुसार निम्न लिखित रहेको छ :

शोध समस्या (क) को प्राज्ञिक तथा प्रामाणिक समाधानको लागि सङ्कलित सामग्रीको विश्लेषण लक्ष्मीप्रसाद देवकोटाको निबन्ध सिर्जनाको क्रमिक विकास र चरण विभाजनको आधारमा गरिएको छ ।

शोध समस्या (ख) को प्राज्ञिक तथा प्रामाणिक समाधानका निम्ति सङ्कलित सामग्रीहरूको विश्लेषण निम्न अवधारणात्मक आधारमा गरिएको छ :

(१) लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृति विश्लेषणका आधारहरू

- (क) वनस्पतिप्रतिको प्रेम
  - (अ) वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम
  - (आ) वनस्पतिको अनौठो गुणप्रतिको प्रेम
- (ख) मानवीय स्वभावप्रतिको प्रेम
  - (अ) स्त्री गुणप्रतिको प्रेम
  - (आ) पुरुष गुणप्रतिको प्रेम
  - (इ) बालबालिकाका गुणप्रतिको प्रेम
- (ग) तन्मय प्रकृति प्रेम
- (घ) मन्मय प्रकृति प्रेम
- (ङ) नदीनाला, वर्षा, बादल तथा जलस्रोतप्रतिको प्रेम
- (च) भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम
- (छ) खगोलीय पिण्डहरूप्रतिको प्रेम
- (ज) चरा, कीटपतङ्ग तथा जनावरप्रतिको प्रेम
- (झ) ध्वनि, वायु, स्वाद, तथा गन्धका आधारमा प्रकृति प्रेम
- (ञ) सौम्य स्वभावको प्रकृतिप्रेम
- (ट) रौद्र स्वभावको प्रकृतिप्रेम

(ठ) प्रकृतिको मानवीकरणप्रतिको प्रेम

(ड) मानवको प्रकृतीकरणप्रतिको प्रेम

(ढ) दिव्यता तथा ईश्वरप्रतिको प्रेम

माथिका विभिन्न अवधारणात्मक आधारहरूको प्रयोग गरी देवकोटाका निबन्धमा प्रकृतिप्रेमको विश्लेषण तथा खोज गरिएको हुनाले प्रस्तुत शोध कार्य वर्णनात्मक र विश्लेषणात्मक स्वरूपको रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

उपर्युल्लिखित आधारमा सङ्कलन गरिएका शोधसामग्रीलाई प्रकृतिप्रेमको अवधारणात्मक ढाँचा र विश्लेषणात्मक विधिका आधारमा विश्लेषण गरी प्राप्त परिणाम र निष्कर्षलाई प्रतिवेदनको रूपमा प्रस्तुत गर्न शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा राख्नका निम्ति निम्न लिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको प्रारूप वा सङ्गठनात्मक ढाँचा यस प्रकार रहेको छ :

(क) पहिलो परिच्छेद : शोध परिचय

(यस परिच्छेदमा प्रस्तुत शोध कार्यको परिचय उल्लेख गरिएको छ, जसले संक्षिप्त रूपमा समग्र शोधपत्रको स्वरूपको वोध गराएको छ र शोधको परिचय गराएको छ ।)

(ख) दोस्रो परिच्छेद : निबन्धमा प्रकृतिप्रेमको अवधारणा र प्रकृति विश्लेषणका आधारहरू

(यस परिच्छेदमा निबन्धमा प्रकृति चित्रण तथा प्रकृतिप्रेमको अवधारणात्मक स्वरूप र प्रकृतिप्रेमका आधारहरू प्रस्तुत गरिएको छ ।)

(ग) तेस्रो परिच्छेद : लक्ष्मीप्रसाद देवकोटाको निबन्ध सिर्जना र निबन्धयात्रा

(यस परिच्छेदमा देवकोटाको संछिप्त परिचय, उनको निबन्ध लेखनयात्रा र विकासको विवेचना गरिएको छ साथै निबन्धलेखनको चरणगत विभाजन गरिएको छ ।)

(घ) चौथो परिच्छेद : देवकोटाका निबन्धमा प्रकृतिप्रेमका भावहरूको विश्लेषण

(यस परिच्छेदमा देवकोटाले आफ्ना निबन्धहरूमा प्रकट गरेका विविध किसिमका प्रकृतिप्रतिको प्रेमभावको खोजी तथा तिनीहरूको विश्लेषण गरिएको छ ।)

(ङ) पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

(यस परिच्छेदमा प्रस्तुत शोधकार्यको समग्र निचोड उल्लेख गरिएको छ ।)

उपर्युल्लिखित परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोगमा ल्याइएका विभिन्न पत्रपत्रिका, पुस्तक, अप्रकाशित शोधपत्र, शोध प्रबन्ध, लेख, समालोचना आदि सामग्रीहरूको विवरण वर्णानुक्रम अनुसार सन्दर्भसामग्री खण्ड अन्तर्गत सूचीकृत गरिएको छ ।

# दोस्रो परिच्छेद

# साहित्यमा प्रकृतिप्रेमको अवधारणात्मक आधार

## २.१ विषय परिचय

साहित्यमा प्रकृतिप्रेमको अवधारणात्मक आधार शीर्षकको प्रस्तुत परिच्छेदमा प्रकृतिप्रेम सम्बन्धी परिचय तथा परिभाषाहरू उल्लेख गरिएको छ, साथै विभिन्न पूर्वीय दर्शनहरूले प्रकृतिलाई कसरी परिभाषित गरेका छन् ? भनी विश्लेषण गरिएको छ । यस परिच्छेदमा पाश्चात्य साहित्यिक वादहरूले प्रकृतिलाई कसरी परिचित गराएका छन् ? भन्ने कुराको पनि विवेचना गरिएको छ । साहित्यमा प्रकृति प्रयोग अत्यन्त सूक्ष्म तथा व्यापक पक्ष हो । त्यसर्थ साहित्यकारले कुन सन्दर्भमा के-कस्ता प्रकृतिप्रति प्रेमभाव प्रकट गरेका छन् भन्ने कुराको खोज ती साहित्यिक सिर्जनाहरूको गहन तथा समालोचनात्मक अध्ययन नगरी गर्न सकिँदैन । त्यसका निम्ति सर्वप्रथम प्रकृति शब्दको सही अर्थ पहिचान गरी त्यसपछि विभिन्न आधारहरूमा प्रकृतिप्रेमको विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसर्थ प्रस्तुत परिच्छेदमा प्रकृति के हो ? प्रकृतिप्रेम के हो ? देवकोटाका निबन्धमा कुन-कुन आधारमा प्रकृतिप्रेमको विश्लेषण गर्न सकिन्छ भन्ने विषयको खोज गर्ने प्रयास गरिएको छ ।

## २.२ प्रकृतिको परिचय र परिभाषा

'प्रकृति' मूलतः संस्कृत भाषाको शब्द हो । यो शब्द गर्नु अर्थ लाग्ने 'कृ' धातुमा 'प्र' उपसर्ग र 'क्तन्' प्रत्यय लागेर बन्दछ । यसको शाब्दिक व्युत्पत्तिहुन्छ -" प्रक्रियते कार्यादिकम् अनया इति प्रकृति" अर्थात् जसद्वारा कार्यादि गरिन्छ त्यही नै प्रकृति हो । "प्रकृति शब्दको अर्को पनि व्युत्पत्ति पाइन्छ । त्यो हो, 'प्रकर्षेण कार्यादिकं करोति इति प्रकृति' अर्थात् प्रकृष्ट ढङ्गले जसले कार्यादि गर्दछ त्यही प्रकृति हो" (जोशी, २०५३ : ५) । यसरी प्रकृति शब्दको शाब्दिक अर्थ कार्यकर्ता भन्ने हुन्छ । कार्य मूलतः प्रकृतिबाट नै हुन्छ भन्ने कुरा यस परिभाषामा अभिव्यक्त भएको छ ।

### २.२.१ विभिन्न शब्दकोशमा प्रकृतिको परिभाषा

<u>अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरी</u>

'प्रकृति त्यो हो, जुन मानव निर्मित हैन, जसमा यस धर्तीको भैतिक अवस्था, वनस्पति, जीव जनावर तथा धरातल र पृथ्वीका विविध उत्पादन पर्दछन्' भनि उल्लेख गरिएको छ ।

प्रस्तुत परिभाषा अनुसार पृथ्वी र पृथ्वीमा भएका भौतिक स्वःनिर्मित वस्तुहरूलाई प्रकृतिको रूपमा चिनाउन खोजिएको छ । यो परिभाषा विज्ञानको भौतिक मान्यतासँग मान्य हुने गरी प्रस्तुत गरिएको छ ।

<u>जेम प्राक्टिकल डिक्सनरी</u>

प्रकृति-'सम्पूर्णब्रह्माण्ड, नैसर्गिक गुण, आवश्यकीय गुणस्तर तथा विभिन्न प्रजातिहरू हुन्' भनी प्रकृतिलाई परिभाषित गरिएको छ ।

प्रस्तुत परिभाषामा प्रकृतिलाई सम्पूर्ण ब्रह्माण्डसँग तुलना गरी व्यापक रूपमा फैलाइएको छ ।

<u>ज्ञान शब्दकोष</u>

प्रकृति-स्त्री [सं.] भाव, मिजाज, त्यो मूल तत्त्व जसको परिणाम संसार हो । जगत्को उपदान कारणरूप मूल तत्त्व (सांख्य) माया, परमात्मा, पञ्च महाभूत, सधैँ रहने गुण वा धर्म, स्त्री, माता, चराचर संसार, सहज स्वाभाविक गुण हो भनी उल्लेख गरिएको छ ।

प्रस्तुत परिभाषा अन्य परिभाषाहरूभन्दा व्यापक र मान्य देखिन्छ । यसले पृथ्वीको उत्पादन मात्र नहेरी कर्ताको रूपमा तथा व्यक्ति र वस्तुको स्वाभाविक गुणप्रति पनि दृष्टि दिएको छ, साथै स्त्रीत्व जनाउने शब्दको रूपमा पनि समेटेको छ ।

<u>नेपाली शब्दसागर</u>

प्रकृति [सं.] स्त्री, व्यक्ति वा चीजमा हुने खास गुण, व्यक्ति जन्मेदेखिकै बानी वा लत, स्वभाव, रूपमय संसारको सृष्टि-स्थिति र बिलयको सञ्चालन गर्ने अपूर्व शक्ति, जगत् उत्पत्तिको कारणको मूल रूप, तत्त्व [सां.द.] माया, ईश्वरीय लीला, पृथ्वी आदि पाँच महाभूत, जीउमा सधैँ रहने तातो चिसोपन, चिह्नगत स्वभाव वा गुण, स्त्री, पुरुष, नपुंसक भनि चिनिने चिन्हल, अजेय र अभेद्य सृष्टिका दुई महाशक्तिमध्येकी पोथी शक्ति, आदि शक्ति, जननी, आमा, सत्व आदि त्रिगुणको बराबरी वा साम्यभाव भएको अवस्था, पृथ्वी आदि आठप्रकारका प्रकृतिमध्येको एक, भनी अर्थ दिइएको छ ।

प्रस्तुत परिभाषा सूक्ष्म भए पनि कतिपय स्थानमा अन्योलतामा फसेको देखिन्छ तर पनि प्रकृति जस्तो गहन विषयलाई विविध दृष्टिकोण र पक्षबाट अर्थ्याउन खोज्नु महत्त्वपूर्ण पक्ष हो ।

माथिका परिभाषाहरूबाट 'प्रकृति' एउटा व्यापक अर्थ बोकेको गहन विषयवस्तु हो । प्राचीन ऋषिमुनिदेखि वर्तमानका चिन्तकहरूले समेत प्रकृतिको विषयमा विविध प्रकारका धारणा र परिभाषाहरू गरेका पाइन्छ तर आजसम्म पनि प्रकृतिको विषयमा सर्वमान्य परिचय र परिभाषा पाउन सकिएको छैन । यसको मुख्य कारण नै 'प्रकृति' आफैँमा एउटा व्यापक, सूक्ष्म, रहस्यमय तथा भौतिक र अभौतिक, मूर्त र अमूर्त र दृश्य र अदृश्य रूपहरूको संयोजन हो ।

'प्रेम' शब्दलाई [सं.पुं/न.] बृहत् नेपाली शब्दकोशमा कुनै चीज वा व्यक्ति वा विषयउपर मनमा उत्पन्न हुने अपनत्वको आकर्षण वा उत्पन्न आत्मिक भावना, स्नेह, ममत्त्व, प्रियता, अनुराग, प्यार, माया, दया, कृपा, हर्ष, खुसी, मार्मिक लोभ, हार्दिक मेल भनी परिभाषित गरिएको पाइन्छ ।

'प्रकृति' र 'प्रेम' शब्दको समास भई 'प्रकृतिप्रेम' शब्दको व्युत्पत्ति भएको हो । यसको अर्थ प्रकृतिप्रति गरिने आत्मिक भावना, स्नेह, आकर्षण र अनुराग तथा ममत्त्वको भाव हो । प्रकृतिप्रेम भावनात्मक तथा अमूर्त विषय पनि हो किनकि यो भाव प्रत्यक्ष छुन र देख्न सकिँदैन केवल अनुभूति गर्न सकिन्छ । जसरी प्रकृतिको स्वरूप  र गुण व्यापक छ त्यस्तै साहित्यमा पनि प्रकृतिप्रेमको भावना विविध रुपमा प्रकट भएको पाइन्छ । प्रस्तुत शोधकार्यमा निबन्धकार देवकोटाले व्यक्त गरेका प्रकृतिप्रेमी भावनाहरूको खोज गरिएको छ ।

### २.२.२ प्रकृतिप्रेमको स्वरूप

दार्शनिक रुसोले कृत्रिम र विसङ्गतिपूर्ण नागर जीवनभन्दा आडम्बर रहित सरल र सहज ग्रामीण एवम् प्रकृतिको काख मानिसका लागि मङ्गलकारी हुने बताउँदै 'प्रकृतितर्फ फर्क' (ब्याक टु नेचर) को सन्देश दिएका थिए । त्यही भावलाई स्वच्छन्दतावादी स्रष्टाहरूले आफ्नो मूल मन्त्र बनाएको पाइन्छ । सामान्यतः स्वच्छन्दतावादी साहित्यकारहरूका दृष्टिमा प्रकृति मानवप्रति दयालु एवम् सहानुभूतिशील पनि छ । यिनीहरूले प्रकृतिको मानवीकरण गर्दै त्यसलाई सचेतन रूप प्रदान गरेको पाइन्छ । यिनीहरू "प्रकृति समस्त सृष्टिमा व्याप्त छ र प्रकृतिमा परमेश्वरको आभास पनि प्राप्त हुन्छ भन्ने भाव व्यक्त गर्दछन् । यही धार्मिक आध्यात्मिक भावनाले नै स्वच्छन्दतावादमा रहस्यवादको रूप पनि विकसित भएको हो"  (जोशी, २०५३ : ५) भन्ने धारणा पाइन्छ ।

स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृतिको प्रयोग माथि भनिएझैँ मानवीकृत रूपमा मात्र होइन, आलम्बन र उद्दीपन विभावका रूपमा तथा विम्ब र प्रतीकका रूपमा पनि गर्छन् । प्रकृतिको यथार्थ रूपको वर्णन गरेर पनि यिनीहरू आफ्नो वर्ण्य विषयलाई प्रभावकारी बनाउँदछन् । यिनीहरू प्रकृतिलाई अखण्ड र अजेय सौन्दर्यको अक्षय भण्डार तथा अलौकिक शान्तिको अजस्र स्रोत पनि मान्दछन् । यिनीहरूका रचनामा प्रकृतिका विविध स्वरूप एवम् पक्षको उद्घाटन गरिएको हुन्छ । यी स्रष्टाहरू प्रकृति, मानव र ईश्वरका बीच अभेद्य र तादात्म्य सम्बन्धको प्रतिपादन गर्दछन् । यस दृष्टिकोणमा प्रकृतिको विषयलाई लिएर गरिएको पूर्वीय तथा पाश्चात्य चिन्तनहरूलाई अगाडि सार्दै र प्रकृतिको परिचय प्रस्तुत गरी नेपाली साहित्यका मूर्धन्य स्रष्टा लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृतिलाई कुन-कुन रूपमा चित्रण गरी प्रेमभाव प्रकट गरिएको छ भन्ने कुराको लेखाजोखा गर्नु सान्दर्भिक भएको छ ।

दृश्य तथा अदृश्य जगत्मा मानवले बनाएका नभई स्वतः निर्मित वस्तु प्राकृतिक वस्तु हुन् । "मानिसले बनाएका र उसका हातले सजाएका सम्हालेका वस्तुहरू अर्थात् कृत्रिम कुराहरू बाहेक यो सम्पूर्ण चराचर सृष्टि प्रकृति हो" (जोशी, २०५३ : ४) । वनस्पति, कीराफटेङ्ग्रा, पशुपन्छी तथा जीवजन्तुहरूको अध्ययन प्रकृतिको अध्ययन हो । त्यस्तै पहाड, नदी समुन्द्र, ब्रह्माण्ड, मेघ, हावा आदि यावत् चिजहरूप्रतिको श्रद्धाभाव, अनुराग तथा आत्मीयतालाई पनि प्रकृतिप्रेम भनिन्छ । वसन्त ऋतुलाई प्रकृतिको सर्वश्रेष्ठ मौसम तथा ऋतुराजको रूपमा लिने परम्परा अद्यपि छँदैछ । प्रकृतिप्रति आत्मीयता स्थापित गर्दै त्यसको अमर गायन गर्ने कालिदास, वर्डस्वर्थ, कलरिज्, रविन्द्रनाथ ठाकुर जस्ता स्रष्टा र सर्जकलाई प्रकृतिका स्रष्टा र प्रकृतिप्रेमी साहित्यकार भनिन्छ ।

माथि उल्लिखित प्रकारको यो चराचर बाह्य भैतिक जगत् मात्र होइन अदृश्य रूपमा यस समग्र ब्रह्माण्डको सञ्चालन प्रक्रियाको नियामक आन्तरिक शक्ति प्रकृति नै मानिन्छ । यो अझ महत्त्वपूर्ण प्रकृतिको रूपमा रहेको छ । त्यस्तै व्यक्ति वा वस्तुमा सधैँ रहिरहने स्वभाव, गुण आदि आन्तरिक प्रकृति हो । यस्तो प्रकृतिलाई सूक्ष्म प्रकृति वा प्रकृतिको सूक्ष्म रूप पनि भनिन्छ । बाह्य वा स्थूल प्रकृति इन्द्रियगोचर हुन्छ भने आन्तरिक वा सूक्ष्म प्रकृति चाहिँ अगोचर हुन्छ तर सम्पूर्ण जगत्मा नै प्रकृति व्याप्त रहन्छ ।

प्रकृतिबाट सिर्जित वस्तुलाई प्राकृतिक वा मौलिक वस्तु भनिन्छ भने मानवनिर्मित वस्तुहरूलाई कृत्रिम वस्तु भनिन्छ । कृत्रिम वस्तुहरूको पनि मूलभूत र आधारभूत निर्माण तत्त्व चाहिँ प्रकृति नै हो । यसरी समग्रमा यो चराचर जगत्को मूल सृष्टिकर्ता प्रकृति हो र यिनै प्रकृतिको योगदानबाट सिर्जित प्राकृतिक वस्तुहरूप्रतिको प्रेम, स्नेह र सद्भाव नै प्रकृतिप्रेम हो ।

विकासवादका प्रवर्तक तथा विश्वविख्यात वैज्ञानिक चार्ल्स डार्विनले (सर्भाइभल अफ द फिटेस्ट) अर्थात् 'योग्यतम नै जीवित रहने' नियम र प्रजनित कोषको जीवन रचनामा हुने परिवर्तन जस्ता कारणले गर्दा आफ्ना पुर्खा जनावरभन्दा फरक भएको र यसको मूल कारण नै तिनीहरू वरपरको प्राकृतिक स्वरूप हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । यसको तात्पर्य मानिसको सृष्टि प्रकृतिले नै गरेको हो र मानिसले यहाँ जीवित रहनको निम्ति आवश्यक सामर्थ्य पनि मूलतः प्रकृतिबाटै प्राप्त गरेको हुन्छ । त्यस्तै मानिसलाई मात्र होइन सम्पूर्ण जीवनजगत्, वनस्पति, आकाश अनन्त ग्रह तथा नक्षत्र लगायत यो विराट् विश्वब्रह्माण्डलाई नै सृष्टि गर्ने, हेरविचार गर्ने र संहार गर्ने समेत स्वयं प्रकृतिले नै गर्दछ भन्ने विचार भैतिकवादी वैज्ञानिकहरूको छ ।

### (ङ) पूर्वीय दर्शनको आधारमा 'प्रकृति'

प्रकृतिको बारेमा गहन चिन्तन तथा खोज गर्ने परम्परा पूर्वीय दर्शनमा वेदकै समयदेखि भएको पाइन्छ । कैयौँ ऋषिमुनि तथा दार्शनिकहरूले प्रकृतिका बारेमा गहन विचारहरू प्रस्तुत

गरेका छन् । अध्यात्मवादी दार्शनिकहरूले प्रकृति जड हो र यो स्वयम् सञ्चालित छैन, यसलाई सञ्चालन गर्ने चेतन शक्ति अर्कै छ र त्यो परमात्मा वा परमेश्वर हो भन्ने विचार राख्दछन् ।

### (अ) वेदान्तदर्शन अनुसार 'प्रकृति'

पूर्वीय अध्यात्मवादी वेदान्त दर्शनका तीन शीर्षस्थ ग्रन्थहरू (ब्रह्मासूत्र, उपनिषद् र गीता) मध्ये एक मानिने श्रीमद्भागवद्गीतामा श्रीकृष्णले भनेको कुरा यसप्रकार छ :

मयाध्यक्षेत्र प्रकृति : सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्वि परिवर्तते (९ : १०) ।

अथात् हे अर्जुन ! मेरै रोहवर र खटनपटनमा प्रकृतिले यो समस्त चराचर जगत्को सृष्टि गर्दछ र मेरै सुपरिवेक्षणमा यो संसारको चक्र चल्दछ ।

प्रकृतिलाई लिएर श्रीमद्भागवद्गीतामा श्रीकृष्णले भनेका छन् :

भूमिरापोSनलो वायुः खं मनो बुद्धिरेवच ।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिराष्ट्रधा ॥
अपरेयमितस्त्वन्यां प्रकृति विद्धि मे परम् ।
जीवभूतां महावाहो ययेदं धार्यते जगत् ॥ (७ : ४-५)

अर्थात्, पृथ्वी, वायु, जल, अग्नि, आकाश, मन, बुद्धि र अहङ्कार यी आठ प्रकारमा विभाजित प्रकृति मेरो अपरा प्रकृति अथवा जड प्रकृति हो भने, हे महाबाहु अर्जुन ! यसभन्दा भिन्न प्रकृति जसले यो सम्पूर्ण जगत्लाई धारणा गरेको छ त्यो चाहिँ मेरो परा प्रकृति अथवा चेतन प्रकृति हो, त्यसलाई जीवात्मा भनिन्छ ।

उपर्युक्त मतअनुसार यो समस्त विश्वब्रह्माण्ड जड प्रकृति र चेतन प्रकृतिले बनेको हुन्छ । सामान्यतः चराचर जगत् भनेर यसै प्रकृतिलाई बुझ्ने गरिन्छ । वेदान्त दर्शनले ब्रह्मानन्द प्राप्त गर्ने स्रोत वा माध्यम प्रकृतिलाई समेत मानेको पाइन्छ र यही प्रकृतिको अंशमा ईश्वरको स्वरूप पनि गाँसिएको छ भन्ने मान्यता यस दर्शनले राखेको पाइन्छ ।

### (आ) सांख्यदर्शनका अनुसार 'प्रकृति'

सांख्यदर्शन अनुसार यो समस्त चराचर जगत्को सृष्टि जड प्रकृति र चेतन पुरुषबाट भएको हो भन्ने मान्यता पाइन्छ । "प्रकृति अर्थात् मूल प्रकृति सत्त्व, रज र तम यी तीनगुणको साम्यावस्था हो" (जोशी, २०५३ : ७) । प्रकृति आत्माको स्वरूप, परिवर्तनशील, उपभोगको विषय तथा प्रशवधर्मी हुन्छ भने पुरुषचाहिँ यसको ठिक विपरीतधर्मी हुन्छ । " पुरुषको संसर्गबाट मूल प्रकृतिले सृष्टिको क्रममा बुद्धि, अहङ्कार, मन, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, पञ्च तन्मात्रा, पञ्चमहाभूत जस्ता तत्त्वको अभिर्भाव गर्दछ भने प्रलयकालमा यी सबै तत्त्वहरू पुनः मूल प्रकृतिमा

विलीन बन्दछन्" (जोशी, २०५३ : ७) । त्यसर्थ साङ्ख्य दर्शनले संसारमा प्रकृति नै सृष्टि र संहारको मूल कारण हो र यो जड र चेतनाबाट निर्मित छ, भन्ने मान्यता प्रस्तुत गरेको गरेको पाइन्छ ।

वेदान्तदर्शन अनुसार पनि विश्वब्रह्माण्डको मूल तत्त्व  परमेश्वर वा परब्रह्मा हो । त्यसैलाई परम शिव पनि भनिन्छ । परम शिवमा सृष्टि गर्ने इच्छा उत्पन्न भएपछि त्यही नै शिव र शक्तिका रूपमा प्रकट हुन्छ । त्यसैलाई पुरुष र प्रकृति पनि भनिन्छ । "परम शिव निर्गुण निराकार हुन्छ भने शिव चाहिँ सगुण र संसृक्षारूपी उपाधिद्वारा युक्त" (जोशी, २०५३ : ५) हुन्छ । यिनै शिव र शक्ति नै सृष्टि गर्दछन् र जहाँ सृष्टि हुन्छ, त्यहाँ त्यसको स्थिति र संहार पनि हुने हुनाले सृष्टि स्थिति र प्रलयका सन्दर्भमा शिव र शक्तिले ब्रह्मा, विष्णु र महेश्वरका साथै युग समय र आवश्यकता अनुसार नाना देव देवी तथा अवतारादिको समेत रूप धारणा गर्दछन् । यसरी शिवले जुन शक्तिको सहाराबाट यी सबै काम गर्दछ, शिवको त्यही शक्ति नै माया हो । यसबाट पनि ब्रह्माण्डको सृष्टि, स्थिति तथा प्रलयमा प्रकृतिको मूलभूत भूमिका रहने कुरा प्रष्ट हुन्छ ।

अत : यस तथ्यबाट के देखिन्छ भने 'प्रकृति' शब्दको कुनै एउटा निश्चित अर्थ नभई अनेक अर्थ देखिन्छ । जस्तैः

१. अनेक रूपात्मक जगत्‌को विकास निर्माण गर्ने र त्यसको मूल रूपमा देखा पर्ने शक्ति,

२. चराचर जगत्‌को उत्पत्तिको कारणको मूल रूप,

३. ईश्वरीय लीला, दैवी प्रपञ्च वा माया ।

यिनै तत्वहरूप्रतिको प्रेम र माया नै प्रकृति प्रेम भएको हुँदा प्रकृतिप्रेमको पनि कुनै निश्चित दायरा नभएर व्यापक दायरा हुने स्पष्ट छ ।

व्यवहारमा 'प्रकृति' भन्नाले हिमालयदेखि हावा, पानी, खोलानाला, जीवजन्तुको तथा वनस्पति आदिको समष्टि रूप, आकाश, तथा आकाशीय पिण्डहरू, समय वा काल र यसका दिन, रात, औँसी, पूर्णिमा, ऋतु, मौसम तथा यिनका नैसर्गिक रूप, रङ्ग, गुण, ध्वनि जस्ता कुराहरू पर्दछन् । सृष्टिका स्थूल प्रकृति यिनै हुन् तर सूक्ष्म प्रकृति भने माथि उल्लेख गरिएझैँ अदृष्य नै रहन्छ र यसको सृष्टिकर्ता ईश्वर हुन् भनिन्छ ।

मानिसले बनाएका वस्तुवाहेक सृष्टिका सम्पूर्ण पदार्थ प्रकृति अन्तर्गत पर्दछन् । प्रकृति स्थूल-सूक्ष्म, गोचर-अगोचर तथा चल-अचल आदि अनेक अवस्थामा रहेको हुन्छ । माथि उल्लिखितझैँ चन्द्र, सूर्य, पहाड, पर्वत, खोलानाला, वनजङ्गल, बादल, बिजुली, वर्षा, हुरी, साँझ, बिहान, चराचुरुङ्गी, जीव, जनावर, इत्यादि स्थूल प्रकृति हुन् र यी इन्द्रियगोचर हुन्छन् । आकाश, समय, मन, बुद्धि, स्वभाव र समस्त विश्वब्रह्माण्डको सृष्टि, स्थिति र संहार गर्ने अदृश्य मूल

शक्ति चाहिँ सूक्ष्म प्रकृति हुन् । यी अगोचर हुन्छन् जसलाई छुन सकिँदैन अनुभव मात्र गर्न सकिन्छ ।

मानिसले प्रकृतिसँग मेलमिलाप राखेर होस् वा विरोध र सङ्घर्ष गरेर नै किन नहोस्, आफ्नै प्रकारको सभ्यताको निर्माण गरेको छ, त्यसलाई मानव सभ्यता भनिन्छ । साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान आदि मानव सभ्यताकै उपज हुन् । आज मानव सभ्यता नाना प्रकारका मिसाइलहरू, कम्प्युटर, रोबोट, तथा अनेकौं ग्रह नक्षत्रहरू चाहार्ने भू-उपग्रह र अन्तरिक्षयानहरूको युगमा आइपुगिसकेको छ तर विराट् प्रकृतिको विशाल सृष्टिका सामु मानिसको यो सब सिर्जना, रचना, आविष्कार र समग्र मानव सभ्यता नगन्य ठहर्छ र यी पनि प्रकृतिकै प्रयोगबाट सिर्जना गरिएका हुन् ।

मानिस प्रकृतिभन्दा ठूलो कहिले पनि हुँदैन र प्रकृतिकै एउटा अङ्गको रूपमा रहन्छ । “मानिसले जतिसुकै फूर्ति गरे पनि ‘ईश्वर मरिसक्यो, मै ईश्वर हुँ भने पनि प्रकृतिका सामु उसको केही चल्दैन र प्रकृतिको सहारा बिना उसले केही गर्न पनि सक्दैन मात्रै होइन कि ऊ जीवितै रहन सक्दैन” (जोशी, २०५३ : ९) किनभने मानिसले ताप्ने घाम, पिउने पानी, सास फेर्ने हावा अनि हिँडडुल गर्ने जमिन, आकाश र उसले खाने अन्न उमार्ने धर्ती यी सबै प्रकृतिकै उपज हुन् ।

प्रकृति सौन्दर्यको खानी पनि हो र सौन्दर्य प्रेम मानिसको जन्मजात स्वभाव हो । त्यसैले पनि मानिसले प्रकृतिलाई कहिल्यै पनि बिर्सन सक्दैन र प्रकृतिको साथ वा साहचर्य पनि कदापि छाड्न सक्दैन । आफ्ना बस्ती वरिपरि विभिन्न किसिमका बोटबिरूवाहरू रोप्नु, बगैँचा निमार्ण गर्नु, अझ कोठा भित्रै पनि गमलाहरूमा विभिन्न वनस्पति लगाउनु, त्यो सम्भव नभएमा कृत्रिम फूलको सजावट गर्नु वा कागजकै फूल र गमलाहरू लगाएर भए पनि घर सजाउनु जस्ता कुराहरू सबै मानिसका सौन्दर्य प्रेम तथा प्रकृतिप्रेमकै प्रमाण हुन् ।

निष्कर्षमा मानिसको जीवनबाट प्रकृति झिकिदिने हो भने ऊ निष्प्राण जस्तै हुन्छ । त्यस्तै कला र साहित्यबाट प्रकृतिलाई अलग राखिदिने हो भने ती सब श्रीविहीन, सौन्दर्य विहीन र अस्तित्वविहीन बन्न पुग्छ ।

## २.३ विभिन्न वादहरूको दृष्टिकोणमा ‘प्रकृतिप्रेम’

साहित्यका विभिन्न वादहरूले प्रकृतिको बारेमा र प्रकृतिप्रेमको बारेमा आ-आफ्नै दृष्टिकोण राखेका छन् । तिनीहरूको मान्यताहरू छोटकरीमा निम्नानुसार देखाउन सकिन्छ ।

### २.३.१ परिष्कारवाद

शास्त्र प्रधान भएको वादलाई शास्त्रीयतावाद भनिन्छ । यसलाई अङ्ग्रेजीमा ‘क्लासिसिज्म’ भनिन्छ भने यसको नेपाली रूपान्तरण परिष्कारवाद हो । यस वादलाई “साहित्यिक प्रवृत्तिका

रूपमा पनि क्लासिकल शब्दको प्रयोग गर्न सकिन्छ । यस अर्थमा 'क्लासिकल' भन्नु जीवनको स्पष्ट दृष्टि, सामान्य विवेक तथा तर्क र भावनाको साथै विषय र शिल्पको सन्तुलन हो" (त्रिपाठी, २०६५ : १५) । होमर, सोफोक्लिज, होरेस, भर्जिल, ब्वायल्यु, सेन्टव्युभ, इलियट आदि प्रसिद्ध परिष्कारवादी स्रष्टा हुन् ।

परिष्कारवादी स्रष्टाहरू प्रकृतिको स्वच्छन्द र खुल्ला रूपभन्दा पनि आत्मनियन्त्रण गरेर त्यसमा सदा निहित रहन सक्ने र रहेको गुण र प्रवृत्तिलाई चित्रण गर्दछन् । यिनीहरू प्रकृतिको मानवीकरण गर्दा बडो परिष्कृत बनाउँछन् । कुनै कुराको वर्णन गर्दा भित्रको सौन्दर्यभन्दा वस्तुसत्ता र दृश्यसत्ताको रूपको वर्णन गर्दछन् र प्रकृतिको स्थूल रूपको वर्णनमा ज्यादा रमाउँछन् ।

परिष्कारवादी स्रष्टाहरू प्रकृतिको आन्तरिक सौन्दर्यभन्दा पनि बाह्य सौन्दर्यप्रति विशेष प्रेमभाव प्रकट गर्दछन् र प्रकृतिलाई विभिन्न प्रतीक, उपमा रूपक, ध्वनि आदिद्वारा प्रस्तुत गर्दछन् ।

### २.३.२ स्वच्छन्दतावाद

परिष्कारवादको विपरीतधर्मी वादको रूपमा स्वच्छन्दतावादलाई लिइन्छ । अङ्ग्रेजी भाषाको शब्द 'Romance' को इतिहास खोज्दै जाँदा फ्रान्सेली साहित्यसम्म पुग्न सकिन्छ । यस शब्दले तात्कालीन समयमा ग्राम्यभाषा भन्ने अर्थ बोकेको ल्याटिन शब्द बुझाउँथ्यो । "कल्पनाका केन्द्रीयताभित्र आत्माभिव्यक्तिमूलक तथा प्रकृति र प्राकृतिक संस्कार एवम् सभ्यताप्रति अभिमुख मानवीय प्रकृतिमा स्वभाव र अवचेतन आवेगको भावसत्य र स्वतःस्फूर्त रूप नै रोमान्टिक धाराको वैशिष्ट्य हो" (त्रिपाठी, २०६५ : ४०) । प्रकृतिसँग अत्यन्त निकट सम्बन्ध गाँस्ने स्वच्छन्दतावादको प्रमुख उन्नायकको रूपमा रुसोलाई लिइन्छ । उनको प्रकृतितर्फ फर्क, (ब्याक टु नेचर) भन्ने विचार नै स्वच्छन्दतावादको मूल मर्म मानिन्छ । सन् १७७७ मा रुसोले रोमान्टिक शब्दको विशेष प्रयोग गरेका हुन् ।

सन् १७९८ मा वर्डस्वर्थ र कलरिज्को 'लिरिकल ब्यालेड' प्रकाशित भयो तब यस वादले रोमान्टिकवादका रूपमा स्वतन्त्र मान्यता प्राप्त गऱ्यो । यस वादले प्रकृतिप्रेमतर्फ विशेष झुकाउ राखेको छ । स्वतन्त्रता, उन्मुक्तता तथा उच्च कल्पनामा रम्ने स्वच्छन्दतावादीहरू अज्ञात, अद्भुत र रहस्यमय कुराहरूमा विश्वास गर्दछन । प्रकृतिले मानव मनमा गहिरो प्रभाव पार्दछ र मान्छेका कल्पना र अनुभूतिलाई जागृत पार्ने कारण पनि प्रकृति हो भन्ने कुरा यिनीहरू मान्दछन् । स्वच्छन्दतावादी सौन्दर्य चिन्तक र स्रष्टाहरू प्रकृति नै आफ्नो सर्वस्व ठान्दछन् र प्रकृतिलाई धाई आमा, प्रेमिका, स्त्री, ईश्वर,पुजारी आदिका रूपमा लिन्छन् ।

### २.३.३ यथार्थवाद

डार्विनको विकासवाद, मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र कोम्तेको समाजवादलाई यथार्थवादको मूल स्तम्भको रूपमा लिइन्छ । यो वाद सर्वप्रथम सन् १८३० तिर जर्मन कवि हाइनरिख हाइनेको कविताबाट सुरु भएको पाइन्छ । "वस्तुसत्यमा विश्वस्त यथार्थवादी दृष्टि संसारका सतह र पदार्थसँग अनुबद्ध हुन्छ र यस दृष्टिले प्रकृतिलाई नाघेजस्तो देखापर्ने मानवीय चरित्र र वृत्तिमा अभिरुचि नराखी तिनीहरूलाई इन्कार्ने गर्दछ" (त्रिपाठी, २०६५: ४५) । यसले जीवन जगत्को वस्तु सत्यको चर्चा गर्दछ ।

यथार्थवादले जीवनजगत् मानव र प्रकृति जे जस्तो छ त्यस्तै रूपमा व्याख्या गर्दछ । "यथार्थवादले प्रकृतिक र मानवीय यथातथ्यमा विश्वास गर्दछ" (त्रिपाठी, २०६५: ४५) । यसले कल्पना, आदर्श तथा भावुकतालाई नमान्ने हुँदा प्रकृतिको चित्रणमा पनि यथार्थ रूप वा भौतिक रूपको मात्र महत्त्व राख्दछ । पञ्च ज्ञानेन्द्रियले जे अनुभव गर्छ त्यही रूपमा प्रकृतिप्रेमलाई व्यक्त गर्ने काम यस वादले गर्दछ । प्रत्यक्ष आँखाले देख्ने र छोएर थाहा पाउने प्रकृतिको चित्रण र प्रेम नै यथार्थवादको प्रकृति र प्रकृतिप्रेम हो ।

### २.३.४ अतियथार्थवाद

यथार्थवादको विरुद्धमा अतियथार्थवादको विकास भएको मानिन्छ । यथार्थको अतिक्रममा वा यथार्थभन्दा पर बाह्ययथार्थभन्दा भिन्न भन्ने तात्पर्यमा अतियथार्थवादलाई लिइन्छ । यसको वास्तविक अर्थ अधियथार्थवाद हो । बाह्य यथार्थलाई अतिक्रमण गरेर आन्तरिक यथार्थतिर साहित्यलाई डोऱ्याउनु पर्छ भन्ने मान्यता यसले राख्दछ । शरीर आफ्नो यथास्थानमा छ, त्यसलाई सञ्चालन गर्ने मन हो । त्यही मनको आन्तरिक खोजी गर्नुपर्छ र वर्णन गर्नुपर्छ भन्ने धारणा अतियथार्थवादले लिएको छ । "चेतनद्वारा अवचेतनको सम्यमभन्दा अवचेतनद्वारा चेतनलाई झल्काउँदै मनोगत तक्ष्णतामा अभिव्यक्तिलाई छरपष्टपर्ने अतियथार्थवाद यथार्थको स्वीकृत सीमा नाघ्दै पूर्व अप्रयुक्त अनुभूति र अभिव्यक्ति प्रणाली चाहन्छ" (त्रिपाठी, २०६५: ९१) । यो वादले जीवनको आन्तरिक यथार्थको अध्ययन गर्दछ ।

अतियथार्थवाद स्वप्निलतामा आधारित भएको हुँदा यसले प्रकृतिप्रति पनि स्वप्निल चाहना र चित्रण प्रकट गर्न चाहन्छ । अतियथार्थवादको प्रकृतिप्रेम भन्नु नै भ्रामक प्रकृतिमा रम्नु भन्ने बुझिन्छ ।

### २.३.५ प्रकृतवाद

प्रकृतवाद यथार्थवाद जस्तै दार्शनिक मान्यता राख्ने वाद मानिन्छ तापनि दार्शनिकताका सूक्ष्म भेदहरूले यसलाई यथार्थवादबाट अलग तुल्याउँछ । यसको विकासमा डार्विनको

विकासवादबाट प्रेरित जीवविज्ञानका समसामयिक मान्यताहरूको विशेष प्रभाव परेको छ । ईश्वरीय सत्ताविना प्रकृतिलाई स्वतः बुझ्न सकिन्छ र मान्छे प्रकृतिकै अङ्ग हो भन्ने दर्शन र मान्यता प्रकृतवादले राखेको पाइन्छ । प्रकृतवादका अनुसार मान्छे प्रकृतिभन्दा भिन्न स्वतन्त्र सत्ता होइन र प्रकृतिभन्दा अतिरिक्त कुनै ईश्वरीय सत्ता वा आत्मसत्ता पनि छैन । "प्रकृतिको विकासवादी व्याख्याबाट प्रेरित जीवशास्त्रीय मानव प्रकृतिको प्रयोग गर्ने वाद हो प्रकृतवाद" (त्रिपाठी, २०६५: ४५) । यसले ईश्वरीय सत्तालाई नमानी केवल जीवशास्त्रीय प्रकृयाबाट प्रकृति सञ्चालित रहेको धारणा राख्दछ ।

यसर्थ प्रकृतवादले ईश्वरीय सत्तालाई नस्वीकारे पनि प्रकृतिमा भएका अन्य वस्तुप्रति समान प्रेम प्रकट गर्दछ । यसको महत्त्वपूर्ण  कडी 'मानिस पनि अन्य प्राणी सरहकै प्राणी हो' भन्ने मान्यता हो । यही जीवशास्त्रीय र प्रकृति नै सर्वश्रेष्ठ शक्ति हो भन्ने मान्यता नै प्रकृतिवादको प्रकृतिप्रेम हो ।

## २.४ निबन्धमा प्रकृति विश्लेषणका आधारहरू

निबन्धमा प्रकृतिको अध्ययनका निम्ति बनाइएका आधारहरू नै प्रकृतिप्रेमपरक निबन्ध विश्लेषणका आधारहरू हुन् । तिनै आधारमा निबन्धको गहन विश्लेषण गरी निबन्धमा रहेको प्रकृतिप्रेमको निर्क्योल गर्न सकिन्छ । यस शोधकार्यमा प्रकृतिप्रेमपरक निबन्ध विश्लेषणका निम्न आधारहरू तय गरिएको छ :

(१) वनस्पतिप्रतिको प्रेम

(क) वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम

(ख) वनस्पतिको अनौठो गुणप्रतिको प्रेम

(२) मानवीय स्वभावको प्रेम

(क) स्त्री गुणप्रतिको प्रेम

(ख) पुरुषगुणप्रतिको प्रेम

(ग) बालबालिकाका गुणप्रतिको प्रेम

(३) तन्मय आधारमा प्रकृति प्रेम

(४) मन्मय आधारमा प्रकृति प्रेम

(५) वर्षा, बादल तथा जलप्रतिको प्रेम

(६) भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम

(७) खगोलीय पिण्डहरूप्रतिको प्रेम

(८) चरा, कीटपतङ्ग तथा जनावरप्रतिको प्रेम

(९) ध्वनि, वायु, स्वाद, तथा गन्धका आधारमा प्रकृतिप्रेम

(१०) सौम्य स्वभावको प्रकृतिप्रेम

(११) रौद्र स्वभावको प्रकृतिप्रेम

(१२) प्रकृतिको मानवीकरण तथा मानवको  प्रकृतीकरणप्रतिको प्रेम

(१३) दिव्यता तथा ईश्वरप्रतिको प्रेम

## २.५ प्रकृति विश्लेषणका आधारहरूको सङ्क्षिप्त परिचय

प्रस्तुत शीर्षकमा निबन्धमा प्रकृति विश्लेषणका निम्ति लिइएका आधारहरूको सङ्क्षेपमा परिचय गराइएको छ । यी आधारहरूबाट नै प्रस्तुत शोधकार्यमा देवकोटाका निबन्धहरूको प्रकृतिप्रेमको विश्लेषण गरिएको छ ।

प्रकृतिजगत्का हिमाल, पहाड, नदीनाला, समथर आदिका विविधताका साथै 'वनस्पतिजगत्का रूख, लहरा, फलफूल आदि प्राणीजगत्का पशुपंक्षी, किरा फटेङ्ग्रा आदि नक्षत्रमण्डलका जून, तारा, सूर्य, चन्द्र आदि एवम् वायुमण्डलका हावा, पानी, बादल, ताप, गर्मी, शीतलता आदि अनेकौं पक्षको रमणीय र सौन्दर्यपूर्ण चित्रण साहित्यमा पाइन्छ' (अवस्थी, २०६४ : ११४) । निबन्धहरूको सूक्ष्म विश्लेषणबाट नै प्रकृतिप्रेमको निर्क्यौल गर्न सकिन्छ र प्रकृतिप्रेमको बारेमा विविध कोणबाट विश्लेषण र विवेचना गर्न सकिन्छ । निबन्धमा प्रकृति विश्लेषणका आधारहरू निम्नलिखित प्रस्तुत गरिएको छ :

### (१) वनस्पतिप्रतिको प्रेम

वनस्पति जगत् प्रकृतिको एउटा प्रमुख अङ्ग हो, समग्रता र समष्टि होइन । प्रकृतिको अनुपम सम्पदाको रूपमा वनस्पति रहेका छन् । जसको अभावमा यस सुन्दर संसारको कल्पना पनि गर्न सकिँदैन । यस धर्तीमा भएका विभिन्न प्रकारका वनस्पतिको रङ्ग, गुण आदिप्रति गरिने अनुराग, माया तथा तिनीहरूको सौन्दर्य र योगदानको चर्चा गर्नु र वर्णन गर्नु नै वनस्पतिप्रतिको प्रेम हो । साहित्यमा पनि वनस्पतिप्रतिको प्रेम प्रकट भएको हुन्छ । कतिपय साहित्यकारहरूको साहित्यिक सृजनाको प्रेरणा स्रोत पनि वनस्पति नै रहेको पाइन्छ । "वानस्पत्य वस्तुलाई प्राणीलाई भन्दा कठिन पर्दछ किनभने वानस्पत्य शिशुले पहराका च्यापमा परे पनि उर्वर धर्तीका काखमा परे पनि प्रकृतिसँग सङ्घर्ष गरेर बाँच्नुपर्छ, निर्धक्क फल्नु र फुल्नुपर्दछ" (सुवेदी, २०३९ : १८) भन्ने भाव विभिन्न निबन्धहरूमा प्रकट भएको छ ।

### (क) वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम

प्रकृतिले विभिन्न प्रकारका वनस्पतिलाई जुन किसिमको गुण र विशेषता प्रदान गरेको छ, त्यही गुणको यथार्थ धरातलमा रहेर प्रेमभाव प्रकट गर्नुलाई वनस्पतिको स्वाभाविक गुणप्रतिको

प्रेम भनिन्छ । अङ्कुरण हुनु,  वृद्धि  र विकास हुनु, फूल फुल्नु, पात झर्नु, फल लाग्नु, बूढो हुनु, मर्नु आदि जस्ता अनेक स्वाभाविक गुणप्रति साहित्यमा प्रेमभाव प्रकट भएका हुन्छन् ।

**(ख) वनस्पतिको अनौठो गुणप्रतिको प्रेम**

प्रकृतिमा रहेका विभिन्न प्रकारका वनस्पतिमा निहित अनौठो वा अद्भुत र दिव्य गुणप्रति पनि प्रेमभाव प्रकट गरिएको हुन्छ । साहत्यिमा वनस्पतिकै नैसर्गिक गुणलाई समेत निजात्मक भावनाका आधारमा दिव्यता वा अद्भुतता प्रदान गरिएको हुन्छ ।

**२. मानवीय प्रकृतिप्रेम**

साहित्यमा मानव, प्रकृति र ईश्वरको त्रिकोणात्मक सम्बन्ध स्पष्ट रूपमा अभिव्यक्त भएको पाइन्छ । मानिसको रूप तथा गुण र मानवले मानवलाई गर्नुपर्ने सम्मान र आदर्शप्रति गरिएको प्रेमभावलाई मानवीय रूपको प्रकृतिप्रेम भनिन्छ । मानवको व्यक्ति पिच्छे फरक-फरक गुण र स्वभाव हुन्छ । साहित्यकारहरू त्यस्ता गुणहरूलाई फूलबारी मान्दै मानिसका बालक, युवा, युवती तथा वृद्ध-वृद्धाप्रति स्नेह प्रकट गर्दछन् । मानवले मानवप्रति गर्ने कुव्यवहारप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै मानवीय अस्तित्त्व रक्षाको निम्ति मानवीय प्रेमलाई प्रस्फुटन गराउनुपर्छ भन्ने सन्देश प्रवाहित गरेका हुन्छन् । मानवीय प्रेम प्रकट गर्दै साहित्यकारहरूले ईश्वरप्रति मानिसद्वारा गरिने आडम्बरी प्रवृत्तिको पनि विरोध गरेका गर्दछन् । “ईश्वरको स्थापना गर्दा मानिसले प्रारम्भमा नैतिक मूल्य प्राप्त गर्ने उद्देश्य नै प्रमुख रूपमा स्वीकारेको थियो । अन्ध ईश्वरवादको समर्थन होइन” (सुवेदी, २०३९ : २५) भन्दै मानवीय गुणप्रति प्रेमभाव व्यक्त भएको पाइन्छ । मानवीय प्रकृतिभित्र पनि विभिन्न पक्षहरूप्रति प्रेमभाव प्रकट गरिएको छ । जस्तै स्त्रीगुण प्रतिको प्रेम, बालबालिकाप्रतिको प्रेम,  पुरुषगुणप्रतिको प्रेम आदि ।

मानवीय प्रकृतिको प्रेमपरक निबन्धहरूलाई निम्नलिखित उपशीर्षकहरूमा विश्लेषण गर्न सकिन्छ :

**(क) स्त्रीगुणप्रतिको प्रेम**

शब्दकोषहरूमा प्रकृतिको पर्यायको रूपमा पनि स्त्रीजातिलाई समाविष्ट गरिएको छ । साहित्यमा विभिन्न दृष्टिकोणबाट स्त्रीको चर्चा, प्रयोग तथा प्रेमभाव प्रकट गरिएको हुन्छ । स्त्रीत्व कोमलता र सौन्दर्यको खानी पनि हो । संसारमा शायदै यस्तो साहित्य होला जहाँ स्त्रीगुणको प्रयोग र प्रेमभाव प्रकट नगरिएको होस् । स्त्रीको रूप, रङ्ग, स्वभाव, गुण आदिप्रति मोहित भई त्यसप्रति अनुराग, आकृष्टता र आनन्दमय हुनु स्त्रीगुणको प्रेम हो । पुरुषको तुलनामा स्त्रीको रूप, रङ्ग, स्वभाव, गुण आदिको प्रयोग गरेर धेरै काव्य सिर्जना गरिएका छन् । साहित्यमा पनि स्त्रीगुणप्रति प्रेमभाव प्रकट गरिएको पाइन्छ ।

### (ख) पुरुषगुणप्रतिको प्रेम

पुरुषमा हुने स्वभाव, गुण तथा पुरुषको रूप र क्षमताप्रति प्रेमभाव दर्शाउनुलाई पुरुषगुणप्रतिको प्रेम भनिन्छ । संसारमा पुरुषलाई कडा स्वभाव भएको शक्तिशाली व्यक्तित्वको रूपमा लिइन्छ । त्यस्तै पुरुषलाई कठोरता तथा आर्जन गर्ने स्रोतको रूपमा पनि चित्रण गरिएको हुन्छ । निबन्धमा पनि पुरुषगुणको चर्चा र पुरुषगुणप्रति प्रेमभाव अभिव्यक्त भएको पाइन्छ ।

### (ग) बालबालिकाका गुणप्रतिको प्रेम

अबोध बालबालिका ईश्वर समानका हुन्छन् । त्यसर्थ विद्वान् तथा दार्शनिकहरू बालबालिकालाई मानवीय ईश्वरको रूपमा लिने गर्दछन् । बालबालिकाका अबोध, चञ्चल, निश्कपट तथा निश्च्छल गुणप्रति प्रेमभाव प्रकट गर्नु नै बालबालिकाप्रतिको प्रेम हो । साहित्यका अन्य विधाजस्तै निबन्धमा पनि बालबालिकाप्रति प्रेमभाव व्यक्त भएको पाइन्छ ।

### (३) तन्मय प्रकृतिप्रेम

प्रत्यक्ष रूपमा देख्न र छुन सकिने प्रकृतिका विभिन्न वस्तुहरूप्रतिको वस्तुपरक चित्रण र प्रेमलाई तन्मय प्रकृतिको चित्रण तथा प्रेम भनिन्छ । “व्यवहारमा चाहिँ ‘प्रकृति’ भन्नाले हिमालदेखि समुद्र सम्मका स्थलभाग र यहाँका रूख, बिरूवा, वनजङ्गल, पानी, खोलानाला, जीवजन्तु एवम् पशुपन्छीहरू, आकाशीय ग्रह नक्षत्रादिहरू पर्दछन्” (जोशी, २०५३ : ७) । यिनै तत्वहरूप्रतिको प्रेम तन्मय प्रकृतिको प्रेम हो ।

### (४) मन्मय प्रकृतिको प्रेम

प्रकृतिको वास्तविक स्वरूपलाई स्रष्टाको मनले वा व्यक्तिको मनले आफ्नो अनुकूल विचार गरेर प्रकट गर्ने मनोभावना तथा प्रेममय भावनालाई मन्मय प्रकृतिको प्रेम भनिन्छ । प्रकृतिमा अनगिन्ती प्राकृतिक सम्पदाहरू छन् । ती सम्पदाहरूलाई र तिनीहरूको विशेषतालाई हेर्ने र त्यसको विवेचना गर्ने तर्क र भावना व्यक्ति पिच्छे फरक-फरक हुन सक्छ ।

### (५) वर्षा, बादल तथा जलप्रतिको प्रेम

साहित्यमा वर्षा, बादल तथा जलप्रति प्रेमभाव निकै मात्रामा प्रकट भएका हुन्छन् । प्रकृतिको एक तत्त्वको रूपमा नदी तथा वर्षालाई लिइएका हुन्छ । बादल, वर्षा तथा जल विना पृथ्वीमा कुनै पनि प्राणी र वनस्पतिहरू जीवित रहन सक्दैनन् । निबन्धकारहरूले प्रकृतिको प्रमुख तत्त्व नदीनाला, बालद, वर्षा आदिलाई जैविक अस्तित्वको आधार मान्दै तिनीहरूप्रति प्रेमभाव व्यक्त गरेका हुन्छन् ।

**(६) भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम**

पृथ्वीको संरचना भूगोल र धरातलीय स्वरूपमा आधारित छ । पृथ्वीको भूगोल र धरातलीय स्वरूपमा नै प्रकृतिको अस्तित्त्व कायम भएको हुन्छ । त्यसर्थ भूबनोट, धरातलीय स्वरूप, पहाड, चट्टान, हिमाल, उपत्यका, मैदान आदि जस्ता विभिन्न क्षेत्रप्रतिको प्रेमभाव नै भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम हो । जीवन प्रक्रिया र अस्तित्त्व नै भूगोल तथा यही धरातलमा अडिएको छ । साहित्यकारहरूले पनि भूगोल र धरातलीय स्वरूपसँग आत्मीयता प्रकट गरेका हुन्छन् । मरुभूमिको सुख्खादेखि हिमाली उच्चता, पहाडको खोँचदेखि उपत्यकासम्मका विविध भौगोलिक स्वरूप र धरातलप्रति निबन्धमा प्रेमभाव प्रकट गरिएको हुन्छ ।

**(७) खगोलीय पिण्डहरूप्रतिको प्रेम**

आकाशमा देखापर्ने विविध आकारप्रकार तथा विशेषता भएका वस्तुहरूलाई खगोलीय पिण्डहरू भनिन्छ । सूर्य, चन्द्रमा, तारा, ग्रह तथा उपग्रहहरू आदि खगोलीय पिण्ड अन्तर्गत पर्दछन् । तिनै वस्तुहरूप्रति गरिने प्रेमभाव, आकर्षण र श्रद्धा नै खगोलीय पिण्डहरूप्रतिको प्रेम हो । सूर्योदयको सुनौलो दृश्य र किरण होस् वा चन्द्रमाको कला, ताराको चम्काइ होस् वा ग्रहको गति आदिमा प्रेम र श्रद्धाभाव प्रकट गरिएको पाइन्छ ।

**(८) चरा, कीटपतङ्ग तथा जनावरहरूप्रतिको प्रेम**

प्रकृतिको सुन्दर सृजनाको रूपमा चरा, कीटपतङ्ग तथा जनावरहरू रहेका छन् । यस धर्तीमा भएका जीवजनावर तथा पशुपन्छी आदिप्रति ममता प्रकट गरिएको पाइन्छ । यी सबै जीवहरूबाट नै प्राकृतिक अस्तित्त्व र सुन्दरता कायम हुन सक्छ । चरा तथा जीव जनावरहरूको मनमोहक चाल, रूपरङ्ग, स्वभाव, स्वर आदिप्रति गरिने प्रेमभाव नै चरा, कीटपतङ्ग तथा जनावरप्रतिको प्रेमभाव हो । यस्ता जीवहरूले प्रकृतिको अस्तित्त्व कायम राख्न र प्रकृतिक सन्तुलन जोगाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । प्रकृतिको सुन्दरता जीव जनावर तथा कीटपतङ्ग आदिमा पनि निर्भर रहन्छ ।

**(९) ध्वनि, वायु, स्वाद तथा गन्धको आधारमा प्रकृतिप्रेम**

प्रकृतिको महत्त्वपूर्ण पक्ष ध्वनि, वायु, स्वाद र गन्ध पनि हुन् । भावपरक तथा अदृश्यात्मक रूपमा रहने यी वस्तुहरू प्रकृतिको अभिन्न अङ्ग हुन् । कुनै पनि वस्तुबाट उत्पन्न भएको सुमधुर ध्वनि, स्वाद, गन्ध तथा सिरसिर पवनप्रतिको प्रेम नै ध्वनि, वायु स्वाद तथा वासनाको आधारमा हुने प्रकृतिप्रेम हो । निबन्धहरूमा पनि यस अदृश्य प्रकृतिको प्रयोग र प्रेमभाव प्रकट गरिएको हुन्छ । प्रकृतिमा निस्कने विविध प्रकारका ध्वनिहरूबाट प्रभावित भई साहित्यकारहरू मुग्ध हुँदै

त्यसप्रति प्रेमभाव प्रकट गर्दछन् । प्रकृतिको महत्त्वपूर्ण तत्त्व वायु पनि हो । वायुले नै प्रकृतिमा भएका फूल तथा अन्य वस्तुहरूको वासनालाई टाढा-टाढा सम्म पनि पुऱ्याउने गर्दछ । विभिन्न प्रकृतिक वस्तुहरूबाट निस्कने सुमधुर वासनाको पनि साहित्यमा महत्त्वपूर्ण रूपमा चित्रण गरिएको पाइन्छ । यसरी निबन्धमा ध्वनि, वायु तथा वासनाको आधारमा प्रकृतिप्रति प्रेमभाव प्रकट गरिएको पाइन्छ ।

### (१०) सौम्य स्वभावको प्रकृतिप्रेम

प्रकृतिको शान्त र सुन्दर विशेषताप्रतिको प्रेमभावलाई सौम्य स्वभावको प्रकृतिप्रेम भनिन्छ । प्राचीन समयदेखि नै प्रकृतिलाई सम्पूर्ण प्राणीजगत्को पालनकर्ता तथा मातृरूपमा व्याख्या गरिएको पाइन्छ र त्यसै अनुरूप प्रकृतिप्रति सम्मान, आराधना तथा पूजा गर्ने गरिएको पाइन्छ । स्वच्छन्दतावादी साहित्यकारहरू प्रकृतिको रौद्र स्वरूपको प्रकृति चित्रण तथा प्रकृतिप्रेममा पनि रमाएका पाइन्छन् । सौम्य र शान्त रूपको प्रकृतिबाट नै मानिस लगायत सम्पूर्ण जीवले आनन्द र शान्ति प्राप्त गर्न सक्छन् । जुनेली रात होस् वा वसन्तको फूलैफूलले ढाकेको वगैँचा किन नहोस्, साहित्यकारहरू सौम्य प्रकृतिमा बढी रमाउन चाहेका हुन्छन् ।

### (११) रौद्र स्वभावको प्रकृतिप्रेम

प्रकृति पनि समय र परिस्थिति अनुसार रौद्ररूप धारण गर्दछ । अशान्त, डरलाग्दो तथा भयावह प्रकृतिप्रतिको आकृष्टता र प्रेम नै रौद्र रूपको प्रकृतिप्रेम हो । यो अस्तव्यस्त एवम् पापी समाजमा न्याय पाउन प्रकृतिले नै रौद्र स्वरूप ग्रहण गर्नुपर्ने भाव निबन्धहरूमा पनि पाइन्छ । सौम्य स्वभावको विपरीत रौद्र स्वभावको प्रकृति पनि उत्तिकै जरुरी छ भन्ने भाव निबन्धकारहरूले प्रकट गरेका हुन्छन् । प्रकृति सधैँ सोझो, सरल र सौम्य मात्र होइन आवश्यक परेको बखत रौद्र रूपमा पनि प्रकट हुनुपर्छ भन्ने विचार निबन्धमा अभिव्यक्त भएको पाइन्छ ।

### (१२) प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरणप्रतिको प्रेम

प्रकृतिमा भएका विभिन्न प्राकृतिक वस्तुहरूको गुण तथा स्वभावलाई मानवको क्रियाकलाप र स्वभावसँग तादात्म्य प्रस्तुत गर्नु प्रकृतिको मानवीकरण हो । स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृति र मानवबीच अभेद्य सम्बन्ध देखाउँदै प्रकृतिको मानवीकरणमा रमाउँछन् । हिमाल हाँसेको देख्नु, लहराहरू र पातहरू नाचेको देख्नु, नदीले र झरनाले गीत गाएको सुन्नु आदि सबै प्रकृतिको मानवीकरण हुन् । साहित्यकारहरू छाँगासँग कुरा गर्न सक्ने क्षमताका हुनु पनि प्रकृतिकै मानवीकरणप्रतिको प्रेम हो ।

निबन्धहरूमा प्रकृतिको मानवीकरण मात्र नभएर मानवको प्रकृतीकरणप्रति पनि प्रेमभाव प्रकट भएको पाइन्छ । "एकथरी चिन्तकहरूका विचारमा मानिस प्रकृतिकै एउटा अङ्ग हो"

(जोशी, २०५३ : भ्क) । त्यसर्थ मानवलाई पनि प्रकृतिका विविध वस्तुहरूसँग तादात्म्य प्रकट गरिएको हुन्छ । मानवभित्र भएका गुणलाई प्रकृतिका विविध पक्ष र रूपसँग समीकरण गर्नु मानवको प्रकृतीकरण हो ।

### (१३) दिव्यता वा ईश्वरप्रतिको प्रेम

ईश्वरको अस्तित्त्वमा विश्वास गर्दै ईश्वरको रूप, गुण तथा विशेषताप्रति श्रद्धाभाव प्रकट गर्नुलाई ईश्वरप्रतिको प्रेम वा श्रद्धा भनिन्छ । "ईसाई तथा हिन्दू दुवैथरी धर्मग्रन्थहरूमा प्रकृतिलाई ईश्वरको अधीनस्थ सत्ता अथवा ईश्वरीय सत्ताको व्यञ्जक तत्वका रूपमा उभ्याइएको छ" (जोशी, २०५३ : भ्क) । त्यस्तै कतिपय विद्वान्, दार्शनिक तथा चिन्तकहरू ईश्वरलाई प्रकृतिको एउटा अङ्गको रूपमा स्वीकार्दछन् । स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृति, मानव र ईश्वर अभेद्य छन् भन्ने कुरा व्यक्त गर्दै यिनीहरू बीचमा गहिरो सम्बन्ध र सद्भाव रहेको कुरा प्रकट गर्दछन् ।

## २.६ निबन्धमा प्रकृतिविश्लेषणको आवश्यकता र महत्त्व

निबन्ध कुनै पनि स्रष्टाले कुनै विषयमा आफ्नो विचार र तर्क प्रस्तुत गरेर लेख्ने लेख हो । साहित्यका अन्य विधाहरू जस्तै निबन्धमा पनि व्यापक रूपमा प्रकृति प्रयोग र प्रकृतिप्रेम प्रकट गरिएको पाइन्छ । त्यसर्थ निबन्धहरूको अध्ययन प्रकृतिप्रेमका दृष्टिबाट पनि गरिनु आवश्यक छ ।

## २.७ निष्कर्ष

साहित्यमा प्रकृतिप्रेम प्रकट भएको हुन्छ भन्ने धारणा उपर्युल्लिखित मान्यता र विचारहरूबाट प्रष्ट भएको छ । प्रकृति एक व्यापक तथा महत्त्वपूर्ण पक्ष भएकोले साहित्यमा विविध स्वरूपको प्रकृति प्रेम प्रकट भएको हुन्छ । लेखक वा स्रष्टाले प्रकृतिप्रति आकृष्ट, अनुरागी तथा समर्पित भएर अभिव्यक्त गरेका भावहरू नै प्रकृतिप्रेम हो । प्रकृतिको विविध स्वरूप भए जस्तै स्रष्टा पिच्छे प्रकृतिप्रेमको भाव फरक हुन सक्दछ । त्यसर्थ स्रष्टाको प्रकृतिप्रेम र प्रकृति विश्लेषण कुन रूपको छ ? भनी निक्यौंल गर्न प्रकृतिप्रेमको खोजी एउटा महत्त्वपूर्ण विषय बनेको हो ।

## तेस्रो परिच्छेद

# देवकोटाको निबन्ध सिर्जना र निबन्ध यात्रा

### ३.१ विषय परिचय

लक्ष्मीप्रसाद देवकोटाको निबन्धसिर्जना कहाँबाट सुरु भयो ? उनको निबन्धात्मक यात्राको विकासक्रम के कस्तो छ ? भनि विश्लेषण गर्नु आवश्यक छ । यस परिच्छेदमा देवकोटाको निबन्धकारिताको परिचर्चा गर्दै उनको निबन्ध सिर्जनामा आगमन तथा निबन्धयात्राको विश्लेषण गरिएको छ ।

### ३.२ निबन्धकार देवकोटाको परिचय

नेपाली साहित्यका बहुमुखी प्रतिभा लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) विभिन्न विधा (महाकाव्य, खण्डकाव्य, फुटकर कविता, कथा, उपन्यास, नाटक, समीक्षा) मा सशक्त रूपमा कलम चलाउने विशिष्ट प्रतिभा हुन् । नेपाली काव्य र कविताका क्षेत्रमा अविजेय प्रतिभाका रूपमा रहेका देवकोटा आत्मपरक निबन्धका क्षेत्रमा पनि अझसम्म प्रतिद्वन्द्वी रहित नै देखिन्छन् । फुटकर कविता सिर्जनाबाट साहित्य साधनको थालनी गरेका देवकोटा जब 'मुनामदन' (१९९२) खण्डकाव्यबाट लोकप्रिय र चर्चित भए त्यसपछि निबन्ध लेखनतर्फ चासो देखाए । देवकोटाको पहिलो निबन्ध 'आषाढको पन्ध्र' (१९९३) हो । वि.सं. १९९३ देखि २०१६ सम्म नै उनले निबन्ध लेखनलाई निरन्तरता दिएको पाइन्छ । नेपाली साहित्यमा सयौँ फुटकर कविता, दुई दर्जनभन्दा बढी खण्डकाव्य र आधा दर्जनभन्दा बढी महाकाव्य रची नेपाली कविता विधालाई सुसम्पन्न पार्ने देवकोटाले आधुनिक नेपाली निबन्धको विकासमा पनि विशिष्ट योगदान दिएका छन् । देवकोटाका सैँतिसवटा निबन्धहरूको सङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) आफ्नै सारगर्भित भूमिका सहित प्रकाशित छ भने तेह्रवटा निबन्धहरूको सङ्कलन गरी राजेन्द्र सुवेदीद्वारा सम्पादित **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रह तथा शिव रेग्मीद्वारा सम्पादित **महाकवि देवकोटाका निबन्ध** (२०६६) प्रकाशित छन् । त्यस्तै देवकोटाले पाश्चात्य साहित्यका प्रख्यात विभिन्न निबन्धकारहरूका निबन्धहरूलाई समेटी **प्रसिद्ध प्रबन्ध सङ्ग्रह** (अनु. १९९८) प्रकाशित गरेका छन् ।

प्रकाशनका क्रममा दवकोटाका निबन्धसङ्ग्रहलाई निम्नानुसार देखाइन्छ :

(क) प्रसिद्ध प्रबन्ध सङ्ग्रह (अनु. १९९८)

(ख) लक्ष्मी निबन्धसङ्ग्रह (२००२)

(ग) दाडिमको रूखनेर (२०३९ सम्पा. राजेन्द्र सुवेदी)

(घ) महाकवि देवकोटाका निबन्ध (२०६६, सम्पा. शिव रेग्मी)

शारदा (१९९३), (वर्ष २ अङ्क ९) मा प्रकाशित 'आषाढको पन्ध्र' बाट निबन्ध लेखनको यात्रामा प्रवृत्त भएका देवकोटाले सर्वप्रथम आत्मपरक र विधा सचेत निबन्ध लेखी नेपाली निबन्ध जगत्लाई आधुनिकताको स्तरमा पुऱ्याउन सफल भएका हुन् । "वैयक्तिकता, भावनात्मकता, स्वच्छन्दता, कल्पनात्मकता, काव्यात्मकता, कलात्मकता जस्ता प्रमुख वैशिष्ट्य" (जोशी, २०६१ : १७) भएका कारण नै देवकोटाका निबन्धहरू पूर्ववर्ती अन्य निबन्धकारकाभन्दा केही पृथक अस्तित्त्व र विशेषताका छन् ।

निबन्ध धेरै दिनको सोचाइबाट झुल्किएर केलाइएको सीमासम्म पुगेर बिलाउने विषय नभएर हार्दिक सहजानुभूतिबाट उदय हुने विषय हो भन्ने धारणा देवकोटामा पाइन्छ । **लक्ष्मी निबन्धसङ्ग्रह**का निबन्धहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । 'यिनमा प्राकृतिक पक्ष पनि पाइन्छ तर अन्य पक्षहरूको आधारको रूपमा प्राकृतिक पक्ष रहेको हुँदा प्रायशः सबै जसो निबन्धहरूमा प्रकृतिको चित्रण पाइन्छ' (चापागाई, २०२८ : ६) । देवकोटाका निबन्धहरूमा विषय र विचारको विविधता पाइए पनि तिनमा प्रकृतिप्रेम भने प्रकट भएकै छ ।

## ३.३ देवकोटाको निबन्ध लेखनको क्रमिक विकास र चरण विभाजन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले १९९३ देखि २०१६ सालसम्म लेखेका विभिन्न निबन्धहरूकै आधारमा उनको निबन्ध लेखनको क्रमिक यात्रा निर्क्यौल गर्न सकिन्छ । देवकोटाको निबन्धात्मक चरण विभाजन गर्ने आधार पनि उनका निबन्धहरूमा प्रस्तुत भएका मूलभूत प्रवृत्तिहरू नै हुन् । कुनै पनि स्रष्टाको सृजनाको क्रम र प्रवृत्ति समयसँगै परिवर्तन हुन सक्छ । ती मोड र उपमोड भन्नु नै चरण विभाजनको आधार हो । १९९३ सालदेखि २०१६ सालसम्को अवधिलाई देवकोटाको निबन्ध लेखनगत विशेषताको विश्लेषण गर्दा स्वच्छन्दतावादी कवि देवकोटाको प्रभाव निबन्धमा पनि स्पष्ट देख्न सकिन्छ । १९९३ सालदेखि निबन्धकारका रूपमा सिर्जनात्मक यात्रामा प्रवृत्त भएका देवकोटा १९९५ मा 'फूल', 'भलाद्मी', 'निद्रा' लेखेर आफ्नो विशुद्ध सौन्दर्य चेतनाको प्रतिष्ठापन गर्न पुग्दछन् । "उनको 'भलाद्मी' निबन्धबाट केही टिप्पणी र केही व्यङ्ग्यको प्रजनन् भयो" (सुवेदी, २०३९ : ३) र यसपछि उनको निबन्ध सिर्जनामा एउटा प्रवाह आयो । उनका विभिन्न निबन्धहरू **शारदा, साहित्य स्रोत, युगवाणी, प्रगति** आदि जस्ता पत्रिकाहरूमा प्रकाशित हुँदै गएको पाइन्छ । "देवकोटाका 'म सुवासिनी मान्छे भए के गर्ने थिए ?', 'शिशु भक्षकका लागि प्रार्थना', 'साँढे' तिन निबन्धहरू २०१६ सालतिर लेखिएका देखिन्छन्" (बन्धु, २०५८ : ४७) । देवकोटाको जम्मा २३ वर्षे निबन्ध सिर्जनाको औपचारिक यात्रालाई निबन्धात्मक प्रवृत्तिको आधारमा दुई चरणमा विभाजन गर्न सकिन्छ । प्रकाशनका दृष्टिले हेर्ने हो भने २०१६ सालपछि पनि उनका कतिपय निबन्धहरू प्रकाशित भएका छन् । कतिपय निबन्धहरू अप्रकाशित

रूपमा पनि रहेको कुरा स्वीकार्य छ । देवकोटाले २०१६ सालसम्म मात्र निबन्ध लेखेकाले उनको निबन्धगत चरणलाई यही बिन्दुसम्म सीमित गर्न सकिन्छ ।

देवकोटाको समग्र निबन्धगत चरणलाई निम्नानुसार विभाजन गर्नु उपयुक्त देखिन्छ :

### (१) पहिलो चरण (१९९३-२००२)

पहिलो चरणमा देवकोटाको निबन्धलेखनको थालनी भई विभिन्न पत्रिकाहरूमा उनका निबन्धहरू छापिन थालेको पाइन्छ । यसै चरणमा उनले १९९८ सालमा पाश्चात्य साहित्यका प्रसिद्ध र मनपर्ने निबन्धकारहरूका तेह्रवटा निबन्धहरूको अनुवाद गरी **प्रसिद्ध प्रबन्ध सङ्ग्रह** प्रकाशित गरेका थिए । यसमा अनुवाद गरिएका निबन्धहरूको अध्ययन गर्दा यस चरणमा देवकोटा सहज स्वतःस्फूर्त र स्वच्छन्दतावाद अनुकूल प्रकृतिप्रेमपरक मानवतावादी निबन्धप्रति बढी आकृष्ट भएका देखिन्छन् । त्यस्तै २००२ सालमा देवकोटाको आफ्नै भूमिका र सम्पादनमा प्रकाशित **लक्ष्मी निबन्धसङ्ग्रह** भित्रका निबन्धहरू १९९३ देखि २००२ सालसम्म लेखिएको हो । देवकोटाको निबन्ध यात्राको प्रथम चरणमा प्रकाशित प्रमुख निबन्धहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. १**

**देवकोटाको निबन्धयात्राको पहिलो चरणका निबन्धहरू**

| क्र.स. | निबन्ध शीर्षक | प्रकाशन वर्ष | प्रकाशित स्रोत |
|---|---|---|---|
| १ | आषाढको पन्ध्र | १९९३ | शारदा, वर्ष २ अङ्क ९ |
| २ | फूल | १९९५ | शारदा, वर्ष ४ अङ्क ८ |
| ३ | निद्रा | १९९५ | शारदा, वर्ष ४ अङ्क ९ |
| ४ | भलाद्मी | १९९५ | शारदा, वर्ष ४ अङ्क १० |
| ५ | पूर्व र पश्चिम | १९९५ | शारदा वर्ष ४ अङ्क ११ |
| ६ | बेलामा | २००० | शारदा, वर्ष ९ अङ्क ८ |
| ७ | मातृभाषाका लागि | २००१ | शारदा, वर्ष १० अङ्क १-२ |
| ८ | फर्सीको झोल | २००१ | शारदा, वर्ष १० अङ्क ९-१० |
| ९ | श्री गणेशाय नमः | २००२ | लक्ष्मी निबन्धसङ्ग्रह |
| १० | पहाडी जीवन | " | " |
| ११ | मेरी शिशु | " | " |
| १२ | सुकुलमाथि | " | " |
| १३ | लेख्ने बानी | " | " |
| १४ | पाँचौटा चाहिने कुराहरू | " | " |

| | | | |
|---|---|---|---|
| १५ | सरिताको कलकलमा | ” | ” |
| १६ | मान्छे जादू | ” | ” |
| १७ | हाइहाई अङ्ग्रेजी | ” | ” |
| १८ | के नेपाल सानो छ ? | ” | ” |
| १९ | वीरहरू | ” | ” |
| २० | कला र जीवन | ” | ” |
| २१ | गधा बुद्धिमान् कि गुरु? | ” | ” |
| २२ | हास्यरस | ” | ” |
| २३ | कविराजको च्याङ्ग्रे खच्चर | ” | ” |
| २४ | छन्द र लय | ” | ” |
| २५ | कल्पना | ” | ” |
| २६ | कुम्भकर्ण | ” | ” |
| २७ | साधुको माहात्म्य | ” | ” |
| २८ | मसलाको बोटले के हेर्छ ? | ” | ” |
| २९ | वैराग्य | ” | ” |
| ३० | आकार र अभिप्राय | ” | ” |
| ३१ | नेपाली गुण्डो | ” | ” |
| ३२ | पण्डित लेखनाथ पौड्यालको विषयमा | ” | ” |
| ३३ | सुस्तरी श्वास फेर | ” | ” |
| ३४ | आमाको दिल | ” | ” |
| ३५ | शिक्षा | ” | ” |
| ३६ | गौरी-शंकर यात्रा | ” | ” |
| ३७ | जूवा | ” | ” |
| ३८ | जुँघा | ” | ” |
| ३९ | एउटी चरीको चिरीबिरी | ” | ” |
| ४० | मान्छेलाई घडीबाट हानि | ” | ” |
| ४१ | सत्य सोझो हुन्छ | ” | ” |

तालिका नं. १ को आधारमा पूर्वार्द्ध चरणमा देवकोटाले जम्मा ४१ वटा निबन्धहरू लेखेको पाइन्छ । उनको प्रथम प्रकाशित मौलिक  निबन्धसङ्ग्रह ‘लक्ष्मी निबन्धसङ्ग्रह’ (२००२) मा ३७

वटा निबन्धहरू सङ्गृहीत छन् । यसमा सङ्गृहीत निबन्धहरूमध्ये 'आषाढको पन्ध्र', 'फूल', 'भलाद्मी', 'निद्रा', 'बेलामा', 'पूर्व र पश्चिम', 'मातृभाषाको लागि', 'फर्सीको झोल' आदि निबन्धहरू २००२ भन्दा पहिले नै शारदा पत्रिकाको विभिन्न वर्ष र अङ्कमा प्रकाशित भइसकेको पाइन्छ । "यस सङ्ग्रहका तिनवटा निबन्धहरू देवकोटा भाषानुवाद परिषद्मा जागिर खानु पूर्व प्रकाशित भइसकेका थिए भने ३४ वटा निबन्धहरूमध्ये धेरैजसो भाषानुवाद परिषद्मा जागिर खाएकै समयमा लेखिएका हुन्" (बन्धु, २०५८ : ४७) । "यसै चरणमा पाश्चात्य साहित्यका तेह्र जना लेखकका निबन्धहरूको अनुवाद गरेर देवकोटाले अङ्ग्रेजी साहित्यका आत्मपरक निबन्धलाई नेपाली भाषामा ल्याउने कार्य गरेका छन्" (काफ्ले, २०६९ :४८) । पाश्चात्य साहित्यको निबन्धको अनुवादको क्रममा नै उनी प्रकृति प्रेम र प्रकृति चित्रणप्रति पनि आकृष्ट भएका छन् ।

देवकोटाले पहिलो चरणमा आत्मपरक तथा निजात्मक प्रकारका निबन्धहरू लेखेका छन् । 'आषाढको पन्ध्र' निबन्धमा नै उनले नेपाली प्रकृतिप्रति प्रेमभाव प्रकट गरेका छन् । "यस निबन्धले देवकोटाको प्रकृतिप्रेम र अतीतप्रतिको मोहको वैयक्तिक रुचिलाई प्रकट गरेको छ" (काफ्ले, २०६९ : ४८) । यस निबन्धमा उनले ग्रामीण जनताको सरल र प्राकृतिक जीवनप्रति मोह प्रकट गरेका छन् । आषाढ महिनामा ग्रामीण भेगमा हुने रोपाइँको सुन्दर चित्रण पनि यस निबन्धमा गरेका छन् । "स्वतन्त्ररूपमा प्रकृतिको नजिक पुगेर मन बहलाउन मनपराउने देवकोटाको प्रकृतिप्रेमी स्वच्छन्ददतावादी स्वभाव यस निबन्धमा पाइन्छ" (काफ्ले, २०६९ : ४८) । "उनले यस निबन्धमा प्रकृति, जीवन र जगत्का विभिन्न पक्षको अध्ययन र पर्यवेक्षण गर्न खोजेका छन्" (त्रिपाठी, २०५२ : २९१) । आषाढको पन्ध्र निबन्धमा नै उनमा प्रकृतिप्रेमी निबन्धकारको गुण देखिन पुगेको छ ।

देवकोटा भाषानुवाद परिषद्मा जागिरेको रूपमा नियुक्त हुनुपूर्व लेखिएका 'फूल', 'निद्रा', 'भलाद्मी', 'पूर्व र पश्चिम' निबन्धहरूमा पनि प्रकृतिप्रेम प्रकट भएको छ । उनी फूल तथा फूलका रूप र गुणप्रति कतिसम्म भावुक बन्न सक्छन् र उनी प्रकृतिलाई वनस्पति र फूलको रूपमा कत्तिको प्रेम प्रकट गर्दा रहेछन् भन्ने कुराको प्रमाण फूल निबन्धले दिएको छ । फूललाई आफ्नै जीवन र व्यक्तित्वमा आरोपित गरी त्यसको विविध कोणबाट आत्माभिव्यक्ति प्रकट गरेका छन् । फूललाई प्रतीक बनाएर प्रकृतिप्रेम र स्वच्छन्दतावादी भाव प्रकट गर्नु यस निबन्धको वैशिष्ट्य हो ।

'निद्रा' निबन्धमा निबन्धकार देवकोटाले प्राणीमा प्राकृतिक रूपमा हुने निद्राप्रतिको मोह व्यक्त गरेका छन् । यस संसारको दुःख कष्टबाट मुक्ति पाई आनन्द प्राप्त गर्ने माध्यमको रूपमा निद्रालाई लिएका छन् । सबै प्राणीलाई प्रकृतिले निद्रा प्रदान गरेको छ र यदि निद्राबाट बिमुख भइयो भने समयको दासत्वको पीडाबाट बन्धित हुनुपर्ने धारणा यस निबन्धमा व्यक्त भएको छ ।

'भलाद्मी' निबन्धमा पनि उनले भलाद्मी व्यक्तिको सबैभन्दा ठूलो गुण नै प्रकृति अनुकूल व्यवहार हो भन्ने विचार प्रकट गरेका छन् । त्यस्तै 'पूर्व र पश्चिम' निबन्धमा मानिस जता लगे पनि प्रकृतिकै सहाराबाट बाँच्नुपर्छ भन्ने भावना अभिव्यक्त गरेका छन् । बेलामा निबन्धले देवकोटाको सङ्गीतप्रतिको रूचि र मानवतावादी स्वभावलाई प्रस्तुत गरेको छ ।

'मेरी शिशु' देवकोटाले बालबालिकाप्रति विशेष प्रेमभाव प्रकट गरेका छन् । मानव प्रकृतिको अभिव्यक्तिको निम्ति यो निबन्ध महत्त्वपूर्ण छ । यसमा उनले मानवप्रेम तथा वनस्पतिप्रेम प्रकट गरेका छन् ।

'लेख्ने बानी' निबन्धमा पनि प्राकृतिक सत्यताप्रति आकृष्टता अभिव्यक्त गरेका छन् । 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष', 'पाँचौटा चाहिने कुराहरू' निबन्धमा पनि प्रकृति चित्रण गरेका छन् । 'सरिताको कलकलमा' निबन्धमा नदीप्रति र प्रकृतिको सुन्दर शान्त रूपप्रति प्रेमभाव प्रकट गरेका छन् । उनले आफ्नो कला सिर्जनाको प्रेरक चीज नदी भएको भाव पनि यस निबन्धमा उल्लेख गरेका छन् । 'मान्छे जादू' प्रकृतिको विविध पक्षप्रति प्रेमभाव प्रकट भएको निबन्ध हो । 'के नेपाल सानो छ ?' नेपाली प्रकृतिप्रेमको र राष्ट्रियताको दृष्टिले नमूना निबन्ध नै हो । त्यस्तै 'वीरहरू', 'भलाद्मी', 'कला र जीवन' आदि निबन्ध पनि प्रकृतिप्रेमका दृष्टिले महत्त्वपूर्ण छन् ।

पूर्वार्द्ध चरणमा देवकोटाले मौलिक र अनूदित दुबै प्रकारका निबन्धहरू लेखेका छन् । "निबन्ध यात्राको पूर्वार्द्ध चरणमा मौलिक र अनूदित निबन्ध लेखनका दुईथरी अभ्यास मार्फत् देवकोटा नेपाली साहित्यमा निबन्ध विधालाई स्थापित गर्न प्रयत्नशील रहेको देखिन्छ" (काफ्ले, २०६९ : ५०) । "प्रवृत्तिमूलक कलालाई हेर्ने हो भने पनि कवितामाझैँ पूर्वार्द्धका निबन्धमा विलियम ब्लेखको रहस्यवाद, वर्डस्वर्थको प्रकृतिप्रधान मानवतावाद र किट्सको इन्द्रियसंवेद्य प्रकृतिको सस्मरण प्रशस्त पाइन्छ" (सुवेदी, २०६५ : ६), बौद्धिकताको रमरम भने यस चरणमा कम नै पाइन्छ । "हृदयनिःसृत भावनदीको अनियन्त्रित उच्छलन र मन्दाकिनीको पवित्रता नै यस चरणका निबन्धमा पर्याप्त प्रस्फुटन भएको छ । सचेत मनले नियन्त्रणमा राख्न नसकेको सहज भावावेग देवकोटाका यस चरणका कवितामा मात्र होइन निबन्धमा पनि छचल्किएको छ" (त्रिपाठी, २०३१ : ४३) । वाइरनको प्रकृतिगत रौद्रता र शैलीको विद्रोहपूर्ण मानवतावादी भावावेग कवितामाझैँ देवकोटाका निबन्धमा पनि व्यक्त भएको छ । कला, साहित्य, ज्ञान, विज्ञान, पारस्परिक औपचारिक मान्यता र मूल्यहरूलाई आत्मपरक शैलीमा प्रकट गरिएको छ । जीवनका अनन्त विसङ्गतिको कटु टिप्पणी, समाजमा विकृतिको कटु आलोचना गर्ने प्रयास भने उत्तरार्द्ध समयमा बढी भएको छ । ''आधुनिक निबन्ध लेखनको सुरुमा नै देवकोटाले स्वच्छन्दतावादी धाराका निजात्मक निबन्धहरू लेखी नेपाली भाषामा उत्कृष्ट निबन्धकलाको प्रारम्भ गरेका

हुन्'' (त्रिपाठी, २०५२ : २९०) । पूर्वार्द्ध चरणमा नै देवकोटा प्रकृतिपरक निबन्ध लेखनमा प्रवृत्त भएका देखिन्छन् । ''पश्चिमी स्वच्छन्दतावादी धारा र पूर्वीय आर्यसभ्यताको प्रकृतिमुखी आवगाहन गरी यस चरणका निबन्ध लेख्नु उनको प्रमुख वैशिष्ट्य हो'' (बस्याल, २०५३ : २६) । देवकोटाका प्रथम चरणका निबन्धमा साहित्यिक दर्शन, प्रकृतिप्रेम र मानवतावाद स्पष्ट रूपमा अभिव्यक्त भएको पाइन्छ ।

## २. दोस्रो चरण (२००३-२०१६)

निबन्धकार देवकोटाको निबन्धयात्राको क्रममा २००३ देखि २०१६ साल सम्मको अवधिलाई दोस्रो चरणको रूपमा लिन सकिन्छ । यस चरणमा देशमा भएको सामाजिक जागरण र राजनीतिक परिवर्तनमा देखिएका विविध परिस्थितिको चित्रण आत्मपरक र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । ''पहिलो चरण हृदयबाट निस्केका भावहरूको स्वतःस्फूर्त अनियन्त्रित रूपका अभिव्यक्ति दिन्छन् भने २००२ सालपछि प्रवल वेग र युगचेतनाको समन्वय गर्न पुग्दछन्" (सुवेदी, २०६५ : ३९) । उनको निबन्ध लेखनको यात्रा निरन्तर रूपमा अघि नबढी बीचबीचमा रोकिन समेत पुगेको, 'लक्ष्मी निबन्धसङ्ग्रह' र त्यसपछिका निबन्धहरूमा पाइने प्रवृत्तिमा खासै भिन्नता नपाइने भएकाले चरण विभाजन गर्न कठिन देखिन्छ'' (सुवेदी, २०६५ : ३९) । यदि सूक्ष्म रूपमा विश्लेषण गर्ने हो भने पहिलो चरण हिन्दूवादी चिन्तनमा बढी झुकेको पाइन्छ र पछिल्लो चरण क्रमशः अनिश्वरवादी एवम् राजनीतिक विकृतिप्रति व्यङ्ग्यप्रहारक भएका देखिन्छ । जीवनका अनन्त विसङ्गतिको कटु टिप्पणी, समाजमा विकृतिको कटु आलोचना गर्ने प्रयास उत्तरार्द्ध चरणमा भएको देखिन्छ । कविता क्षेत्रमा 'इन्द्रेणी' कालमा आएर चिन्तन र भावावेगमा सन्तुलित भएझैं निबन्धमा 'साहित्मा शिवत्व', 'दाडिमको रूखनेर' जस्ता निबन्धले भाव शिल्प र चिन्तनको सन्तुलित निर्वाह भएको देखिन्छ । एउटा परिपक्व निबन्धकारको आत्मस्वीकृति र अहम् गर्जेको कुरा समेत 'धुम्रपानको क्षमाप्रार्थना' 'मांसाहारीको तरङ्ग' निबन्धले प्रमाणित गर्छ ।

**लक्ष्मी निबन्धसङ्ग्रह** को प्रकाशनपछि देवकोटाको निबन्ध यात्राले केही आरोह र अवरोह पार गरेको छ । "**लक्ष्मी निबन्धसङ्ग्रह**को प्रकाशनपछि निबन्धकार देवकोटाका निबन्धहरूको प्रकाशनमा केही शिथिलता आएको देखिन्छ" (सुवेदी, २०६५ : ४०) । २००४ देखि २००६ सालसम्मको प्रवाशकालमा उनले लेखेका निबन्धहरू युगवाणी पत्रिकामा प्रकाशित भएको पाइन्छ तर यस समयमा उनी निबन्ध लेखनभन्दा पनि कविता लेखनमा बढी सक्रिय भएका छन् । उनका निबन्धहरू **साहित्यस्रोत, उद्योग, जनमित्र प्रगति, नेपाली भाषा, भोर, झङ्कार, रूपरेखा** आदिजस्ता पत्र पत्रिकाहरूमा प्रकाशित भएका छन् । दोस्रो चरणका अधिकांश निबन्धहरू **दाडिमको रूखनेर"** (२०३९) निबन्धसङ्ग्रहमा सङ्गृहीत छन् । यस सङ्ग्रहमा राजेन्द्र सुवेदीले प्रकाशन स्रोत र वर्ष समेत दिई अठारवटा निबन्धहरू सम्पादन छन् । त्यस्तै शिव रेग्मीको सम्पादकत्वमा प्रकाशित

**महाकवि देवकोटाका निबन्ध** (२०६६) मा पन्ध्रवटा निबन्धहरू सङ्गृहीत गरेका छन् जुन पहिलेका निबन्धसङ्गहमा प्रकाशित भएका थिएनन् ।

देवकोटाका उत्तरार्द्ध चरणका प्रमुख निबन्धहरू यस प्रकार छन :

**तालिका नं. २**

**देवकोटाको निबन्ध यात्राको दोस्रो चरणका निबन्धहरू**

| क्र.स. | निबन्धको शीर्षक | प्रकाशन | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | हामीलाई कवितामा के चाहिन्छ ? | २००३ | शारदा, वर्ष १२ अङ्क १० |
| २ | कट्टरता | २००४ | साहित्यस्रोत, वर्ष १ अङ्क २ |
| ३ | कला | २००४ | युगवाणी, वर्ष १ अङ्क ६ |
| ४ | दार्जिलिङ, खरसाङ, कालिङ्पोङ | २००४ | युगवाणी, वर्ष १ अङ्क २९ |
| ५ | नरनारी | २००४ | शारदा, वर्ष १६ अङ्क १-४ |
| ६ | काम र माम | २००७ | जनमित्र वर्ष १ अङ्क १ |
| ७ | शिक्षा | २००८ | नेपाली शिक्षा |
| ८ | विद्यार्थी जीवन | २००९ | सम्झना  निबन्धसङ्ग्रह |
| ९ | भ्रमणको महत्त्व | २०१० | प्रगति वर्ष १ अङ्क २ |
| १० | साहित्यमा शिवत्व | २०१० | प्रगति वर्ष १२ अङ्क १० |
| ११ | नेपाली भाषा | २०१० | नेपाली भाषा |
| १२ | श्रीपञ्चमीको दिन २०१० | २०१० | नेपाली भाषा |
| १३ | दान | ई. १९९५ | नेपाली पाठ सङ्ग्रह |
| १४ | मांशाहारी तरङ्ग | २०११ | भोर, वर्ष १ अङ्क ३ |
| १५ | धूम्रपानको क्षमा-प्रार्थाना | २०११ | भोर वर्ष २ अङ्क ३ |
| १६ | पुस्तकालय | २०१२ | नवनिर्माण, वर्ष १ अङ्क २ |
| १७ | अङ्ग्रेजी साहित्यमा कवि किट्स | २०१६ | झङ्कार वर्ष १ अङ्क १ |
| १८ | कवि हुने धूनमा | २०१७ | रूपरेखा, वर्ष १ अङ्क ५ |
| १९ | दाडिमको रूखनेर | २०१९ | रूपरेखा, वर्ष ३ अङ्क १ |
| २० | म सुवासिनीमान्छे भए के गर्ने थिएँ ! | २०३९ | **दाडिमको रूखनेर** नि.सं. |
| २१ | शिशुभक्षकका  लागि क्षमा-प्रार्थना | २०३९ | **दाडिमको रूखनेर** नि.सं. |
| २२ | साँढे | २०३९ | **दाडिमको रूखनेर** नि.सं. |
| २३ | मेरो पाल्पा तान्सेनतर्फको यात्रा | २०३९ | **दाडिमको रूखनेर** नि.सं. |

तालिका नं. २ मा उल्लिखित केही निबन्धहरू भने कुनै पनि सङ्ग्रहमा सङ्गृहीत छैन । "देवकोटाका युगवाणी पत्रिकामा प्रकाशित 'कला' शारदामा प्रकाशित 'पूर्व र  पश्चिम' र भोरमा प्रकाशित मांशाहारीको तरङ्ग समेतका तिनवटा निबन्धहरू **लक्ष्मी निबन्धसङ्ग्रह**, **दाडिमको रूखनेर** र **महाकवि देवकोटाका निबन्ध** कुनैमा पनि सङ्कलित छैनन्" (काफ्ले, २०६९ : ५३) । कतिपय निबन्धहरू अझै अप्रकाशित नै छन् भन्ने जानकारी पाइन्छ ।

'निद्रा' निबन्धमा देवकोटाले पूर्ण स्वतन्त्रता निद्रामा पाइन्छ भने भाव प्रकट गरेका छन् । यस निबन्धमा उनले मानिसको स्वाभाविक अवस्थामा रहने प्रकृति निद्राले प्रदान गर्छ र स्वर्गीय आनन्द निद्रामा पाइने कुरा उल्लेख गरेका छन् । मानव र प्रकृतिको तादात्म्य सम्बन्ध पनि यस

निबन्धमा व्यक्त छ । 'फर्सीको झोल' शीर्षकको निबन्धमा उनले व्यङ्ग्यात्मक रूपमा फर्सीको चित्रण गरेका छन् र कतै नेपाली प्रकृतिको चर्चा पनि गरेका छन् । 'मातृभाषाका लागि' निबन्धमा आफ्नो मातृभाषा नेपालीलाई माया गर्नुपर्ने सन्देश दिएका छन् । 'कट्टरता', 'कला' जस्ता निबन्धहरू पनि समाज र कलापक्षको चिन्तनतर्फ केन्द्रित छन् । 'नरनारी' निबन्धमा मानवीय प्रकृतिको चित्रण गरिएको छ । विपरीत लिङ्गी व्यक्तित्वको चर्चाका साथै प्रकृतिको स्वाभाविक गुणको चिन्तन पनि यस निबन्धमा गरेका छन् ।

'नेपाली भाषा' आफ्नो राष्ट्रिय भाषाप्रति प्रेमभाव प्रकट गरिएको निबन्ध हो । यसमा भाषाको प्रकृतीकरण पनि गरिएको छ । 'श्रीपञ्चमीको दिन २०१०' निबन्धमा समयले प्रकृतिमा ल्याएको परिवर्तनको चर्चा गरेका छन् । फूलप्रतिको प्रेम र वनस्पतिको प्रेमका दृष्टिले यो निबन्ध महत्त्वपूर्ण छ । 'दान' निबन्धमा उनले दानको महिमा व्यक्त गरेका छन् । 'भ्रमणको महत्व' निबन्धमा भ्रमणशील प्रवृत्तिको चर्चा र प्रकृतिको चित्रण गरेका छन् । 'साहित्यमा शिवत्व' कलाको बारेमा चिन्तन गरिएको निबन्ध हो । 'धुम्रपानको क्षमा प्रार्थाना' आफ्नै निजत्व व्यक्त भएको निबन्ध हो । 'कवि हुने धूनमा' निबन्धमा पनि निजत्वकै बाहुल्यता छ ।

प्रकृतिप्रेमका दृष्टिले 'दाडिमको रूखनेर' निबन्ध पनि महत्त्वपूर्ण छ । "यो देवकोटा स्वयम्लाई आद्योपान्त अध्ययन गर्ने निबन्ध हो । जीवनको प्रतीकात्मक मूल्य टिपेर **दाडिमको रूखनेर** मा देखाएको छ" (सुवेदी, २०३९ : १७) । यस निबन्धमा देवकोटाका निजात्मकता, दर्शन, चिन्तन, मानवतावाद र प्रकृतिप्रेम जस्ता पक्षहरू एकसाथ जोडिएर आएका छन् । 'म सुवासिनी मान्छे भए के गर्ने थिएँ ?' स्त्री गुणप्रति प्रेमभाव प्रकट भएको काल्पनिक निबन्ध हो । 'शिशु भक्षकका लागि क्षमा-प्रार्थाना' पनि मानवीय प्रेममा नै आधारित निबन्ध हो । 'साँढे' निबन्धमा पुरुषगुणप्रति आकृष्टता देखाइएको छ । यस सङ्ग्रहमा सङ्गृहीत अन्तिम निबन्ध 'मेरो पाल्पा तान्सेनतर्फको यात्रा' निबन्धमा पनि भ्रमणले ल्याउने मनोभाव, असर तथा प्रकृति र मानवबीच अर्न्तसम्बन्ध देखाइएको छ ।

निबन्धकार देवकोटाले २३ वर्षे निबन्धयात्रामा करिव चौसठ्ठीभन्दा बढी निबन्धहरू सिर्जना गरेको पाइन्छ । निबन्धमा निजात्मकता, दार्शनिकता, व्यङ्ग्यात्मकता, चिन्तनशीलता जस्ता विविध भाव प्रस्तुत गर्ने देवकोटाले प्रायः सबै जसो निबन्धमा प्रकृति चित्रण गरेका छन् । पूर्वार्द्ध चरणमा स्वच्छन्दतावादी भावका माध्यमबाट प्रकृतिप्रेममा रमाएका देवकोटाले उत्तरार्द्ध चरणमा भने सामाजिक, राजनीतिक, आर्थिक जस्ता विविध पक्षसँग सम्बन्धित भएर प्रकृतिको चित्रण गरेका छन् ।

### ३.४ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका विशिष्ट निबन्धकार हुन् । 'आषाढको पन्ध्र' (शारदा, १९९३) बाट निबन्धयात्रा सुरूआत गरेका देवकोटाले २०१६ सम्म करिव त्रिहत्तरवटा भन्दा बढी निबन्धहरू लेखेका छन् । उनको समग्र निबन्ध यात्रालाई प्रवृत्तिगत रूपमा दुई चरणमा विभाजन गर्न सकिन्छ । वि.सं. १९९३ देखि २००२ सम्म पहिलो चरण र २००३ देखि २०१६ समम दोस्रो चरणको रूपमा लिन उपयुक्त देखिन्छ । पहिलो चरणमा उनी स्वच्छन्द रूपमा प्रकृतिचित्रण र प्रकृति प्रेममा रमाएका छन् । दोस्रो चरणमा स्वच्छन्दतावादसँगै सामाजिक तथा राजनीतिक पक्षसँग सम्बन्धित भएका छन् । पहिलो चरणको तुलनामा दोस्रो चरणमा उनी बढी विद्रोही, मानवतावादी तथा स्वतन्त्रताप्रेमी बन्न पुगेका छन् साथै ती निबन्धहरूमा युगबोध र सामाजिक चेतनाका अभिव्यक्तितर्फ उन्मुख भएका छन् ।

# चौथो परिच्छेद

# देवकोटाका निबन्धहरूका प्रकृतिप्रेममूलक भावहरूको विश्लेषण

## ४.१ विषय परिचय

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूमा वनस्पति, मानवीय गुण, भूगोल, नदीनाला, वर्षा, बादल, कीटपतङ्ग, ब्रह्माण्डीय/खगोलीय पिण्डहरू, धरातल आदि जस्ता विविध प्राकृतिक पक्षहरूका चित्रण भएका छन् । उनका **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२० र **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूकै आधारमा प्रस्तुत शोधकार्यमा प्रकृतिप्रेमी भावहरूको खोज तथा विश्लेषण गरिएको छ ।

## ४.२ निबन्धमा प्रकृतिप्रेमका सन्दर्भको सेरोफेरो

निबन्ध धेरै दिनको सोचाइबाट झुल्किई केलाइएको सीमासम्म पुगेर अस्ताउने विषय नभएर हर्दिक सहजानुभूतिबाट उदय भई हार्दिकतामा प्रकट हुने तार्किक विषय हो । निबन्ध यस्तो विधा हो जसमा हरेक विषय अटाउन सक्छ । ''कहीँ आफू अलग्ग बनेर प्रकृतिको र जगजीवनको नाटकीय अध्ययन गर्ने दर्शकका रूपमा उपस्थित छु'' (ल.नि.सं.: भूमिका) । भन्ने जस्ता अभिव्यक्ति स्रष्टाहरूबाट नै व्यक्त भएको हुँदा निबन्धमा प्रकृतिप्रेम व्यापक रूपमा अव्यिक्त हुने तथ्यको प्रमाण पाइन्छ । ''निबन्धहरूमा प्रकृति, जीवन, समाज, परिवेश आदिका विसङ्गतिलाई कलात्मक ढङ्गले टिप्पणी गर्दै पाठकलाई आकर्षित गर्ने, विकृतिको आलोचना गर्ने कलामा देवकोटाले प्रयत्न गरेको देखिन्छ'' (सुवेदी, २०३९ : १६) । देवकोटाका धारणाहरू र मान्यताहरूबाट नेपाली जनजीवन र नेपाली प्रकृतिका सच्चा चित्रणको आधारमा नेपाली निबन्ध साहित्यको सैद्धान्तिक स्थापना भएको छ जो नेपाली मस्तिष्क र हृदयको सामञ्जस्य ल्याउँन सफल छ (चापागाई, २०२८ : ५) । 'देवकोटालाई प्रकृति ध्यानमा आउने बित्तिकै भावमग्नता हुन्थ्यो, निबन्धमा पनि मिल्ने बित्तिकै प्रकृतिलाई ल्याइहाल्ने एक किसिमको बानी नै उनमा बसे जस्तो देखिन्छ' (अधिकारी, २०२८ : २७) । उनको विस्तृत तीक्ष्ण दृष्टिले प्रकृतिका अङ्ग उपाङ्गको गहिरो अध्ययन गरेको देखिन्छ ।

यसरी प्रकृतिप्रेम र प्रकृतिचित्रणका प्रशस्त रूपहरू देवकोटाका निबन्धहरूमा अभिव्यक्त भएका छन् । त्यसैका आधारमा उनलाई प्रकृतिप्रेमी निबन्धकार भनिएको हो । 'देवकोटाको प्रकृतिबाट जन्मेको जगत् मिथ्या छैन, ठोस सत्य छ' (अधिकारी, २०२८ : २८) । वेदान्तीहरूको मतमा जगत्को सृष्टि तमोगुणप्रधान प्रकृतिबाट भएको पाइन्छ तर देवकोटाका प्रकृतिमा तमोगुणको प्राधान्य देखिँदैन ।

प्रकृतिले मानवको खरावी कहिल्यै गरेको छैन र गर्दैन भन्ने विश्वास देवकोटा निबन्धमा प्रकट भएको छ । स्वच्छन्दतावादी धाराका केन्द्रीय कवि तथा नेपाली साहित्यकै महाकवि देवकोटाको प्रभाव निबन्धमा पनि परेको पाइन्छ । 'उनका निबन्धहरूमा वनस्पतिजगत् मानवीय रूप तथा स्वभाव, ब्राह्माण्डीय अवयवहरू, भौगोलिक धरातल, जल, बादल, वर्षा नदी तथा दैवी रूपको प्रकृति आदि जस्ता विविध रूपप्रति प्रेमभाव प्रकट भएको पाइन्छ । उनको प्रकृति सत्य, शिवं र सुन्दर छ' (अधिकारी, (२०२८ : २८) । सूक्ष्म कीटपतङ्गदेखि विशाल खगोलीय पिण्डसम्म देवकोटाको प्रकृतिप्रेम भित्र समेटिन सकेकोले देवकोटाको प्रेकृतिप्रेमको परिधि र सेरोफेरो व्यापक रूपमा फैलिएको पाइन्छ ।

### ४.२.१ वनस्पतिप्रतिको प्रेम

धर्तीमा रहेका विविध प्राकृतिक वस्तुहरूमध्ये वनस्पति एक प्रमुख चीज हो । साहित्यमा वनस्पतिका विविध रूपहरूको प्रेमपरक चित्रण गरिएको हुन्छ । स्वच्छन्दतावादी साहित्यकारहरू त प्रकृतिको अनुपम उपहार मान्दै वनस्पतिको प्रेममा अनुरागी बनेका पाइन्छन् ।

प्रकृतिले वरदान स्वरूप प्रदान गरेका विभिन्न प्रकारका वनस्पतिजन्य वस्तुहरूप्रतिको सद्भाव तथा ती वस्तुहरूप्रति गरिने श्रद्धा र मायालाई वनस्पतिको प्रेम भनिन्छ । देवकोटाका 'पहाडी जीवन', 'मेरी शिशु', 'सरिताको कलकलमा', 'फूल', 'मसलाको बोटले के हेर्छ ?', 'गौरी-शंकर यात्रा', 'फर्सीको झोल', 'दाडिमको रूखनेर', भ्रमणको महत्त्व' आदि निबन्धहरू वनस्पतिप्रेमका दृष्टिकोणले महत्त्वपूर्ण छन् । यी निबन्धहरूमा उनले वनस्पतिका विभिन्न रूपप्रतिको चित्रण र प्रेमभाव प्रकट गरेका छन् । यस दृष्टिकोणले विश्लेषण गर्दा वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम, वनस्पतिको अनौठो गुणप्रतिको प्रेमको आधार लिन सकिन्छ ।

#### (क) वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम

प्रकृतिले विभिन्न प्रकारका वनस्पतिलाई जुनकिसिमको गुण र विशेषता प्रदान गरेको छ त्यही गुणहरूको यथार्थतमा रमाउँदै प्रेमभाव व्यक्त गर्नु नै वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम हो । उम्रनु, अनेक कष्ट सहेर वृद्धि विकास हुनु, फूल फुल्नु, फल लाग्नु, पात झर्नु, बूढो हुनु आदि जस्ता गुणहरू वनस्पतिको स्वाभाविक गुण हुन् । देवकोटाका 'फूल', 'आषाढको पन्ध्र', 'दाडिमको रूखनेर' आदि निबन्धहरूमा वनस्पतिको स्वाभाविक गुणको प्रेमभाव प्रकट भएको छ ।

लक्ष्मीप्रसाद देवकोटा वनस्पतिमा रम्ने हुने स्रष्टा थिए । त्यसर्थ उनी आफ्नो पहिलो क्रमको निबन्ध 'श्री गणेशाय नमः' मा लेख्छन् :

> "सच्चा पाठकले पहिले चाहन्छ-केही लेखकसँगको परिचय, यसकारण मलाई एउटा हरियो बाला हाल्दो चियाबारी नामको हावाको लहरमा सरसराउँदो खेतको फैलावट उपर

मसलाको बाङ्गो टिङ्गो अग्लो वृक्षनेर त्रिचन्द्र कलेजको पूर्वपट्टिको रातो झ्यालनेर अनेक लेखकहरूका बीचमा बसेको कल्पना गर्न सक्नुहुन्छ । .... नीलो पहाडी पर्खालले परिवेष्टित पूर्वपट्टिको दृश्य हेर्दै, बीचबीचमा घोप्टिदै लेख्दै गरिरहेको (ल.नि.स.,पृ. २) ।

उपर्युक्त उद्घृतांशले के देखाउँछ भने देवकोटा जब साहित्य साधनामा निमग्न हुन्थे तब उनलाई यस प्रकृतिमा भएका वनस्पतिको बीचमा रहेर सिर्जना गर्न मन लाग्थ्यो, उनी ती वनस्पतिहरूबाट प्रेरित र प्रभावित हुन्थे । जसरी एउटा हरियो बाला हाल्दो चियाबारीमा जाँदा मन प्रफुल्ल हुन्छ र त्यहाँको सिरसिर पवनले मनै लोभ्याउँछ, त्यसरी नै देवकोटा पनि त्रिचन्द्र कलेजमा अध्ययन गर्दा र त्यहाँ साहित्य सिर्जना गर्दा त्यस वरिपरिको बाङ्गो टिङ्गो अग्लो वृक्षबाट द्रवीभूत भएको र त्यसबाट नै कल्पनशील बनेको तथा हरिया पहाडीप्रति मोहित भएको स्वीकारोक्ति गरेका छन् । वनस्पतिमा हुने स्वाभाविक गुणले पनि देवकोटालाई अत्यन्त भावुक र मोहित पार्न सकेको कुरा यहाँ अभिव्यक्त छ ।

पहाडी क्षेत्र वनस्पतिले गर्दा अत्यन्त मनोहर र सुरम्य भएको हुन्छ । पहाडी भूगोलमा व्याप्त वनस्पतिको अध्ययन तथा प्रेममा रमाउन चाहने देवकोटाले 'पहाडी जीवन' निबन्धमा प्रकृतिप्रेम र वनस्पतिप्रेम यसरी प्रकट गरेका छन् :

> "मलाई यसपालिको यात्रा उस्तो केही मजाको लागेन । आफ्ना बयेवृद्ध मान्यजनहरू साथमा थिए र आफ्नो उमेरका मिल्दा ठिटाहरू कम थिए । न उनीहरूमा प्राकृतिक अध्ययनलाई चाख थियो, न उनीहरूमा औपन्यासिकता नै थियो, न कुनै वनस्पतिज्ञ थिए" (ल.नि.सं.,पृ. १०) ।

ग्रामीण भेगमा पाइने प्राकृतिक दृश्यप्रतिको प्रेमभाव तथा वनस्पतिप्रतिको मोहलाई यसरी टिप्पणी गरेका छन् :

> "... पिँढीदार झोपडीहरू तल्लो छानामा पाकेका फर्सीहरू पहेँलिएर टम्म रहेका, काँढादार बारहरूले बारिएका, भिराला खेतहरू र साना साना बगैँचा जस्ता बारीहरू बनाएका, जहाँ केराका बोटहरू, सुन्तला, भोगटेहरू देखिन्छन् र एक दुई ठाउँमा लिचीका बोटहरू पाइन्छन्" (ल.नि.सं.,पृ. १२) ।

माथिको उद्गारबाट देवकोटा जब झिल्टुङ भन्ने ठाउँमा गएका थिए, त्यहाँ देखेका वनस्पतिको स्वाभाविक गुणबाट पनि अत्यन्त मोहित थिए त्यसर्थ उनले वनस्पतिप्रति यस किसिमको मोह प्रकट गरेको देखिन्छ ।

वनस्पतिका समूहमा पर्ने महत्त्वपूर्ण वृक्ष वर र पिपलको चौतारो बनाउने परम्पराको चित्रण यसरी गरेका छन् : "एउटा चौतारो छ । ठूलो वरको हाँगादार बोटलाई इँटले बारेर बाटुलो पिँढी उठाएको छ र त्यसको छहारीमा ती पहाडीहरू बस्छन्" (ल.नि.सं.,पृ. १३) ।

'सुकुलमाथि' शीर्षको निबन्धमा पनि देवकोटाले वनस्पतिप्रति प्रेम भाव प्रकट गरेका छन् । "सुकुल नेपाली संस्कृति र प्रकृतिको प्रतीक हो । सुकुललाई अवलम्बन गर्नु अस्तित्त्व वृद्धिको निम्ति सक्रिय एवम् सचेत रहनु हो भन्ने तात्पर्य देखाउन खोजिएको छ" (चापागाई, २०२८ : ६) । उनले आफूलाई वर्तमानको आधुनिक सभ्यताबाट उकुसमुकुस भएको ठान्दै वनस्पति र प्रकृतिको काखमा रमाउन चाहेको कुरा यसरी प्रकट गरेका छन् : "मलाई एकदिन टेबिल र मेचको चिच्याटले बगैँचामा गएर एउटा सुकुल ओछ्याएर बस्न मन लाग्यो" (ल.नि.सं.,पृ. १७) ।

यहाँ टेबिल र मेच आधुनिक सभ्यता र भौतिक सुविधाका प्रतीक हुन् । प्रकृतिप्रेमी स्रष्टा देवकोटा यस्ता बनावटी भौतिक सुविधाभन्दा बरू प्राकृतिक वनस्पतिले भरिएको बगैँचामा बस्न रुचाउँछन् ।

प्रकृति र प्राकृतिक जीवनप्रति मोह प्रस्तुत गर्दै उनी लेख्छन् : "कोठाभन्दा बगैंचा मनुष्य प्रकृतिको नजिक भए जस्तो हुन्छ र हरियो रङ्गको समीपमा उनलाई बीसौँ शताब्दी छाडेर चटाईको भर्खर आविष्कार भइरहेको युगको दार्शनिक बनेर जाईको बोटनेर घेरिरहेझैं लाग्दछ" (ल.नि.सं.,पृ. १७) ।

यस प्रकार सुकुलमाथि निबन्धमा पनि वनस्पतिप्रति प्रेमभाव प्रकट गरिएको छ । उनले यस निबन्धमा आधुनिक सभ्यताका अप्राकृतिक जीवनभन्दा प्राचीन सभ्यताको वानस्पत्य प्राकृतिक जीवनको वकालत गरेका छन् ।

'पाँचौटा चाहिने कुराहरू' शीर्षकको निबन्धमा देवकोटाले लेखेका छन् : "रूखहरूलाई बीउभित्र हालिदिएको छ, बीउहरूलाई रूखभित्र दानामा विश्व छ र विश्वमा दाना छ । यो मिलाप, यो तराजु, यो रौंप्रमाण तौल, यी चक्रहरू यी उचित कालीनताका क्रमहरू सबै भन्छन्-दिव्य चैतन्य भन्ने कल्पना होइन, तर संसारको सत्य हो" (ल.नि.सं.,पृ. २७) ।

माथिको अभिव्यक्तिमा देवकोटाले वनस्पतिको अस्तित्वको केन्द्र बीउ, रूख र बोटको अर्न्तसम्बन्धलाई दिव्यता वा दैवी चैतन्य र सत्यतासँग समीकरण गरेका छन् । बीउ र रूखको मेल कुनै कल्पना नभई सच्चा प्राकृतिक मेल भएको उल्लेख गरेका छन् ।

'फूल' शीर्षकको निबन्धमा पनि देवकोटाले वनस्पतिको स्वाभाविक गुणप्रति प्रेमभाव प्रकट गरेका छन् । वनस्पतिको स्वाभाविक गुण फूल फुल्नु पनि हो । यस्तो नियमित प्रक्रियामा पनि देवकोटा अत्यन्त भावुक हुँदै फूलप्रतिको प्रेम यसरी व्यक्त गर्दछन् :

> "फूलमा सौन्दर्यसँग सजीवता मिलेको छ । घरको, पहाडको, आकाशको, पृथ्वीको सुन्दरतामा ज्यान नभएको जस्तो लाग्छ, तर पृथ्वीलाई रङगीचङ्गी चाल दिने फूलहरू हुन्" (ल.नि.सं.,पृ. ६६) । "चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यही छ फूलको मोहनी आहा !" (ल.नि.सं.,पृ. ६७) । "फूल देखेर मानिसको आफ्नो असुन्दर जीवन उपर शरण माग्दछ" (ल.नि.सं.पृ. ६७) ।

माथिका अभिव्यक्तिहरूबाट पनि के प्रष्ट हुन्छ भने फूललाई प्रकृतिको अनुपम उपहार मान्दै फूलमा पृथ्वीको सजीवता लुकेको र सौन्दर्य छिपेको कुरा प्रकट गरेका छन् । वनस्पतिमा फुल्ने फूलले यस्तो सौन्दर्य र मेहनी पोख्न सक्ने कुरा देवकोटाले व्यक्त गरेका छन् ।

वनस्पतिहरूमा फलेका फलहरू देख्दा, फुलेका फूलहरू देख्दा हामीलाई लाग्छ कि यी फुलहरू यत्तिकै सजिलै फूलका होलान तर देवकोटाले फुलको गहिराईमा पुगेर त्यसको वास्तविकता यसरी प्रकट गरेका छन् : "हामी फुलहरूलाई हेर्दा सजिलोसँग फुलेजस्तो मान्दछौँ तर यिनको विकासलाई प्रशस्त समय र प्रयास चाहिएको छ" (ल.नि.सं.पृ. ६७) ।

देवकोटाले फूलको प्रतीकको माध्यमबाट पनि समग्र वनस्पति र फूलप्रति प्रेमभाव प्रकट गरेको कुरा थाहा पाउन सकिन्छ ।

फूल (वनस्पतिको) स्वाभाविक गुणको चर्चा उनले यसरी पनि गरेका छन् : "यी फूलहरू पनि सबै प्राणी जस्तै सन्तान पैदा गर्दछन् । यिनमा पनि भाले र पोथीको नैसर्गिक भेदले विचित्र क्रिया पैदा गर्दछ । मानिसको जीवनमा प्रेमको जुन स्थान छ, यिनको समाजमा पनि सुगन्धको उही स्थान छ" (ल.नि.सं.,पृ. ६८) ।

प्रस्तुत उद्‌गारमा पनि देवकोटाले फूलको स्वाभाविक गुणको बारेमा प्रष्ट्याएका छन् । जसरी मानिस वा अन्य प्राणीको वंश निरन्तरता दिन सन्तान जन्मन्छ त्यसैगरी फूलको पनि जन्मने वा पैदा हुने, त्यस्तै भाले र पोथीको नैसर्गिक क्रिया हुने र प्रेमको साटासाट हुने जस्ता भाव व्यक्त गरेका छन् ।

'आषाढको पन्ध्र' निबन्धमा पनि उनले वनस्पतिको स्वाभाविक गुणप्रति प्रेमभाव प्रकट गरेका छन् : "किसानको आँगनमा झिसमिसे बिहान भई वनस्पतिको देवदूतले आवाज दिन्छ । किसानका बालबच्चाहरू साना हातका खुशिला थपडीले बिहानको स्वागत गर्दैछन्" (ल.नि.सं.,पृ. ७०) ।

माथिको पङ्क्तिमा नेपालको ग्रामीण भेगमा किसानहरूलाई बिहानीको समयमा कसरी वनस्पतिले देवदूत सरह जागृत गराउँछ भन्ने कुराको चर्चा गरेका छन् । यसमा उनले मानिस र वनस्पतिको अभेद्य सम्बन्धको स्पष्टोक्ति गरेका छन् ।

ग्रामीण भेगमा असार महिनामा खेतबारीमा काम गर्ने बेलामा खाजा खाँदा पनि वनस्पतिकै पात प्रयोग गर्ने कुरालाई देवकोटाले यसरी व्यक्त गरेका छन् : "जब खाजा खाने बेला भएको थियो, खेतका किनारामा प्रकृतिका हातबाट बान्किला भएर बनेका कमलका हरिया बाटुला थलियाहरू बिछाइए ...." (ल.नि.सं.,पृ. ७३) ।

पाश्चात्य साहित्यका एक विशिष्ट प्रतिभा जोन 'रस्किनले भनेको कुरालाई आफ्नो वनस्पतिप्रेमसँग एकीकरण गर्दै उनले यस्तो भाव व्यक्त गरेका छन् : "रस्किनका नजरमा मकैमा यस्तो मोहनी देखियो कि, उनी भन्छन् ईश्वर र संसार बुझ्नुपरे मकै उम्रिरहेको हेरे पुग्छ" (ल.नि.सं.,पृ. ७८) ।

एउटा मकैको स्वाभाविक गुणमा उनले दिव्यता देखेका छन् र त्यसको पुष्टिका निम्ति रस्किनको भनाईको सापटी लिएका छन् । यो पनि देवकोटाको निबन्धमा व्यक्त वनस्पतिको स्वाभाविक गुणप्रतिकै प्रेम हो ।

वृक्षमा बीजको लयदार गाना र फल देख्ने देवकोटाले वनस्पतिको स्वाभाविक गुणको प्रेमभाव यसरी व्यक्त गरेका छन् : "वृक्ष पनि बीजको लय विस्तार हो, र गाना नै फलिरहेछ, र गाना नै फुलिरहेछ । ती मिहिन ध्वनिहरू सुन्दैनौँ जो भण्डारी प्रस्फुटनीमा निक्लन्छन् । जरादार, नशादार सङ्गीत नै वनस्पति जीवन हो" (दा.रू.पृ. ४२) ।

प्रकृतिप्रेमकै सन्दर्भमा 'श्रीपञ्चमीको दिन २०१०' शीर्षकमा वनस्पतिको स्वाभाविक गुणको चर्चा यसरी गरेका छन् : ".....यो आलुवखडाको मुस्कानको मूहुर्त । यो प्रकृतिमा सुन्दरताको शासन समयको सुरू ....यस कुराको पहिलो सेतो आलुवखडाका सेता मोती फूलहरूले प्रकट गरिरहेछन् । प्रचुरता साथ रूख फूलको धरहरा बनिरहेछ बाङ्गाटिङ्गा लचकदार हाँगाहरू सम्पूर्ण सेताम्मे छन्" (दा.रू.पृ. ८०) ।

देवकोटा वनस्पतिप्रति अत्यन्तै श्रद्धा प्रकट गर्ने निबन्धकार हुन् । उनले जीवनको सञ्चार नै वनस्पतिबाट हुने र वनस्पति नै स्थावर प्राणी भएर सम्पूर्ण जगत्मा सजीवता ल्याउने कुरा यसरी प्रकट गरेका छन् :

> नयाँ जीनको सञ्चार तपाइँ वनस्पतिबाट आफ्ना नसामा फैलिरहेको अनुभाव गर्नुहुन्छ । तपाइँ मुक्तिका विकासक्रमहरू पैल्याउँदै जानुहुन्छ । पहिलो माटो किरणको स्पन्दनले सजीव हुन्छ, अनि विरुवाको रूपमा स्थावर प्राणी भएर एक स्तर उचालिन्छ तर उसलाई बोल्न मन लागेका भावनाहरू फूलका हजार खुल्दा ओठका कलिला किनारमा पुगेका वस्नाका रूपमा मात्र निस्कन खोज्दछन् (दा.रू.पृ. ८२) ।

वनस्पतिलाई सूर्तिका रूपमा प्रयोग गर्नेहरूप्रति निबन्धकार देवकोटाको दृष्टि उदार छ । उनी वनस्पतिलाई जीव मान्दै वनस्पतिको प्रयोग धूम्रपानको रूपमा गर्नेलाई यस्तो भाव प्रकट गर्दछन् :

> वानस्पत जीव जो सुर्ती हो त्यसको सुवर्ण वर्ग मासु आगोमा पोलेर धूँवा सुँघ्नु, पिउनु र त्यसमा रमाउनु एक किसिमको आधुनिककालीन कालीतन्त्र हो जसद्वारा ठूला चमत्कारहरू साहित्यिक जगत्ले देख्दै गर्नेछ । यदि तपाइँ भन्नुहुन्छ यो मांस प्रवृत्ति हो तपाइँलाई जीवनको क्षेत्रको लाटोकोसेरो भन्न हामीलाई कर लागिहाल्छ (दा.रू.पृ. ९९) ।

माथिको उद्‌गारमा साहित्यकारहरू पनि वनस्पतिजगत्को उपज धूम्रपान गरेर नयाँ-नयाँ बान्किला साहित्यिक कृतिहरू रच्न सक्षम हुन्छन् र त्यसमा एक किसिमको रमाइलो हुन्छ भन्ने कुरा उदार रूपमा प्रकट गरेका छन् । धूम्रपानलाई मांस प्रवृत्ति भन्नेप्रति उनले लाटोकोसेरोको संज्ञा दिन पनि बेर लगाएका छैनन् ।

वनस्पतिप्रतिको प्रेममा रमाउनुको कारण देवकोटाले यस प्रकार पनि आत्मास्वीकारोक्ति गरेका छन् : "मलाई वर्डस्वर्थको प्रभावले हो कि बराबर रूखनेर बसेर विचार गर्न मजा लाग्छ या म परखाल चढेर बस्दछु र घोरिन्छु, या त म रूखनेर उभिएर गौड गर्न थाल्छु" (दारू.पृ. ११०) ।

देवकोटाले निजात्मक भावमा आफ्नो बाल्यकालमा पनि वनस्पतिसँग सामिप्यता र प्रेम रहेको कुरा यसरी प्रकट गरेका छन :

> .... हामी बालककालमा खेल्ने गर्दथ्यौं । ती दुई बारीका बीचमा एक नर्कट घारी थियो, म सम्झन्छु । त्यस तल्लो बारीमा भोगटे, काइँयो, रिठ्ठा, पारिजात, नासपती, आलुवखडा, आरू, मयल, कनकचम्पा, कल्ली र खरीका अनेक बोट थिए । त्यहाँ चढ्नु, चाहार्नुमा हाम्रो फुर्सदी समय वित्थ्यो । त्यस उपवनलाई देख्दा म शैशवानन्दको कल्पना गर्दछु । ....त्यस कारण म डिल्ली बजारतिर जान्छु त्यहाँ अक्सर पस्ने गर्दछु' (दा.रू.पृ.१११) ।

माथिको उद्धृतांशमा के कुरा प्रष्ट छ भने देवकोटाको बाल्यकाल व्यतीत भएको स्थल पनि वनस्पतिले ढाकिएको थियो, उनी विभिन्न प्रकारका वनस्पतिसँग खेल्ने रमाउने तिनीहरूसँग प्रेम गाँस्ने गरेका थिए । त्यतिबेलाको त्यो सुन्दर, रमणीय जीवन उनी प्रौढावस्थामा पुग्दा पनि त्यसको कल्पनामा नै वा स्मृतिमा नै भएपनि रमाउन पुग्दछन् । उनले वनस्पतिको स्वाभाविक गुणप्रति प्रेमभाव प्रकट गरेको भावना यस्तो पनि छ :

> ....नसादार रातो घाउ लागेको जस्तो वासनाहीन फूल कति कोमलतासँग फुलेर झर्दथे । मान्छेहरू थैलो लिएर कोइरालाको फूल टिप्न रूख चढ्दथे । अब बूढो कोइरालो मऱ्यो । नजिकमा थियो बोहोरीको बोट । हरिया कोपिलाको गिर्खादार झुप्पाभरी माउरीको झुण्ड भुनभुनाउँथ्यो । चर्को तीतो गन्ध आउँथ्यो । त्यसका खस्रा पात आरूवखडाका बोक्राको तीतो, मुख रातो हुने पात हामीहरू खाने गर्दथ्यौं (दा.रू.पृ. ११२) ।

वनस्पति पनि अन्य जीव जस्तै हो । यसलाई पनि हुर्कन, बढ्न, फुल्न र फल्न मानिस र अन्य प्राणी जस्तै गाह्रो हुन्छ । त्यस्तै विभिन्न शत्रुको अक्रमणबाट बच्न पनि कठिन हुन्छ भन्ने कुरा उनले यसरी प्रकट गरेका छन :

> .... अनि बढ्यो हावा, पानी, घाम र खनिज रसहरूको सहायता लिएर मनुष्यको बडाइ, चराको बाल्यको उन्नतिका क्रियाबाट यसको बाल्य भिन्न थियो । हामीहरूका आमा हुनहुन्थ्यो हेर्न, विचार गर्न, दूध खुवाउन, चराहरूका माऊ, तर उनका निम्ति बालककालदेखि नै आमा बाबुको अनुपस्थितिले गर्दा आत्मसंरक्षण र संबर्द्धनका पक्षमा चौतर्फी होशियारी राख्नुपरेको थियो । भारतवर्षका आक्रमण यवन विदेशी लुटेराझैं यसको क्षेत्रमा कीरा, पुतली, चरा र पशुहरूको बराबर आक्रमण भएको हुँदो हो । यसले आफूलाई बचाउँदै, बढाउँदै लग्यो । यसरी धाईआमा प्रकृतिले पहिले नै यी आक्रमणको होश राखेर

त्यससँग द्वन्द्व गर्ने सामर्थ्य तथा सामग्रीले यसलाई सूक्ष्म रूपसँग सम्पन्न गराएकी थिइन्'' (दा.रू.पृ. ११४-११५) ।

मानवीय कुप्रवृत्ति र स्वभावप्रति आलोचना र वनस्पतिको स्वभावप्रति प्रेमभाव यसरी प्रकट गरेका छन् :

> ... मानिसभित्र ज्यादा स्थायी रसहरू र ज्यादा चमत्कारी गुणहरू भए पनि वृक्षकोभन्दा मानिसको देन आखिरमा खराब जस्तो लाग्दछ । यो बोट स्वरूप तपस्वीमा दुःख सुखको तरफ मीठो राजीनामाका साथ करप्रसाद, फलधारण, लोचनरञ्जन, छाँयाप्रदान आदि जो अनेक गुण छन् तथा मरिसकेपछि लकडीको सुक्खा स्वरूपमा जो घरेलु उपयोगिता पाइन्छ ती सब गुणमध्ये कति कम गुण म जस्तामा पाइएला । मैँले छहारी के दिएको छु ? कसलाई ? पैसाको प्रचुर पात नलागी दुनियाँमा कसैले कसैलाई बाक्लो छहारी दिन सक्दैन । ...वृक्षको साधारण मानवपोषण क्रियामा त्यो नैतिक या प्रयोगात्मक विष पाइँदैन मानिसका निम्ति जति काम गर्दछ त्यहाँ अहङ्कारको छाया परि हाल्दछ । अलिकति आत्म प्रर्दशनको क्रिया तथा कृत्रिमता । तर अनारको बोटको पैदावारीमा त्यो जहर छैन (दा.रू.पृ. ११६) ।

यसप्रकार निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले वनस्पतिको स्वाभाविक गुणहरूप्रति प्रेमभाव प्रकट गरेका छन् । उनले वनस्पतिको हुर्कने, बढ्ने, फल्ने, बूढो हुने तथा मर्ने आदि सम्पूर्ण स्वाभाविक प्रक्रियामा पनि ममताभाव प्रकट गरेका छन् । उनले मानवीय जीवनभन्दा पनि वानस्पतिको जीवन कष्टकर र सङ्घर्षपूर्ण छ भन्ने उल्लेख गरेका छन् । वनस्पतिको स्वाभाविक गुणबाट निस्केको सौन्दर्यप्रति पनि देवकोटाले प्रेमभाव प्रकट गरेका छन् । वनस्पति जगत् मानवभन्दा उत्तम र बढी सेवाप्रदायी वस्तुको रूपमा चित्रण गरी आफ्नो निजात्मक धारणा र भोगाइको अभिव्यक्ति सहित वनस्पति यस धर्तीको अनुपम सौन्दर्य र जीवनदायी शक्ति हो भन्ने भाव प्रकट गरेका छन् । माथिका यी तथ्यहरूबाट देवकोटा वनस्पतिको स्वाभाविक गुणप्रति प्रेम गर्ने निबन्धकार हुन् भन्ने प्रष्ट हुन्छ ।

### (ख) वनस्पतिको अनौठो गुणप्रतिको प्रेम

वनस्पतिमा साधारणतया हुनेभन्दा विशिष्ट, अद्‌भुत र फरक किसिमको गुणलाई वनस्पतिको अनौठो गुण भनिन्छ । उम्रनु, वृद्धि हुनु, फुल्नु, फल्नु, मर्नु आदि वनस्पतिका स्वाभाविक गुण हुन् । यिनै गुणहरू भित्र पनि कतिपय यस्ता गुणहरू पनि पाइन्छन् जुन साधारण व्यक्ति, दर्शक तथा भावकले अनुभव नगर्न पनि सक्छन् तर एउटा कल्पनाशील स्रष्टाका निम्ति यो महत्त्वपूर्ण कुरा बन्छ । महाकवि तथा विशिष्ट निबन्धकार देवकोटामा यस किसिमको प्रतिभा पाइन्छ ।

प्रस्तुत शीर्षकमा वनस्पतिको अनौठो गुणका आधारमा चित्रण गरी प्रकट गरिएको प्रेमभावको चर्चा र विश्लेषण गरिएको छ । वनस्पतिको अनौठो गुणप्रतिको प्रेम भाव मुख्यतया 'फूल', 'दाडिमको रूखनेर', 'पहाडी जीवन', 'मसलाको बोटले के हेर्छ ?', 'के नेपाल सानो छ ?' आदि निबन्धहरूमा व्यक्त भएका छन् ।

ग्रामीण भेगमा प्रयोग गरिने अन्नजन्य वनस्पतिलाई अनौठो गुण र रहस्यमय रूपमा यसरी चित्रण गरेका छन् : "कोदो अलि मीठो हुन्थ्यो, तीते फापरमा अर्कै स्वाद आउने थियो, ढिँडोबाट पनि अर्कै ताकत । सिस्नाको रस पनि टोल्हाएर पहाडपारिका दुनियाँका चमत्कारहरूको सपना देख्तथ्यो, प्रकृतिका किताब पढ्नु, मानिस चतुर बन्दथ्यो...." (ल.नि.सं.,पृ. ९) ।

प्रस्तुत उद्गारमा कोदो, तीते फापर आदि जस्ता वनस्पतिजन्य अन्नमा पनि अर्कै प्रकारको ताकत र स्वाद भएको उल्लेख गरेका छन् ।

रूख र बीउको प्रसङ्गलाई पनि अनौठो रूपमा लिँदै देवकोटाले यस्तो भावना प्रकट गरेका छन् : "रूखहरूलाई बीउभित्र हालिदिएको छ, बीउहरूलाई रूखभित्र, दानामा विश्व छ र विश्वमा दाना । यो मिलाप, यो तराजु, यो रौँप्रमाण तौल, यी चक्रहरू, यी उचित कालीनताका क्रमहरू सबै भन्दछन्-दिव्य चैतन्य भन्ने कल्पना होइन तर संसारको सत्य हो" (ल.नि.सं.,पृ. २७) ।

निबन्धकार देवकोटा भावुक र कल्पनाशील स्रष्टा भएकाले उनले एउटा वनस्पतिमा फल्ने फलभित्रै हुने बीउको अङ्कुरणलाई पनि एक अनौठो गुणको रूपमा चित्रण गरेका छन् । उनले दानामा विश्व अडेको र विश्वलाई नै एक दानाको रूपमा प्रस्तुत गरेका छन् । वसन्तऋतुमा चारैतिर देखिने प्राकृतिक सौन्दर्यलाई उनले मोहनीको रूपमा अनौठो तरिकाले चर्चा गरेका छन् । त्यति बेलाको फूल तथा फूलको बगैँचा देखेर उचालिने मनलाई उनले यसरी रहस्यमय रूपमा अभिव्यक्त गरेका छन् :

> वास्तवमा प्रकृतिको मोहनी मृदुल अधरबाट बोल्दछ । अनन्त सौन्दर्यका झिल्काहरू वसन्तको नवजागृतिमा वसुन्धराउपर छरिन्छन् । फुलेको बगैँचाले हामीलाई भित्र भित्रै उचाल्दछ । रहस्यको देशबाट आएका वैशाखका पाहुनाहरूले जीवनको निकेतनलाई रमाइलो गराउँछन् । यसकारण सबै कविहरू वसन्तका पूजारी बन्दछन् (ल.नि.सं.,पृ. ६५) ।

स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृतिप्रति रम्य भाव प्रकट गर्ने गर्दछन् । यिनीहरू प्रकृतिलाई वनस्पतिविज्ञानी हुँदै जड रूपमा नहेरी जीवितका रूपमा हेर्दै त्यसलाई पथप्रदर्शिका तथा ईश्वरीय सत्ताका रूपमा लिइन्छन् (शर्मा र लुइटेल, २०६७ : २८७) । चित्रको फूलमा सजीवता नदेख्ने देवकोटाले फूलको वास्तविक स्वरूपमा मोहनी देखेको कुरा यसरी व्यक्त गर्दछन् : चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यहीँ छ फूलको मोहनी आहा ! भँवराले गुलियो रस चुसिरहेछ । म अर्को अमृत पिइरहेछु, अर्कै विचित्र मादक रस (ल.नि.सं.,पृ. ६७) ।

देवकोटाले वनस्पतिलाई जड रूपमा नहेरी यसको अनौठो स्वभाव र दिव्य सत्ताको रूपमा समेत चित्रण गरेका छन् । माटोमा परेको एउटा दाना बीउ कसरी सुन्दर फूलमा परिणत हुन्छ ? भनि अचम्म मान्दै फूल तथा वनस्पतिलाई परिश्रमको श्रीपेच मानेको कुरा यसरी प्रकट गरेका छन् :

> ....माटोको रोकावट छिचोल्दै पृथ्वीको गर्भबाट पैदा भयो । तब हावामा सास फेर्दै, जल पिउँदै अब्बलमाटोको पोषक पदार्थको स्वाद लिँदै यो सानो अङ्कुरणले सूर्य र चन्द्रमनि हरियो रङ्ग लिएर उचाइ र फैलावट लिन थाल्यो । तब दिन-दिन बढ्दै फैलिँदै यसले यो रूप लियो, यस्ता पातहरू फैलायो, यी काँढाहरू जीवनका संरक्षक शस्त्र झैँ निकाल्यो । तब वसन्तलाई सुस्वागत गरेर एउटा झीनो डाँठको टुप्पामा सानो गिर्खा निकाल्यो, त्यसलाई बढायो, रङ्ग चढायो, फुकायो, उचाल्यो, फैलायो । हेर, यो मनोहर गुलाबको सौन्दर्य ! यो पनि परिश्रमको उज्यालो श्रीपेच हो (ल.नि.सं.,पृ. ६८) ।

छवटा ऋतुहरूलाई छवटा पाङ्ग्राको रूपमा लिई यसमा प्रकृतिले वनस्पतिको माध्यमबाट छोड्ने सौन्दर्यलाई रहस्यमय र अनौठो रूपमा  लिँदै यसरी प्रेमभाव प्रकट गरेका छन :

> छवटा डण्डी भएको पाङ्ग्राको एक-एक चक्करमा यिनीहरू एक-एक बाजि झल्केर जान्छन् । जाति स्थिर रहन्छ, व्यक्तिको बूँद-बूँद अविरल धारामा बराबर फुल्छ, फुट्छ, हराउँछ । यो फूल झर्दछ, तर फूल न वैलिन्छ, न मर्दछ । चन्द्रमाका कला झैँ प्रकृतिको स्थितिमा यो कुन चाहिँ कला हो ? संसारलाई रहस्यले छाइरहेछ । हामीलाई हेर्न र आश्चर्य मान्न दिइएको छ (ल.नि.स., पृ. ६८-६९) ।

हामीले साधारण रूपमा अनुभव गर्ने गरेका वनस्पतिको गुणप्रति असहमति जनाउँदै वनस्पतिमा हुने रङ्ग, रूप, रस, गन्ध आदिको अनौठो गुणको आधारमा यसरी प्रेमभाव व्यक्त गरेका छन् :

> फूलको यो रङ्ग र रूप, रस र गन्धको अनौठो खेलमा केही सार छैन ? हामी भन्दछौँ यो सब नजरको भ्रम हो तर यसो भन्नाले हाम्रो नजरको सानो पहुँच देखाउँछ । तिनमा पनि सत्य र सौन्दर्यको सूक्ष्म आभास छ । .......त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर वस्तुले द्वार खुला गरिरहेछ, मानिसको हृदय यिनद्वारा सुन्दरको विचित्र देशभित्र पस्तछ । पवित्र जीवनको सौन्दर्य फूलको नातादार हो (ल.नि.सं.,पृ. ६९) ।

वनस्पतिप्रति प्रेमभाव प्रकट गर्दै देवकोटा आफ्ना निबन्धमा पाश्चात्य साहित्यका विद्वान रस्किनको भनाइ समेत सापटी लिएर मकैको बोटको गुणलाई आश्चर्य प्रकट गर्दै यस्तो भाव व्यक्त गरेका छन् : “हामी अन्धो प्रकृतिमा निर्भर रहन सक्दैनौँ.... यसैले रस्किनले भनेथे एउटा मकै उम्रेको हेर ! त्यहीँ संसारका ज्ञान छन्” (ल.नि.सं.,पृ. १४३) ।

संसारको ज्ञान थाहा पाउने रहस्यको रूपमा वनस्पतिलाई लिने चाहना देवकोटामा पनि रहेको कुरा थाहा पाउन सकिन्छ । त्यसैले 'दाडिमको रूखनेर', 'मसलाको बोटले के हेर्छ ?', 'फूल' आदि निबन्धमा वनस्पतिको अनौठो गुणप्रति प्रेमभाव प्रकट गरेका छन् ।

वृक्षलाई ध्वनिसँग तुलना गर्दै उनी लेख्छन् : "वृक्ष पनि बीजको लय विस्तार हो, र गाना नै फलिरहेछ, र गाना नै फुलिरहेछ । ती मिहिन ध्वनिहरू सुन्दैनौं जो भण्डारी प्रस्फुटनीमा निक्लन्छन् । जरादार, नशादार सङ्गीत नै वनस्पति जीवन हो" (दा.रू.पृ. ४२) ।

फूललाई आश्चर्यको रूपमा चित्रण गर्दै उनले यस्तो भाव प्रकट गरेका छन् :

"फूल दुनियाँका आश्चर्य जस्ता चिज हुन् । तिनीहरू अविदितबाट आउँछन् र आउँदा असङ्ख्यतासँग जादूगरले रेशमका रङ्गी टुक्राले कोठा भरेझैं सुन्दरता भन्ने चीजको मानव अनुभव तिनबाट प्रारम्भ हुन्छ र विकास पाउँछ । तिनको कोमलता, सजीवता, समक र मिठास देख्दा हामी पृथ्वीको चमत्कारले जिल्ल परेर धेरैबेर टोल्हाउँछौं । सृष्टि देखिन सक्छ । बुझ्नु मानिसको बुद्धिभन्दा परको कुरा हो र कलाकार गजबको जस्तो लाग्छ" (दा.रू.पृ. ८२)।

माथिको उद्गारबाट देवकोटाले वनस्पति जगत्को प्रमुख वस्तु फूललाई एक असङ्ख्य जादूको रूपमा प्रस्तुत गरेका छन् । यिनीहरूलाई आश्चर्यबाट आउने तथा अविदितको रूपमा प्रकट हुने रहस्यमय वस्तुको रूपमा चित्रण गरेर यसको सुन्दरता र रहस्य बुझ्न सक्ने क्षमता मानिसको बुद्धिभन्दा परको कुरा हो भनि व्यङ्ग्य पनि गरेका छन् ।

वनस्पतिमा हुने अनौठो गुणप्रतिको प्रेमभाव उनले 'भ्रमणको महत्व' शीर्षकको निबन्धमा पनि अभिव्यक्त गरेका छन् । उनी लेख्छन् :

कोही-कोही विरुवा हुन्छन्, जो पशुहरूको जस्तो लक्षण देखाउने गर्छन् । एक बिरूवा हुन्छ जो आफ्ना पात हावामा फैलाएर कीराहरू पर्नासाथ तिनलाई सिकुड्छन् र तिनलाई त्यस खोरमा बद्ध गरेर यिनको रस पिउँदै त्यसबाट आत्मपोषण गर्ने काम गर्छन् । कुनै बिरूवाहरू एकदम कीरा जस्ता देखिन्छन् । ....अगाडि लम्बिन खोज्ने, बढ्न खोज्ने हुन्छन् । ....वनस्पति जनावरतर्फ विकास हुने जीवक्रियाको आरम्भदेखि शुरू भएको एक बडो चाखलाग्दो क्रिया हो (दा.रू.पृ. ८७) ।

'दाडिमको रूखनेर' शीर्षकको निबन्धमा पनि देवकोटाले वनस्पतिप्रति र वनस्पतिको अनौठो गुणप्रति प्रेमभाव प्रकट गरेका छन् । "प्रकृतिलाई नै सृजनाको स्रोत मान्ने निबन्धकार देवकोटा" (काफ्ले, २०६९ : ६६) ले दाडिमको रूखलाई समेत विशिष्ट स्वभावको भनेर यसरी चित्रण गरेका छन् : "प्रकृतिमा यो दाडिमको रूख एक विचित्र रहस्य झैं खडा छ । यसलाई म त्यत्तिकै बुझ्न सक्तिन, जत्तिको एज्रापाउण्ड कविको वृक्षमा कवितालाई । यो गुन्न र ध्यान गरिनको सूक्ष्म विषय छ । दाडिमको रूख...." (दा.रू.पृ. ११४) ।

निष्कर्षमा देवकोटाले वनस्पतिको अनौठो गुणप्रति प्रेमभाव प्रकट गरेका छन् । उनले वनस्पतिलाई जडको रूपमा चित्रण नगरी चेतन र दिव्यता प्रदान गरेका छन् । फूललाई ईश्वर वा दिव्यताको रूपमा प्रस्तुत गर्दै वनस्पतिको प्रेम रस्किनको भनाइ सापट लिएर पनि प्रकट गरेका छन् । केही बिरूवामा कीरा जस्तो गुण पाइने, केही किरालाई समेत समातेर खाने आदि विविध रूपमा वनस्पतिको चित्रण गरी त्यसमा पाइने अनौठो गुणका आधारमा प्रेमभाव प्रकट गरेका छन् ।

## ४.२.२ मानवीय गुणका आधारमा प्रकृतिप्रेम

मानव, प्रकृति र ईश्वरको अभेद्य त्रिकोणात्मक सम्बन्ध स्थापित गर्ने स्रष्टा देवकोटा साहित्यिक कृतिहरूमा मात्र नभएर व्यवहारमा पनि मानवतावादी थिए भन्ने कुराको प्रशस्त जानकारी तथा प्रमाण पाइन्छ । भौतिकवादले निम्त्याएको यान्त्रिकता र शुष्कपनाप्रति घोचपेच र छेडछाड गरी सच्चा मानवताको पक्षमा उनी देखा पर्दछन् । मानव पनि प्रकृतिको एउटा अभिन्न अङ्ग मानिन्छ, त्यसैले मानवीय रूप, गुण, व्यवहार, मानवले मानवलाई गर्नुपर्ने सम्मान र आदर्शप्रति प्रकट गरिएको आकृष्टता र प्रेमभावलाई मानवीय गुणप्रतिको प्रेमभाव भनिन्छ । 'मुनामदन', 'यात्री' आदि कविता कृतिमा उनी जसरी मानवीय प्रेममा लीन भएका छन्, त्यस्तै 'मेरी शिशु', 'मान्छे जादू', 'वीरहरू', 'आमाको दिल', 'नर-नारी' आदि निबन्धहरूमा पनि मानवीय प्रेमभाव प्रकट गरेका छन् । प्रस्तुत शोधकार्यमा मानवीय गुणलाई पनि सरलताका निम्ति विभिन्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ । ती आधारहरू स्त्रीगुणप्रतिको प्रेम, बालबालिकाका गुणप्रतिको प्रेम, पुरुषगुणप्रतिको प्रेम हुन् । यहाँ तिनै गुणहरूप्रति प्रकट गरिएका प्रेमभावको खोज तथा विश्लेषण गरिएको छ ।

### (क) स्त्रीगुणप्रतिको प्रेम

स्त्रीलाई प्रकृतिको पर्यावाची शब्दको रूपमा पनि लिने गरिन्छ । प्रकृतिकी सिर्जना शक्ति भएकी स्त्रीजातिका रूप, गुण कोमलता आदिप्रति गरिने प्रेमभावलाई स्त्रीको गुणका आधारमा गरिने प्रकृतिप्रेम भनिन्छ । देवकोटाका विभिन्न निबन्धहरूमा स्त्रीको गुणप्रति प्रेमभाव प्रकट भएका छन् । विषयवस्तुमा मात्र नभएर देवकोटाले भाषिक प्रयोगमा समेत स्त्रीगुणप्रति प्रेमभाव प्रकट गरेका छन् । "प्रेयसी अवस्था उनका गद्यमा जतासुकै पाइन्छ" (सुवेदी, २०६५ : ३३) । देवकोटाको 'नर-नारी', 'म सुवासिनीमान्छे भए के गर्ने थिएँ ?', 'आमाको दिल', 'शिशु भक्षकका लागि क्षमाप्रार्थना' आदि निबन्धमा स्त्रीगुणप्रति प्रेमभाव प्रकट गरिएको पाइन्छ ।

लक्ष्मीप्रसाद देवकोटा केही समयको निम्ति हावा पानी फेर्न आफ्नो मामेससुराली नुवाकोटको झिल्टुङ्तिर बस्दा अनुभव गरेको भावलाई उनले त्यहाँको स्थानीय रहनसहन र

चालचलनको आधारमा पुरुषभन्दा स्त्री राम्रा र महत्त्वपूर्ण छन् भन्दै स्त्रीको नाचप्रति यसरी प्रेमभाव प्रकट गरेका छन् :

> मैले बाटामा एउटा भोटेनीहरूको नाच देखेँ, जुन बडो रमाइलो थियो । पुरुषहरूभन्दा स्त्रीहरू राम्रा, गुलाबी रङ्गका बलिया होलान् जस्ता देखिन्थे । तिनीहरू हँसिलो चेहराका, मङ्गोलियन कटका, साना दाँतका, राता-राता घिउ-घिउ गन्हाउने, रातो कोट, सत्रन्जी जस्ता जामा लगाइएका, पुड्कापुड्का ठिटीहरू थिए । तिनीहरू नाचेको निकै रमाइलो देखिन्थ्यो । खुट्टा हलुका तवरले बराबर उचाल्दै झार्दै बराबर हातले पनि शान गर्दै, मसिनो सुरिलो स्वरले गीत गाउँथे तामाङ् बोलीमा....नृत्य नै तिनीहरूको कला र विलासको नाममा एउटा वरदान भएजस्तो बुझिन्थ्यो । अरू तवरले तिनीहरू गरीब थिए तर नृत्यमा बडा धनी र सुन्दर देखिन्थे । यी नृत्यहरू प्राकृतिक थिए, पहाडमा लहरा नाचेझैँ गुलाफी रङ्गका फूलहरू गालामा फुल्दथे । यहाँ कृत्रिमताको लेश थिएन, प्राकृतिक तवरले हाँस्दथे, प्राकृतिक तवरले नाच्दथे, बोल्दथे त्यसै प्राकृतिक तवरले ......तिनका स्वरहरू मसिना, चरा जस्ता थिए-पहाडमा जन्मेका र पहाडमा पङ्ख उम्रेका, नबुझिने तर मीठा ज्यादा अनुस्वर भएको स्वर थियो (ल.नि.सं.,पृ. १०) ।

ग्रामीण भेगमा घर भित्रका अधिकांश काम स्त्रीजातिले नै गर्छन् तर कतिपय बाहिरका कामहरू पुरुषले नभ्याएका बखत नारीहरूले नै सहयोग गर्छन् भनि ग्रामीण नारीहरूको सहयोगी व्यवहार र चौतर्फी सक्रियता यसरी अभिव्यक्त गरेका छन् :

> ....लोग्नेमान्छे नभएका बेलामा अथवा उनीहरूले काम नभ्याएको बेलामा स्वास्नी मान्छेहरू नै अगाडि सर्दछन् । स्त्रीहरूको अरू काम कूचो बढार्ने, पनेरामा गएर पानी ल्याउने, भकारो सोहोर्ने, बिस्कुन सुकाउने, ढिकी चलाउने, जाँतो पिँध्ने र भात पकाउने हुन्छ । स्त्रीहरू बडा बलियाबाङ्गा र कामले गठिला हुन्छन् (ल.नि.सं.,पृ. १२-१३) ।

'आषाढको पन्ध्र' शीर्षकको निबन्धमा उनले नेपालको ग्रामीण बस्तीमा खेतीपातीको र रोपाइँको समयमा खेतमा काम गर्दा हिलो छ्यापा छ्याप गरी रमाइलो गर्ने स्त्रीहरूको व्यवहारलाई अत्यन्त रोचक पाराले प्रकट गरेका छन् । साना-साना कुरामा पनि स्वर मिलाई हाँस्ने, पङ्क्ति मिलेर रोप्ने र रोपाइँमा हिलो छ्याप्दा पनि सौहार्दता कायम गर्ने स्त्रीगुणप्रति उनले यसरी प्रेमभाव प्रकट गरेका छन् :

> हाम्रो तलतिर रोपाइँ चलिरहेको थियो, केही खेलबहाड पनि, साथसाथमा एउटीले अर्कीलाई अलिकति हातको हिलो छ्यापिदिइन् । आजको दिन हिलो छ्याप्नु पनि प्रेम र आनन्दको वहार सम्झिइन्छ । हिलोका छिर्का र बुट्टाहरू आजलाई ग्रामीण युवतीका वस्त्र र वदन दुबैको सुन्दर श्रृङ्गार छन् । प्रेम र खुसियालीको हिलो, द्वेष र ईर्ष्याको दाग जस्तो देखिँदैन (ल.नि.सं.,पृ. ७३) ।

देवकोटाले कुनै पनि सौन्दर्यलाई बुझ्न बाहिरी आँखाले हेरेर पुग्दैन, मनको आँखाले वा अन्तःचक्षुले हेर्नुपर्छ भन्दै वर्डस्वर्थको दृष्टि राख्न सके नेपालकी नेवार्नीको गानाबाट जादू निस्कने भाव यसरी प्रकट गरेका छन् : "ज्यापुनिको गानाबाट  वर्डस्वर्थ भए जादू निकाल्थे र यो नेपाली खाल्डो त्यस शब्दले भरिएर गुञ्जायमान हुने थियो तर तीन सय अप्सरालाई रङ्गीन पोशाक लगाएर नचाए पनि कानो मामालाई न एक सुझ न एक बुझ मिल्दछ" (ल.नि.सं.,पृ. ५८०) ।

माथिको उद्गारमा निबन्धकार देवकोटाले काठमाडौं उपत्यकाका आदिवासी नेवार जातकी स्त्रीले परम्परागत रूपमा गाउने गानामा सुमधुर सङ्गीत र जादूगरी लय पाइन्छ । यदि वर्डस्वर्थ यहाँ हुने हो भने कति गुणगान गाउने थिए तर हामी नेपालीहरूले यस्तो स्त्री सम्पदाको महत्त्व बुझ्न नसकेको कुरा तिखो व्यङ्ग्य गर्दै स्त्रीस्वभावप्रति प्रेमभाव प्रकट गरेका छन् ।

स्त्रीहरूको प्रमुख सम्पत्ति प्रेम र सौन्दर्य पनि हो । स्वाभाविक रूपमा प्रेम गर्नु, आफ्नो सौन्दर्यले  पुरुषजातिलाई आकृष्ट पारेर भुतुक्कै बनाउनु पनि उनीहरूको ईश्वरीय वरदान नै हो तर कतिपय स्त्रीहरू आफ्नो सुन्दर शरीर र चञ्चले स्वभावलाई दुरुपयोग गरी वेश्यावृत्ति समेत गर्दछन् । देवकोटाले यस प्रकारको कुव्यवहार र नखरापनप्रति कडा शब्दले गाली गर्दै असहमति प्रकट गरेका छन् । स्वाभाविक स्त्री सुलभ गुणप्रति प्रेमभाव प्रकट गर्ने देवकोटा कृत्रिम, बनावटी र घृणास्पद व्यवहारप्रति भने यस्तो भाव व्यक्त गर्दछन् :

> वेश्याहरू उसको पैसा धुत्न चाहन्छन् र झुटा नखराले उसका प्रेमी बन्दछन् । त्यहाँ केही दिव्य प्रेमको मिठास छैन, खालि बोक्रेपन छ तर त्यही बोक्रेपनलाई सच्चा सम्झेर गुण्डो त्यसमा रहने साध्वीहरूको पवित्र मूर्ति अगाडि पनि त्यही मपाइँ मोहनीको आर्कषणले पवित्रताको आत्मा बिगारेर आफ्नो अत्याचारको शिकार या हतियार बनाउने आशामा रहन्छ तर साध्वीका आत्मा घृणापूर्ण दृष्टिले त्यहाँ हेर्दछन् जहाँ गुण्डो आफुलाई मोहनीको मोहनी भन्ने सम्झन्छ (ल.नि.सं.,पृ. १४९) ।

माथिको उद्गारमा देवकोटाले स्वाभाविक स्त्रीसुलभ प्रेम, शारीरिक सौन्दर्य र व्यवहारप्रति प्रेमभाव प्रकट गरेका छन् तर अनैतिक र नखरायुक्त काम गर्ने स्त्रीप्रति कडा आलोचना व्यक्त गरेका छन् । त्यस्तै वेश्या युवतीको जालमा पर्ने र भ्रमपूर्ण प्रेमको खेतीमा रमाउने गुण्डा वा पुरुषप्रति उनी झन् क्रोधित छन् ।

'आमाको दिल' शीर्षकको निबन्ध मातृगुण तथा स्त्रीगुणकै सेरोफेरोमा केन्द्रित निबन्ध हो । यसमा एउटी आमाले आफ्नो सन्तानप्रति कस्तो भावना राखेकी हुन्छिन् भन्ने कुराको चित्रण स्त्रीको स्वाभाविक गुण र प्रकृतिको आधारमा गरेका छन् । यस निबन्धमा एउटी आमाको भावनाको सत्यता प्रस्तुत गर्ने प्रयास गरिएको छ । 'देवकोटाका दृष्टिमा सबै धर्म आमाका दिलमा हुन्छन् र शिशु संरक्षण कर्म नै संसारको सच्चा धर्म हो' (जोशी, २०६१ : २८) । 'सत्य र ईश्वर भावना हुन्छ र भावना नारीहृदयको वस्तु हो अनि नारी कै जननीरूप आमा हो र जननीभावकै

विस्तारमा पृथ्वी र स्वदेशलाई पनि माता भन्दछौँ' (जोशी, २०६१ : २८) भन्ने तर्क प्रस्तुत गर्दै मातृस्वरूपप्रति आदर र प्रेमभाव प्रकट गरिएको छ ।

एउटी आमाले आफ्नो सन्तानलाई कस्तो भावना राख्दछिन् भन्ने कुरा निबन्धकार देवकोटाले कवितात्मक रूपमा यसरी प्रस्तुत गरेका छन :

बोट बनाएँ जीवनको ।
वृन्तहरूको झुल ॥
रङ्ग बनाएँ प्रेम मृदुलको ।
'बाल' बनाएँ फूल ॥
पातहरूको खोपी बनाएँ ।
आकारी शोभन ॥
श्वासहरूले सुस्त झुलाएँ ।
मेरो सुन्दर मोहन !
कण्टकहरूका चिन्तनहरूले ।
रक्षण गर्दै क्षण-क्षण ॥
शीतल-शीतल आँसुहरूले ।
गरेँ प्रतिदिन रोदन ॥
तैपनि वैल्यो हाय जुहार ।
कसरी राखूँ म जीवन ॥ (ल.नि.सं.,पृ. १६५) ।

आफ्नो बालवियोगमा रूने आमाको पीडामा डुब्दै देवकोटाले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् :

> के कसैले बालवियोगमा आमाको दिल रोएको देखेको छ ! त्यो वेदना पत्थरको छातीलाई पगाल्दछ । सूर्यको मुख अँध्यारो बनाउँछ । मानौँ अनन्तले घुँक्का लिन्छ । मानौँ आकाश त्यसकै स्मरणले अँधेरीमा घुसेर प्रतिदिन असङ्ख्य जगत्हरूलाई 'गहभर नीर' बनाउँछ । हामी जीवन र संसार दुःख रहेछ भनेर त्यही दिव्य करूणालाई समेत चैतन्यले रूलाउने क्रन्दनमा बुझ्दछौँ (ल.नि.सं.,पृ. १६५) ।

मातृत्वको बुभुक्षा एवम् तृष्णा जाज्वल्य रूपमा रहनु नारीहृदयको अनन्त विशेषता हो । 'सन्तति वियोगको तीव्र वेदनामा मातृहृदय पग्लेर प्रकृतिलाई र सिर्जनालाई नै धमिलो बनाइदिन्छ' (चापागाई, २०२८ : १३) भन्दै देवकोटाले सन्तति वियोगको मातृ पीडा यस प्रकार प्रस्तुत गरेका छन् :

> पातका अणुहरू काँपेर त्यसका सामुन्ने विचित्र त्रासले 'हे भगवान्' को अन्तर्ध्वनि निकालेर भित्र-भित्रै रून्छन्, हाँसिरहेका यौवनका आँखाहरू पनि टलपलाएर करुण सहानुभूतिको प्रभावका सबै फूलहरूका सौन्दर्य अन्तर्गत म्लानताको आच्छान्न आँसुहरू निकाल्दछन् ।

युगयुगका वियोगहरू त्यहीँ ध्वनित र प्रकाशित हुन्छन् । मानवताको मुटु त्यहीँ कोकोहलो हाल्दछ । ......आमाले बिलाएको दृढ मोहनी स्मृतिमा खोज्दै 'त्यहाँ छ कि उहाँ छ कि' भनेर अतीतका मुटुमा छाम्न झल्केका ध्वनि र झल्काहरूमा 'यसो भन्थ्यो नि बाबा !' यस्तो गर्थ्यो नि बाबा ! भन्दै घुड्का-घुड्की पिउँदै वेदनामा बराबर निसास्सिँदै, अङ्ग-अङ्ग सिर्सिराउँदै उठ्तछन् र प्रत्येक क्रन्दन ध्वनिमा एक-एक अनन्तका जादू संसारहरू चकनाचुर भएर छरिएका विलौँना रूँदै उठ्तछन् (ल.नि.सं.,पृ. १६६) ।

स्त्रीको मातृगुण नै संसारको सबैभन्दा ठूलो धर्म हो । यस धर्ममा न खिचातानी छ न द्वेष, त्यहाँ दिव्य स्पन्दनहरू र जीवनको एकै दिव्यता छ भनि यस्तो भाव प्रस्तुत गरेका छन : "मृदुलता नै ईश्वर हो र त्यो जननीको हृदयामा बस्दछ, त्यहाँ हेला छैन, सिँगान र आचीदेखि घृणा छैन । त्यहाँ दिव्य स्पन्दनहरू छन् । जीवनको एकै दिव्य ध्येय छ, अनन्तलाई क्षणहरूमा होशदार सुकुमार आदरहरू, जो महात्मालाई अलभ्य छ" (ल.नि.स., पृ. १६८) ।

स्त्रीहरू भावना गर्ने नाटीकुटी गर्ने र ठुस्किने आदि नारीसुलभ स्वभाव देखाउँदछन् । कतिपय व्यक्तिहरू त्यस्ता स्वभावप्रति वितृष्णा व्यक्त गर्दछन् तर देवकोटा त्यस्ता स्वभावमा पनि अर्थ देख्छन् र यस्तो भाव व्यक्त गर्छन् :

स्त्रीहरू भावना गर्दछन् रसाउँछन् । हामीहरू तिनका नाटीकुटीहरू अन्धविश्वास र स्वास्नीमान्छेपना भनेर पन्छाइदिन्छौँ नफरतको नोकले तर जस्तो पीठोको रेखीहरूमा माने हुन्छ त्यस्तै तिनका सूक्ष्म नाटीकुटीमा अर्थ बसेको छ । प्रेमका बाङ्गाटिङ्गा रेखाहरूबाट संसार बनेको छ । हामी सबै ठाउँमा अर्थ पत्ता लगाउन सक्तैनौँ, तैपनि हामी अज्ञानको घमण्डले जननी हृदय रेखाहरूलाई निरर्थक सम्झन्छौँ (ल.नि.स., पृ. १६९) ।

सृष्टिको अभिभारा लिने नारी अनेक वेदना सहेर प्रसवपीडाबाट उत्रिन्छन् तर विडम्बना तिनै नारीप्रति घृणा भाव व्यक्त गरिन्छ । उनीहरूलाई उचित आदर र सम्मान गरिँदैन भन्दै पुरुषले स्त्रीप्रति गर्ने कु-व्यवहारको आलोचना यसरी गरेका छन् : "स्त्री सृजना गर्दछन् प्रसव-वेदना पाउँछन् । पुरुष भने आफ्नो मगनमस्तीमा हिँड्छ । पुरुषलाई बदमासीको अवकाश छ । शुद्धिको जरूरत छैन । स्त्रीलाई जुत्ता सम्झने पुरुष कति छन् । जातिकी जननी भईकन स्त्रीले सच्चा आदर, सच्चाप्रेम, सच्चा भावना पाउन सकेका छैनन्" (दा.रू., पृ. ६४) ।

नारीलाई घृणा गर्नेप्रति आलोचना गर्ने देवकोटाले स्त्रीजातिलाई सबैले पूजा गर्नुपर्दछ, सम्मान गर्नुपर्दछ, उसप्रति आत्याचार गर्ने अधिकार कसैलाई छैन भन्दै स्त्रीगुणप्रति यसरी प्रेमभाव अभिव्यक्त गरेका छन् :

स्त्री भनेको यस्तो चीज हो, जसलाई जातिले पूजा गर्नुपर्दछ । जिउन्जेल आदर, प्रेम, संरक्षणका साथै समाजमा उचित स्थान दिएर जातीय दौलतका स्वरूपमा राम्रो कदर गरेर राख्नु पर्दछ । हे लट्ठक भलाद्मी हो ! उनी घरकी जनना, पशु हैन, न मालताल हो, न सिँगारिएकी पुतली ! हेर ! विषयकी वेदी हो न कमारी हो, न दुःख दिनलाई ल्याइएकी वस्तु

हो । न तिम्रो उसलाई अत्याचार गर्ने अधिकार छ । उसलाई बिगार्ने, न उसलाई सौता हालेर दुःख दिने । ऊ तिम्रो सहवासिनी हो, सुवासिनी हो, जीवन श्रृङ्गार हो, सौन्दर्य दीप हो (दा.रू., पृ. ६५) ।

'नर-नारी' निबन्धमा पुरुष र स्त्रीबीच समन्वय हुनुपर्नेमा जोड दिई यी दुबै शक्ति एक अर्काका पूरक हुन्, विरोधी होइनन् । स्त्रीलाई घृणा र अपहेलना गर्नुहुँदैन भन्दै स्त्रीको स्वभाव र गुणप्रति प्रेमभाव अभिव्यक्त गरिएको छ । स्त्रीको महत्त्व नबुझ्नेलाई उनले पशुको संज्ञा दिँदै यस्तो भाव व्यक्त गरेका छन् :

स्त्रीको महत्त्व र शून्य नजान्ने एक पशुता हो र एक अन्धता हो । तिमी आफ्नै हातको स्वर्गलाई चिन्दैनौ । तिमी मासु देखौला, हाड देखौला, छालाको रोगन देखौला, कमजोर देखौला । तिमी आत्मा देख्दैनौ । तिमी भित्री सौन्दर्य बुझ्दैनौ । सब ज्ञान उसैभित्र छ, सब विद्या, सब सर्वज्ञको साँचो । तिमी उसलाई मार, तिम्रो संसार शून्य हुन्छ । उसलाई उज्यालो देऊ, सारा संसार उज्यालो हुन्छ (दा.रू., पृ. ६५) ।

समग्र सभ्यताललाई स्त्रीको आदरमा निर्भर देखाउँदै "सभ्यता भन्नु स्त्रीको आदरमा निर्भर छ" (दा.रू., पृ. ६५) भन्ने उद्गार देवकोटाले अभिव्यक्त गरेका छन् । उनी लेख्छन् : कलाको ज्योति स्त्रीबाटै झुल्केर, बलेर आउँछ । स्त्री  पुरुषको यौन सङ्गति उच्च र उत्तेजित, उपयोगी रहनुभन्दा संसारमा अर्को ठूलो वस्तु छैन । स्त्रीलाई दुःख दिनुभन्दा ठूलो पातक दुनियाँमा अर्को देखिँदैन (दा.रू., पृ. ६५) ।

स्त्रीप्रति समाजले अधिकार प्रदान गर्न कञ्जुस्याँइ गर्न नहुने भावना प्रकट गर्दै नारीहरूले सभ्य र सुन्दर जीवन बाँच्न पाउनु पर्छ भन्ने भाव यसरी प्रस्तुत गरेका छन् : स्त्रीहरू धेरै अधिकरबाट वञ्चित छैनन् भन्न हामी सक्तैनौँ । नारीहरूले सभ्य, सुन्दर, कलात्मक, स्वस्थ जीवन पाउनुपर्छ । समाजमा उचित स्थान, समानता, देश सञ्चालनमा उचित हिस्सा  तथा उनीहरूको अधिकार....सभ्यताको भावना राम्ररी चढ्ने स्वातन्त्र्य अधिकार हुनुपर्छ" (दा.रू., पृ. ६५) ।

स्त्री स्वभावप्रतिको प्रेमभाव देवकोटाको 'फूल' निबन्धमा पनि व्यक्त भएको छ । स्त्रीहरूले चेपारे पारेर बोल्ने र अनेक हाउभाउ गर्ने स्वभावलाई उनले यसप्रकार उल्लेख गरेका छन् :

जगत्को चलचित्रमा चाख लिने यी ठाँटिएका अप्सराहरू पाउडर, रेशम, अत्तर, मुसकान, मदमत्त चाल र इसारा, सारा आकर्षणमा बैँशालु कलाले सम्पन्न भएर जिस्किन्छन्, नाच्छन् । चेपारे पार्छन् र ओठ खोली-खोली बोल्छन् । जातिसत्यताको स्वभाव बुद्धि पोथी संसारबाट विचित्र क्रियासँग आह्वान गर्दछ.... (दा.रू., पृ. ८२) ।

'म सुवासिनीमान्छे भए के गर्ने थिएँ !' देवकोटाले काल्पनिक भावमा एउटा केटीको रूप धारण गरी लेखिएको निबन्ध हो । उनले प्रस्तुत निबन्धमा पनि स्त्रीको गुणप्रति प्रेमभाव प्रकट गरेका छन् । आफू भर्खर २०/२१ वर्षकी सुवासिनी युवती भएको परिकल्पना गर्दै त्यस उमेरमा

स्वभिमानी युवतीमा उत्पन्न हुनसक्ने भावना व्यक्त गरेका छन् । एउटी अभिमानिनी युवतीले प्रकट गर्ने नारीसुलभ गुणको चित्रण यसरी गरेका छन् : “म निर्दोष कुमारी केटीलाई गुलाफी पाल्सी डालेको हेर्नुहोस् न ! छी ; मलाई तिनको मिजाज कति पनि मन पर्दैन-व्यारे ! म कुनै पुरुषसँग अलिकति गाँसिएको जस्तो कुरा सुन्नासाथ अनौठो तोरीको फूल बन्दछु ! बिहेको कुनै कुरा उठाउन मलाई बिलकुलै मन पर्दैन है !” (दा.रू., पृ. ११९) ।

कुनै-कुनै अभिमानी र स्वाभिमानी युवती आफ्नो क्षमता रूप र गुणको घमण्डको कारण आफूलाई सितिमिति पुरुषहरूले पाउन सक्दैनन् । आफू कसैको खेलौना बन्नु हुँदैन भन्ने विचार राख्दछन् र जवानीको घमण्डमा रमाउँछन् । यस्तो आत्मरति गुणको चर्चा पनि देवकोटाले ‘नर-नारी’ निबन्धमा गरेका छन् । आफूलाई पाउने आश भएका तर भन्न हिम्मत नभएका काँतर पुरुषप्रति स्त्रीहरू कस्तो सोँचाइ राख्छन् भन्ने भाव यसप्रकार उल्लेख गरेका छन् :

> मलाई डोऱ्याउने या मेरा स्वामित्वको विशाल अभिभारा लिने काममा पुरुषजातिका सदस्य साहसका अभावले काँपेको देख्न मलाई मजा लाग्छ । मेरो हृदयलाई स्रष्टाविश्वास कसैले दिलाउन सकोस कि ऊ मेरो अधिनायकको योग्यता राख्दछ, म उसको पयरमा दासी बनेर निहुरन चाहन्छु तर यो सम्भावनाको सीमा बाहिर देखिएकोले मलाई सग्लो हृदय राख्न पाउनाको परम आनन्द छ (दा.रू., पृ. १२०) ।

स्त्रीहरू सधैँ कमजोर मात्र हुन्छन् भन्ने भाव त्यागेर देवकोटा स्त्रीहरू कडा स्वभावका पनि बन्न सक्छन् र ती समाज परिवर्तनका संवाहक र रौद्रताको चरम रूपमा पनि परिवर्तन हुन सक्छन् भन्ने भाव यसप्रकार प्रस्तुत गरेका छन् :

> अतिमानवको मातृत्वको आशा हुनासाथ, भएकै दिन, म विवाह गर्न पनि तत्पर हुनेछु तर म पहिलो त्यो व्यक्तित्व हासिल गर्न चाहन्छु जसले सङ्कुचित दिलका खियौटे, तानाशाही, भूतपुजारी, अँधरा पुरुषहरूले मलाई देख्नासाथ निस्साहसले तिनलाई आहत या हत बनाओस् । म भित्र प्रकाशसिवाय अरूको प्रवेश हुने छैन भन्ने मेरो धारणा छ (दा.रू.,पृ. १२२) ।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले आफ्ना निबन्धहरूमा विविध स्त्रीसुलभ गुणप्रति प्रेमभाव प्रकट गर्दै स्त्री गुणको चित्रण गरेका छन् । स्त्रीलाई सृजनाशक्तिकी मूल स्रोत मान्दै प्रकृतिको पर्यायको रूपमा स्त्रीजाति र स्वभावको चित्रण गरेका छन् । उनीहरूको मीठो स्वर, मनोहर नृत्य आदिको चर्चा गर्दै प्रेम र सौन्दर्यकी खानी भएको चर्चा गरेका छन् । कुनै-कुनै खराब आचरण भएकी स्त्रीहरूको कडा आलोचना गर्दै स्त्रीहरूका स्वाभाविक गुणमा दिव्यता प्रकट हुने कुरा उल्लेख गरेका छन् । सन्तति वियोगमा छट्पटिने स्त्रीले धर्तीलाई नै रूवाउने कुरा अभिव्यक्त गर्दै स्त्रीहरूका कतिपय नाटीकुटीमा पनि अर्थ हुने बताएका छन् । कतिपय स्त्रीहरू आफ्नो रूप र क्षमताले गर्दा अभिमानी हुन्छन् भन्दै त्यस्ता स्त्रीहरूको मनोभावना र स्वभावको समेत

देवकोटाका निबन्धमा चित्रण गरिएको छ । स्त्रीहरूको रूप र स्त्रीको शील स्वभावको मात्र नभएर रौद्र स्वभावको चित्रण पनि देवकोटाका निबन्धमा पाइन्छ ।

**ख) पुरुषगुणप्रतिको प्रेमभाव**

संसारको आधा भाग ओगट्ने पुरुष पनि प्रकृतिको प्रमुख अङ्ग हो । कतिपय दर्शनले पुरुषलाई प्रकृतिको विपरीत शक्ति माने पनि यस सुन्दर संसारको सिर्जना स्त्री र पुरुष वा प्रकृति र पुरुषको प्रेममय संयोजनबाट भएको हो । पुरुषमा हुने गुण, रूप र स्वभावप्रति गरिएको प्रेमभावलाई पुरुषगुणप्रतिको प्रेमभाव भनिन्छ । मानवतावादी निबन्धकार देवकोटाले 'वीरहरू', 'भलाद्मी', 'साधुको माहात्म्य', 'जुँघा', 'साहित्यमा शिवत्व' आदिजस्ता निबन्धमा पुरुषगुणप्रति प्रेमभाव प्रकट गरेका छन् ।

पुरुषहरूको एउटा प्रमुख लक्षण वीरता हो भन्दै उनले 'वीरहरू' निबन्धमा पुरुष र वीर स्वभावप्रति प्रेमभाव प्रकट गरेका छन् । देवकोटाले "स्वार्थलाई पन्छाएर परसेवामा लाग्न नसक्नेहरू, मायाजालमा अल्झिनेहरू र डरछेरुवाहरू वीर हुन सक्दैनन् भनेका छन्" (जोशी, २०६१ : २३) । पुरुष भएर जन्मेपछि केही ठूलो काम गर्नुपर्छ भन्दै "स्वदेश र स्वदेशीका निम्ति मानवता र मानव अस्तित्त्वका निम्ति निस्वार्थ एवम् निर्भिक भएर बलिवेदीमा आत्मसमर्पण गर्न सक्नेहरू नै वीरहरू हुन्" (चापागाई, २०२८ : १०) भन्ने भाव प्रकट गरेका छन् । उनी लेख्छन् :

> तिनीहरू पङ्ख थिए । अरू मान्छे घस्रिएर बसे । तिनीहरूको हृदयमा बिजुली थियो, देशको तुसारोले झिलिक्क झिल्केर उठ्यो ! अरूहरू काँपे । तिनीहरू पोस्तछन् स्वर्गबाट- जहाँ तिनका हातमा अप्सराहरू अमृतका प्याला चढाएर पर्खिरहेछन् । अरूहरूले माटोखेती गरे, तिनीहरूले हामीलाई आफू सम्झेर आफूलाई हराइरहेछन् (ल.नि.स, पृ. ५८) ।

वीर सहिदहरूमा समर्पणको भावना बिजुलीझैँ चम्किन्छ भन्दै उनी यस्तो भाव प्रकट गर्दछन् : "समर्पणको भावना ईश्वरमा बिजुली मिल्दछ । एक इशारामा उफ्रने आत्मालाई म वीर भन्दछु जो-यताउति हेर्दैन, पछाडि फर्कदैंन ! उसको पूँजीका काँट नै त्यस्तै छन् । उसलाई केन्द्रमा छोइदेऊ । बस झिलिक्क झल्किहाल्छ अनन्तताको मोहनी, अमृतको बिजुली !" (ल.नि.स., पृ. ५८) ।

पुरुषले काँतर जीवन जिउँन हुँदैन, हामी मातृत्वको ऋणमा डुबेका छौँ । दूधको भारा तिर्न पनि आफ्नो पुरुषत्व देखाउनुपर्छ भनि यसरी पुरुषगुणप्रति प्रेमभाव अभिव्यक्त गरेका छन् : "हामी ऋणमा डुबिरहेछौँ । दूधको भारा तिर्न हिचकिचाउनु काँतरता हो ! के तिमीलाई विश्वास छैन कि तिमी माटो हौइनौ ?" (ल.नि.स, पृ. ५९) ।

'साधुको माहात्म्य' निबन्ध आध्यात्मिक ज्ञानमा र पूर्वीय मान्यतामा उन्मुख भए पनि साधु, सन्त बनेर हिड्ने पुरुषलाई आजभोलि जुन अमर्यादा र अकर्मण्यताको रूपमा हेरिन्छ त्यसको

विरोध गर्दे "साधुको महात्म्य आत्माको सचेतासँग सम्बन्ध राख्तछ । भैरहेको प्रकृतिको विकृतिले साधुपन र महात्मापनलाई दबाइरहेको छ" (चापागाई, २०२८ : १२) भनेका छन् ।

'जुँघा' निबन्ध पनि पुरुषगुणको प्रेम र चित्रणमा आधारित छ । एउटा पुरुषले आफ्नो पुरुषत्व कायम राख्न जुँघा पनि उचित रूपमा राख्नुपर्नेमा जोड दिएका छन् । पुरुषको जुँघा पाल्ने स्वाभाविक प्रक्रियाको वकालत गर्दै जुँघा खौरेर स्त्रीत्व ग्रहण गर्न खोज्नेप्रति यस्तो भाव उल्लेख गरेका छन् :

> तर हाय ! यो नामर्द युग ! यसमा पुरुषको ओठमाथिको रौँ सम्यको सङ्केत पाइन्न ! आत्मनिन्दाको क्रूर छुरा धार लगाएर प्रकृतिको यस्ता कृष्ण सुन्दर गहकिलो वरदानलाई सफाचट गरेर....पीठो घसेको माथिल्लो ओठजस्ता मसिनो पार्ने यो वक्र सभ्यताको अधोगतिलाई धिक्कार छ ! आधुनिकताको भूत सवार भएका नवयुवकहरूको रोमहीन ओठमाथि मर्दपना रोई-रोई त्यसै बिलाइरहेछ । मर्दको यो अपराध देख्दा मलाई त पुरुषजाति स्वास्नीमान्छेको अनुकरणमा चलिरहे जस्तो लाग्दछ । आजकलका नवयुवकहरू नखरे, नाजुक, ओठमा लाली लाएका स्त्रीहरू जस्ता देखिन्छन् । सभ्यता ज्यादै सुकुमारीपनतिर ढल्किरहेछ । विलास, आलस्य, स्वास्नीमान्छेपना र श्रृङ्गार मात्र यस सभ्यतामा राज्य गर्दछन् (ल.नि.सं., पृ. १९४) ।

'जुँघा' प्रकृतिले पुरुषलाई दिएको उपहार हो भन्दै 'जुँघा राख्नेमा केही बलियो, गठिलो, हाँकिलो पुरुषार्थ र मजबुत मर्दपनाको सङ्केत पाइन्छ" (ल.नि.स., पृ. १९४) भन्ने उल्लेख गरेका छन् । "जुँघालाई आत्मबल र पुरुषत्वको चिन्ह मान्दै संसारका मर्दहरू यसैलाई मुसारेर आत्मप्रदर्शन गर्छन्" ( जोशी, २०६१ : ३०) । उनले पुरुषगुणप्रति प्रेमभाव प्रकट गर्दै पुरुष स्वभावैले स्त्रीको तुलनामा कठोर तथा डरलाग्दा हुन्छन् । यो स्वाभाविक गुणको रक्षा गर्न पनि जुँघा राख्नुपर्ने तर्क यसरी प्रकट गरेका छन् :

> जुँघा भनेको मर्दको सौन्दर्य हो, पुरुषार्थको चिह्न हो, ओठमाथिको आभूषण हो, पूर्णवयस्कताको टड्कारो छापा हो; पराक्रमको झुप्पा हो, स्फूर्तिको विजुली काँइयो हो, निराशापनको आधार हो । भालेको कल्की हो र यही गुच्छादार रेखामा संसारका मर्दको रवाफ रहेको रहेछ । जतिजति बल बढ्दै गयो उति-उति माथिल्लो ओठमा कालो रेखी बस्तै जान्छ (ल.नि.स., १९३) ।

पुरुषको जुँघामा उसको व्यक्तित्व र चरित्र झल्कन्छ भन्ने भाव यसरी प्रकट गरेका छन् : "एक-एक जुँघामा एक-एक व्यक्तित्व छ र म ओठ नचले पनि जुँघा देख्तै मानिसको चरित्र बुझिहाल्छु" (ल.निस., पृ. १९६) ।

देवकोटाले 'जुँघा' निबन्धमा पुरुषको स्वाभाविक शासन गर्ने गुणप्रति सहमति जनाउँदै त्यसमा जुँघाले सहयोग गर्ने कुरा यस प्रकार व्यक्त गरेका छन : "जुँघामा केही शासन गर्न सक्ने

आदरोत्पादक गुणहरू अवश्य छन् । जब म स्कुलमा थिएँ तब मलाई अरूको उत्तिको डरलाग्दैनथ्यो जत्तिको जुँघे माष्टरजीको । बेतको छडी भन्दा उनका हुङ्कार डरलाग्दा थिए" (ल.नि.स., पृ. १९६) ।

पुरुषले जीवनमा अवश्य पनि कुनै महत्त्वपूर्ण काम गर्नुपर्छ नत्र पुरुष हुनुको महत्त्व पनि रहँदैन भन्दै कम्तिमा आफ्नै प्रेरणाबाट केही नगरे पनि अरूको उन्नति र प्रगति हेरेपछि त केही गर्नुपर्छ भन्ने भाव निजात्मक रूपमा यस प्रकार उल्लेख गरेका छन् :

> तर....! पुरुषका अभिमानी हुनु पनि केही रहेनछ । म ज्यूँदै छु भन्न गाहारो भयो ! तीन हजार वर्ष कता लागेर हामी आजको मानलाई किन बिर्सिन्छौं ? के जीवन असार प्रशंसा हो ? अथवा ताजा आजको स्पन्दन ? क खै ? हामी कहाँ छौं ? यस्तो हुन सक्तै सक्तैन । कालिदास हेरेपछि कविता नलेख्नु ? व्यास हेरेपछि महाकाव्य लेख्ने आशा नगर्नु ? पुरुष किन जाग्दैन ? (दा.रू, पृ. ५४) ।

देवकोटा निबन्धहरूमा स्त्री स्वभाव मात्र नभएर पुरुष स्वभावको पनि त्यत्तिकै चर्चा र प्रेमभाव प्रकट भएको कुरा उनका निबन्धहरूले नै प्रमाणित गरेको छ । स्त्रीजस्तै पुरुष पनि प्रकृतिको आधा भाग हो । यी दुबैको संयोगबाट नै सुन्दर प्रकृतिको सिर्जना हुन सकेको हो भन्ने साङ्ख्यदर्शनको मान्यता देवकोटाले 'नर-नारी' शीर्षकको निबन्धमा यसरी उल्लेख गरेका छन् : "स्त्री पुरुषको सच्चा प्रेममा, त्यस प्रेमको अमरत्व सन्तानलाई सबभन्दा ठूलो लाभ छ भनेर ऋषिमुनिहरूले सचेत उच्चारित गरिएको कुरो वास्तविक र व्यवहारिक सत्य होइन भन्न हामी सक्दैनौँ" (दा.रू., पृ. ६२) ।

'साँढे' निबन्ध पनि पुरुष स्वभावकै पक्षमा लेखिएको निबन्ध हो । व्यङ्ग्यात्मक रूपको यस निबन्धमा साँढेको पुरुषत्वप्रति विभिन्न कोणबाट विश्लेषण गरिएको छ । उनले यस निबन्धमा "मान्छेका स्वाभाविक गुण र आदर्शका बीचमा देखिने विसङ्गतिपूर्ण आचरणको पनि पर्याप्त टिप्पणी गरेका छन्" (सुवेदी, २०३९ : २१) । पुरुषलाई भयङ्कर वा डरलाग्दो बलशाली मान्ने हाम्रो मानसिकताको प्रस्तुति र पुरुषहरूले गरेका योदनाको चर्चा यसप्रकार उल्लेख गरेका छन् :

> .......भएङ्कर व्यक्तित्व भनेको पनि एक बहुमूल्य तथा चमत्कृतिपूर्ण वस्तु हो । द्रौपदी पनि भिमसेन पनि यस्तै हुँदा हुन् । मैले ग्रीक कथाका हर्कुलिजलाई सम्झेँ । रोमनहरूको जर्नेल जुलियस सिजरको याद आयो । त्यस्तै नेपाली वीर बलभद्र तथा कालु पाण्डेको । आखिर कविको व्यक्तित्व जो एक मानव मस्तिष्कको सानो घेराभित्र सीमित छ तिनको महाषण्ड व्यक्तित्वको अगाडि व्यवहारक्षेत्रमा कति उपयोगी रहेछ (दा.रू., पृ. १२६) ।

भावुकतामाथि पुरुषत्वले विजय पाउने कुरा निन्धकार देवकोटाले व्यक्त गरेका छन् । चैतन्य एवम् भावुक जगत्मा मातृहृदयको महत्त्व एवम् गरिमा देदीप्यमान हुन्छ भन्ने देवकोटा, 'साँढे' निबन्धमा भने भावुकतालाई पुरुषत्व र बलले नै विजय पाउने उल्लेख गर्न पुग्छन् । उनी लेख्छन् : "भावनाले जति फुइँ उडाए पनि यिनको एक हुङ्कार सामुन्ने विचारभाव, संवेदना, तर्क,

कल्पना सबैको सानो पोको आखिरमा आँधीको वेग अगाडिको घाँसको रूवोको भुत्लाजत्तिकै निकम्मा र उड्ने वस्तु हुँदो रहेछ । संसारमा म क्षात्र शक्तिको प्रशंसक बनेँ'' (दा.रू., पृ. १२७) ।

साधुपनामा कमजोरी हुन्छ भन्ने भाव व्यक्त गर्दै उनले यस्तो लेखेका छन् : ''साधु हुनु मेरो जातिको निम्ति एक ह्रासको लक्षण मात्र थियो । जोताहापन जो जाति विकासक छ र जातिले बहुमूल्य सम्भिन्छ ......'' (दा.रू., पृ. १२७) ।

पुरुषको आफ्नो बलको माध्यमले अरूप्रति शासन गर्छ । स्वाभाविक रूपमा नै भनिन्छ उसमा धेरै क्षमता हुन्छ, डरबाट पनि पुरुष पर हुन्छ । देवकोटाले निजात्मक भावमा आफ्नो पुरुषार्थमा चोट लागेको कुरा र पुरुषगुणप्रतिको प्रेम यसप्रकार उल्लेख गरेका छन् : ''श्रीमतीजीले सोधिन्, के भो ? मैले जवाफ दिएँ म भयङ्कर साँढेबाट भागेर आउँदैछु, साँढेको कत्रो डर ? मेरो पुरुषार्थमा ठूलो चोट लाग्यो र मैँले आफूलाई मनमनै स्यालसित तुलना गरेँ तर केही बोलिँन'' (दा.रू., पृ.१२७) ।

साँढेलाई पुरुषको प्रतीकको रूपमा प्रस्तुत गर्दै उनले सम्पूर्ण पुरुष शक्ति र स्वयत्ततालाई यसप्रकार प्रकट गरेका छन :

> प्रकृतिले जीवनशक्तिको चामत्कृतिलाई चरम शिखरमा पुऱ्याएर यही साँढेद्वारा प्रदर्शन गरेकी थिइन् । शारीरिक सङ्गठन स्निग्ध ओजस्विता, जातिको सदस्यमा पूर्ण विकासको आदर्श स्वास्थ्यको र शक्तिको एक चमत्कारी झलक, कुनै क्षणमा सजातीय व्यक्तित्वसँग दब्नु नपर्ने घमण्डीपना, सर्वोच्च जीवनानन्दको आस्वादन इत्यादि सबै गुण त्यो वैँशालु साँढेमा एकत्रित रहेका थिए । नेपालका नागरिकलाई शारीरिक विकासमा आदर्शका प्रतीक यिनै साँढे थिए (दा.रू.,पृ. १२७) ।

लक्ष्मीप्रसाद देवकोटाले पुरुषलाई वीरताका खानीको रूपमा चित्रण गर्दै काँतर जीवन जिउँन हुँदैन भनेका छन् । पुरुषको पुरुषत्व कायम राख्न जुँघाको महत्त्व हुने र नेपालीहरूमा पनि पुरुषत्व र वीरता कायम राख्नुपर्ने कुरामा पनि जोड दिएका छन् । साङ्ख्यदर्शन अनुसार स्त्री र पुरुषको मिलापमा नै सृष्टि र संसार कायम राख्ने तथा प्रकृतिको बचाउ गर्ने उपाय हो भन्ने भाव प्रकट गरेका छन् ।

### ग) बालबालिकाका गुणप्रति प्रेम

धर्तीमा अवोध बालबालिकाहरूलाई ईश्वर समानका रूपा लिइन्छ । त्यसर्थ विद्वान तथा दार्शनिक आदिले बालबालिकालाई मानवीय ईश्वरको रूपमा चित्रण गरेका पाइन्छ । बालसुलभ अवोधता, चञ्चलता, निश्कपटता तथा निश्चलता आदि गुणप्रति गरिने प्रेमभावलाई बालबालिकाका गुणप्रतिको प्रेम भनिन्छ । निबन्धकार देवकोटाले पनि आफ्ना निबन्धहरूमा बालबालिकाप्रति प्रेमभाव प्रकट गर्दै प्रकृतिको एक भागको रूपमा बालबालिकाको महत्त्वको चर्चा

गरेका छन् । उनका निबन्धमा अत्यन्त भावुक र सौन्दर्यमय रूपमा बालबालिका र शिशुप्रति प्रेमभाव प्रकट भएको छ । "उनी भन्दछन् शिशुको प्रेमले नै संसार अडेको छ, सांसारिक क्लेश उनका प्रेमले आनन्दपूर्ण बन्छन् मान्छे लाडाइँ गर्छन् बालककै लागि अनि पृथ्वी अन्न उमार्छिन बालककै लागि" (जोशी, २०६१ :२२) । यस विषयवस्तुमा आधारित देवकोटाका प्रमुख निबन्धहरू 'मेरी शिशु', 'आमाको दिल', 'शिशु भक्षकका लागि क्षमा प्रार्थाना' आदि हुन् । 'प्रकृतिको मनग्गे सामीप्यमा रहने तथा सुन्दर, सुकोमल र टुना मोहनीका प्रतीक शिशुप्रति प्रेम प्रकट गर्दै सांसारिक क्रियाकलापको सञ्चालनमा शिशुको उत्प्रेरक भूमिका र महत्त्व रहने तथ्यको उद्घाटन गरेका छन्' (जोशी, २०६१ : २२) । त्यसर्थ प्रकृतिप्रेमको रूपमा बालबालिकाप्रतिको प्रेमभाव पनि उनको प्रमुख प्रवत्ति रहेको पाइन्छ ।

निबन्धकार देवकोटा अत्यन्त भावुक एवम् मानवतावादी व्यक्तित्व र स्रष्टा हुन् । "उनको स्वभाव परोपकारी थियो र यही परोपकारी प्रवृत्ति अन्ततः मानवतावादमा रूपान्तरित हुन पुगेको छ" (काफ्ले, २०६९ : ६१) । उनले बालबालिकाप्रति पनि सहानुभूतिशीलता र प्रेमभाव प्रकट गरेका छन् । 'पहाडी जीवन' निबन्धमा उनले लेखेका छन् : "केटाकेटीहरू उसिनेको सिस्नोसँग ढिडो खान लागेका थिए, काँढाहरू अलिकति तातोले मर्दा रहेछन् । तैपनि मानव अन्नलीलामा त्यस्तो काँढादार पदार्थले कुकुल्ढुक गर्ने ढिडो घुचेट्दै पुलिसको काम दिएको देख्ता मलाई साह्रै नै दयनीय दृश्य देखेझैँ लाग्यो" (ल.नि.स.,पृ. ६) ।

गाउँले जीवनका अवोध र गरिब बाबुआमाका सन्तान बालबालिकाहरूप्रति देवकोटामा अगाध स्नेह प्रादुर्भाव भएको कुरा 'पहाडी जीवन' निबन्धमा व्यक्त गरेका छन् । उनले "आफूमा भएको ज्ञान र सीप ती ग्रामीण भेगका दुःखी बालबालिकालाई दिन चाहने रूचिका साथै शिक्षितहरूबाटै अशिक्षाको अन्धकारमा रूमलिएकाहरूको समस्या हटाउन सकिने चिन्तन प्रकट गरेका छन्" (काफ्ले, २०६९ : ६१) । उनले ती बालबालिकाप्रति सुधारको चाहना यसप्रकार व्यक्त गरेका छन् :

> मलाई लाग्यो कि बिचरा जङ्गली बिरूवाहरूलाई कठ्यांग्रिदो फूल खंग्र्याउने तुषारमय अज्ञान र दारिद्र्यबाट निकालेर आफ्नै घरमा लैजाउँ र विशाल संसारको सभ्य चमत्कृति र जीवनको होश अलिकति हालिदिउँ, कि । मलाई अक्सर त्यहाँ शिशुहरू बटुल्न या तालिम गर्न मन लाग्छ जो टुहुरा, मरन्च्याँसे र ज्यादा जङ्गली हुन्छन् । तिनको भविष्य निर्माणको सम्भावनामा उपन्यास बनेजस्तो देख्तछु र मलाई तिनको संस्कृत आत्माहरूले प्रतिभाशील उन्नतिमा देखाउने कृतज्ञताभन्दा ठूलो प्राप्ति दुनियाँमा अरू लाग्दैन (ल.नि.स., पृ. ६) ।

बालबालिकालाई शिक्षा प्रदान गर्दा पनि प्रकृतिलाई नै आधार मान्ने र प्राकृतिक शिक्षा प्रदान गरेपछि आधुनिक रसायन विज्ञानका करतुत गर्नेहरू समेत चकित बन्ने कुरा यस प्रकार उल्लेख गरेका छन : "धुललेमा अक्षर काट्ने थिएँ, रूखका बोक्रामा चित्रहरू ! विहान र बेलुका स्वर्ण

दृश्यअगाडि घुँडा टेकेर हात जोडेर आँखामा आँशु भरेर ती पहाडी शिशुहरूलाई बोलिले नभेट्टाउने धर्म सिकाउने थिएँ, अनि रसायनका बोक्सी रङ्हरूले तिनीहरू चकित हुने थिए" (ल.नि.स., पृ. ९) ।

देवकोटाले अरूलाई पनि प्रकृति अनुकूल ज्ञान र सङ्गीत सिकाइदिने कुराको अभिव्यक्ति पनि 'पहाडी जीवन' शीर्षकको निबन्धमा व्यक्त गरेका छन् । हाम्रो प्राचीन सभ्यता जो प्रकृतिमा निर्मित र निर्भर थियो त्यही ज्ञान बालबालिकालाई पनि दिने र प्राकृतिक जीवनको उत्थान गर्ने कुरा यसरी प्रकट गर्दछन् :

> तिनीहरूलाई मुरली, सारङ्गी र प्राकृतिक तवरका बाजाहरू बनाइदिन्थेँ । म धाइ हुन्थेँ पहाडी शिशुहरूका र तिनीहरू अतीतको कथामा कान लाउँदा लाउँदै सुतेर प्राचीन बेबिलोन र सिकन्दरका सपना देख्तथेँ । यहाँ मेरा निमत्त जीवन निर्माणको आनन्द हुने थियो उनीहरूका निम्ति फुल्नु, फैलनु र फराकिलो हुनु .....बच्चा र स्त्रीहरूका अनेक आवाज र रूवाइ हावामा खँदिलो हुन लागेको मैँले देखेँ र शिक्षाको प्राकृतिक कमजोरी भन्ने आफूलाई सम्झेँ (ल.नि.स., पृ. ९) ।

'मेरी शिशु' निबन्ध पनि देवकोटाको शिशुगुणप्रतिको प्रेमभाव प्रकट भएको निबन्ध हो । 'शिशुमा प्रकृतिको आरोप गरिएको यस निबन्धमा शिशुको हार्दिक स्पर्शमा आत्मीय अनुभूति र बाबुको भावनामा ईश्वरको सत्यांश छिपेको आत्मविश्वास लेखकमा हुन्छ' (चापागाई, २०२८ : ८) । शिशुहरूको गुणप्रति प्रेमभाव प्रकट गर्दै उनी लेख्छन् :

> मलाई नरम र कोमल सब चीज आएर त्यसबेला स्पर्श गर्थे, जब मलाई देखेर उसका दुई-आधारे नजर मुस्काउँथे । म सानो ईश्वर बनेझैँ उसको दुनियाँलाई आधार दिन्थेँ, ऊ प्रकृतिले नै बुझिरहेकी थिई । उसको आफूमाथिको आधार देखेर मलाई लाग्दथ्यो कि हत्यारो हुनु या हिंसा गर्नु मानवप्रकृतिको विरूद्ध रहेछ । मैले कोपिलाहरूलाई चुँड्न सकिन, घाँसका मुनाहरू उखेल्न सकिनँ (ल.नि.स., पृ. १५) ।

माथिका प्रस्तुत हरफहरूमा देवकोटाले शिशुहरूकै प्रेममय गुणबाट प्रकृतिको एक प्रमुख वस्तु वनस्पति समेत चुँड्न नसकेको र घाँसका मुनाहरू पनि उखेल्न नसकेको भाव दर्शाएका छन् । यसबाट पनि के प्रष्ट हन्छ भने देवकोटाका निबन्धमा शिशुगुणका साथै वनस्पति पनि उत्तिकै प्रिय र प्रेमयुक्त वस्तुको रूपमा प्रकट भएको छ । "शिशु प्रेमले नै संसार अडेको छ" (जोशी, २०६१ : २२) भन्ने देवकोटा आफू जलेर भए पनि एउटा अवोध शिशुको गुणलाई हेर्ने र शिशु तथा मानवहत्यारासँग लडाइँ गर्ने कुरा यसरी उल्लेख गर्दछन् : "म आगोमा बसेर पानी भईभई उसलाई हेर्दछु ! हत्याराहरूसँग क्रूर लडाइँ गर्दागर्दै उसको चेहरा हेरेर कोमल हुन्छ, मलाई स्वर्गको आगो चोर्न मन लाग्छ , जब उसको नजिक हिँडेदै आउन लागेको देख्तछु" (ल.नि.स., पृ. १६) ।

निबन्धकार देवकोटाले 'शिशुप्रति प्रेम प्रकट गर्दै संसारिक क्रियाकलापको सञ्चालनमा शिशुको उत्प्रेरक भूमिका र महत्त्व रहने तथ्यको उद्घाटन गरेका छन् 'मेरी शिशु' निबन्धमा उनी

लेख्छन् : "म अल्सी हुन सक्तिन उसका अगाडि, अनन्तसँग हरहमेशा जवाफदेही राख्तछु" (ल.नि.स., पृ. १६) । बालकको निम्ति जस्तोसुकै दु:ख सहन पनि तयार रहने र बालकले नै गर्दा यो धर्तीको सारा प्रक्रिया सञ्चालन हुने कुरालाई देवकोटाले यसप्रकार प्रकट गर्दै रहस्यमय रूपमा बालकप्रति प्रेमभाव व्यक्त गरेका छन् :

> मलाई आटलास नामको राक्षस बनाएर अनन्त कालसम्म आकाश र नक्षत्रका भार बोकेर बस् भने पनि म बस्न सक्तथेँ खाली शिशुका लागि । परमेश्वरका अनन्त दु:ख बालकले गर्दा परमानन्द बनिरहेछन्....तर परमेश्वर त्यो दु:ख सहनुहुन्छ, किनकि बालकसँग परमेश्वरको प्रेम छ । बालक नभए पृथ्वी हरियो हुने थिइनन् । ताराहरू त्यति टाढा बसेर साना-साना केटाकेटी जस्ता नीलो झूलभित्र छुनुमुनु गर्ने थिएनन् । बालक नभए सूर्यको उज्यालो पृथ्वीमा गिर्न सक्ने थिएन (ल.नि.स., पृ. १६) ।

माथिको अभिव्यक्तिबाट देवकोटाका निबन्धमा शिशुप्रतिको प्रेमलाई उच्च गरिमा प्रदान गरिएको थाहा पाइन्छ । उनले शिशुलाई दिव्यतासँग तुलना गरेका छन् । 'देवकोटा प्रकृतिको सुकोमलता शिशुत्वमा पाउँछन् भने शिशुत्वको स्नेहभाव प्रकृतिमा पाउँछन् । यस कारण प्रकृति र शिशुत्वभाव एक अर्काका परिपूरक हुन् भन्ने वास्तववविकता उनको ठम्याइ छ' (चापागाई, २०२८ : ८) । मानिस किन यत्तिको त्रिताप खप्छ ? उसको सबैभन्दा ठूलो सम्पत्ति के हो ? भन्ने प्रश्नको जवाफ यसरी दिएका छन् :

> हामी यत्रो त्रिताप खप्तछौँ किन ?-बालकको, 'शिशुलाई रक्षा गर्न, पाल्न, पोस्न ।' बालक हाम्रा देवता हुन् । दुनियाँको सारा कर्म उनलाई पूजा गरिरहेछन् । पृथ्वी अन्न उमार्छिन् मनुष्यका छोरा छोरी पाल्नका निम्ति । 'तेरो सबभन्दा ठूलो धन के मान्छे ?'-'मेरो नाबालक ।' मर्दा के चाहान्छस् मनुष्य?-'मेरो नाबालकको संरक्षण र तिनको भलाई ।'.....मेरा सब क्लेस शिशुका प्रेमले आनन्द बनिरहेछन् । म दुनियाँ बनाउन चाहान्छु, बिगार्न चाहान्न, किनभने म बालकहरूको प्रेमी छु (ल.नि.स., पृ. १६) ।

सन्ततिवियोग जतिको ठूलो वेदना आमाका निम्ति अरूकेही हुँदैन भन्दै 'आमाको दिल' निबन्धमा पनि बालक शिशुप्रति प्रेमभाव प्रकट गरेका छन् । उनी लेख्छन्- "हे ईश्वर', मैँले भने, "हामीलाई भार, दु:ख देऊ तर बालकबाट यसरी जननीलाई वियोग नदेऊ" (ल.नि.स., पृ. १६७) । शिशुको गुणप्रति अनन्य प्रेमभाव व्यक्त गर्दै उनले एउटा शिशुको मनोभावना र आकांक्षालाई प्रस्तुत गर्दै शिशुको मनोवृत्ति र भावनाको कदर नगर्नेप्रति कडा व्यङ्ग्य यसप्रकार उल्लेख गरेका छन् :

> म तेरो छातीमा म लिप्सिन आएथेँ, तँलाई आमा बुबा भन्दथेँ । तर मलाई देखेर तेरो संसारले बहिरो कान लगायो र मेरा सबै ध्वनिहरू हृदयमा लिएन । म ताती गर्दै संसार धारण गरिरहेथेँ, मृदूलतामा तैँले जीवनको वशाल धर्मको स्पर्श गर्न सकिनस् । मेरो एक

मुस्कानमा समस्त क्रूरता निभाउने शीतलता थियो, अमृतको ज्योति ! संसारले समभ्रमा ल्याउन सकेन ! त्यहाँ निर्मलता थियो, त्यो देखेर तँ शर्माइनस् ! त्यहाँ विश्वप्रतिभालाई आफु सम्भाल्ने अनन्त मृदूल नसाका क्रिया थिए । एक एकको दिव्य स्थितिलाई अनन्तको क्रियात्मक प्रतिभाशाली होसको निमेष व्यापारहरूको चमत्कारी आवश्यकता थियो । तर तँ बुद्धु थिइस् तैले क्षणहरूलाई अवहेलना गरिस् । त्यो दिव्य कलाका सूक्ष्म सूत्रहरूका मधुर सङ्केतमा मृदुल हुन सकिनस् । त्यहाँ सच्चा दिव्य धर्म थियो । तँलाई मैँले त्यो मृदूलद्वारा कर्म सिकाउन खोज्दथेँ ! तँ खालि मोहन प्राप्तिमा फुर्फुरिएर भौतिक नाताहरूमा सन्तुष्ट बनिस् । .... त्यसैले मैँले वियोगको हतियारले मेरो हृदयको बज्र फोरे ! अनि तँ सत्यको दिव्य होशले रोइस् (ल.नि.स., पृ. १६८) ।

शिशुले विश्वमा मोहनीको जादू फैलाउँछ र पुरुष उनको संरक्षक शक्ति हो भन्दै शिशुलाई प्रेम गर्ने संसारमा हिंसाको मात्रा पनि कम हुने धारणा देवकोटा यसरी प्रस्तुत गर्दछन् :

शिशुले विश्वमा मोहनी छाउँछ र जननीको हृदयले त्यसलाई धारण गर्दछ । पुरुष खालि उनको संरक्षक शक्ति हो जसले उनको छातीका चिरचिराहरूलाई हानी गर्न खोज्नेलाई हिंसा र नासको तुफान देखाउँछ । शिशुलाई आदर गर्ने संसारमा हिंसाको मात्रा कम हुन्छ र जुन धर्मले शिशुसंरक्षणको दिव्य सूक्ष्मता देखाउँछ, त्यही धर्म संसारको सच्चा धर्म हो । अरू धर्ममा खिचातनी छन् (ल.नि.स., पृ. १६८) ।

केटाकेटीहरूको चञ्चलेपनाप्रति देवकोटाले अफ्ना निबन्धमा व्यङ्ग्य भाव पनि प्रकट गरेका छन् । उनीहरूलाई जे नगर भन्यो त्यही गर्ने बालबालिकाका स्वभावको चर्चा गर्दै उनी लेख्छन् : “केटाकेटीहरूलाई ‘केही नगर’ भन्नु मात्र होस् त उनीहरू मौका पाउनासाथ उखोधर्म त्यही काम नगरी छोड्दैनन् । प्रकृतिको प्राकृत प्रेरणाले .........” (दा.रू., पृ. ९८) ।

बालबालिकाहरूको स्वभावै हुन्छ कि कुनै कुरामा जिज्ञासा राख्नु, अर्काको नक्कल गर्नु आदि । यो उनीहरूको बालसुलभ प्रक्रिया हो र प्रकृतिप्रदत्त व्यवहार पनि । त्यसर्थ देवकोटाले यस रहस्यको खोलुवा पनि ‘धुम्रपानको क्षमा प्रार्थना’ शीर्षकको निबन्धमा गरेका छन् ।

उपर्युक्त विश्लेषणका आधारमा देवकोटाका निबन्धमा बालबालिकाका प्राकृतिक रूप तथा गुणप्रति प्रेमभाव प्रकट भएको पाइन्छ । उनले बालबालिका र शिशुहरूलाई कतै दिव्यताको स्थान दिएका छन् भने कतै संसारको महत्त्वपूर्ण सम्पत्तिको रूपमा चित्रण गरेका छन् । बालबालिकामा हुने चञ्चलता, अवोधपना, सौन्दर्य आदि गुणहरूप्रति प्रेमभाव प्रकट गर्दै धर्तीको सार नै बालकप्रेममा अडेको कुरा व्यक्त गरेका छन् । यो पनि उनको निबन्धको विशिष्ट पक्ष हो । प्रकृतिको सुकोमलता बालबालिकामा र बालबालिकाको अस्तित्त्व प्रकृतिमा नै छ भन्दै प्रकृति र बालबालिका एक अर्काका परिपूक रहेको कुरा उल्लेख गरेका छन् ।

### ४.२.३ तन्मय आधारमा प्रकृतिको प्रेम

प्रत्यक्ष रूपमा देख्न र छुन सकिने प्रकृतिका विभिन्न वस्तुहरूप्रतिको वस्तुपरक चित्रण र प्रेमलाई तन्मय प्रकृतिको चित्रण तथा प्रेम भनिन्छ । तन्मय "प्रकृति भन्नाले हिमालदेखि समुन्द्रसम्मका स्थलभाग र यहाँका रूख, बिरूवा, बनजङ्गल, हावा-पानी, खोला नाला, जीवजन्तु एवम् पशुपन्छीहरू, आकाशीय ग्रह नक्षत्रहरू आदि पर्दछन्" (जोशी, २०६१ : ७) । यी लगायतका अन्य प्रत्यक्ष देख्न वा तनले स्पर्श गर्न सकिने प्राकृतिक वस्तुप्रतिको प्रेम नै तन्मय प्रकृतिको प्रेम हो । निबन्धकार देवकोटाका प्रायः प्रकृतिपरक निबन्धहरूमा तन्मय प्रकृतिप्रति प्रेमभाव प्रकट गरिएको पाइन्छ ।

'श्रीगणेशाय नमः' शीर्षको निबन्धमा उनले लेखक तथा आफ्नो लेखकीय मान्यताको बारेमा प्रष्ट्याएका छन् । लेखकहरूले र स्रष्टा सर्जकहरूले तन्मय प्रकृतिलाई आफ्नो सिर्जनाको प्रेरक मान्ने कुराको अभिव्यक्ति यस निबन्धमा दिएका छन् । उनी लेख्छन् "....मलाई एउटा हरियो बालाहाल्दो चियाबारी नामको हावाको लहरमा सरसराउँदो खेतको फैलावट उपर मसलाको बाङ्गोटिङ्गो अग्लो बृक्षनेर त्रिचन्द्र कलेजको पूर्वपट्टिको रातो झ्यालनेर अनेक लेखकहरूका बीचमा ......" (ल.नि.स., पृ. १) । उनी आफ्ना लेखहरू लेख्दा वा सिर्जनाहरू गर्दा पनि तन्मय प्रकृतिमै काखमा बस्त मनपराउँथे । 'आफ्ना सिर्जनामा प्रकृतिको चित्रण गर्न मनपराउने देवकोटा हरबखत प्रकृतिका नजिक रहन चाहान्थे भन्ने कुराको अभिव्यक्ति पाइन्छ' (काफ्ले, २०६९ : ६६) ।

'पहाडी जीवन' शीर्षकको निबन्ध "देवकोटाको यात्रा संस्मरणात्मक निबन्ध वा नियात्रा हो । यसमा उनले गोसाइँथान र झिल्टुङ्को यात्रामा देखेको पहाडी प्रकृतिको वर्णन गरेका छन्" (जोशी, २०६१ : २१) । तन्मय प्रकृतिप्रेमका दृष्टिले यो निबन्ध पनि महत्त्वपूर्ण छ । झिल्टुङ्को यात्रामा देखेका प्राकृतिक दृश्य र त्यसप्रतिको प्रेमभाव यसरी व्यक्त गरेका छन् : "पहाडी जीवनको अलि राम्रो परिचय मैले झिल्टुङ्मा पाएँ । बाटो बडो राम्रो थियो .........महेशखोलाको लामो रेखा र एक दुई पहाडका रमणीय चित्रहरू .........कोल्पुखोला तरेर एउटा जङ्गल भएको पहाड चढ्यौं ......... त्रिशूलीनदी तलतिर बगेको रमणीय दृश्य देखिँदो रहेछ" (ल.नि.स., पृ. १२) ।

पहाडतिर देखिएका प्राकृतिक दृश्यको सुन्दर र तन्मय चित्रण उनले यसरी अभिव्यक्त गरेका छन् : "पिँढीदार झोपडीहरू तल्लो छानामा पाकेका फर्सीहरू पहेँलिएर टम्म रहेका, .....भिराला खेतहरू र साना-साना बगैँचा जस्ता बारीहरू बनाएका, जहाँ केराका बोटहरू, सुन्तला, भोगटेहरू देखिन्छन् र एक दुई ठाउँमा लिचिका बोटहरू पाइन्छन् । माटो अलि ढुङ्गिलो र रातो किसिमको हुँदो रहेछ" (ल.नि.स., पृ. १२) ।

पहाडी जीवनको तन्मय प्रकृतिप्रति देवकोटाको विशेष झुकाउ छ किनकि न त त्यहाँ ईर्ष्याको कुनै लेश न त छलछामयुक्त व्यवहार, निश्च्छल प्राकृतिक जीवन देवकोटाको रूचि हो ।

उनी लेख्छन् : "……गठिलो शरीर, तन्दुरुस्ती र ऋणमा नडुब्नु नै यिनलाई जीवन जस्तो लाग्छ । यिनीहरू आफ्नै हातले उमार्दछन्, गोड्दछन्, फलाउँछन् र खान्छन् …..ढुङ्गिलो भिरालो पहाडको छातीबाट यिनीहरू आफ्ना चाहिँदा चीजहरू निकाल्छन् खरखुशामद र झुट्टा, बाङ्गा चालको जरूरत छैन" (ल.नि.स., पृ. १४) ।

देवकोटाले आफू पहाडमा रहँदा गरेका अनुभवलाई वस्तुपरक र तन्मय रूपमा प्राकृतिक जीवनप्रति मोह देखाएका छन् । "प्रकृतिका प्रेमी एवम् पुजारी कवि देवकोटाले यहाँ ग्रामीण प्राकृतिक पहाडी जीवनप्रति अत्यधिक आकर्षित हुँदै" (जोशी, २०६१ : २१) यसप्रकार तन्मय प्रकृतिको चित्रण गरेका छन् : "यहाँ शहरको झिलिमिलि छैन, न घर्घराहट जसले मानवताका कलपुर्जाहरू थर्थराउँदै घर्घराउँदै जीवनको प्राकृतिक आर्यपना खलबल्याउँछन्, यहाँ कृत्रिमता छैन जीवन प्राकृतिक छ, खानामा विष हालिँदैन, पहाडको दूध पोसिलो छ, यद्यपि दुहुन गाहारो होस्" (ल.नि.स., पृ. १४) ।

'मेरी शिशु' निबन्धमा तन्मय रूपमा पनि शिशुप्रति प्रेमभाव प्रकट गरेका छन् । देवकोटा लेख्छन् :

> म आगोमा बसेर पानी भई-भई उसलाई हेर्दछु ! म हत्याराहरूसँग क्रूर लडाइँ गर्दागर्दै उसको चेहरा हेरेर कोमल हुन्छु, मलाई स्वर्गको आगो चोर्न मन लाग्छ, जब उसको नजिक हिँड्दै आउन लागेको देख्तछु" (ल.नि.स., पृ. १६) । "ताराहरू त्यति टाढा बसेर साना-साना केटाकेटी जस्ता नीलो झुलभित्र छुनुमुनु गर्ने थिएनन् । बालक नभए पृथ्वी हरियो हुने थिइनन् । सूर्यको उज्यालो पृथ्वीमा गिर्न सक्ने थिएन (ल.नि.स., पृ. १६) ।

'सुकुलमाथि' निबन्धमा देवकोटाले ऋषिमुनिहरूले सुकुलमा बसेर ज्ञान प्राप्त गरे, हामीले पनि टेबुल र कुर्सी प्रयोग गरेर अप्राकृतिक बन्नु हुँदैन भन्ने कुरा उल्लेख गरेका छन् । उनले प्राकृतिक जीवनमा जोड दिएका छन् । 'लेख्ने बानी' मा "मेरो प्रकृति फेरि अन्वेषण र विश्लेषणको हाडघोटाइमा लाग्दथिन् तर सत्यको मुहार देख्नासाथ यमकातर जस्ता भएर इन्द्रियहरू शिथिलाउँथे" (ल.नि.स.,पृ. १९) भन्दै आफ्नै प्रकृतिप्रति तन्मयता प्रकट गरेका छन् । उनले यस निबन्धमा प्राकृतिक सत्यताप्रति जोड दिएका छन् । 'मान्छे जादू' निबन्धमा इन्द्रियजन्य भाव यसप्रकार उल्लेख गरेका छन् : "मेरो नाकलाई उषाले फूलबाट शीतमय गन्ध निकालिरहिछन् कृत्रिम उत्तरहरूको विभिन्नता र तिनका कारखानाउपर किन व्याख्यान छाँटू ? स्पर्शलाई सिमल फुले" (ल.नि.स., पृ. ४०) ।

'के नेपाल सानो छ ?' राष्ट्रप्रेमले ओतप्रोत भएको निबन्ध हो । यस निबन्धमा पनि देवकोटाले नेपाललाई प्राकृतिक वैभवको आधारमा सुन्दर, शान्त र विशाल देशको रूपमा चित्रण गरेका छन् । प्रकृतिको वस्तुपरक चित्रण र तन्मय प्रकृतिप्रेमका दृष्टिले यो निबन्ध पनि महत्त्वपूर्ण छ । उनी लेख्छन्: "सानो भनेको के, ठूलो भनेको के ? यो दुनियाँमा तारालाई ठूलो भनौं भने अनन्त आकाशमा जूनकीरी जस्ता देखिन्छन् । बालुवाका दानालाई सानो भनौं भने एक कणमा सूक्ष्मदर्शी यन्त्रले र विज्ञानले विश्वको झिलिमिली जादू गरी दर्शाइरहेका छन्" (ल.नि.सं., पृ. ५२) । 'देवकोटालाई आफ्नै

देशका विभिन्न भू-भागप्रति धेरै आस्था र अनुराग छ' (काफ्ले, २०६९ : ११२) । उनी लेख्छन् : "म वनकालीमा आनन्द पाउन सक्तछु, तर कलकत्ता जाँदा बिर्सिन्छु । पहाड र गानाको नित्य सम्बन्ध छ, जस्तो वाक् र अर्थको" (ल.नि.सं., पृ. ५५) ।

नेपाली धर्तीको तन्मय प्रकृतिमा रमाउँदै 'के नेपाल सानो छ ?' निबन्धमा उनी यस्तो भाव अभिव्यक्त गर्दछन्:

> जुन पृथ्वी यस्ती शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रङ्गदार छन्, जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, चरा , मृग र बाघहरूले परिपूर्ण संसार, जसलाई हेर्दा मानवमुटु विचित्र त्रासले ढुक्क फुल्दछ......जहाँ प्रकृति रङ्ग रङ्गका दृश्यचित्र रची-रची रङ्ग रोशनी परेका कुशलता प्रदर्शन गरिरहेकी छन्, जहाँ लहराहरू राष्ट्रिय झण्डाझैँ प्राकृतिक पर्खालमा फरफराइरहेछन्, अनेकौँ फूलहरूले सुशोभित बनेर जहाँ सर्वोच्च हिमालय शासन गरिरहेछ.... (ल.नि.स., पृ. ५५) ।

आफ्नो मातृभूमिप्रति प्रेमभाव प्रकट गर्दै, यहाँको प्रकृतिमा रमाउँदै उनी आफूले नदेखेको कुरासँग के मतलब भनि तन्मय प्रकृतिमा नै रम्न पुग्दछन् । उनले लेखेका छन् : "विदेश भनेको सपना हो, एउटा कता कताको कथा हो, नदेखेकै झिलिमिली हो, अपष्ट अग्राह्य बाहिरी कुरा हो, जो मेरो क्षितिजभित्र पर्दैन, त्यससँग मेरो नजरको के नाता ! .......साधारण मनुष्यका निमित्त शिरमाथिको आकाश गोलाभन्दा ठूलो चीज केही हुँदैन........" (ल.नि.स., पृ. ५६) ।

'फूल' निबन्धमा मन्मयका साथै तन्मय प्रकृतिप्रति पनि प्रेमभाव प्रकट गरिएको छ । उनी प्रकृतिको वास्तविक मोहनी वसन्तको मृदूलतामा प्रकट हुन्छ भन्ने भाव यसरी प्रस्तुत गर्दछन् : "वास्तवमा प्रकृतिको मोहनी मृदूल अधरबाट बोल्दछ । अनन्त सौन्दर्यका झिल्काहरू वसन्तको नवजागृतिमा वसुन्धराउपर छरिन्छन् । फुलेको बगैँचाले हामीलाई भित्रभित्रै उचाल्दछ । रहस्यमय देशबाट आएका वैशाखका पाहुनाहरूले जीवनको निकेतनलाई रमाइलो गराउँछन्" (ल.नि.स., पृ. ६५) ।

चित्रका वस्तु र प्रकृतिमा सजीवता सौन्दर्य नपाउने देवकोटाले तन्मय प्रकृतिप्रति यसरी प्रेमभाव प्रकट गरेका छन् : "चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यहीँ छ फूलको मोहनी ! भँवराले गुलियो रस चुसिरहेछन" (ल.नि.स., पृ. ६७) ।

'आषाढको पन्ध्र' मा पनि उनले तन्मय प्रकृतिप्रति प्रेमभाव अभिव्यक्त गरेका छन् । आषाढ महिनामा नेपालको ग्रामीण भेगमा देखिने दृश्य, प्रकृतिको हरियालीमय सुन्दरता, वर्षा, बादल आदि विभिन्न वस्तुप्रति उनले तन्मय रूपमा प्रेमभाव प्रस्तुत गरेका छन् । उनी लेख्छन्:

> नेपालमा खुशियाली छ । हृदयले नवागत पाहुनाको प्रेमपूर्वक स्वागत गरिरहेछ । क्षितिजको किनारामा पूर्वका डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएका बादलका छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ्ग चढायो .....आजको लालीमा विशेष

मोहनी थियो । आजको उदयमा हृदयको विशेष उल्लास थियो, प्रेमको अवलोकनले कृतिका सौन्दर्यमा ......थप्तछ (ल.नि.स., पृ. ७०) ।

बालबालिकाका मनोहर व्यवहारलाई पनि तन्मय रूपमा प्रस्तुत गर्दै उनी लेख्छन् : "बालकहरूको मीठो बोली, मधुर हास्य तथा उफ्रनु देखेर खस्रा इमान्दार हातले जोडदार चुड्की बजाउँदै गाउँले गीतले उनीहरूलाई एकै छिन नचाउँछ । बालकहरूकी आमा चाहिँ निर्दोष खुला चालले हाँसेर चमकदार आँखाका ज्योति नगाउँछे, तब रोपाइँका निमत्त तयारी शुरू हुन्छ" (ल.नि.स., पृ. ७०) । "दूरवर्ती पहाड पाटा-पाटामा घामले छोएर हरियालीको सौन्दर्य देखिन्थ्यो, फेरि छाया पर्दथ्यो र उही नीलो अस्पष्टताको मोहनीतलतीर रोपाइँ चलिरहेको थियो (ल.नि.स.,पृ ७२) ।

आषाढ महिनामा प्रकृतिमा पाइने वनस्पतिलाई ग्रामीण महिलाहरूले प्रयोग गरेका दृश्यको उनी तन्मय रूपमा यसप्रकार प्रस्तुत गर्दछन् : "आलीका केही हरिया झरीहरू एउटीको केशमा लगाइन्छन्, केही धानका हरिया बीउहरू अर्कीको कपालमा चढाइन्छन् । कसैले असारेका राता फूल सिउरेका छन् । कसैले एक दुई मकैको कलिलो चमर पनि" (ल.नि.स., पृ. ७३) ।

वर्षात्को मौसममा केही क्षणमा नै पानी पर्ने, फेरि घाम लाग्ने कुरा प्रकृतिको स्वाभाविक प्रक्रिया हो । देवकोटाले यसको चर्चा पनि उनका निबन्धमा तन्मय रूपमा यसरी प्रकट गरेका छन् : "हामीहरूले धेरै बेर हेरिरह्यौं, सुनिरह्यौं, आकाशमा बादल बाक्लिएर आयो, दुईचार थोपा गिऱ्यो, झन् अध्याँरो भयो र घनघोर वर्षा आयो । हामीहरूले छाता लगेका थिएनौं ......खेतमा उनीहरू झन् खुशीले रोपाइँ गरिरहेका थिए" (ल.नि.स., पृ. ७४) ।

मानव भलाई जस्तो भावात्मक कुरालाई पनि देवकोटाले 'कला र जीवन' निबन्धमा तन्मय रूपमा यसप्रकार प्रेमभाव व्यक्त गरेका छन्: "आफ्नै प्रकृति र बाह्य जगत् प्रर्दशनहरूमा पनि तिनै उपकारको मूल तत्त्वको आभास र सूक्ष्म सङ्केतहरू छाम्न पुग्दछ" (ल.नि.स., पृ. ७७) ।

'मसलाको बोटले केहेर्छ ?' देवकोटाको आयामेली भावको निबन्ध हो । 'यस निबन्धमा मसलाको बोटलाई प्रकृतिको प्रतीकको प्रस्तुत गर्दै उनले त्रिचन्द्र कलेज, घण्टाघरस्थित भाषानुवाद परिषद्मा जागिरे रहेका बेला उक्त परिषद्को आसपासबाट देखिने मसलाको बोटसँग सहभाव राख्दै त्यहाँबाट चारैतिर देखिने मानववस्ती र प्राकृतिक वातावरणमा आएका परिवर्तनहरूलाई समेटी' (जोशी, २०६१ : २६) प्रकृतिको तन्मय चित्रण गरेका छन् । 'सुस्तरी श्वास फेर' अहिंसाको पक्षमा लेखिएका निबन्ध हो, 'यसमा उनले सजीव तथा निर्जीव दुबै स्तरका प्राणीहरूको विनाश र आत्महत्या सम्मलाई हिंसाको अर्थ दिएका छन्' (चापागाई, २०२८ : १३) र तन्मय प्राकृतिको संरक्षणमा जोड दिएका छन् । उनी लेख्छन् : "मलाई कोपिला टिप्न डर लाग्छ, मुना चुँड्न हात काँप्तछ, फूल शायद आजसम्म मेरो हातले च्यातेको होओइन ...........राम्रो चीज देखे रूँ रूँ लाग्दछ, मानौं म त्यससँग प्रेम गर्न चाहन्छु" -ल.नि.स., पृ. १५८) ।

'गौरी शंकर यात्रा' निबन्धमा पनि तन्मय प्रकृतिको चित्रण गर्दै त्यसप्रतिको प्रेमभाव प्रकट भएको छ । बालबालिकाले इन्द्रेणी देखेपछि त्यसलाई छुन पछि दौडने आदि व्यवहार र उत्प्रेरणा प्राकृतिक हो भन्दै उनी यसप्रकारको भाव व्यक्त गर्दछन्: "बालकको इन्द्रेनीपछि दौड्ने र चन्द्रमा हातले पक्रन खोज्ने तिर्सनाहरू सभ्यता र उन्नतिका प्राकृतिक प्रेरणा हुन् । मानौं प्रकृतिमाताले हरहमेशा 'लौ पुग त नानी' भन्ने उत्तेजनाले हाम्रो बालचरण ठड्याउँदै र चलाउँदै गरिरहिछिन्" (ल.नि.स., पृ. १७७) ।

समुन्द्रको पिँधमा डुबेर मोती लिने चाहना यसप्रकार उल्लेख गरेका छन् : "म समुन्द्रको पिँधमा डुबेर मोती खोज्न चाहन्छु" (ल.नि.स., पृ. १७७) ।

'श्रीपंचमीको दिन २०१०' निबन्धमा उनी प्रकृतिको वस्तुपरक तथा आत्मपरक दुबै रूपमा प्रेमभाव प्रकट गर्दछन् । तन्मय प्रकृतिको प्रेमका दृष्टिले यो निबन्ध पनि महत्त्वपूर्ण छ । वसन्तऋतुमा देखिने प्राकृतिक सौन्दर्यलाई त्वचाग्राह्य र चछुग्राह्य चित्रण उनी यसरी प्रकट गर्दछन् :

> यस कुराको पहिलो सेतो खुशी आलुवखडाका सेता मोती फूलहरूले प्रकट गरिरहेछन् । प्रचुरसाथ रूख फूलको धरहरा बनिरहेछ । बाङ्गाटिङ्गा लचकदार हाँगाहरू सम्पूर्ण सेताम्य छन् । हरियो हराएको छ । .... वनस्पतिमा पनि वर्ष प्रतिरूप वसन्तको आगमन अगाडि नै केही सूक्ष्म क्रियाहरू चलिरहेका पाइन्छन् । सूर्य मकरबाट फर्किनासाथ भित्रबाट उक्सिसकेको पात र फूलको गिर्खाहरू फुटेर रङ्ग देखाउन थाल्दछन् । ......तोरीका फूलहरू बारीमा पहेँलाम्मे हुँदा कीपमा पहिले सेतो कोपिला र फूलहरू निस्केर पहिलो पुतलीले रस चुसेको देखेँ......तिनका साथ अलि-अलि अर्कै किसिमबाट चिल्ला कलिला पालुवा पनि चढेका थिए । पहिली पुतली हावामा फुरफुरिएर आई, एक फुटेको कोपिलामा गएर थपक्क बसी अनि मधुररस एक चौथाइ मिनेटको लम्बाईतक यति निश्चल परमानन्दले चुसी ....." (दा.रू., पृ. ८०-८१) ।

'भ्रमणको महत्त्व' शीर्षकको निबन्धमा पनि तन्मय प्रकृतिप्रति यसरी प्रेमभाव अभिव्यक्त भएक पाइन्छ : "कोही कोही विरुवा हुन्छन् जो पशुहरूको जस्तो लक्षण देखाउने गर्छन् । एक विरुवा हुन्छ जो आफ्ना हात हावामा फैलाएर किरा पर्नासाथ तिनलाई सिकुड्छन् .... यी सब चीज .... वनस्पति जनावरतर्फ विकास हुने जिव क्रियाको आरम्भदेखि सुरू भएको एक बडो चाखलाग्दो क्रिया हो" (दा.रू.पृ. ८७) । हो 'दाडिमको रूखनेर' निबन्धमा देवकोटा लेख्छन् :

> प्रकृतिलाई हेर्दा हामी आफू बाहिर निस्कन्छौं । मानिसलाई निरीक्षण गर्दा हामीहरू आफ्नो ......घुम्दछौं । बाहिर निस्कनुमा मजा छ । उपन्यास छ । हामी आफूभन्दा विशाल शक्तिसँग मुखामुख हुन जान्छौं । मानौं प्रकृतिको समीक्षण विदेश भ्रमण तथा विजाति अवलोकन जस्तो ....हुन्छ । प्रकृतिका सौन्दर्य सिर्जनाहरूद्वारा हामीलाई हृदय बुद्धि खिचिएर त्यस विशाल विश्वको आत्मासँग मौन भाषण गर्न थाल्दछौं (दा.रू., पृ. १११) ।

उपर्युक्त विश्लेषणहरूबाट देवकोटाका प्रकृतिप्रेमपरक निबन्धमा तन्मय प्रकृतिप्रति प्रेमभाव अभिव्यक्त भएको पाइन्छ । उनका निबन्धमा कतै त्वचाग्राह्य, कतै कर्णग्राह्य, कतै स्पर्शग्राह्य तथा कतै चछुग्राह्य आदि विविध आधारमा प्रकृतिको तन्मयताप्रति स्नेहभाव अभिव्यक्त भएको छ ।

### ४.२.४ मन्मय आधारमा प्रकृतिप्रेम

प्रकृतिको स्वरूपलाई मनले ग्रहण गरिसकेपछि स्रष्टाको वा भावकको मनमा जस्तो प्रभाव पर्दछ त्यो नै मन्मय प्रभाव हो । प्रकृतिमा भएका विभिन्न वस्तुहरूप्रति मनमनै गरिने प्रेम तथा प्राकृतिक सम्पदा देखेर उत्पन्न र प्रकट भएका प्रेमभावयुक्त भावनालाई मन्मय प्रकृतिको प्रेम भनिन्छ । प्राकृतिक सौन्दर्य र सम्पदालाई आफ्नै मनमा सजाएर अभिव्यक्त गर्नु देवकोटाको प्रमुख विशेषता नै हो । त्यसमा पनि 'उनका निम्ति प्रकृतिदर्शन प्रथम प्रेय विषय हो' (अवस्थी, २०६४ : ११४) । प्रकृतिका स-सानादेखि विशालकाय तथा अदृश्य वस्तुप्रति समेत उनले आफ्नो बेजोड कल्पनाको सहायताले मन्मय प्रकृतिको चित्रण तथा त्यसप्रति प्रेमभाव प्रकट गरेका छन् । यो विशेषता प्रकट भएका देवकोटाका प्रमुख निबन्धहरू 'निद्रा', 'सरिताको कलकलमा', 'कविहुने धुनमा', 'फूल', 'दाडिमको रूखनेर' आदि हुन् ।

आफ्नो साहित्यिक सिर्जनाको मान्यताको रूपमा प्रस्तुत 'श्रीगणेशाय नमः' निबन्धमा देवकोटाले आफूले मन्मय प्रकृतिमा रमाई सिर्जना गर्न मनलाई आदेश दिएको कुरा यसरी प्रकट गरेका छन् :

> म भन्छु, ए मन तँ रंगिइजा : रूपौला लहर झल्काई सिलिङ् मिलिङ् गरेर सलसली नालाहरू वनमा नागवेली पर्दै पहाडका सजिला फेद कुना खोज्दै समुद्रतिर चलमलाउँछन् ..... मीठो पार् र अगाडि बढ्, कतै निर्झरको हाम्फाल्नुले, कतै पातलिएको कलकलले । आहा ! के लहडतरंगले जीवनको सच्चा मुटु छुँदैन र? (ल.नि.स., पृ. ३) । ....लहरी बडो छिटो तरल पहाडी जल ओर्लिएझैँ द्रुत लयमा खुट्टाका चालसँग मिलेर नाचिरहेको छ र तिनीहरू हाँस्तछन् मुसुमुसु हामी नौला परदेशी देखेर, मानौँ जलका लहरीमा मुस्कान नाची-नाची खेलिरहेछ । वृन्दावनमा पुगैं तर उराठ, धुलाम्मे चिच्याट लाग्दो मोहनीहीन ! तर यहाँ चढैं धेरै उच्चतामा । यहाँ पहाडको झर्नादार काँधमा एउटा रमाइलो कुञ्ज बनोस् त पूर्णचन्द्र उदाउँदाखेरि यिनीहरूसँग नाच्न कृष्णजी ओर्लन्थे (ल.नि.स., पृ. ११) ।

'सरिताको कलकलमा' निबन्धमा देवकोटले सौन्दर्यवोधको रहस्यलाई झल्काएका छन् । प्रस्तुत निबन्धमा उनले सौन्दर्यवोध तिन किसिमबाट हुने कुरा स्पष्ट पार्दै चेतन, अचेतन र अचेतनका तहबाट एउटा नदीले दिने सङ्गीतको चर्चा गरेका छन् जसमा मन्मय रूपमा सौन्दर्यानुभूति प्रकट गरेका छन् । चेत, अवचेत र अचेत मध्ये अचेत अवस्थाबाट सौन्दर्यको वोध

हुन्छ । अचेत सौन्दर्य वोध अमूर्त र अनन्त रहन्छ जसको आभास हृदय धरातलमा ठोकिँदा आनन्दानुभूति हुन्छ र मनका सारा विकृतिहरूलाई पन्छाएर सत्यं, शिवं, सुन्दरंको ज्योति छर्न सक्छ । "यस किसिमको सौन्दर्य तत्त्व अवचेत र चेत अवस्थामा परिवर्तित हुँदै साहित्यिक अभिव्यक्तिको रूपमा अभिव्यक्त हुन्छ जसको माध्यम साङ्गीतिक तथा लयात्मक ध्वनिको मूर्तभाव हुन्छ" (चापागाई, २०२८ : १७) । देवकोटा भावजगत्को सूक्ष्मातिसूक्ष्म अन्वेषणद्वारा साहित्यिक एवम् कलात्मक सौन्दर्यवोधको आनन्दानुभूति दिलाउने अभिव्यक्तिको स्थापना गर्न यस निबन्धमा प्रयत्नरत देखिन्छन् । उनले नदी र जलप्रतिको प्रेम यसप्रकार उल्लेख गरेका छन् :

> जहाँ चालमा सजीवता छ, त्यहाँ जीवनले स्पन्दन पाउँछ र सौन्दर्य भनेको आखिर मधुर सम्भावनाको आढ्यतासँग गाँसिएको तारल्य नै जस्तो लाग्न आउँछ । प्रकृतिका विशाल क्षेत्रमा हामी स्थावरभन्दा जङ्गलमा ज्यादा लहसिरहेका छौँ । हामीहरू चाहन्छौँ कि पहाडहरूका ओठहरू चलुन्, तिनको नीलो दृढमूल तत्त्व अलिकति हल्लियोस्, यस अभिलाषालाई दोलायमान वल्लरी वृक्षहरूले कहिले कहिले सन्तोष पुऱ्याउँछन् र कहिले बादल, हावा र ज्योति परिवर्तनले तर तिनको विशाल वक्षस्थलबाट हामीले समुत्सुक समीक्षण गरिएको सौन्दर्य सम्झिएका चीजहरूमध्ये सबभन्दा हृदयाकर्षक ध्वनिहरू तरल अथरवाला महीथरपक्ष : प्रवाहित जलधारामा नै अनुभाव्य हुन्छ । यस्तो विदित हुन्छ, मानौँ ती विशाल अभ्रभेदी श्रृङ्गारहरूका प्रतिक्षण प्राप्य उच्चदेशीय अनुभवहरू स्वर्गिक भाषाको अस्पष्ट माधुर्यसाथ जगत्प्रवाधक निनादहरू लहरा, चरा, फूल र हरियालीसँग मिसिएर निम्नप्रवाही बनिरहेछन् त्यो मधुर शब्दोत्पादक रसिलो करालोमा, जो पारावारतिर जलबाहिनीलाई लैजान्छ (ल.नि.स., पृ. ३४) ।

'मान्छे जादू' निबन्धमा पनि देवकोटाले मन्मय रूपमा मानवीय गुणप्रति र प्राकृतिक चेतनाप्रति प्रेमभाव प्रकट गरेका छन् । "देवकोटाका विचारमा जादूभन्दा मान्छे स्वयम् नै विचित्रको जादू हो" (जोशी, २०६१ : २३) । प्रकृतिका उपासकहरू नै यस धर्तीमा महत्त्वपूर्ण हुने भन्दै प्रकृतिलाई ईश्वर नदेख्ने डाक्टर वा वैज्ञानिकप्रति यस्तो धारणा व्यक्त गर्दछन् :

> प्रकृतिका उपासकहरूलाई पनि ईश्वर विभूतिको चेत स्नायुजलको चातुरीमा कहिले जिभ्रो काडेर निकाल्दो हो । कति माधुरी ? कति चातुरी ! उनीहरू विकास देख्तछन् त्यहाँ, जहाँ शून्यको राज्य मान्ने प्रवृत्ति डाक्टरहरूमा प्राकृतिक छ । मैँले आँखाका खोपिल्टामा संरक्षणी जादू देखाइदिन्थैँ, तर उनीहरूले प्रकृतिलाई शिरपाउ चढाए (ल.नि.स., पृ. ३०) ।

'के नेपाल सानो छ ?' निबन्धमा देवकोटाले तन्मयभन्दा पनि मन्मय प्रकृतिको ज्यादा प्रेमभाव अभिव्यक्त गरेका छन् । उनी वस्तुको आयाम भन्दा गुण र मूल्य महत्त्वपूर्ण कुरो हो भन्दै लेख्छन् :

हीरा सानो हुन्छ, मोती सानो हुन्छ, मणि सानो हुन्छ, आँखाको नानी सानो हुन्छ । मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ । यो पृथ्वीमा सानो शिरविन्दु नै होस् तर ॐकारको विन्दु झैँ परमानन्द घनीभूत छ ....संसारमा सानो र ठूलोको दुई दृष्टिकोणका भेद छन् एक भौतिक, एक आध्यात्मिक । नेपाल भन्दा चीन ठूलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठुलो भनेको सुन्दा हाँस्न मन लोगेजस्तो लाग्छ । माटोको परिमाणले खेत ठूलो म गन्दिनँ त्यसको गुण, अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र (ल.नि.स, पृ. ५२) ।

नेपालका प्राकृतिक दृश्य र सम्पदाप्रति श्रद्धा प्रकट गर्दै उनी यस्तो भाव व्यक्त गर्दछन् : "नालाहरूका प्राकृतिक वेद बुझ्ने आजकल कति हृदया होलान् ! यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुरीमा के जान्ने छैनन् ? के साना चराहरू हृदयाकाशमा अमर वेली कुञ्ज बोल्दैनन् ? के गुलाबको छातीमा टप्केका रजनीघनीभूत मोतीदाने शीतलव....के ती साना छन्?" (ल.नि.स., पृ. ५३) ।

देवकोटा प्रकृतिको भावनात्मक आकारप्रकार बखान्दा प्रकृतिभित्रै पस्तछन्, प्रकृतिमय बन्दछन् । 'प्रकृतिसँग तादात्म्य र स्थापितगरेर आफ्नै मनका कुराहरूझैँ प्रकृतिका सूक्ष्म रहस्यहरूलाई खोतलेर उज्यालोमा ल्याइदिन थाल्छन्' (अधिकारी, २०२८ : २७) । नेपाली प्रकृतिको हेर्ने दृष्टिकोण अरूको मनमा गलत छ भन्दै उनले यस्तो मन्मय भावना प्रकट गर्दै प्रकृतिप्रति प्रेमभाव व्यक्त गरेका छन् :

जो नेपाली होइन र नक्कलपन चाहन्छ, उसलाई सरलता राम्रो लाग्दैन....जहाँ नेपाली नजर देवता देख्तछ, उहाँ अरूको नजर ढुङ्गो देख्छ, प्रकृतिमा ईश्वरलीला देखेर स्वदेशी हृदय गद्गदाउँछ, त्यहाँ विदेशी खालि विज्ञानको अँध्यारो भुलभुलैयाभित्र पस्तछ । यहाँ ईश्वरका झल्काझल्की जताततै छरिएका छन् (ल.नि.स., पृ. ५३-५४) ।

नेपालको सुन्दर प्राकृतिक वस्तु हिमालप्रति मोहित बन्दै उनले यसलाई स्वर्गीय आनन्दको स्रोतको रूपमा यसरी प्रस्तुत गरेका छन् :

चाँदीको झल्झलाउँदो गौरीशंकर महल नजर सामुन्ने नै छँदै छ । यहाँ के छैन ? मलाई आश्चार्य लाग्छ, के छैन ? स्वर्ग यसैमाथि छ, नरक यसै तल छ । परमेश्वर यहीँ दिनभरि र मानवआत्मा यहीँ वरिपरि, आकाशको अनन्तमा विशाल नक्षत्रहरू यसकै अगाडि जुनकीरीझैँ नाचिरहेको छैनन् ? तब म फेरि दोहोऱ्याउँछु यहाँ के छैन ? स्वर्गको चमत्कार कि पृथ्वीको परिपूर्णता (ल.नि.स.,पृ. ५४) ।

प्रकृतिको काखमा रमाउँदै त्यसमा रहँदा हुने स्वर्गीय आनन्दानुभूतिको चित्रण पनि 'के नेपाल सानो छ ?' निबन्धमा गरेका छन् । त्यसको मन्मय अनुभूति प्रकट गर्दै उनले लेखेका छन् :

जब पहाडको पीपलको गानादार बोटमनि म बसुँ, तब मलाई विशालताको चैतन्य स्फूरण हुन्छ, जब म वनकालीमा गएर एकछिनसम्म मौन आनन्दमा टोहलाउँछु, तब म साथीलाई

> भन्दछु, आहा ! क्या विशाल भावना मलाई फुरेर आयो, जता हेऱ्यो विशालभन्दा ज्यादा टड्कारो नेपालमा केही पनि छैन (ल.नि.स.,पृ. ५६) ।

'फूल' निबन्धमा देवकोटाले फूललाई प्रकृतिको प्रतीकको रूपमा प्रस्तुत गर्दै विभिन्न रूपमा फूलको सौन्दर्यप्रति मन्मय चित्रण र प्रेमभाव प्रकट गरेका छन् । उनी लेख्छन् : "सजीव सौन्दर्य त्यहाँ छ, फूलको मोहनी आहा ! भँवराले गुलियो रस चुसिरहेछ । म अर्को अमृत पिइरहेछु, अर्कै विचित्र मादक रस" (ल.नि.स., पृ. ६७) । यहाँ देवकोटाले फूललाई मोहनी लगाउने तत्त्वको रूपमा मनैदेखि प्रसन्न भएर प्रेमपूर्ण भाव व्यक्त गरेका छन् । भँवराले फूलको रस चुसेको देख्दा पनि देवकोटाले मानवमा हुने आनन्दपनलाई अमृतपानको संज्ञा दिएका छन् । यसले उनमा अनुपम मादकता प्रदान गरेको कुरा प्रकट गरेका छन् । उनी लेख्छन् :

> सजीवको जादूले यिनलाई छोएको छ । यी सुकुमार परीहरू मलयसमीरको प्रभाव याद पाउँछन्, वसन्तले यिनलाई पनि मोहनी लगाउँछ । त्यही समय, अरूले पालुवाको पर्दा उठाएर पंछीलीलालाई स्थान दिन्छन्, मानिसको छातीलाई के गरी के गरी समाउँछ, त्यसैले यिनलाई पनि पुलकित गराउँछ । अहो ! यो जीवनको वैचित्र्य, यो सानो आँखाले नभेट्टाउने जस्तो बीउका दानामा लुकेर काम गरिरहेको थियो (ल.नि.स., पृ. ६८) ।

प्रकृतिमा हुने अनौठो दृश्य तथा प्रकृतिको अनौठो र रहस्यमय प्रक्रियाको मन्मय चित्रण गर्ने क्रममा उनी लेख्छन् :

> चन्द्रमाका कला झैँ प्रकृतिको स्थितिमा यो कुनचाहिँ कला हो ? संसारलाई रहस्यले छाइरहेछ । हामीलाई हेर्न र आश्चार्य मान्न दिएको हृदयमा संसारको सूक्ष्म चित्र रहन्छ । उज्यालो र जीवको जुनेली हावाको रस शीतको थोपामा जमेर फूलमा झल्किएझैँ हृदयमा संसारको वैचित्र्य झल्कन्छ । हाम्रो हृदय नवीन चैतन्यको प्रभातमा मुस्काएर उठ्तछ (ल.नि.स., पृ. ६९) ।

देकोटालाई प्रकृति ध्यानमा आउने वित्तिकै भावमग्नता हुने देखिन्छ, ठाउँ मिल्ने वित्तिकै प्रकृतिलाई ल्याइहाल्ने एक किसिमको बानी नै उनमा बसेको देखिन्छ । देवकोटाले प्रसङ्ग मिलेपछि निबन्धमा प्रकृतिचित्रण गरेका छन् । फूलकै विचित्र सौन्दर्य मानिसको मुखमा र स्त्रीको लावण्यमा देख्ने देवकोटाले फूलप्रतिको प्रेमभाव, सौन्दर्याकर्षण र प्रकृतिप्रेम यसरी प्रकट गरेका छन् :

> जुन सौन्दर्य म एउटा फूलमा देख्दछु, त्यही म मानिसको मुखमा स्त्रीजातिको लावण्यमा पनि देख्दछु । संसारलाई सौन्दर्यका लहरीहरूले रंगाइरहेका छन् । त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर द्वार खुला गरिरहेछ । पवित्र जीवनको सौन्दर्य फूलको नातादार हो । रूप र रंगको सौन्दर्यले मानिसलाई मुटुमा छुन्छ (ल.नि.स., पृ. ६९) ।

'आषाढको पन्ध्र' निबन्धमा आषाढ महिनामा देखिने प्राकृतिक सुन्दरताप्रति मन्मय रूपमा प्रेमभाव प्रकट गर्दै यस्तो भाव व्यक्त गरेका छन् :

नेपालमा खुशियाली छ । हृदयाले नवागत पाहुनाको प्रेमपूर्वक स्वागत गरिरहेछ । क्षितिजको किनारमा पूर्वका डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएका बादलका छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ्ग चढायो, एकै छिन पृथ्वीलाई स्वर्गको रङ्गले हलुका तवरले छायो । आजको लालीमा विशेष उल्लास थियो । आजको उदयमा हृदयको विशेष उल्लास थियो प्रेमको अवलोकनले प्रकृतिका सौन्दर्यमा वैचित्र्य थप्तछ, भावको रङ्गले दुनियाँको रङ्ग चढाउँछ, नेपालको हृदयमा आज मधुतरङ्गहरू खेलिरहेछन् । पुकारा सुनेर स्वर्गको प्रत्युत्तर आउँदा हुने कृतज्ञता र आह्लाद आजको दिनमा छ (ल.नि.स., पृ. ७०) ।

पहाडी भेगतिर खेतबारीमा पानी लगाउन कुलेसो काटिएको हुन्छ । निबन्धकार देवकोटा त्यही पानी पिउँदा अमृतको धारा सम्झन्छन् । उनी लेख्छन् : “पहाडभित्रबाट तर्किएर आएको पानीलाई बारीको पाटोमा धारोद्वारा सानो उज्यालो रेखामा गिराइएको थियो । त्यही यिनीहरू तिर्खालाई शीत अमृतको धारा थियो” (ल.नि.स., पृ.७४) ।

सबै चीजलाई मामुली आँखाले मात्र हेरेर पुग्दैन मनको आँखाले पनि हेर्नुपर्छ भन्ने भाव देवकोटाले ‘कला र जीवनमा अभिव्यक्त गरेका छन् । उनी मन्मय प्रकृतिप्रेम यसप्रकार व्यक्त गर्छन्: “हामी वनकरझैं सब चीज मामुली देख्छौं र हीराहरूझैं मिल्काउँछौं, तर झल्का र मोहनी पाउने आँखाहरू संसारमा कम हुन्छ । .......बोक्रे सन्तोषले उत्तर छालामै अड्दछन् तर कल्पनाशील व्यक्ति बालुवाको दानालाई विश्व पाएर अनन्त समयको विलास देख्तछ” (ल.नि.स., पृ. ७८) ।

‘गधा बुद्धिमान् कि गुरु?’ निबन्धमा पनि प्रकृतिको मन्मय चित्रण र प्रेमभाव अभिव्यक्त भएको पाइन्छ । मानवीय दुष्टताले गर्दा मान्छेभन्दा सरल जीवन जिउँने गधा नै बुद्धिमानी हो भन्दै उनले रौरव र गौरवबाट बच्ने उपाय यसप्रकार उल्लेख गरेका छन् : “जो प्रकृतिको नदेखिने औंलाको ईशाराले हिड्न जान्दछ र शिरमा भैंचाले धरापको चक्कर नराखेर रौरव र गौरव दुबैबाट बच्तछ” (ल.नि.स., पृ. ८९) ।

‘हास्यरस’, ‘कविराजको च्याङ्ग्रे खच्चर’, ‘छन्द र लय’ जस्ता निबन्धमा पनि मन्मय प्रकृतिप्रति प्रेमभाव प्रकट भएको पाइन्छ । ‘छन्द र लय’ निबन्धमा उनी लेख्छन् : “....तर चराको प्वाँख मैले कहिल्यै गनिन । कल्पनामा सुर चढेपछि त्यसै-त्यसै अक्षर मिल्दारहेछन् र लय घुसेपछि हावाले बाँसमा मुरली बजाएझैं त्यसै प्राकृत तवरले मान्छे मुरलीको दृश्य बन्न थाल्दोरहेछ” (ल.नि.स., पृ. १००) ।
‘आकार र अभिप्राय’ निबन्धमा रस्किनको भनाइ उद्धृत गर्दै देवकोटा मन्मय प्रकृतिको प्रेम र महत्त्व यसरी दर्शाउँछन् : “सूक्ष्मातिसूक्ष्म चमत्कारी होश राख्ने केही मानव चैतन्य काम गरिरहेको स्पष्ट झल्कन्छ यसैले रस्किन साहेबले भनेथे -‘एउटा मकै उम्रेको हेर ! त्यहीँ संसारका ज्ञान छन्’ ” (ल.नि.स., पृ. १४३) ।

गौरी-शंकर यात्रा’ निबन्धमा पनि हिमालप्रति यसप्रकार प्रेमभावको प्रकट गरेका छन् :

> 'छुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप' भन्ने मन्त्र पहाडहरूको नीलो मसीमा लेखिएका हरहमेशा हाम्रा ......मोहनको मोहनी झैँ टड्कारो दृश्य छ । मानौँ पहाडहरू पृथ्वीमा चरण राखेर स्वर्गतिर दौँडदै भन्छन् । 'उत्तिष्ठा' स्वर्ग फेदमा छैन । त्यो सुनौला ज्योति चुलीमा उडेर बसेकी छ मानौँ नेपाली जीवनको स्वर्गसमीपको विकासक मोहनी । मानौँ सत्यको सौन्दर्यमा प्रथम अवतरण त्यही कान्तिमा मानौँ सारा नेपालको भाषा छ (ल.नि.स., पृ. १७९) ।

'एउटी चरीको चिरीबिरी' निबन्धमा मन्मय भाव प्रस्तुत गर्दै यसप्रकार प्रकृतिप्रेम प्रकट गर्दछन् :

> म त्यसै सानो कुञ्जमा बास गर्दथेँ, मेरो हरियो रानीवन रमाइलो थियो, म त्यसैलाई रोजेर प्रकृतिमा गुँड बनाएर बसेको थिए । मलाई तिनै आकाशमा उड्न मन लाग्दथ्यो, जहाँ त्यस चरीले उषासँग दिनका सुनौला रहस्यहरू सोध्न जान्थी । त्यही कलकले जलले मेरो आँत रमाउँथ्यो .....तिनै पहाडहरूको मोहनीले मलाई घेर्दथ्यो, मलाई विवेकले हरेक कदममा छकाइदिन्थ्यो, अविश्वास र भ्रमले बराबर लरबराइदिन्थ्यो । यसमा त्यो स्पष्ट मोहनी थियो (ल.नि.स., पृ. १९८-१९९) ।

उपर्युक्त विश्लेषण र आधारहरूबाट पनि निबन्धकार देवकोटाले निबन्धहरूमा मन्मय प्रकृतिप्रति प्रेमभाव प्रकट गरेका छन् । कतै उनले प्रकृतिको सौन्दर्यमा स्वर्गीय अनुभव व्यक्त गरेका छन् कतै कलाको जादूगरी । जतातितै उनी प्रकृतिमा रमेका र भावुक बनेका छन् । प्रकृतिका प्रत्येक कण-कणमा उनी मोहनीको अनुभव गर्दछन् । त्यसर्थ प्रकृतिको मन्मय चित्रण र प्रेम देवकोटाको प्रकृतिप्रेमको विशेषता नै हो ।

### ४.२.५ वर्षा, बादल तथा जलप्रतिको प्रेम

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको औपचारिक निबन्धयात्राको थालनी नै वर्षाजन्य मौसमको चित्रणबाट सुरू भएको हो । 'आषाढको पन्ध्र' निबन्ध नै नेपाली निबन्ध जगत्को प्रथम आत्मपरक निबन्ध पनि हो । देवकोटा "खेल्दा खेल्दै प्रकृतिको सूक्ष्म अध्ययन गर्दै गएर पछि आफ्नो युगमा बेजोड प्रकृति पुजारी बने" (गोमा, २०२७ : २५) । प्रकृति चित्रण र प्रेममा रमाउने देवकोटाले प्रकृतिको महत्त्वपूर्ण पक्ष पानी, नदीनाला, वर्षा, बादल आदिजस्ता जलस्रोतजन्य वस्तुहरूप्रति प्रेमभाव प्रकट गरेका छन् साथै यिनीहरूप्रति उच्च गरिमा पनि प्रदान गरेका छन् । तन्मय वा मन्मय रूपमा वर्षा, बादल, नदीनाला अदिप्रति राखिने सद्भाव, अनुराग र श्रद्धालाई नदीनाला, वर्षा, बादलप्रति गरिने प्रेम भनिन्छ । देवकोटाले 'पहाडी जीवन', 'सरिताको कलाकलामा', 'आषाढको पन्ध्र', 'गौरी-शङ्कर यात्रा' आदिजस्ता निबन्धमा यी वस्तुहरूप्रति स्नेह प्रकट गरेका छन् ।

देवकोटाको प्रथम प्रकाशित 'पूर्णिमाको जलधी' (गोरखापत्र, १९९१ मर्ग १५) कवितामा पनि जलप्रतिको प्रेमभाव तथा प्रकृतिप्रेम प्रस्तुत भएको छ । "यस्तो प्रकृतिप्रेममा आधारित कविता लेखेर सृजनात्मक यात्रमा प्रवेश गर्ने देवकोटाले निबन्धमा पनि आफ्नो एकान्तप्रियता र प्रकृतिप्रेमी स्वभावको चर्चा गरेका छन्" (काफ्ले, २०६९ : ६५) । 'श्री गणेशाय नमः' निबन्धमा आत्मपरक भाव नदी र समुद्रसँग तादात्म्य प्रस्तुत गर्दै उनी लेख्छन् : "'ए मन तँ रंगिइजा : रूपौला लहर झल्काई सिलिङ मिलिङ गरेर सलसली नालाहरूमा वनमा नागवेली पार्दै पहाडका सजिला फेद कुना खोज्दै समुद्रतिर चलमलाउँछ । सोझै सागर पुग्ने काम छैन । तँ त खेल्न आएको पो ! जीवन भनेको नै लहराउनु. .." (ल.नि.सं., पृ. ३) । यहाँ देवकोटाले आफ्नो मनालाई नदीनाला जस्तै सलसली बगेर तरङ्गित बन्न आग्रह गरेका छन् ।

'पहाडी जीवन' निबन्धमा झिल्टुङ् भन्ने ठाउँमा देखिएको नदीको दृश्यलाई उनले "त्रिशुली नदी तलतिर बगेको दृश्य रमणीय देखिँदो रहेछ" (ल.नि.सं., पृ. १२) भनेर नदीप्रति प्रेमभाव प्रस्तुत गरेका छन् । त्यस्तै पहाडतिर हुने पानीको अभाव र पहाडी कुनामा भएका निर्मल र स्वच्छ पानीप्रति यस्तो भाव अभिव्यक्त गरेका छन् : "यहाँ पानीको कमी छ एउटा पहाडको कुनामा ढुङ्गा रसाएको जस्तो सानो कुवा छ, खोक्रो ढुङ्गामा पानी रसाएर भएरिएको पानी बहुत निर्मल छ, सारा झिल्टुङ्लाई त्यसैले पुऱ्याउँछ, तर दुई हात गहिरो छैन" (ल.नि.सं., पृ. १३) ।

'सरिताको कलकलामा' शीर्षकको निबन्धमा रहस्यमय रूपमा आफ्नो काव्य मान्यता र काव्यसिर्जनालाई नदीमा तादात्मीकरण गर्दै नदीको महिमागान गरेका छन् । उनी कवित्वशक्ति भरिएको कल्पनाशक्तिलाई नदीको सौन्दर्यसँग दाँज्दै लेख्छन् : "........ जो कवित्वशक्ति भएका कल्पनाहरू छन्, तिनमा चाँडै नै खोलाका मधुर शब्दले विशेष कदर पाउँछन्" (ल.नि.सं., पृ. ३२) । तरलताप्रति प्रेमभाव प्रकट गर्दै यसको मूलप्रकृतिसँग सम्बन्ध हुने कुरा यसप्रकार उल्लेख गरेका छन् :

> तारल्य यस्तो वस्तु हो, जो विश्व सामग्रीहरूको मौलिक चेहरा र प्रगतिसँग केही सामञ्जस्य राख्तछ । कठोरता, खँदिलोपन त्यसका विशिष्ट रूपजस्ता भासमान छन्, तर हाम्रो मन प्रगतिशील, प्रवाहशील, सम्भावनाढ्य, तारल्य नै रूचाउँछ, जो यसले मूल प्रकृतिसँग सदृश्य राख्तछ । हामी चीज बहेको देख्न चाहान्छौँ । त्यस बहाइमा, जसमा मौलिक प्रकृति नै तारल्य हो (ल.नि.सं., पृ. ३३) ।

'के नेपाल सानो छ' निबन्धमा पनि देवकोटाले विभिन्न प्राकृतिक स्रोतको आधारमा नेपाललाई विश्वकै सर्वोत्तम मुलुकको रूपमा चित्रण गर्न सफल भएका छन् । उनी लेख्छन् : "जुन पृथ्वी यस्तो शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रङ्गदार छन्, जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, ....... झ्याउका मोती छरिएका छन्, जहाँ नालामा दिव्य भाषण बनेर जहाँ

सर्वोच्च हिमालय शासन गरिरहेछ" (ल.नि.सं., पृ. ५५) । 'नदीको  कलकलमा र कोइलीको बोलीमा छन्द पाउने देवकोटा संसरा नै छन्ददार र लयमय देख्छन्' (बन्धु, २०६७ : ९४) । पहाडमा पानी निकाश तथा खानको निम्ति प्रयोग गरिने धारोको चित्रण यसरी गरेका छन्, : "पहाड भित्रबाट तर्किएर आएको पानीलाई बारीको पाटोमा धारोद्वारा सानो उज्यालो रेखामा गिराइएको थियो । त्यही यिनीहरूको तिर्खालाई शीतल  अमृतको धारा थियो" (ल.नि.सं., पृ. ७४) । यहाँ देवकोले पानीलाई मानिसको अमृत धाराको रूपमा चित्रण र प्रेमभाव प्रकट गरेका छन् ।

देवकोटा 'आषाढको पन्ध्रमा आफूले देखेको र अनुभव गरेको जलप्रतिको प्रेमभाव यस्तो अभिव्यक्तिद्वारा प्रकट गर्दछन् :  "....हामीहरूले धेरै बेर हेरिरह्यौं, सुनिरह्यौं । आकाशमा बादल बाक्लिएर आयो, दुई चार थोपा गिऱ्यो, झन अँध्यारो भयो र घनाघोर वर्षा आयो । .... पहिले त दौडेर भाग्ने विचार गऱ्यौं तर वर्षाले छोपिहाल्यो, रुजाइहाल्यो .... आजको आषाढ पन्ध्रको उत्सव राम्रोसँग मनाएजस्तो लाग्यो" (ल.नि.सं., पृ. ७४) । यहाँ पनि देवकोटाले वर्षाको मौसममा देखिने  बादल  र वर्षात्को प्रेमपूर्वक चर्चा गरेका छन् ।

नेपालका नदीनालाबाट निस्केको ध्वनिलाई वेदको ध्वनिसँग तुलना गर्दै उनी लेख्छन् : "नालाहरूका प्राकृतिक वेद बुझ्ने आजकल कति हृदय होलान्" (ल.नि.सं., पृ. ५३) । मन्मय रूपमा उनले खोलानालहरूको आवजलाई प्राकृति वेद भन्दै यसको भाषा बुझ्ने हृदय आजको भौतिकवादी युगमा कम हृदयहरू छन् भनि गुनासो पोखेका छन् ।

नेपाली महाकाव्यका विशिष्ट प्रतिभा देवकोटाले आशुकवित्व आफ्ना निबन्धमा पनि प्रस्तुत गर्दै वर्षा र  बादलप्रति यसप्रकार प्रेमभाव प्रकट गरेका छन् :

'रोपाइँको बेला बिजुली चम्क्यो, झरीले गीत गायो,
बादल को तल खोला है उफ्रो, दिल मेरो नचायो । (ल.नि.सं. ७४)

'मेरो पाल्पातान्सेन तर्फको यात्रा' निबन्धमा निन्धकार देवकोटाले पाल्पाको एक समारोहमा सहभागी हुन जाँदा मनमा उब्जेका विभिन्न मनोभावना र कल्पनालाई समेटेका छन् । यात्रामा जाँदा उनी हवाइजहाज चढ्दा  बादलमा पुगेको बखत निर्वाणको परामानन्दको सानो परमाणु प्राप्त गरेको कुरा यसरी प्रकट गरेका छन् : "कमसेकम फूलका मालाहरू त सभासम्मेलनमा त बाँकी रहेकै छ । बादल उपर पुग्नु एक निर्वाणको परमानन्दको सानो परमाणुसम्म त थियो" (दा.रू., पृ. १३०) ।

उपर्युक्त विश्लेषणहरूबाट प्रस्ट हुन्छ कि देवकोटाले वर्षा,  बादल , नदीनाला आदिप्रति प्रेमभाव प्रकट गरेका छन् । कतिपय स्थानमा त उनले साहित्यलाई तरलतामा परिणत गरेका छन् । त्यस्तै पहाडी प्रदेशमा पाइने स्वच्छ र निर्मल पानीलाई अमृत धारा र प्रकृतिको संरक्षकको रूपमा चर्चा गरेका छन् । आषाढ महिनामा हुने वर्षा,  बादल, नदीको वहावप्रति विशेष अनुराग प्रकट

गरेका छन् । तारल्यको सम्बन्ध मूल प्रकृतिसँग छ भन्दै उनले बादलमा यात्रा गर्दा परमानन्दको कण फेला पारेको चर्चा गरेका छन् । खोलाको कलकलको आवाजले पहाडीहरूलाई सङ्गीत सिकाएको तर आजको समाजले नदीनालाको आवाज बुझ्ने र नदीको प्राकृतिक वेद बुझ्ने हृदयको विकास गर्न नसकेको कुरा उल्लेख गरेका छन् ।

### ४.२.६ भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम

यस पृथ्वीमा भएका सम्पूर्ण वस्तुको अस्तित्त्व नै भूगोल र धरातलमा अडेको छ । मरुभूमिको सुख्खादेखि हिमाली भेगको सर्वोच्चता, पहाडको खोँचदेखि उपत्यकासम्मका विविध भौगोलिक स्वरूपप्रति गरिने प्रेमभावलाई नै भूगोल तथा धरातलप्रतिको प्रेमभाव भनिन्छ । यसमा भू-वनोट, भू-धरातल, हिमाल, पहाड, चट्टान, माटो आदि जस्ता वस्तुहरू पर्दछन् । पृथ्वीमा हुने अधिकांश क्रियाकलाप यही भूगोलमा सञ्चालन हुन्छ । प्राकृतिक वस्तुहरूमध्ये महत्त्वपूर्ण चीज भूगोल र धरातलीय स्वरूपप्रति निबन्धकार देवकोटाले आफ्नो विभिन्न निबन्धहरूमा प्रेमभाव प्रकट गरेका छन् । यस्तो भाव प्रकट भएका उनका प्रमुख निबन्धहरू 'पहाडी जीवन', 'सरिताको कलकलमा', 'के नेपाल सानो छ ?', 'गौरी-शङ्कर यत्रा', 'मेरो पाल्पातान्सेन तर्फको यात्रा' आदि हुन् । "…. विभिन्न भूभागको भावपरक अभिव्यक्तिले उनमा रहेको राष्ट्रियताको चेतनालाई अझ प्रखर बनाएको छ" (काफ्ले, २०६९ : ११२) र प्रकृतिप्रेमको उत्कृष्ट नमुना उनका निबन्धले व्यक्त गरेको छ ।

'पहाडी जीवन' निबन्धमा देवकोटाले नेपालको पहाड र त्यहाँका बासिन्दाहरूको जीवन पद्धतिको बारेमा विभिन्न भावहरू व्यक्त गरेका छन् । उनले पहाड र पहाडी जीवनप्रतिको मोह यसप्रकार व्यक्त गरेका छन् : "मलाई धेरै दिनदेखि पहाडी जीवन हेर्नाको चाख रहेको थियो । मैँले गोसाइँथान यात्रामा पहाडहरू देखेको थिएँ तर पहाडी जीवन देखेको थिँनँ" (लि.न.सं., पृ. ६) ।

पहाडी भूगोलमा फल्ने र हुर्कने कोदो, तितेफापर, सिस्नु आदिमा प्राकृतिक स्वाद र आनन्द लुकेको हुन्छ । त्यहाँका मानिसहरूले प्राकृतिक कितापमा विभिन्न ज्ञानगुनका कुराहरू सिकिरहेका हुन्छन् भन्ने देवकोटाको ठम्याई छ । उनी लेख्छन् : "…. कोदो अलि मीठो हुन्थ्यो, तीते फापरमा अर्कै स्वाद आउने थियो, ढिँडोबाट पनि अर्कै ताकत, सिस्नाको रस पनि टोल्हाएर पहाडपारिका दुनियाँका चमत्कारहरूको सपना देख्तथ्यो, प्राकृतिक किताप पढ्न मानिस चतुर बन्दथ्यो" (लि.न.सं., पृ. ९) ।

'मान्छे जादू' निबन्धमा उनले आफ्नो शरीरलाई नै माटोमा आरोप गरी यसरी प्रेमभाव प्रकट गरेका छन् : "मेरो मट्टीमा कहाँबाट किरण पस्यो ? विशाल झल्किरहेका शिखरहरू तिमीले देखेका छौ ?" (लि.न.सं., पृ. ४२) ।

नेपाल भूगोलको दृष्टिमा सानो भए पनि गुणले गर्दा विश्वमा नै एक विशाल र समृद्ध मुलुक भएको कुरा यसरी अभिव्यक्त गरेका छन् :

> भूमण्डलका नक्सा पल्टाउनुहोस् र हेर्नुहोस् त परिमाण कत्रो छ । यो सानो बूँद महासागरमा त्यसै बिलाएजस्तो देखिन्छ । यो सानो टुक्रा हिमालय पहाडको रेखामा सानो कोठाजस्तो लाग्दछ .....यो शान्तिको हरियो राजधानी जस्तो पृथ्वीको सानो प्यारो टुक्रालाई अघि बढेर देखाउनुभन्दा आफूलाई छिपाउनुमा ज्यादा रूचि देखाउँदछ । .....सानो छ तर स्वर्ग छ, अल्प छरतर आँखो छ, छुट्टा छ छर आफैँ विश्व छ, दूर छ तर दूरताको दिव्य जादू । यो भारतमाताको मुटु फेला पार्ने थोरै छन् । किनकि यो पर्वतस्तनको भित्र गहिराईमा छिपेको छ (लि.न.सं., पृ. ५१) ।

नेपाली भूगोल तथा यहाँको प्रकृतिप्रति लेखकको उच्च प्रेमभाव अभिव्यक्त भएको छ । यहाँको भूगोल तथा धरातलप्रति प्रेमभा प्रकट गर्दै उनी लेख्छन् : "....यहीँ छन् तिन सय नायगरा फल्स, चीनका पर्खाल । सात आश्चर्यमा गन्नेले यी नेपाली किनाराका महान् पर्खालमा चमत्कार नदेख्नु नेपाली नहुनुको अन्धता हो । चाँदीको झल्झलाउँदो गौरीशङ्कर महल नजर समुन्ने नै छँदै छ । यहाँ के छैन?" (लि.न.सं., पृ. ५४) ।

उपर्युक्त उद्गारमा देवकोटाले नेपालका हिमाल र पहाडहरूलाई विश्वको सात आश्चर्यभन्दा पनि उच्च मूल्याङ्कन गरेका छन् । त्यस्तै चाँदीझैँ टल्कने र झल्कने ती उत्तरतर्फका हिमालहरूलाई मोतीको संज्ञा समेत दिएका छन् । उनले यस भूमिमा सबै थोक पाइने उल्लेख गरेका छन् । देवकोटाले गौरीशङ्कर हिमाललाई चाँदीको दरबारको महिमा प्रदान गरेका छन् ।

विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको देशका नागरिक पनि उच्च मनोबल र विश्वासका हुन्छन् भनि आफ्नो निजात्मक भाव यसप्रकार अभिव्यक्त गरेका छन् :

> मलाई किन-किन यस्तो लाग्छ कि हिमालको विशाल उच्चाइको नजिक रहेको जाति तिनको गौरव र तिनको उच्चतासँग भित्रभित्र गाँसिएको हुन्छ । शस्याढ्य भूमिका पुत्रहरूका मगजमा उब्जनी-प्रतिभा हुन्छ र उनमा कल्पना चित्रहरू विपिनप्रचुर हुन्छन्; ज्यादाजसो कविहरू फूलबारीको नजिक जन्मन्छन् महापुरुषहरू पहाडको नजिक । ....बाघ पाल्ने वनका नजिक वीरका झोलुङ्गालाई प्रकृतिमाताले हल्लाईरहेकी हुन्छिन् .... ( लि.न.सं., पृ. ५५) ।

नेपाली भूगोलप्रति प्रेमभाव प्रकट गर्दै देवकोटा 'अन्य देशको रमणीय क्षेत्रहरू पनि उच्चाट लागेको र आफ्नो देशको जुनसुकै क्षेत्र अत्यन्त मोहनीयुक्त लागेको धारणा प्रकट गर्दछन्' (काफ्ले, २०६९ : ११२) । उनी लेख्छन् : "म नेपालमा हुँदा वनकालीमा आन्नद पाउन

सक्तछु, तर कलकत्ता जाँदा बिर्सन्छु । पहाड र गानाको नित्य सम्बन्ध छ जस्तो वाक् र अर्थको । स्वर्ग बर्सन्छ, त्यहीँ, पहाडी अविरल झरझरको संगीतद्वारा भावनादोष सुधार हुन सक्दछ ....” ( लि.न.सं., पृ. ५६) ।

नेपाललाई सुन्दर, शान्त र विशाल राष्ट्र किन भन्ने ? भन्ने प्रश्नको अत्यन्त तार्किक र तथ्यगत प्रमाण दिँदै भूगोलप्रतिको प्रेम यसप्रकार उल्लेख गरेका छन् : “तब म ‘विशाल’ किन नलेखुँ ? ‘विशाल’ को भावना हिमालयको खासमा थियो, पहाडहरूको नीलो रंगमा, प्रकृतिको प्रचुर उदारतामा अनेक नन्दनहरूको चिरबिरमा, प्रेमको भूमि ....जब पहाडको पीपलको गानादार बोटमनि म बसूँ, तब मलाई विशालताको चैनन्य स्फुरण हुन्छ” (लि.न.सं., पृ. ५६) ।

हरेक व्यक्तिलाई आफ्नो मातृभूमि प्यारो लाग्छ । त्यही भएर रामायणमा रामले लक्ष्मणलाई पनि स्वर्णपुरी लङ्काभन्दा आफ्नै देश प्यारो छ भनेका हुन् । निबन्धकार देवकोटाले पनि मातृभूमिप्रतिको प्रेमलाई उच्च गरिमा प्रदान गर्दै यस्तो भाव पोखेका छन् : “जति भए पनि आफ्नो मातृभूमि जस्तो ठूलो चीज दुनियाँमा केही हुँदैन । हाम्रो हृदयको स्नेह सानो केन्द्रमा तीब्रता लिँदो रहेछ ........ म विश्वप्रेम मातृभूमिमा सिक्तछु” (लि.न.सं., पृ. ५६) ।

‘आषाढको पन्ध्र’ निबन्धमा नेपालको पहाडी तथा ग्रामीण भेगतिर त्यहाँको धरातलमा देखिने प्राकृतिक दृश्यप्रति देवकोटाको प्रेमभाव र आकर्षण छ । डाँडामाथि देखिने सुन्दर दृश्य, जताततैको हरिया पहाड र वनस्पतिहरू यी सबैप्रति यसप्रकार प्रेमभाव प्रकट गरेका छन् :

> ....क्षितिजको किनारमा पूर्वका डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएका बादलका छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ्गले हलुका तवरले छायो” (लि.न.सं., पृ. ६०) । “पूर्वका डाँडा हरिया भएका थिए, तिनका नीलो चेहरा विचित्र अस्पष्टताको मोहनी थियो ....... दूरवर्ती पहाडका पाटा-पाटामा घामले छोएर हरियालीको सौन्दर्य देखिन्थ्यो, फेरि छाया पर्दथ्यो र उही नीलो अस्पष्टताको मोहनीतलतिर रोपाइँ चलिरहेको थियो (लि.न.सं., पृ. ७२) ।

पूर्वीय आर्यसभ्यताका अनुयायी भएकाले देवकोटाले नेपाली भूमिलाई देवताको वासस्थानको पवित्र भूमिको रूपमा प्रेमभाव प्रकट गरेका छन् । उनी लेख्छन् : “देवताहरूले वास गरिएको त्यो भरिलो जगत्मा हामी बास गर्दछौँ जो भारतको सच्चा पुत्र हौँ” (लि.न.सं., पृ. ७९-८०) ।

‘गौरी शङ्कर यात्रा’ निबन्धमा देवकोटाले उच्च र ऐना जस्ता टल्केका हिमाल देखेर आफूमा पनि उच्चताको भावना अधरदेखि प्रस्फुटन भएको चर्चा गरेका छन् । उनी लेख्छन् : “संसारका सबभन्दा ठूला चुलीहरू अजेय महत्त्वमा मेरो मानव-आत्मालाई स्वर्गको उज्यालो ओढेर विचित्र आह्वान अधरले गरिरहेछन्” (लि.न.सं., पृ. १७८) ।

उच्च हिमचुलीहरूमा पुग्न कठिन छ । यो ध्रुवसत्य हो । देवकोटाले यही कठिन यात्रा र अनुभवमा पनि मानवले अनौठो मजा लिने र कठिनाईको रौनक छुट्टै हुने कुराको अभिव्यक्ति दिँदै हिमालप्रति प्रेमभाव प्रकट गरेका छन् । खोज र प्राप्तिको मिठासलाई प्रकृतिको काखमा लिएर उनी यस्तो भाव प्रकट गर्दछन् :

> ती चुलीहरूमा पुग्न कठिनाइको हद छ । त्यसतर्फको बाटोमा सयपत्रे पहाडहरू छन्, ढुङ्गाका राज्य, काँढादार जङ्गल, दस्तुर नद छन् । त्यहाँ सभ्य आराम छैन । खालि खोज र प्राप्तिको मिठास छ, खालि खतराको मोहनी; त्यहाँ चिसो हावा छ, काट्ने ठुङ्ने ....। पृथ्वी तल तान्छिन्, तर फोक्सो फोर्दै म माथि चढ्न चाहन्छु । .... त्यस्तै म ती हिमधवल शिखरहरूमा त्यही निराशाको लुगलुगी र असम्भवको चिसो श्वासमा कठ्याङ्ग्रिन खोज्दछु । तर चुलीको मोहनी मेरो आत्ममोहनको मुस्कानझैँ आश्वासन दिँदै अलौकिक शक्तिले पयर तताउँदै लैजान्छु (लि.न.सं., पृ. १७८) ।

पहाड र हिमालहरूको सौन्दर्य फेदमा हुँदैन चुलीमा हुन्छ भन्दै पहाडहरूको नीला दृश्यले मोहनी लगाइरहने र तिनका उच्चता र सौन्दर्यले स्वर्गीय आनन्द दिइरहने कुराको रहस्योद्घाटन देवकोटाले 'गौरी-शङ्कर यात्रा' निबन्धमा उल्लेख गरेका छन् । उनी यस कुराको खुलासा यसप्रकार गर्न पुग्दछन् :

> छुद्रं हृदयदौर्बल्यं त्यक्तोत्तिष्ठ परंतप' भन्ने मन्त्र पहाडहरूको नीलो मसीमा लेखिएको हरहमेशा हाम्रा नजर अगाडि मोहनको मोहनी झैँ टड्कारो दृश्य छ । मानौँ पहाडहरू पृथ्वीमा चरण राखेर स्वर्गतिर दौडँदै भन्दछन् । उत्तिष्ठ ! स्वर्ग फेदमा छैन । त्यो सुनौला ज्योति चुलीमा उडेर बसेकी छ मानौँ नेपाली जीवनको स्वर्गसमीपको विकासक मोहनी (लि.न.सं., पृ. १७९) ।

आजका नेपालीहरूले अथवा जो हिमाल र पहाडका निकट बस्तछन्  तिनीहरूले हिमालको महत्त्वलाई चटक्कै बिर्सेको कुरा जनाउँदै उनी लेख्छन् : "हामीहरू घनिष्ट परिचयले महत्त्व भुलेका मानिसझैँ हिमालयमनि बसेर शिखरहरूको उपासना गर्नमा थोरै समय दिन्छौँ र बहुत थोरै कर्मजागरूकता देखाउँछौँ"  (लि.न.सं., पृ. १८०) ।

'गौरी-शङ्कर यात्रा' भूगोल र हिमालप्रति प्रेमभाव व्यक्त गरिएको निबन्ध हो । यसमा "गौरी-शङ्करलाई उच्च शिखरहरूको प्रतीकको रूपमा लिइएको छ र यस्ता अजेय शिखरहरूले हरहमेशा हाम्रो आत्मालाई स्वर्गको झल्का देखाएर आरोहणका लागि आह्वान गरिरहेका छन् भनिएको छ" (जोशी, २०६१ : २८) । अझसम्म आफू नपुगेका शिखरहरू देख्नु र देखेपछि  चढ्नु, उच्चताहरू हासिल गर्ने तिर्सना हामीहरूमा प्राकृतिक रूपमा नै रहेको हुन्छ, यसमा हामी कठिन प्रयासको आनन्दको अनुभव पनि गर्दछौँ । साहित्यकार जोशीले

मान्छेका यस्ता तिर्सनाहरू सभ्यता र उन्नतिका प्रकृतिक प्रेरणा हुन् भन्दै देवकोटाले प्रस्तुत निबन्धमा मान्छेको अन्वेषणको मोहनी, अविदिततर्फको आकर्षण तथा नवीन जीतबाजिको चाहना स्वाभाविक प्रकृति हो भन्दै ..... यद्यपि यी चुलीहरू चढ्दा अनेक कठिनाइका पहाडहरू उक्लनुर्ने हुन्छ (जोशी, २०६१ : २९) भन्ने भाव यस निबन्धमा व्यक्त भएको उल्लेख गरेका छन् ।

शिखरहरूलाई प्रकृतिक सौन्दर्यको खानी मात्र नभई दिव्यता समेत प्रदान गरी आध्यात्मिक महत्त्व दर्शाई यस्तो भावना प्रकट गरेका छन् : "शिखरमा शिवको मन्दिर छ, त्यहाँ आनन्तताको कारीगरी छ, त्यहाँ विचित्र सुनका घण्टीहरू बज्छन् । त्यो उच्चतातिर मानवात्माले हिउँदको निर्मलता लिएर उठ्नुपर्छ । त्यहाँ देव र देवीहरू हात जोडेर बसिरहनेछन्" (लि.न.सं., पृ. १८०) ।

भूगोलप्रति प्रेमभाव प्रस्तुत गर्दै उनी लेख्छन् : "भूगोलको मिर्मिरे जादूहरूले मलाई समाउन लागे, मैंले हरियो भकुण्डो नाचिरहेको देख्न थालें, ती हावाद्वारा प्रदेशमा जहाँ हामी समष्टि रूपले भूगोल पढ्न उड्ने गर्दछौँ" (दा.रू., पृ. ४५) ।

देवकोटाले पुण्य जन्मभूमि काठमाडौँको डिल्लीबजारको भू-भागप्रति पनि बाल्यकालीन संस्मरण गर्दै यसप्रकार रमणीयता प्रकट गरेका छन् :

> डिल्लीबजार पुरानो कमलपोखरी, जहाँ म जन्मेको थिएँ, रमाइलो ठाउँ छ । उच्च हवालु जग्गा छानेर स्वर्गवासी पूज्य पिताज्यूबाट बनाइएको घर सामुन्ने एक बारी छ । त्यस बारीका डिलका तल अझ अर्को ठूलो बारी छ । जहाँ हामी बालककालमा खेल्ने गर्दथ्यौं .... चाहार्नुमा हाम्रो फुर्सदको समय बित्दथ्यो । त्यस उपवनलाई देख्दा म शैशवानन्दको कल्पना गर्दछु (दा.रू., पृ. १११) ।

देवकोटाले भूगोल तथा धरातलीय स्वरूपका विभिन्न पक्षमाथि प्रेमभाव प्रकट गरेका कुरा माथिको उद्‌गारहरूबाट पनि थाहा पाइन्छ । पहाडको रमणीय दृश्यमा रमाउँदै पहाडी धरातल र भू-भागप्रति प्रेमभाव प्रकट गरेका छन् । हिमालको सौन्दर्य र उच्चतालाई स्वर्गीय आनन्दको स्रोत र मानवको लक्ष्यको रूपमा चित्रण गरेका छन् । त्यस्तै सागरको गहिराई र मैदानको सम्म आदिप्रति पनि उनको विशेष अनुराग अभिव्यक्त भएको छ । शिखरको चुचुरोलाई त उनले दिव्यता र देवीदेवताहरूले बास गर्ने पवित्र स्थलको सौन्दर्य भाव व्यक्त गरेका छन् । कतै मन्मय र कतै तन्मय रूपमा देवकोटाले निबन्धहरूमा भूगोलप्रति प्रेमभाव प्रस्तुत गरेका छन् ।

### ४.२.७ खगोलीय पिण्डहरूप्रतिको प्रेम

पृथ्वीको भूक्षेत्रभन्दा बाहिर अन्तरिक्षमा अस्तित्ववान रहेका विभिन्न आकारप्रकार र विशेषता भएका पिण्डहरूलाई खगोलिय पिण्ड भनिन्छ । यस ब्रह्माण्डमा अनगिन्ती खोगोलीय

पिण्डहरू रहेका छन् । साहित्यकारहरूले पनि आफ्ना कृतिहरूमा यी प्राकृतिक वस्तु खोगोलीय पिण्डप्रति प्रेमभाव र आदरभाव प्रकट गरेका हुन्छन् । यसैभावलाई साहित्यमा खगोलीय पिण्डप्रतिको प्रेम भनिन्छ । आकाशमा रहेका सूर्य, चन्द्रमा, ताराहरू, ग्रह तथा उपग्रहहरू आदिको समग्रता नै खगोलिय पिण्डहरू हुन् । कल्पनाशील र स्वच्छन्दतावादी स्रष्टाहरू खगोलीय पिण्डहरूको सौन्दर्य र विशेषताप्रति विशेष आकर्षित भई कृतिहरूमा त्यसप्रति उच्च प्रेमभाव प्रकट गर्दछन् । लक्ष्मीप्रसाद देवकोटाले आफ्नो औपचारिक साहित्यिक यात्राका थालनी नै 'पूर्णिमाको जलधी' शीर्षकको कविताबाट गरेका हुन् । सूर्यको ज्योति होस् वा चन्द्रमाको कला र शीतलता तथा ग्रहको गति नै किन नहोस् यस्ता खगोलीय पिण्डहरूप्रति देवकोटाको निबन्धहरूमा प्रेमभाव प्रकट गरिएको पाइन्छ ।

'के नेपाल सानो छ ?' निबन्धमा नेपालका भू-भागहरूमा बिहानीको समयमा देखिने सूर्योदयको सुनौला दृश्यहरूप्रति आकृष्टता अभिव्यक्त गर्ने नेपालीहरू छन् भन्दै लेखेका छन् : "यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुरीमा के जान्ने छैनन् ?" (ल.नि.सं., पृ. ५३) ।

महात्माहरू अध्यात्मको सहायताले ताराहरूमा दिव्य सौन्दर्य देख्ने कुरामा देवकोटा विश्वस्त छन् । उनी लेख्छन् : "...म दुइटै चमत्कार देख्तछु-ताराङ्कित आकाशको महिमा र भित्रका नैतिक नियमको विभूति !" (ल.नि.सं., पृ. ६३)

'आषाढको पन्ध्र' निबन्धमा देवकोटा आषाढ महिनामा सूर्य र बादलबीच हुने प्राकृतिक प्रक्रियालाई यसप्रकार व्यक्त गर्दछन्: "बादलको छरिएका टुक्रामा बीचबाट सूर्य भगवान्को उज्यालोले दृष्यपटलाई टाटापाटा गराइएको थियो । दूरवर्ती पहाड पाटा-पाटामा घामले छोएर हरियालीको सौन्दर्य देखिन्थ्यो" (ल.नि.सं., ६९) ।

आकाश देखेर पनि आकाशको सौन्दर्य नबुभ्नेप्रति उनी यस्तो भाव व्यक्त गर्दछन् : "कति आकाश देखिरहेछन् तर रस्किन साहेवको 'आकाश' नामक प्रबन्धमा त्यो आकाशको अपरिचित टुना भ्रलमलाउँछ, जो हेर्नेले हेर्दै हेरेन, सुन्नेले सुन्दै सुनेन" (ल.नि.सं., ७८) । एउटा ऋषिले सूर्यको प्रकाशको सहायताले यो संसारको विचित्रता कस्तो देख्ला भनि यस्तो प्रश्न गरेका छन् : "ऋषिले आफ्नो बादलपारि घामको उज्यालो उच्चताबाट हेर्दा संसार कस्तो कस्तो देखिँदो हो ?" (ल.नि.सं., १६१) ।

कल्पनामा रम्ने देवकोटाले आफू सानो छँदा चन्द्रमास तथा शनिश्चरको स्थितिमा दृष्टि पुऱ्याउन नसेको कुरा यसप्रकार व्यक्त गरेका छन्: "उँचा हुनाले म शनिश्चरका चन्द्रमासमा दृष्टि पुऱ्याउन सक्तैनथेँ । तब मात्र म ओर्लेर कहिले साँढे सतसट्ठी डिग्री उत्तर कहिले ८०, ९० गर्दै अनेक घेराबाट आकाशमा सूर्यको स्थिति गति विचार गर्न थालेँ ......" (दा.रू., ४५) ।

दाडिमको रूखनेर निबन्धमा उनले दाडिमको दानालाई ताराको उज्यालोमा समीकरण गरेका छन् । उनी लेख्छन्:

दाडिमको सूक्ष्म जीव ताराको सेतो उज्यालोमा पनि पाइँदो हो । ....एक बीजाङ्कुरमा अनन्त सम्भावना छन् । तिनमध्ये यो पूर्ण विकसित सम्भावना होला । यसमा ताराको ज्योति सूक्ष्म काम गरिरहेको छ । विश्व-निर्माणमा यसको एक स्थान थियो । .....यसलाई न्युटनले भूशक्ति बुझाउँनु पर्दैन । यो सत्यसँग घनिष्ट तवरले परिचित छ । सूर्य-क्रिया यसका नशा-नशामा छन् (दा.रू., ११४) ।

उपर्युक्त विश्लेषणबाट देवकोटाका निबन्धमा सूर्य, तारा, चन्द्रमा आदि जस्ता विभिन्न ग्रह र उपग्रहहरूप्रति पनि प्रेमभाव प्रकट भएको थाहा पाइन्छ । मूल विषय खगोलीय पिण्डलाई नबनाए पनि प्रसङ्गवश विभिन्न निबन्धहरूमा यी वस्तुहरूप्रति आदर र प्रेम भाव प्रकट गरेका छन् ।

### ४.२.८ चरा, कीटपतङ्ग तथा जनावरहरूप्रतिको प्रेम

प्रकृतिको विविध सिर्जनाहरूमध्ये चरा, कीटपतङ्ग तथा जनावर पनि हुन् । प्रकृतिमा भएका यस्ता जीवहरूप्रति गरिने प्रेमभावलाई जीवप्रतिको प्रेम भनिन्छ । स्वच्छन्दतावादी, मानवतावादी तथा प्रकृतिप्रेमी निबन्धकार देवकोटाले विभिन्न निबन्धहरूमा चरा, कीटपतङ्ग तथा जनावरप्रति प्रेमभाव प्रकट गरेका छन् । 'भाषा र नअर्थिने शब्दको माधुर्य त्यसका ईश्वरीय सूचनाहरू महत्त्वपूर्ण हुन्छन् भनेर चरीको चिरीबिरीभाषाको महिमागान गरेका छन्' (जोशी, २०६१ : ३०) । उनले यस धर्तीमा भएका जीवजनावर तथा पशुपन्छीप्रति प्रेमभाव प्रकट गर्दै यी जीवहरूबाट नै प्रकृतिक अस्तित्त्व र सुन्दरता कायम हुन सक्छ भन्ने भाव प्रकट गरेका छन् । यस्तो भाव प्रकट भएका प्रमुख निबन्धहरू 'पहाडी जीवन', 'एउटी चरीको चिरीबिरी', 'साँढे', 'गधा बुद्धिमान कि गुरु?' आदि हुन् ।

आफ्नो साहित्यिक सिर्जना र अवधारणा समेटिएको 'श्री गणेशाय नमः' निबन्धमा माकुरालाई स्वतन्त्रता र कलाको प्रतीक मान्दै यस्तो भाव प्रकट गरेका छन् : "म सागरपारिका जटिल लवजका छायाभेद तौलेर गर्‍हुँकाउन्नँ । अब मेरो आफ्नै माकुराजाले मगज छ । जसरी बुन आफ्नै जाल, जति रच आफ्नै स्वादले, जता जाऊ आफ्नै यात्रामा" (ल.नि.सं., पृ. ३) ।

प्रकृतिमा साना चराहरूले हृदयमा अमर बेलीकुञ्जका रमणीयता प्रदान गर्ने कुरालाई यसरी उल्लेख गरेका छन् : "के साना चराहरू हृदयाकाशमा अमर बेलीकुञ्ज बोल्दैनन् ?" (ल.नि.सं., पृ. ५३) । नेपालमा हिमालको सुन्दरतासँगै चराहरूको सुमधुर बोलीले मनै लोभ्याउँछ भन्दै पहाडहरूको विशलता सधैँ श्वासमा रहेको र वगैँचाको चिरीबिरीले स्वर्गमा पुर्‍याएको अनुभव यसप्रकार व्यक्त गरेका छन्: " 'विशाल'को भावना हिमालको काखमा थियो, पहाडहरूको नीलो रंगमा प्रकृतिको प्रचुर उदारतामा अनेक नन्दनहरूको चिरबिरमा प्रेमको भूमि, आत्माले रोजेको आनन्द र अन्वेषणको आफ्नो विश्व ...." (ल.नि.सं., पृ. ५६) ।

'गधा बुद्धिमान कि गुरु?' निबन्धमा दोवकोटाले "'गधा' भन्दै उपहास र अवहेलनामा गाली गरेको सम्झँदै प्रकृतिको इशारामा चल्ने गाधा र कृत्रिमतातिर लगेर दुःख पाउने हामी मानव-गुरुमा बुद्धिमान भन्ने प्रश्न प्रथमतः उठाएका छन्" (जोशी, २०६१ : २४) । मानिसले गधालाई सधैँ अपहेलना गरेको भन्दै त्यसप्रति प्रेमभाव जनाउँदै यस्तो भाव उल्लेख गरेका छन् : "संसारमा ज्यादा अपहेलित जन्तुहरू उपर सहानुभूति बराबर उम्लेर आउनु स्वभाविकै कुरा हो र जुगानुजुग बोधोपनको प्रतिनिधि सम्झिएको जनावर देखेर आज मेरो हृदयमा अनौँठो दया उत्पन्न भइरहेछ" (ल.नि.सं., पृ. ८७) ।

अपहेलित जनावरप्रति सहानुभूति राख्ने मानवको स्वभाव भए पनि कसैले त्यसको बारेमा साहित्य नरचेको कुरा यसरी व्यक्त गरेका छन् : "यस्ता उपहास र अवहेलना पात्रहरूमा सहानुभूति राख्नु मानव स्वभावको लक्षण भए तापनि आजसम्म कुनै लेखक वा कविले यस निर्दोष सहनशील जनावरउपर दयाको हृदय नदेखाएको हुनाले मेरो छुद्र कलमद्वारा सकभर यस दयनीय पात्रको समर्थन गरूँ ......" (ल.नि.सं., पृ. ८७) ।

कतिपय धर्ममा विभिन्न जनावरहरूलाई निम्न स्तरको मान्ने गरेको सत्यलाई प्रस्तुत गर्दै देवकोटाले प्राचीन ऋषिमुनिहरूले कुनै पनि जनावरप्रति घृणा नगरेको बरू कृष्णजीको वाक्यले नै गधा, कुकुर आदिको अर्थ समता राखेको कुरा यस प्रकार उल्लेख गरेका छन् : " ..... तर सनातनी धर्ममा जत्तिकै छुद्र र पतीत जन्तुहरूउपर अवहेलनाको दृष्टि देखिए पनि म जान्दछु कि हाम्रा ऋषिहरू हृदयशून्य थिएनन् र कृष्णजी जस्तोका वाक्यमा गधा, बाहुन, कुकुर, चण्डाल, कुन्नि के-के हुन् समता राख्दछन् रे ...... सनातन धर्मउपर श्रद्धा प्रादुर्भाव भएर आयो" (ल.नि.सं., पृ. ८८) ।

आजको अस्तव्यस्त सभ्यताको दौडधुपले मानिसलाई मानवताको तल्लो क्षिणीभन्दा पनि तल गिराईरहेको कुरा व्यक्त गर्दै "घाँस खानेले पथ छाडेन तर अन्न खानेले पाप र धर्मका रौंकेलाई गर्दागर्दै अधमुण्टो लागेर नरकमा हामफाल्ने छ भन्दै आफ्नै कारण आफ्नो जातिविनाशको त्रासमा फँस्ने मानिसभन्दा प्रकृतिको इशारामा चल्ने गधाजस्ता चारखुट्टे जनावर नै बुद्धिमान भन्ने अभिप्राय प्रकट गरेका छन्" (जोशी, २०६१ : २४) । उनी लेख्छन् : "सभ्यताको दौडधुपले चौपायाभन्दा तल गिराएजस्तो ...... हुन्छ र प्राकृतिक अवस्थाबाट कृत्रिममा पदार्पण गरेर चक्कराउनु नै सभ्य जनावरहरूको बुद्धिमता ठहऱ्याइन्छ" (ल.नि.सं., पृ. ८८) ।

हामीले कृत्रिमता सिकाउने जाली मानिसलाई गुरु बनायौँ, त्यसैले प्राकृतिक सत्य बुझ्न सकेनौँ र आफैँ पनि मूर्ख बन्यौँ भन्दै देवकोटाले, बरु यी भन्दा प्राकृतिक सत्यतामा रमाउने गधालाई गुरुमानेको भए आत्मपतन हुने थिएन भन्ने कुरा यसप्रकार व्यक्त गरेका छन् :

> गधा गुरु मानेको भए मेरो दुनियाँमा यत्रो आत्मपतन हुने थिएन; तर मेरो गुरुजीले मलाई यस्ता शिक्षाहरू दिनुभयो, जसले अनन्तको मगजमा बोझा पार्दछ र मानवजाति भूलभूलैयाहरूको अँधेरी चक्करमा घुम्दै हराउँछ । ....काला अक्षरको अत्याचारमा

> मानवआत्मा प्राकृत सत्यको अभावले संकुचित हुन लाग्यो । मावदर्शनहरू भूमरी खेल्दैछन् तर प्रकृतिकको सीधा सत्य नबुझ्नु नै ज्यादा हो र विद्वता, पाण्डित्य भनेको त्यस मूर्खताको नाम हो, जसले खाली शब्दाडम्बरको तुरही दुनियाँमा बजाउँछ (ल.नि.सं., पृ. ८८) ।

'झञ्झा वर्णन' र 'प्रभुजी भेडो बनाऊ !' जस्ता प्रकृतिप्रेमपरक कविताका सर्जक लक्ष्मीप्रसाद देवकोटाले रुसोको स्वतन्त्रता, समानता र भ्रातृत्त्व जस्ता विचार र वर्डस्वर्थको प्रकृतिप्रेमपरक विचार निबन्धमा पनि व्यक्त गरेका छन् । त्यसकारण उनी बन्धन नै बन्धनले जकडिएको मानिसभन्दा प्राकृतिक रूपमा स्वतन्त्र जीवन बिताउने जनावर नै उत्तम छ भन्ने ठान्छन् । उनी लेख्छन् : "निरूत्तरदायित्त्वको माना चाख्ने बुद्धिमान् आनन्दसँग झोक्रिएर बीचबीचमा मानवजातिका सभ्यतालाई हस्सी उडाउने 'ही ही ह ह !' को शब्दको स्वतन्त्र उद्‌गार गरिरहेछ । उसलाई यमराजले दण्ड दिने बाटो छैन, चित्रगुप्तले बहिखाता पल्टाएर सोध्ने कुरा छैनन् । तव को बुद्धिमान् ?" (ल.नि.सं., पृ. ८९) ।

'कविराजको च्याङ्ग्रे खच्चर' हास्य व्याङ्ग्यात्मक निबन्ध हो । यसमा देवकोटाले जनावरमा चढेर आफूलाई ठूलो सम्झनेप्रति तीखो व्यङ्ग्य गर्दै कमजोर स्वाभिमानको चर्चा गरेका छन् । यसमा मानिसलाई खच्चरसँग तुलना गरेर पशुहरूको उपयोगिताप्रति प्रेमभाव प्रकट गरिएको छ । मानिसले मात्र नभएर देवताहरूले समेत पशु  तथा जनावरहरूको उपयोग गरेको कुरालाई यसरी उल्लेख गरेका छन् : "शङ्कर साँढेमा चढेर कसले निन्दा गर्न सक्यो ? गणेशजी मुसामा चढेर साना भएनन् । सरस्वती हाँसमा चढेर पनि संसारको पूजा पाउँदैछिन भने हाम्रा कविराज च्याङ्ग्रेलाई खच्चरमा चढ्दैमा नचिन्ने र ढोग्न नआउने को होला ?" (ल.नि.सं., पृ. ९६) ।

मान्छेको जीवनमा रमाइलो र सुन्दरता सधैँ एकै प्रकारको हुँदैन । जब हामी बूढो हुन्छौँ तब अतीतको प्रकृतिक सौन्दर्यको सम्झना गर्दछौँ । 'कल्पना' निबन्धमा प्रौढ  पुरुषले प्रकृतिक दृश्य र कोइलीको सुमधुर आवाज सम्झेर चराप्रति गरेको सम्मानलाई कवितात्मक भावमा यसरी उल्लेख गरेका छन् :

> प्रौढ  पुरुषका विभिन्न सौखहरूबाट वञ्चित गराइए तपनि प्रकृति माताले शैशवलाई त्यो जादू दिएको छ, जसले खेतका झारहरूमा विशाल जञ्जाल देख्तछ, चन्द्रमामा देवता र तकियामा पहाड र जसलाई एक कोइलीको आवाजमा आविदितको आह्वान छ ।
>
> हे आनन्दी चरा, जनु पृथ्वीमा हामीहरू टेक्तछौं,
> फेरि यस्तो भएझैं विदित हुन्छ,
> एउटा स्वप्निल परीप्रदेश
> जो तेरो निमित्त उचित निवास छ !!! (ल.नि.सं., पृ.११२ ) ।

'मसलाको बोटले के हेर्छ ?' निबन्धमा उनले आफ्नो बाल्यकालीन अवस्था बितेको पुर्खौली प्राकृतिक वातावरणको चर्चा गर्दै त्यहाँ आउने विभिन्न चराप्रति प्रेमभाव अभिव्यक्त गरेका छन् ।

उनी लेख्छन् : “त्यहाँ चरा बोल्दाहोलान् -जस्तो मलाई, उठाउन मिर्मिरेमा धोबिनी । म भन्न सक्तिनँ त्यहाँ ढुक्कुर बराबर कुर्लन्छन् तर कुर्लनुपर्ने ! त्यहाँ झ्यालको समीपवर्ती हरित फुल्दा प्रशाखामा रङ्गीन चराहरू जरूर आउँछन् । तर मेरो घरमा त्यस्तो केही छैन” (ल.नि.सं., पृ. १३५) । यहाँ लेखकले आफ्नो अहिलेको वासस्थान वरिपरि चराहरू नभएको दुःख व्यक्त गर्दै तिनीहरूप्रति प्रेमभाव प्रकट गरेका छन् । त्यस्तै बिहानीको मिर्मिरेमा चराहरूले निकाल्ने आवाज मनपर्ने कुरा पनि “मलाई पहिलो चरा मीठो लाग्छ, पहिलो उज्यालो रसिलो लाग्छ” (ल.नि.सं., पृ. १५४) । भन्दै अभिव्यक्त गरेका छन् ।

‘एउटी चरीको चिरीबिरी’ निबन्ध निबन्धकार देवकोटाको चराको प्रेममा लेखिएको निबन्ध हो । “घुम्दै रानीवन पुगेका देवकोटाले त्यहाँ खोलको किनारामा चरीको  चिरीबिरीसुनेपछि त्यो चिरीबिरीजस्तै नबुझिने भषा र नअर्थिने शब्दको माधुर्य अनि त्यसका ईश्वरीय सूचनाहरू महत्त्वपूर्ण  हुन्छन् भनेर चरीको  चिरीबिरी भाषाको महिमागान गरेका छन्” (जोशी, २०६१:  ३०) । “चरीको सुरीलो र मसिनो चिरीबिरीले देवकोटाको भावुकतालाई स्पर्श गर्दछ जुन श्रमपछिको इनामबाट पाईने  मीठो फलको आनन्दसँग सन्तुलित हुन सक्छ” (चापागाई, २०२८ : २८) । प्रकृतिको सुन्दर जीव चराप्रति प्रेमभाव प्रकट गर्दै उनी लेख्छन् :

> संसारमा अरू चीज त्यत्तिको मीठो बोल्दैनन् जत्तिको त्यो भुवादार फुरफुरिलो चीज बोल्दछ, जसलाई हामी चरा भन्दछौँ । बुझिने भाषा मानेदार सीमा नाघ्न सक्तैनन् नअर्थिने शब्दहरूको माधुर्य प्रकाशन होइनसक्नासाथ भावको देशबाट निक्लन्छ । बुझ्नेलाई आखिरमा निरर्थक केही छैन । ...... जब मैँले त्यस चराको शब्द सुनेँ मैँले बुझेँ -चराहरूलाई किन भाषा दिइएको थियो । .... मेरा शब्दहरू साना संकुचित सीमाभित्र निक्लन्थे; तिनमा त्यो प्रकृत जादू हुँदैनथ्यो-यो विशालको टुना, जो त्यसको थर्कँदो पातले चरी जिब्रोबाट ध्वनि भएर निक्लन्थ्यो (ल.नि.सं., पृ. १९७-१९८) ।

निबन्धकार देवकोटा माटोको पूर्णता फूलमा र फूलको पूर्णता चरामा देख्छन् । फूलमा भषा हुँदैन तर पनि फूल बोलिरहेको हुन्छ, चराले भाषाको नबुझिने शब्दमार्फत अनेकौँ कुराहरू बोलिरहेछ भन्ने कुरा यसरी उल्लेख गरेका छन् :

> मलाई कहिले-कहिले यस्तो लाग्छ कि माटाको पूर्णता फूल हो र फूलको पूर्णता चरा हो ! फूलहरू बोल्न खोज्दछन् तर शब्द निक्लदैन, म सूचनाबाट तिनको भाषा टिप्तछु । तर चराहरूमा रङ पनि हुन्छ, कोमलता पनि, त्यसउपर तिनीहरू स्पष्ट बोल्दछन् । हृदयको उद्गार गर्ने शक्ति चरामा देखिन्छ । मानौँ सिर्जनाको सुख जीवनको केन्द्रबाट माधुर्य लिएर कुर्लन्छ । चरी जीवनको हरियो कुञ्जमय रहस्यरञ्जित  अनुभूति सुरिलो बनेर भावुक केन्द्रबाट उद्गारित हुन्छ । वेभाषाको टुनादार माधुर्यमा मानौँ स्रष्टाको प्रेम विभिन्न चतुरीमा अनेक बनेर एक जीवनको जीवन आस्वादनको कृतज्ञता प्रकाशक मधुर ध्वनि सुन्न चाहन्छ (ल.नि.सं., पृ. १९८) ।

लेखकले आफूलाई पनि त्यस्तै मीठो कविता लेख्ने र सिर्जना गर्ने चरीको रूपमा यस निबन्धमा आरोपित गर्दै आफूलाई चरासँग समीकृत गरेका छन् । उनी लेख्छन् :

> म त्यस्तै सानो कुञ्जमा बास गर्दथेँ, मेरो हरियो रानीवन रमाइलो थियो, म त्यसैलाई रोजेर प्रकृतिमा गुँड बनाएर बसेको थिएँ । मलाई तिनै आकाशमा उड्न मन लाग्दथ्यो, जहाँ त्यस चरीले उषासँग दिन-दिनका सुनौला रहस्यहरू सोध्न जान्थी । ....तिनै पहाडहरूको मोहनीले मलाई घेर्दथे, जसले चरीलाई विउँझाएका थिए (ल.नि.सं., पृ. १९८) ।

तोरीबारीमा फुलेका पहेँलाम्पुर फूलहरूमा बस्ने र रस चुस्ने कीटपतङ्गहरूप्रति पनि देवकोटाले प्रेमभाव प्रस्तुत गरेका छन् । पुतलीले फूलको रस चुसेको देख्दा स्वर्गीय आनन्द लिँदै ती कीटपतङ्ग प्रकृतिक घडीमा चलेको देख्दा अचम्म मान्दछन् । यसप्रति देवकोटाले यस्तो भावना प्रकट गरेका छन् :

> तोरीका फूलहरू बारीमा पहेँलाम्मे हुँदा कीपमा पहिले सोतो कोपिला र फूलहरू निस्केर पहिलो पुतलीले पहिलो रस चुसेको देखेँ ...... पहिली पुतली हावामा फुरफुरिएर आई; एक फुटेको कोपिलामा गएर थपक्क बसी अनि मधुर रस एक चौथाई मिनेटको लम्बाईतक यति निश्चल परमानन्दले चुसी कि मैँले स्वर्ग आफूबाट टाढा देखिनँ । अलि फेरि फुरफुराई उडेर गई । कीटपतङ्गहरूमा पनि ऋतुचेत यति राम्रोसँग क्रियशील देखिन्छ । उनहिरू जान्दछन् कुनबेला पङ्ख लिने, सुतुवा र खंचुवा पुतलीको बच्चोलाई तपस्या जस्तो निद्रा र सपनाबीचमा वसन्त ल्याउने अदृश्य प्रकृति घडीको टिकटिक मालुम हुन्छ । ..... कोटहरूमा समेत वसन्त प्रतीक्षा क्रियाशील थियो । अब सफल भईरहेछ (दा.रू., पृ. ८१) ।

'भ्रमणको महत्व' निबन्धमा देवकोटाले जीव विकासको इतिहासको चर्चा गर्दै प्रकृतिको योगदानमा विभिन्न जीवहरूको अस्तित्त्व कायम भएको हो भन्ने भाव प्रकट गरेका छन् । आफूले देखेको सर्पको बारेमा पनि चित्रण गर्दै उनी लेख्छन् :

> .... गतिको विकासद्वारा पशुहरूले जीवको इतिहाससँग जीवन सभ्यताको प्रगतिको टङ्कारो उन्नति अनुभव गरे होलान् । ती जीवमध्ये सबभन्दा ज्यादा छिटा थिए जरायो, घोडा र सर्प । जरायो र घोडाका विषयमा त यहाँ धरै कुरा भन्नु शायद त्यत्तिको आवश्यक होइन होला; किनकि तिनको वेगशीलतामा दुनियाँमा जहाँ कहीँ विलकुल प्रसिद्ध कुरा लेखिन्छ । तर सर्पको गति नदेख्नेलाई मालुम होवैन कि कति छिटो बिजुली जोडले गोमन साँपहरू फुलेर नागवेलीपथमा मिलिक्क गरेर मीलको मील दूर पुग्न सक्तछन् (दा.रू., पृ. ८१) ।

'साँढे' निबन्धमा देवकोटाले साँढेको गुणप्रति प्रेमभाव व्यक्त गरेका छन् । उनी साँढेदेखि डराए पनि यस गुणप्रति उनको आदरभाव छ । उनले साँढेले हमला गरेको घटना यसरी अभिव्यक्त गरेका छन् : "म घर पुगेर लुगा फुकाली पसीना पुछेर पलङ्माथि सुस्केरा हालेर पल्टेँ । श्रीमतीजीले सोधिन् -के भो ? 'मैँले जवाफ दिएँ- म भएङ्कर साँढेबाट भागेर आउँदैछु, साँढेको कत्रो डर ?'

मेरो पुरुषार्थमा ठूलो चोट लाग्यो र मैंले आफूलाई मनमनै स्यालसँग तुलना गरैं .... प्रकृतिले जीवनशक्तिको चमत्कारीलाई चरम शिखरमा पुऱ्याएर यही साँढेद्वारा प्रदर्शन गरेकी थिइन्" (दा.रू., पृ. १२७) ।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिमा रहेका विभिन्न जीवजनावर कीटपतङ्ग आदिप्रति पनि प्रेमभाव प्रकट गरेको कुरा उपर्युक्त निबन्धात्मक विश्लेषणबाट प्रष्टिएको छ । हामीले दैनिक जीवनमा घृणा गरेका गधादेखि देवीदेवताका विभिन्न वहानहरूप्रति पनि उनका निबन्धहरूमा प्रेमभाव अभिव्यक्त भएको छ । कुनै रूखमा बसेर मीठो स्वरमा गीत गाउने कोइलीदेखि बिहानीपख मिर्मिरेमा शुभदिनको आरम्भ भएको जानकारी दिने चराहरूप्रति पनि देवकोटाले प्रेमभाव प्रकट गरेका छन् । आफूले देखेको सर्पको समेत चर्चा गर्दै यिनीहरूको गतिमा संसारको प्राकृतिक प्रक्रिया छ भन्ने भाव प्रकट गरेका छन् । साँढेलाई पनि पुरुषत्वको प्रतीकको रूपमा चित्रण गर्दै साँढे देखी डराउँदा आफूलाई पुरुषपन गुमेको स्यालसँग तुलना पनि गरेका छन् । यसरी विविध जीव जनावर र कीटपतङ्गप्रति देवकोटाले प्रेमभाव अभिव्यक्त गरेका छन् ।

### ४.२.९ ध्वनि, वायु, स्वाद तथा गन्धको आधारमा प्रकृतिप्रेम

विभिन्न प्राकृतिक पक्षहरूमध्ये ध्वनि, वायु, स्वाद तथा गन्ध पनि महत्त्वपूर्ण कुरा हुन् । आदृश्यात्मक रूपमा रहने यस्ता चीजहरू हाम्रा पञ्चज्ञानेन्द्रियहरूले अनुभाव गर्न सक्दछन् । विभिन्न जीव, वनस्पति, खोलानाला आदिबाट निस्कने ध्वनि, वायु, स्वाद तथा वासनाप्रतिको प्रेमभावलाई नै यी वस्तुप्रतिको आकृष्टता र श्रद्धाको रूपमा लिइन्छ । स्वच्छन्दतावादी भावधाराका स्रष्टा देवकोटाका निबन्धमा पनि यो चेतना पाइन्छ । "पानी झरेको देखेर, त्यसको ध्वनिलाई सुनेर उनी मुग्ध हुँदा भन्छन्: आँखा र कान दुबैले त्यहाँ भेट गर्छन् र ध्वनि दृश्यमान् हुन्छ र दृश्य ध्वनिमान् भएर श्रवण ग्राह्य बन्न आउँछ" (दाहाल, २०६६ : ४४) । 'सरिताको कलकलमा', 'फूल', 'छन्द र लय', 'एउटी चरिको चिरीबिरी', 'मातृभाषाको लागि', 'कवि हुने धूनमा' आदि निबन्धमा ध्वनि, वायु, स्वाद तथा गन्ध आदिको चित्रण र प्रेमभाव प्रकट भएको छ ।

'श्री गणेशाय नमः' निबन्धमा आफ्नो कला र मनलाई प्रकृतिको मीठो ध्वनि प्रदान गर् भन्दै यस्तो भाव व्यक्त गर्छन् : "म भन्छु 'ए मन, तँ रंगिइजाः ......एकान्तलाई मीठो पार् र अगाडि बढ् कतै निर्झरको हाम्फाल्नुले, कतै पातालिएको कलकलले । अहा ! के लहड तरंगले जीवनको सच्चा मुटु छुँदैन र ?" (ल.नि.सं., पृ.३ ।

पहाडका शिशुहरूलाई विभिन्न धूनहरू सिकाइदिने चर्चा 'पहाडी जीवन' निबन्धमा उल्लेख गरेका छन् । उनी लेख्छन् :

"तिनीहरूलाई मुरली, सारङ्गी र प्राकृतिक तवरका बाजाहरू बनाइदिन्थेँ" (ल.नि.सं., पृ. ९) । मानिसहरूलाई आनन्द दिने विभिन्न माध्यमहरूमध्ये सुमधुर ध्वनि पनि एक हो । त्यसैले देवकोटा प्राकृतिक ध्वनि र बाजाहरूको पक्षमा वकालत गर्दछन् । पहाडी यात्रा सकेर घर फर्कन लाग्दा स्त्री

र बच्चाहरू रुनथालेको सुनेर त्यसलाई शिक्षाको प्राकृतिक कमजोरी ठानेको कुरा यसरी प्रकट गरेका छन् : "बच्चा र स्त्रीहरूका अनेक आवाज र रूवाइ हावामा खँदिलो हुन लागेको मैँले देखेँ र शिक्षाको प्रकृतिक कमजोरी भन्ने आफूलाई सम्भेर अरू यात्रीहरूकै साथमा अगाडि बढेँ" (ल.नि.सं., पृ. ९-१०) ।

नेपालको पहाडमा उदाउने सुनौलो घामको दृश्यसँगै नदीको कलकलको आवाजले सत्यताको आभाष गरएको कुरालाई यसप्रकार उल्लेख गरेका छन् : "नेपाली पहाडमा उदाउने घाममा, गम्भीरको मौन लिन चाहान्छन्, तर त्यहाँ कलकल बोल्दछिन् । झल्किन्छ हामी भन्न सक्तैनौं, तर त्यहाँ सत्य र सत्यको मोहनी छ" (ल.नि.सं., पृ. २६) । आषाढको प्राकृतिक सौन्दर्यमय वातावरणको चर्चा गर्दै त्यतिबेला सुनिने ध्वनिलाई यसरी अभिव्यक्त गरेका छन् : "…. यहाँ वाग्नर कोदाली खनिरहेछन् …… कालिदास आषाढको पन्ध्रमा धाराप्रवाह गीत गाईरहेका होलान् …..मेरा वनमा हेलेन केलरहरू गीत गाउँछन् … नालाहरूमा प्राकृतिक वेद बुझ्ने आजकल कति हृदय होलान् !" (ल.नि.सं., पृ. ५३) ।

'फूल' निबन्धमा फूलको अनुपम सौन्दर्य र महत्तालाई विभिन्न दृष्टिकोणबाट चर्चा गरेका छन् । वायु, गन्ध, स्वाद आदिजस्ता तत्वसँग फूलको सामीप्यता प्रकट गर्दै उनी लेख्छन् :

> कालो, खस्रो गन्हाउने माटोबाट यो सौन्दर्य, यो सुवास कसरी आयो ! कुन गहिराईबाट यो अर्को रङ्ग, यो अनुपम कोमलता ! कुन जादूले हरिया काँढाबाट बोटको श्रीपेच गराएर यस सौन्दर्यको लाली चढायो । …. हावा र घामतर्फको यो उत्सुक बढाइ कुन सूक्ष्म चैतन्यले दिइरहेछ । ….. फेरि त्यो मधुर सुगन्ध, मानौं त्यही सुन्दर रूपको सूक्ष्म सार, कुन जलको अगोचर वाफ उठेको हो, कुन हृदयको भाव वायुमण्डलमा फैलिरहेको हो ! आहा !" (ल.नि.सं., पृ. ६६) । यस्तो अनौठो गुणप्रति उनी यस्तो भावना व्यक्त गर्दछन् : "यो रंग र रूप, रस र गन्धको अनौठो खेलमा केही सार छैन ? हामी भन्दछौं, यो सब नजरको भ्रम हो । तर यसो भन्नाले हाम्रो नजरको सानो पहुँच देखाउँछ । तिनमा पनि सत्य र सौन्दर्यको सूक्ष्म आभास छ (ल.नि.सं., पृ. ६९) ।

आषाढको महिनामा नेपालका पहाडी भेगका नारीहरूले गाउने सुरिलो भाकाको गीतलाई लेखकले कोइलीको छिमेकीको संज्ञा दिन पछि परेका छैनन् । उनी त्यसबेलाको ध्वनिप्रति यसरी प्रेमभाव प्रकट गर्दछन् :

> यिनीहरूको सुरिलो सहज आवाजले हावाका सिरिला लहरमा हृदयको सुवास चढाइदिन्छ । यस्ता गलाको प्राकृतिक माधुरीले सारा गाना विद्याका कटोर तरज, …. । तिनीहरूलाई आनन्द र भावको जोडले नै सुरिलो माधुरी दिन्छ । कुनै कोइलीलाई तानपुरा लिएर पसीना काढ्नु पर्दैन । यी प्रकृतिका छिमेकीहरूलाई पनि आदिगानको आभास मिलेको हुन्छ, जो आउँछ दिलको पिँधबाट, यै हार्दिक ध्वनिले आजको दिन डाँडाकाँडा, पहाड, खाल्टा, फाँट-फाँट सारा गुञ्जिरहेछन् हृदयका आवाजहरू हावामा चक्कराइरहेछन् पत्थरको छातिमा समेत टक्कराइरहेछन् (ल.नि.सं., पृ. ७१) ।

जीवनमा सधैँ काममात्र गरिरहँदा थकाइ लाग्छ । त्यसबाट मुक्त हुन हामी लिनु र दिनुको कर्मबाट फुर्सद खोज्छौँ र कुनै सुमधुर ध्वनिको कल्पना र चाहना गर्छौं । देवकोटाले यस कुरालाई यसरी उल्लेख गरेका छन् : "लिनु र दिनुको जिन्दगीबाट हामी फुर्सद लिन खोज्दछौँ । आजका खेतमा हाम्रो हृदयले प्राकृतिक बोलाहट आवाज सुनिरहेछ । हाम्रो शरीर पनि त्यही माटोको रसले भिजेको छ जहाँ आज रोपाइँ चलिरहेछ । दूर रहे पनि हामी प्रकृतिका नातादार छौँ" (ल.नि.सं., पृ. ७१) ।

'छन्द र लय' शीर्षकको निबन्धमा पनि मानवीय शरीरबाट निस्कने आवजको, गति, यति लय, र ध्वनिका बारेमा चर्चा गरेका छन् । यसमा 'छन्द र लय आन्तरिक चेतनासँग सम्बन्ध राख्ने र प्राकृतिक मूल्याङ्कन र भावात्मक मूल्याङ्कनको स्वतन्त्र प्रवाहबाट प्रवाहित हुने हुनुपर्दछ भन्ने वास्तविकतालाई देखाइएको छ' (चापागाई, २०२८ : १८) । कृत्रिमभन्दा प्राकृतिक सङ्गीत र ध्वनि उत्तम हो भन्दै उनी लेख्दछन् : "मीठो कविताको बोली चराको बोलीझैँ लाग्दथ्यो, वनमा बोलेजस्तो तर चराको प्वाँख मैँले कहिल्यै गनिनँ ... लय घुसेपछि हावाले बाँसमा मुरली बजाएझैँ त्यसै प्राकृत तवरले मान्छे मुरलीको हृदय बन्न थाल्दोरहेछ" (ल.नि.सं., पृ. १००) ।

ध्वनिको महिमाको बारेमा विचार गर्दा देवकोटा आफूलाई वेदान्ती बनेको अनुभव गर्दै लेख्छन् : "आखिरमा म वेदान्ती बन्दछु । यो फल्दो, फुल्दो, रङ्गिलो झिल्किँदो प्रगतिशील सङ्गीतको आत्मा नै सिर्जना रहेछ । ॐकारी अमृत स्पन्दनमा विश्वनिर्माण भयो भन्नेतिर मेरो विश्वास ढल्किन्छ ? .... पहिलो स्तब्ध सुनसान हुँदो हो निराकार र निरञ्जनको नीख एकान्तमा" (ल.नि.सं., पृ. १०३) ।

आजका सङ्गीत होइनन् बरू प्राचीन प्राकृतिक ध्वनि नै सच्चा हृदय हँसाउने ध्वनि हुन् "वार्णिक छन्दहरू प्राचीन सिलसिलाजस्ता विचित्र बहाव लिएका देखिन्छन् मानौँ प्रकृतिका मुटुबाट कसरी- कसरी निक्लिएका थिए" (ल.नि.सं., पृ. १०५) भन्ने उल्लेख गरेका छन् । उनले निद्रामा पनि यी सबै कुराको उपलब्धता हुने कुरा यसरी प्रकट गरेका छन् : "... जब उनीहरू सुखीसँग आँखमिचौनी खेल्न पछाडिबाट सुस्तसँग अगाडि बढ्दथे तिनका नूपुरहरू चाल मार्ने चरणले स्वर्गका मुनाहरूलाई हावालहरले शेष ढल्काएझैँ मनका तरङ्गहरूको मधुर आवाजमा झन्किएर अनुभूत हुन जान्छ र त्यसै बेला कोमल अदृश्य करले ढकनी छोपिदिनछ" (ल.नि.सं., पृ. १३२) ।

'मसलाको बोटले के हेर्छ ?' निबन्धमा उनी वायुप्रतिको प्रेमभावलाई यसरी व्यक्त गर्दछन् :

> एउटा त्रिचन्द्र कलेजको मसलाको रूख जो अब न्यानो बनेर अलि-अलि पात झुम्कामा नाचूँ-नाचूँको नैसर्गिक भावले दोलन पाउन लागिरहेछ, कानमा सिर्सिरी पैदा गरेर जसमा ......मेरो हृदयलाई शीतलताको सिर्का छन् र म अहिले अघनीभूत शब्दमा आकाशबाट एक समितिको शब्दकोषलाई नवीन प्राप्ति चढाउँछु 'सिर्सिराएको हावा !'" (ल.नि.सं., पृ. १३४) ।

'एउटा चरीको चिरीबिरी' निबन्ध पनि चराको आवाजप्रति प्रेमभाव प्रकट गरिएको निबन्ध हो । एउटी चरीले विविध भाव प्रकट गर्दै गाएको गीतमा लेखक अनेकौँ भाषा र भाव बुझ्दछन् ।

उनले लेखेका छन् : “म घुम्दै रानीवनमा पुगेछु । टोपी फुकालेर शीतल हावाको स्पर्शले आनन्द मानेर बसेँ । नजिकमा खोला कलकल गर्दै चल्दथ्यो” (ल.नि.सं., पृ. १९७) । “संसारमा अरू चीज त्यत्तिको मीठो बोल्दैनन् जत्तिको भुवादार फुरफुरिलो चीज बोल्दछ, जसलाई हामी चरा भन्दछौँ” (ल.नि.सं., पृ. १९७) । भन्दै चरको आवजको महिमा व्यक्त गरेका छन् ।

‘बेलामा निबन्ध’ सङ्गीत र धुनकै विषयवस्तुमा आधारित निबन्ध हो । यसमा विभिन्न प्रकारका वाद्यवादन सामग्रीबाट निस्कने ध्वनिप्रति प्रेमभाव वा अनुराग प्रकट गरिएको छ, साथै प्रकृतिको सदावहार ध्वनिलाई भने उच्च गरिमा प्रदान गरिएको छ । उनी सङ्गीतप्रति अनुरागी बन्दै यस्तो भाव व्यक्त गर्दछन् :

> ... त्यो ‘रुन्भुनाई’, भनूँ कि ‘रूँ-रूँलाई’ का मधुर सञ्चालनहरू लिएर जो दिव्य प्रेमको आँसुदार स्पर्श दुबैमा पाइन्छ । हाम्रा बेलाहरू र सारङ्गीहरू जीवनका अनुकरणमा बनेजस्ता देखिन्छन् र जड हुनुको महिमा त्यहाँ र जहाँ जीवनहरू भषाले सीमित हुन्छन् र निर्जीवहरू जीव र जीवभन्दा परका सबै अविदित अव्यक्त । असीमका स्वरहरूका मूक बीड झैँ प्रथम स्पर्शले नबोली बोलेझैँ बोले नरोइरोइ रूँदै रोएर हामीलाई सहानुभूतिकैँ अनुवादनद्वारा टोल्हाउन लगाउँछन् । अहा त्यो चिरी-चरी हृदयमा हुने नशालाई यसो-यसो चाइँ-चाइँ पारूँजस्तो बोली पाएर बोल्नुभन्दा अनन्त अर्थको ध्वनिमा रूँदै रून्झुनाउँदै उठ्दछु । ....सौन्दर्य-चेतनासँग जीवन-विकास सम्बन्धित भएझैँ सङ्गीत र सभ्यताका युगहरू घनिष्ठ तवरले बाँधिएका हुन्छन् । सच्चा गाना जीवनपोषक हुने हुनाले विरामीहरू पनि निको हुन्छन् भन्ने कुरा प्रचलित छँदैछ (दा.रू., पृ. ४१) ।

देवकोटाले ध्वनिलाई जीवनको संकुचित घेरामा सीमित राख्न नहुने भन्दै यसको व्यापक अर्थ र क्षेत्र हुनुपर्नेमा जोड दिँदै यस्तो लेखेका छन् :

> तर मानव-जीवनको संकुचित घेरा छोडेर विशालको राज्यमा श्रवण लगाएर हामीहरू अनन्त किसिमका ध्वनिहरू लहराइरहेको पाउँछौँ जो खालि असीम सत्यका हाँगाबिँगाझैँ सिर्जना तात्पर्य सञ्चालित देखिन्छन् । त्यहाँ उग्र पनि गानामा छ, मधुर पनि, भुकम्पका उग्रसत्यहरू गड्गडाउँदै त्यही ध्वनित हुन्छन् जसमा लयदार सौन्दर्य, विकाश हामीहरू बुझ्न सक्दैनौँ । आँधीहरूको गाना सुन्ने सौखिन कम छन् । कम से कम त्यसको सङ्गीत तत्त्व बुझ्ने (दा.रू., पृ. ४३) ।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले ध्वनि, वायु, स्वाद तथा गन्ध आदिका आधारमा पनि प्रकृतिप्रति प्रेमभाव प्रकट गरेको कुरा उपर्युक्त निबन्धहरूका विश्लेषणका क्रममा प्राप्त गर्न सकिन्छ । उनले नदीको कलकल आवाजले सम्पूर्ण पीडा र थकालनहरूको नाश गर्ने कुरा प्रकट गरेका छन् । चरीलाई त देवकोटाले संसारकै मीठो बोल्ने प्राणीको रूपमा चित्रण गरेका छन् र त्यसको बोलीले गर्दा आफूमा पनि साहित्यिक सिर्जनाको अभिप्रेरणा पनि प्राप्त भएको कुरा

अभिव्यक्त गरेका छन् । फूलको सौन्दर्य, रूप, रस र वासनामा केही स्वाद छैन ? भन्दै मानिसको जीवनमा ध्वनि, वायु, रसले ठूलो परिर्वतन ल्याउने कुरा उल्लेख गरका छन् । सुमधुर ध्वनि मानवजीवनको सीमित घेरामा मात्र नभई व्यापक रूपमा बुझ्नु पर्ने र त्यसले पनि विकासको सङ्केत दिन्छ भन्दै भूकम्प र आँधीका ध्वनिमा लुकेका मधुर अर्थ र सङ्गीत खोज्नुपर्ने रहस्यमय कुरा पनि अभिव्यक्त गरेका छन् ।

### ४.२.१० सौम्य स्वाभावको प्रकृतिप्रेम

प्रकृतिको शान्त, सुन्दर तथा रमणीय विशेषताप्रतिको प्रेमभावलाई सौम्य स्वाभावको प्रकृतिप्रेम भनिन्छ । सभ्यताको प्रथम प्रहरदेखि नै प्रकृतिलाई सम्पूर्ण चराचर जगतको पालनाकर्ता तथा मातृरूपमा व्याख्या गरिएको पाइन्छ र त्यसै अनुरूप प्रकृतिको पूजा, आदर गर्ने गरिएको पाइन्छ । स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृतिको रौद्र स्वरूपभन्दा सौम्यस्वरूपको चित्रणमा बढी रमाएका पाइन्छन् । यो विशेषता निबन्धकार देवकोटामा पनि पाइन्छ । सौम्य र शान्त प्रकृति नै सम्पूर्ण जीवनको जीवन आधार हो । त्यसर्थ चाहे जुनेली रातको शीतलता होस् वा वसन्तको मधुरता देवकोटाका निबन्धमा यस्तो सौम्य प्रकृतिप्रति प्रेमभाव अभिव्यक्त भएको पाइन्छ । देवकोटाका प्रायः प्रकृतिपरक निबन्धमा यी विशेषता पाइन्छ ।

'पहाडी जीवन' निबन्धमा पहाडी क्षेत्रको सौम्य स्वभावको प्रकृतिको चर्चा गर्दै लेख्दछन् :

> यहाँ शहरको झिलिमिली छैन, न घर्घराहट जसले मानवताका कलपूर्जाहरू थर्थराउँदै घर्घराउँदै जीवनको प्राकृतिक आर्यपना खल्बल्याउँछन्, यहाँ कृत्रिमता छैन जसले मनुष्यआत्माउपर अत्याचार गर्दछ । जीवन प्राकृतिक छ । चाल रसिलो, फराकिलो । खानामा विष हालिँदैन ... पृथ्वीमाताको दूध दुहुनुभन्दा प्राकृतिक कार्यहरू केही बुझिन्न र यो उच्च हावामा ... (ल.नि.सं., पृ. १९७) ।

प्रकृतिमा सत्यता र सौम्यताको पक्ष प्यारो छ भन्दै उनी यस्तो भाव प्रकट गर्दछन् :

> ...तर यस्ता विचार आए पनि प्रकृतिले मान्दैनथिन् । मैँले झूटो बोल्न खोजेँ भने त्यसै ओठ लर्बरिन्थ्यो, मिथ्या ओर्लिनु अगाडि साँचो कुरा टप्किहाल्दथ्यो ...मेरी प्रकृति फेरि अन्वेषण र विश्लेषणको हाडघोटाइमा लाग्दथिन्, तर सत्यको मुहार देख्नासाथ चमत्कार जस्ता भएर इन्द्रियहरू शिथिलाउँथे (ल.नि.सं., पृ. १९) ।

प्रकृतिको सौम्य स्वभावप्रति प्रेमभाव प्रकट गर्दै 'पाँचौटा चाहिने कुराहरू' निबन्धमा देवकोटा लेखछन् :

> यत्रो विश्वको काँट र अडान देख्तादेख्तै यसमा चैतन्ययुक्त महापुरुषको सत्ता देखिँदैन भन्नु अन्धोपन हो । यो अनन्ततामा एक ठाउँ खडबड परे कत्रो विप्लव मचिन्छ तर अणुअणु संगत भएका छन्, ताराको त्यत्रो जगड्वाला चाल छ, तर टक्कर छैन, समय र देशमा

अभिप्रायपूर्वकका व्यापार देखिन्छन्, सूर्य चन्द्र नीतिको उचित कालीनतासँग काम गर्दछन् (ल.नि.सं., पृ. २७) ।

'सरिताको कलकलमा' निबन्धमा निबन्धकार लेख्छन् :

...तिनमा चाँडै नै खोलका मधुर शब्दले विशेष कदर पाउँछन् र शीघ्रतया जीवनसँग गाँसिएर शक्तिशाली प्रभाव बन्दछन् । यस किसिमका भावुकताले रहनु र त्यस भावुकताले आफ्नो आनन्दको निमित्त मधुर निनादिनी गिरीनिम्नगाहरूमा ....यस्तो विस्तीर्ण दुनियाँमा .....अरू चीज छाडेर जलको शब्दमय प्रवाहमा विशेषता पाउनु हाम्रो नजरमा केही ध्यानयोग्य विषय हो (ल.नि.सं., पृ. ३२-३३) ।

प्रकृतिको शान्त रूपप्रति आकर्षित हुँदै उनले यस्तो लेखेका छन्: "प्रकृतिका उपासकहरूलाई पनि ईश्वर-विभूतिको चेत स्नायुजालको चातुरीमा कहिले जिभ्रो काडेर निकाल्दो हो । कति माधुरी .... मैँले आँखाका खोपिल्टामा संरक्षणी जादू देखाइदिएथेँ, तर उनीहरूले प्राकृतिलाई शिरपाउ चढाए" (ल.नि.सं., पृ. ३८) ।

'के नेपाल सानो छ ?' निबन्धमा नेपालको सुन्दर शान्त प्रकृतिले गर्दा नै विश्वमा सम्पन्नशाली र विशाल मुलुकको रूपमा चिनाउन सकिने कुरा विभिन्न तर्कका आधारमा व्यक्त गरेका छन् । यहाँको शान्त प्रकृतिको चर्चा गर्दै उनी लेख्छन् : "यो शान्तिको हरियो राजधानी जस्तो पृथ्वीको सानो प्यारो टुक्रालाई अघि बढेर देखाउनुभन्दा आफूलाई छिपाउनुमा ज्यादा रूचि देखाउँछ । त्यसलाई एकान्त मन पर्दछ । संसारको घच्चाघमासानमा पसीना काढी हिस्सा लिनुभन्दा ध्यान र ज्ञानको गङ्गातिर र हिमगिरीशिला यसलाई ज्यादा मन पर्छ" (ल.नि.सं., पृ. ५१) ।

प्रकृतिको सौन्दर्य र शान्तपनको चर्चा गर्दै देवकोटा यही प्रकृतिको पनि विविध रूपहरू भएको कुरा उल्लेख गर्दछन् । यस धर्तीमा अनेक प्रकारका प्राकृतिक वस्तुहरू भए पनि तिनमा सौन्दर्यपूर्ण र शान्तमय मेल रहेको कुरा अभिव्यक्त गरेका छन् । उनले लेखेका छन् :

जुन पृथ्वी यस्ती शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रङ्दार छन् । जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, चरा मृग र बाघहरूले परिपूर्ण संसार ... जहाँ तालमा दिव्य भाषण, जहाँ पत्रहरू सजीव दुनियाँका हलचलझैँ हमेशा बोलिरहन्छन् । जहाँ प्रकृति रङ्ग-रङ्गका दृश्यचित्र रची-रची रङ्गका रोशनी परेका कुशलता प्रदर्शन गरिरहेकी छन्, जहाँ लहराहरू राष्ट्रिय झण्डाझैँ प्राकृतिक पर्खालमा फरफराइहेछन्, अनेकौँ फूलहरूले सुशोभित बनेर जहाँ सर्वोच्च हिमालय शासन गरिरहेछ (ल.नि.सं., पृ. ५५) ।

देवकोटाले सौम्य प्रकृतिको चित्रण गर्दै यस्तो भाव उल्लेख गरेका छन्: "....पहाडी अविरल झरझरको संगीतद्वारा भावनादोष सुधार हुन सक्तछ, किनकि सङ्घर्षविकृत मानवहृदयहरूका प्राथमिक सुर मिलाउने प्रभावहरू त्यहाँ पाइन्छन्" (ल.नि.स.,पृ. ५६) ।

मान्छेको जीवनलाई असुन्दर र कृत्रिमताको पहाडको रूपमा लिँदै देवकोटा मानिसले फूलबाट सौम्यभाव सिक्नुपर्ने र उपदेश लिनुपर्ने कुरा अभिव्यक्त गर्दै प्रकृतिको सौम्य रूपको यसरी

प्रेमभाव प्रकट गरेका छन् : “हे ! मानिस ! फूलसँग आफ्नो जीवनको महान् उपदेश सिक, हृदयमा कोमलतालाई अवकाश देऊ, सुन्दर भावनाहरूको रङ्ग चढाऊ, भित्री जीवनमा त्यो दिव्य सङ्गति त्यो लयदार मिलाप आउन देऊ ”

सत्य कुराहरू प्राकृतिक हुन्छ र असत्य अप्राकित हुन्छ भन्दै सत्यले शान्ति र असत्यले अशान्ति दिने कुरा देवकोटाले अभिव्यक्त गरेका छन् । उनी लेख्छन् “सत्य प्राकृतिक छ असत्य अप्राकृतिक । मेरो आत्मा झुटो चाहाँदैन ।.....ईश्वर साथ हुन्, मानवात्मा शान्तिपोषण पाउँछ । असत्य आत्मघाती छ” (ल.नि.स., पृ. २०३) ।

वृक्षको गुणभन्दा पनि मानिसको गुण कम भएको भन्दै वृक्षले तपस्वी जस्तै सुख दुःख सहेर प्राणीहितमा शान्त रूपमा अनेक सेवा गरेको छ भनेका छन् । शान्त र सौम्य प्रकृतिको एउटा रूप वृक्षमा छ भन्दै वृक्षको गुण यसरी उल्लेख गरेका छन् :

> .......वृक्षको भन्दा मानिसको देन आखिरमा खराब जस्तो लाग्दछ । यो बोटस्वरूप तपस्वीमा दुःख सुखको तरफ मीठो राजीनामाका साथ करप्रसाद, फलधारण, लोचनरञ्जन, छायाप्रदान आदि जो अनेक गुण छन् तथा मरिसकेपछि लकडीले सुक्खा स्वरूपमा जो घरेलु ........। मानिस मानिसका निमित्त जति काम गर्दछ त्यहाँ अहङ्कारको छाया परिहाल्दछ । अलिकति अत्म प्रदर्शनको क्रिया तथा कृत्रिमता तर अनारको बोटको पैदावारीमा त्यो जहर छैन (दा.रू, पृ. ११६) ।

फूल तथा ढुङ्गामा पनि सङ्गीतको मधुरता देख्ने निबन्धकार देवकोटा लेख्छन् :

> फूलका शिराहरू पनि सङ्गीतबाटै बनेका मृदलका नमूनाहरू हुन् ........पाषण पनि ठाउँ ठाउँमा नशा हालेका देखिन्छन् । मानौं तिनीहरूभित्रको सङ्गीत शिरादार बन्न खोजिरहेछ । परमाणुहरू रून्झुनाउँछन् र परमाणु स्थितिमा पनि ताराहरू लयदार चितवनका .....विशालस्पर्शी चेतले सञ्चालित रहन्छन् । ढुङ्गाहरू बोल्दछन् र साँच्चिकै -यदि हामीहरूले सहानुभूतिकै श्रवण राख्यौं भने विश्वनादको विस्तारले चैतन्य प्रथम कामको स्पन्दनले लहराएर लयदार गतिमा झिलिक्क झुलुक्क देखाउँछ (दा.रू., पृ. ४२) ।

रिमझिम पानी परेको बखतको शान्त प्राकृतिक वातावरणको चर्चा पनि देवकोटाले ‘साँढे’ निबन्धमा गरेका छन् । उनले त्यस्तो मौसमप्रति प्रभावित हुँदै ताराको चर्चा गरेका छन : “भुसुने पानी सिमसिमाइरहेको रात । आकाशमा झमट-झमट झरी परेर च्यातिएका प्वाल परेका चिथरे बादलहरू । एक दुई तारा मात्र स्वर्गबाट पिल्पिलाईरहेका छन्” (दा.रू., पृ. १२६) ।

देवकोटको प्रकृति सत्यं, शिवं  र सुन्दरं छ । प्रकृतिले “आफ्ना सन्तानलाई फकाएर, फुल्याएर पनि सत्य, शिव र सुन्दरतिरै खिच्नमा एवम्, सत्य, शिव र सुन्दर बनाउनमा सतत प्रयत्नशील छ । उसबाट मानिसलाई कल्याणै कल्याण, आनन्दै आनन्द हुन्छ” (अधिकारी, २०२८ : २८) ।

देवकोटाले प्रयोग गरेको प्रकृति "....ममतामयी आमाजस्तै स्वतः द्रवित, माया र स्नेहको सङ्लो धारा लिएर आउँछे । कहिले वयस्क अविभावक जस्तो आर्शीवादको वर्षा गर्छे......" (झा, २०२४ : ५५/५६ । उनको प्रकृतिले शान्ति र विकासको सन्देश प्रवाहित गरेको छ ।

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिको सौम्य स्वभावको चित्रण पनि आफ्ना निबन्धहरूमा गरेका छन् । प्रकृतिले प्रेम गरेको जीवन र स्थानमा कुनै अनिष्ट हुँदैन, कुनै अभावले छुँदैन भन्दै प्रकृतिले सत्यं, शिवं र सुन्दरंको रूपमा सबैको रक्षा गर्छ भन्ने भाव प्रस्तुत गरेका छन् । मानिस चेतनशील प्राणी भए पनि एउटा वृक्षको जति गुण पनि मानवमा नभएको उल्लेख गर्दै तपस्वीको रूपमा वनस्पतिले प्राणी सेवा गरेको छ भन्ने उल्लेख गरेका छन् । यदि भाषा बुझ्न सकियो भने पाषाणमा पनि फूलको सौम्यता प्राप्त हुने भन्दै नदीको कलकलमा वेदको ध्वनि रहेको कुरा अभिव्यक्त गरेका छन् । आधुनिक सभ्यताको झिलिमिलीमा  रमाउने व्यक्तिलाई प्राकृतिक संरक्षणी स्वभावको बारेमा बुझाएको कुरा व्यक्त  गर्दै फूलको सौन्दर्यबाट मानिसले धेरै उपदेश सिक्न सक्ने तथ्य पनि प्रष्ट पारेका छन् । एउटा हिमालले सम्पूर्ण पृथ्वीलाई शान्त र सौन्दर्यको पाठ सिकाएको भन्दै देवकोटा यसबाट विशालताको भावना प्रादूर्भाव गर्नुपर्ने उल्लेख गर्दछन् । 'फूल', 'पहाडी जीवन', 'सरिताको कलकलमा', 'दाडिमको रूखनेर' आदि विभिन्न निबन्धहरूमा प्रकृतिको सौम्य स्वभावप्रति प्रेमभाव प्रकट गरिएको छ ।

## ४.२.११ रौद्र स्वाभावको प्रकृतिप्रेम

परिवर्तन प्रकृतिको नियम हो । कुनै बेला अत्यन्त सौम्य र शान्त हुने प्रकृति कुनै बेला अशान्त भएङ्कर र रौद्र स्वभावको पनि भइदिन सक्छ तर कसैले पनि प्रकृतिलाई नकार्न सक्दैन । बरू प्रकृतिले जस्तो रूप लिन्छ अरूले त्यसकै अनुयायी बनेर आफ्नो अस्तित्त्व  बचाउनुपर्ने हुन्छ । प्रकृतिकको यही डरलाग्दो भएङ्कर र रिसाहा स्वरूपप्रतिको आकृष्टता र अनुरागलाई रौद्र स्वभावको प्रकृतिप्रतिको प्रेम भनिन्छ । 'झञ्झावर्णन' र 'ज्वरशमना' प्रकृति जस्ता कविताका सर्जक निबन्धकार देवकोटाका  विभिन्न निबन्धहरूमा रौद्र स्वभावको प्रकृतिको चित्रण तथा त्यसप्रति प्रेमभाव पनि दर्शाइएको पाइन्छ । 'वीरहरू', 'आषाढको पन्ध्र', 'साँढे', 'फूल' आदि जस्ता विभिन्न निबन्धहरूमा यस्तो भाव रहेको पाइन्छ । यस धर्तीमा दिनानुदिन पाप र हिंसा बढ्दै गएको र यसको समाधान गर्न प्रकृतिले रौद्र स्वभाव ग्रहण गर्नुपर्ने तथा मानव हाँस्दा प्रकृति हाँसेकी हुन्छे र 'प्रकृति कहिले क्रूर राक्षसी, कहिले असहयोगी र विध्नकारी शत्रुझैं मनुष्यको बाटोमा तगारो हाल्दछे' (झा, २०२४ : ५५/५६) भन्ने भाव देवकोटाको निबन्धमा पाइन्छ । त्यसर्थ देवकोटाको प्रकृतिप्रेमको चर्चा गर्दा रौद्र स्वभावको प्रकृतिको चित्रणको बारेमा पनि चर्चा गर्नु आवश्यक छ ।

'पहाडी जीवन' निबन्धमा देवकोटाले पहाडका गरिब र निमुखा मानिसलाई प्रकृतिले पनि साथ नदिई रौद्र रूप धारण गरेको कुरा उल्लेख गरेका छन् । उनले ती पहाडी मानिसको लागि प्रकृति आफैं मख्खीचुस छिन् भन्दै यस्तो लेखेका छन् :

> ....त्यस ठाउँमा पनि मनुष्य सरुवा, डुलुवा जीवन लिँदै घाम र न्यानो हावाको खोजिमा हिँडिरहेछ । उसका निम्ति संसार कन्जुस छ, प्रकृति मख्खीचुस छिन् । पृथ्वीले करबलले सिस्नु र मकै दिन्छिन् । यस्तो ठाउँमा मनुष्य किन आयो होला ? के को मजाले ? कुन आनन्द लिन ? खालि काँढा खान ? खालि तुषारोले चिथोरेका थोरै पत्तीहरू झैँ उभिन, हावाका दाह्रा अगाडि ठकठकाउन, विजोग देखाउन ? (ल.नि.स., पृ. ७) ।

जीवहरू यस धर्तीमा जसरी जन्मन्छन् त्यसैगरी मरेर पनि जानुपर्छ । त्यो प्रकृतिको नियम हो । काल प्रकृतिको रौद्र रूप हो । कालले कसैलाई पनि लैजान बाँकी राख्दैन, ढिलो र चाँडो मात्र । यस्तै कुराको चर्चा गर्दै देवकोटाले लेखेका छन् : "......उनीले आखिरी हिक्काहरू हेर्न सकिनन् । दाह्रा किट्थिन् । मानौं सब क्रूरका अदृश्य शक्तिहरूसँग लडाइँ खेल्न चाहान्थिन् हाय ! हामीले भन्यौं, 'यो दृश्य सहन बाँच्नुपर्छ' (ल.नि.स., पृ. १६७) ।

यस उद्गारमा प्रकृतिको रौद्ररूप कालले कुनै आमको काखबाट आफ्नो सन्तान लैजाँदाको पीडा र त्यस मृत्युको वेदनलाई पनि सहनुपर्ने भनि प्रकृतिकै नियममा चल्न उत्प्रेरित गरिएको छ ।

अग्ला-अग्ला शिखरहरू सौन्दर्यका खानी मात्र होइनन् तिनीहरू प्राकृतिक रौद्रताका पनि स्रोत हुन् । पहाडले वा हिमालले सधैं सौन्दर्य र विशालता मात्र सिकाउँदैन कठिनता र रौद्रता पनि सिकाउँछ भन्दै देवकोटा लेख्छन् :

> ती चुलीहरूमा पुग्न कठिनाइको हद छ । त्यसतर्फको बाटामा सयपत्रे पहाड छन् ढङ्गाका राज्य, काँढादार जङ्गल, दस्तुर नढ छन् । त्यहाँ सभ्य आराम छैन .......खालि कठिनाइको टुना, खालि खतराको मोहनी, त्यहाँ चिसो हावा छ, काट्ने, उड्ने पृथ्वी तल तान्छिन् .....हावामा पातलोपन पाइन्छ, परमेश्वर असम्भवनेर लगेर मानवात्माको जटिल परीक्षा गरिरहेछन् (ल.नि.स, पृ. १७८) ।

उपर्युक्त निबन्धांशमा निबन्धकारले प्रकृतिको भीषण तथा रौद्र रूपको समेत प्रेमभाव प्रकट गरेका छन् । पहाडका र हिमालका कठ्याङ्ग्रिने चिसो ढुङ्गे जमिन तथा काँढादार जङ्गलप्रति पनि कुनै वितृष्णा नजनाउँदै बरू त्यस ठाउँमा जाँदा कठिनताको आनन्द प्राप्त हुने कुरा उल्लेख गरेका छन् ।

"सत्य प्राकृतिक छ असत्य अप्राकृतिक" (ल.नि.स., पृ. २०३) । भन्दै उनी सत्यको पक्षमा लाग्दा अनेक कठिनाई, भीषणता आदिको सामना गर्नुपरे पनि त्यसबाट विचलित हुन नहुने भाव 'सत्य सोझो हुन्छ' शीर्षकको निबन्धमा उल्लेख गरेका छन् । प्रकृतिमा प्रचण्ड गर्मी बढ्दा पनि र हिउँदको तुषारोमुनि पनि जीवनको नवसञ्चार देख्ने देवकोटा यस्तो प्रकृतिप्रति श्रद्धा देखाउँदै

लेख्छन् : "उष्णको माप प्रगतिशील हुन शुरू हुँदाहुँदै यतिका प्रसन्नताका लक्षणहरू प्रकृतिमा प्रार्दुभाव भैसकेको देख्दा, यस्तो मालुक हुन्छ कि मानौं हिउँदको तुषारोमनि जीवनको धीमानाडीमा पूर्व प्रतीक्षा काम गरिरहेको थियो" (दा.रू.,पृ. ८१) ।

रौद्रता र प्रलोभनशीलता मानिसमा मात्र होइन प्रकृतिमा पनि पाइन्छ । बरू यो गुण प्रकृतिले नै मानिसलाई सिकाएको हो भन्ने उल्लेख गर्दै यस्तो लेखेका छन् : "मानिसको प्राथमिक प्रकृति खराब छ रे ! प्रलोभनशीलताको अङ्कुरण नभए बाबा आदमका सन्तान हामी मर्त्य हुने थिएनौं ....कालो नागलाई कालै दूध चढाउनु एक बुद्धिमानी हो प्रकृतिको प्राकृत प्रेरणा यो प्रलोभन प्रकृतिभित्रै छ" (दा.रू., पृ. ९८) ।

देवकोटाले चराचर प्रकृतिमा रौद्रता लुकेको छ भन्ने मान्यता राखेको पाइन्छ । उनी हिंसा प्रवृत्ति पनि समयानुसार उपयुक्त हो भन्दै कालीदुर्गाले नत्र किन आफ्नै रचनालाई भोग खान्छिन् भन्ने प्रश्न गर्दछन् र प्रकृतिको रौद्र रूप पनि स्वीकार्नु पर्नेमा जोड दिएर यस्तो लेखेका छन्:

> माटो माटोतिर प्रवृत्त हुन्छ । माटोलाई रस दिन्न भन्ने आत्महत्या गरिहालुन् -अनशनले मरेका अभागी झैं । .....तब प्रकृतिदेवीलाई चिन्ने एक जना मार्कण्डेय ऋषि भए । चण्डी-प्रकृति मासु पनि खान खोज्छिन् । ....यदि तँपाई भन्नु हुन्छ यो मांस प्रवृत्ति हो, तपाईलाई जीवनको क्षेत्रको लाटोकोसेरो भन्न हामीलाई कर लागिहाल्छ (दा.रू., पृ. ९९) ।

प्रकृतिको स्वाभाविक रूपमा शोषण गर्ने गुणप्रति छेकबार लगाउनु ठूलो अपराध हो भन्दै निबन्धकारले "शोषक सतह बढाउँदी प्रकृतिलाई विकास प्रवृत्ता पाएर धोखा दिनु ठूलो अपराध हो" (दा.रू., पृ. १०१) । भन्ने उल्लेख गरेका छन् ।

'कवि हुने धुनमा' निबन्धमा देवकोटाले आफ्नो बाल्यकालीन संस्मरणहरू व्यक्त गर्दा एक जना सहपाठीले लेखेको कविता उद्धृत गर्दै त्यस श्लोकमा प्रकृतिको रौद्र स्वभाव, भूकम्पलाई यसरी चित्रण गरेका छन् :

"जापानमै हुन गयो किन हाय ! आज
भूकम्प रूप अति भीषण बज्रपात" (दा.रू., पृ.१०८) ।

कुनै स्त्रीको स्वाभिमानी र सुवासिनी स्वभावको परिकल्पना गर्दै लेखेको 'म सुवासिनीमान्छे भए के गर्ने थिए ?' शीर्षकको निबन्धमा देवकोटाले अन्याय र अत्याचारको विरूद्ध र समाजको कुदृष्टिको विरूद्ध लड्न स्त्रीलाई प्रकृतिले नै दिएको उग्ररूपको चर्चा यसप्रकार गरेका छन् :

> हामी भित्रका महाकाली, महालक्ष्मी, महासरस्वती जागेर, जिएर समाजका कर्मभूमिमा निस्कन पाएनन् । ...हामी आदर्श जप्न थाल्छौं, जपमालाले बिग्रियौं । पद्मिनी यस युगमा जलोस् ! एक मीराबाईले अलापोस् ! या एक संयोगिता हरियोस् ! या एक सीताले अग्नी परीक्षा खाओस्...केरा झाँसीकि रानी प्रज्वलित बनोस् ! एक तारा त उदाओस् .....मेरा

काला, कराल जगल्टा एक जरकले फट्कारेर निष्क्रिय धर्मलाई म समाजबाट बढारेर हुरीका पहेँला पात झैँ उडाउन चाहन्छु। मलाई फूलको कहानी नसुनाउनु कसैले (दा.रू., पृ. १२०-१२१)।

'मेरो पाल्पा तान्सेनतर्फको यात्रा' एउटा भ्रमणको कार्यक्रमलाई आधार बनाएर लेखिएको निबन्ध हो । प्रकृतिका विविध स्वरूपको चित्रण तथा प्रेम यस निबन्धमा पनि गरिएको छ । प्रकृतिमा पाइने रौद्र स्वरूपको चर्चा गर्ने क्रममा उनी प्रकृतिले पहाडी भेगका मानिसप्रति रौद्र र क्रूर स्वभाव प्रस्तुत गरेको र उनीहरूलाई चाहिने जती आवश्यकता पुऱ्याउन पनि कञ्जुस्याइँ गरेको कुरा उल्लेख गर्दछन् । मानिस प्रकृतिको रौद्रता बावजुद आफ्नो गुजरा गर्ने गरेको कुरा यसरी प्रकट गरेका छन् :

> नेपाल विचित्र विषमताको देश अनुमान हुन्थ्यो । ऊँचा-ऊँचा पहाडहरू, गहिरा-गहिरा खाडीहरूसँग दृश्यपटमा आलोपालो देखाहा पर्दछन् पर्वतहरू मानिसको प्रशस्त दृश्य निहार्दछन् कि भनेजस्तो मालुम हुन्छ तर मनुष्य तिनको वैरभाव निलेर, तिनको कठिनाई हाँक सम्झन, तिनमा प्रगतिशील आक्रमण गर्दै छ कि भनेजस्तो देखिन्छ । पहाडको जङ्गलका बीचमा भिराला जमिन र शिखरहरू कोरेर नेपाली कृषक तपस्वी जीवन व्यतीत गरिरहेछ । पृथ्वी ती पर्वतमा कडा निर्दयी देखिन्छिन् र आफ्ना पुत्रपुत्रीतर्फ उदारताको मात्रा बहुत कम देखाउँछिन् । उब्जनीमा सन्तुष्ट परिश्रमको उपासक पर्वतवासीहरू प्रकृतिका विरोधी शक्तिसँग अटुट सङ्घर्ष गरेर बलिया, टहरा, प्रकृति विजयीका रूपमा विस्तारै फैलिरहेका मालुम हुन्छ (दा.रू., पृ.) ।

लक्ष्मीप्रसाद देवकोटा निबन्धमा पनि प्रकृतिको रौद्र स्वरूपको चित्रण तथा प्रेमभाव प्रकट गर्ने निबन्धकार हुन् भन्ने तत्थ्य माथिको विश्लेषणबाट पनि प्रष्ट हुन्छ । पहाडी क्षेत्रका कतिपय ठाउँमा प्रकृति आफैँ मखखीचुस बनेकी छिन् तर पनि त्यहाँका मानिस प्रकृतिको रौद्रता स्वीकारेर जिउँन बाध्य छन् । एउटी आमाले दुःख कष्टसाथ हुर्काएकी सन्तानलाई निष्ठुरी प्रकृतिले चुँडेर लगेको कुरा अभिव्यक्त गरेका छन् । भूकम्प, बाढी, पहिरो आदि जस्ता रूपमा पनि प्रकृतिले मानिसलाई दुःख दिएको कुरा पनि उल्लेख गरेका छन् । सधैँ भरि सौम्य प्रकृति मात्र नभई रौद्र प्रकृति पनि आवश्यक छ भन्ने भाव देवकोटाका निबन्धमा पाइन्छ । चराचर प्रकृतिमा रौद्रता लुकेको र प्रकृतिले नै मानिसलाई रौद्र स्वभाव सिकाएको भन्ने भाव पनि उनका निबन्धमा पाइन्छ ।

### ४.२.१२ प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरणप्रतिको प्रेम

विभिन्न किसिमका प्राकृतिक वस्तुहरूको स्वभाव गुण तथा क्रियाकलापलाई मानिसको क्रियाकलापसँग साम्यता प्रकट गर्दै प्रकृति चित्रण गर्नु प्रकृतिको मानवीकरण हो भने मानवीय स्वभाव र क्रियाकलापलाई प्रकृतिका विभिन्न वस्तुहरूको क्रियाकलापसँग एकीकरण गर्नु मानवको प्रकृतीकरण हो । यही विशेषताप्रतिको आकृष्टता नै प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरणप्रतिको प्रेम हो । "अङ्ग्रेजी कवि किट्स, सेली र वर्डस्वर्थको प्रभाव ग्रहण गरी किट्स

जस्तै प्रकृतिमा सजीवता देख्न सक्ने बानी परेका देवकोटाले आफ्ना काव्यमा मानवको प्रकृतीकरण र प्रकृतिको मानवीकरण तथा मानव, प्रकृति र दिव्यताको समीकरण गरेका हुन्छन्" (सापकोटा, २०६६ : २७८-२७९) । यस विशेषताका आधारमा हेर्दा देवकोटाका प्राय: निबन्धहरूमा प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरण गरिएको पाइन्छ । प्रकृतिमा नै सर्वस्व देख्ने देवकोटाले मानवको व्यवहार प्रकृतिमा भएको र प्रकृतिको व्यवहार मानवमा भएको कुरा विभिन्न रूपमा प्रस्तुत गरेका छन् ।

'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' शीर्षकको निबन्धमा भानुभक्तलाई सदाचारी र नेपाली हृदयका श्रद्धालु कवि थिए भन्दै उनको प्रकृतीकरण एउटा वृक्षको रूपमा यसरी गरेका छन् : "नेपालको बारीमा एउटा सानो कल्पद्रुम रोपियो, जहाँ हाम्रा सर्वोच्च भावना र कल्पनाहरू हामी फुलेका र फलेका पाउँथ्यौं । डाँडाको छातीमा उनको भाषा टक्कराउन लाग्यो, नालाको लोलीसँग लोलिन लाग्यो । घर-घरमा नयाँ दिपावली बले ...." (ल.नि.स., पृ. २४) ।

'वीरहरू' निबन्धमा नेपाली वीर पुरुषहरूले दिएको योगदानको चर्चा गर्दै ती वीरहरूको प्रकृतीकरण यसरी गरेका छन् : "नेपाली माटोमा किरण त्यहाँ झऱ्यो, बीउ त्यहाँ रोपियो र सुगन्ध त्यहाँ फुल्यो, जहाँ तिनीहरू जीवनको गुलाबी लाली पोख्तछन्, तिनका वासनाहरू हावाले दुरतासम्म पुऱ्याएर अरूलाई फुल्न प्रेरणा गर्दछन्" (ल.नि.स., पृ. ६०) ।

मानिसलाई एउटा फूलको रूपमा चित्रण गर्दै 'भलाद्मी' निबन्धमा "विकासको सिद्धान्त अनुसार कुनै जाति ओरालो लागिरहेछन्, कोही उकालो लागिरहेछन् । कसैलाई खिइनु छ, कसैलाई फूल्नु र फैलनु छ" (ल.नि.स., पृ. ६१) भन्ने उल्लेख गरेका छन् । यहाँ समग्र मानव जातिलाई नै फूलको रूपमा फुल्ने र वतासको रूपमा फैलने कुराको चित्रण गरेका छन् ।

'फूल' निबन्धमा प्रकृतिको सुन्दरतम् वस्तु फूलको मानवीकरण गर्दै फूललाई एउटी आमाले जन्माएकी शिशु जस्तो वक्षस्थलमा स्तन चुसिरहेको भनि फूलको मावनवीकरण यसरी गरेका छन् :

> फेरि यो मधुर सुगन्ध मानौँ त्यही सुन्दर रूपको सूक्ष्म सार, कुन जलको अगोचर वाफ उठेको हो, कुन हृदयको भाव वायुमण्डलमा फैलिरहेको हो ! अहा ! यसलाई कुन अविदित हातले स्पर्श गरेर खिलायो ! पृथ्वीको वक्षस्थलमा दूध चुसिरहेको यो शिशु, वसन्तको प्रवाहमा श्वास फेरिरहेको छ यसले यो मुस्कान कहाँबाट चोऱ्यो (ल.नि.स., पृ. ६६) ।

फूलको मानवीकरण गर्दै उनी लेख्छन् :

> .... यिनीहरूमा पनि प्रफुल्लित हुने हृदय छ, स्पर्शको आनन्द लिने इन्द्रिय छ । जीवनको जादूले यिनलाई छोएको छ । यी सुकुमार परीहरू मलयसमीरको प्रभाव याद पाउँछन्, वसन्तले यीनलाई पनि मोहनी लगाउँछ .... हेर, यो मनोहर गुलाबको सौन्दर्य ! यो पनि परिश्रमको उज्यालो श्रीपेच हो (ल.नि.स., पृ. ६८) ।

'आषाढको पन्ध्र' निबन्धमा उनी प्रकृतिको मानवीकरण गर्दै यस्तो उल्लेख गर्दछन् : "जब खाजा खाने बेला भएको थियो, खेतको किनारामा प्रकृतिका हातबाट बान्किला भएर बनेका कमलका हरिया बाटुला थलियाहारू बिछ्याईए" (ल.नि.स., पृ. ७३) ।

'कला र जीवन' निबन्धमा त देवकोटा संसार बोल्छ र पहाड तथा तारामा पनि जीवन छ भनि उल्लेख गर्दछन् । उनले लेखेका छन् : "संसार बोल्दैनन् भन्ने बहिरा हुन्, र पहाडहरू र रूखहरू र ताराहरूमा जीव छैन भन्ने मुर्दा हुन् । सच्चा दार्शनिक भन्दछ, ढुङ्गामा पनि त्यही सच्चिदानन्द चैतन्य रहेकै हुन्छ" (ल.नि.स., पृ. ७९) ।

समाजमा रहेका रहेका कुरीति र कुसंस्कृतिप्रति ढुङ्गाले पनि हाँसो उडाइरहेछ भन्दै ढुङ्गाको मानवीकरण यसरी गरेका छन् : ''पाषण पनि समाजको उडिल्लो बुडिल्लोपनालाई हँस्सी उडाइरहेछ" (ल.नि.स., पृ.९३) ।

'फर्सीको झोल' निबन्धमा पनि उनले प्रकृतिको मानवीकरण गर्दै लेखेका छन् :

> ...दृश्यहरू बडो अनौठो थियो, पहाडहरू थिए तर नेपालका जस्ता होइनन् । अलि खर्बुजा रङ्का । दायाँबाट बाँयातिर हिडेका जस्ता । रूखमा पात अलि अलि थोप्ले । एउटा सानो पोखरीको किनारामा आइपुगेछु । त्यहाँ डिलमा बडो रङ्चङ्गी राम्रा चम्किला रेशमी सारी लगाए जस्ता फूलहरू लहरै फुलेका रहेछन् जस्तो बम्बइको 'भारतद्वारका' समुद्र किनारामा देखे जस्तो लाग्छ (दा.रू., पृ. ४६) ।

"मानिस सधैं पुरुखाका आँखाले हेरेर आफूलाई बुद्धिमान् ठहऱ्याउँन चाहाँदैन । खोज र प्राप्तिमा व्यक्तित्व छन् । अलिकति माउ डाँठबाट अघि सरेर आफ्नो फूलमा नयाँ बनोट रङ्ग देखाउन चाहन्छ" (दा.रू., पृ. ४९) भन्दै मानिसको प्रकृतीकरण गरेका छन् । मानिसका बच्चा वा पुस्तालाई फूल, डाँठ र रङ्ग जस्ता प्रतीकहरूको प्रयोग गरी प्रकृतीकरण गरेका छन् ।

देवकोटाले मानवको प्रकृतीकरण मात्र नभई मानवबाट निःसृत भाषाको समेत प्रकृतीकरण गरेका छन् । 'नेपाली भाषा' निबन्धमा उनी लेख्छन् : "भाषा हाम्रो विश्वका योग्य व्यक्ति डुलाउने अमर पुष्पवाटिका हो र भाषाको सुगन्धद्वारा हामी विश्वको हृदयमा आफ्नो जातिको मिष्ट सार भर्न सक्छौं" (दा.रू., पृ. ७२) । "यसलाई फुलाउनुहोस् नेपाल फुल्छ । वैलाउनुहोस् सारा चीज यसका साथ वैलेर जानेछन्" (दा.रू., पृ. ७२) ।

'श्रीपञ्चमीको दिन २०१०' निबन्धमा पनि देवकोटाले प्रकृतिको मानवीकरण गरेका छन् । यस निबन्धमा समय, मौसम, वनस्पति, सूर्य आदि विभिन्न प्राकृतिक वस्तुहरूको मानवीकरण गरेका छन् । सूर्यको मानवीकरण गर्दै उनले यस्तो उल्लेख गरेका छन् : "सूर्यको मुख फर्किएको कुरा आलुवखडाको हृदयको बाढीले कति चाँडो थाहा पाउँछ" (दा.रू., पृ. ८०) ।

वसन्त ऋतुले प्रकृतिमा ल्याउने परिवर्तनको सूचना स्वयम् प्रकृतिले नै दिन्छ भन्ने कुरा प्रकृतिको मानवीकरण गर्दै यसरी व्यक्त गरेका छन् : "पण्डितजीले पात्रो लिएर वसन्त सुनाउन

आउनुभन्दा अगाडि मलाई आलुबखडाले झन् स्वाभाविक बोलीमा प्रसन्नतासँग वसन्त सुनाइसकेको छ। सबभन्दा पहिले फागु हलुका फागू भनौं आरूको बोटमा फुलिसक्यो । सेतो र रातो रङ्गको मधुर मिसावट त्यो रूख नाङ्गाको नाङ्गै हाँसिसक्यो" (दा.रू., पृ. ८०) ।

प्रकृतिको मानवीकरण गर्दै देवकोटा लेख्छन् :

> संसारमा शैशव छ । पातका कोथीहरू सेकिँदै, उचालिँदै छन् । दल कोपिलाको अङ्ग विस्तारमा शीघ्रता छ । किरण छिटो काम गरिरहेछ । काममा सहसा सिर्जनी शक्ति प्रादुर्भाव भएर असङ्ख्य बालदल जन्मिरहेछन्, हुर्किरहेछन् । वनस्पतिमा प्रसुतीकाल पन्ना जस्तो सुन्दर छ । किंबूको सेतो चिल्लो फेदसम्म नाङ्गा हाँगाभरि पातका कोपिला देखिन्छन् । ती कोपिलाहरूको बाहिरी खोलभित्र हरिया घुम्रेका गिर्खादार दलबच्चाहरू देखिन्छन् । थोरै दिनमा किंबूले हरिया पोशाक लह-लह लगाउनेछ । ...यस्तो मालुम हुन्छ, मानौं पृथ्वीको पोथी माटोमा स्वर्गका किरणहरूबाट सृष्टिका अदृश्य केशहरू झरिरहेछन् र फष्टिरहेछन् । प्रकृतिमा पुनरावृत्तिको चक्र चलिरहेको पाइन्छ, गतवर्ष दोहोरिरहेछ । भूको वार्षिक गति स्वर्गपथमा उही विन्दुका नियमले आइपुगेको छ र उही सिर्जनाको क्रिया दोस्रो अङ्क छापिरहेछ (दा.रू., पृ. ८१) ।

निबन्धकार देवकोटाले प्रकृतिका भक्त जस्तै प्रकृतिको मानवीकरण गरेका छन् । 'प्रकृतिका भक्त देवकोटाले कल्पना र भावनाको सहायताबाट प्रकृतिको विविध रूपको मानवीकरण गरेका छन्' (गोमा, २०२६ : ५५-५६) । प्रकृतिको मानवीकरण गर्दै उनले यस्तो उल्लेख गरेका छन् :

> ....धमाधम रङ्गहरू चढिरहेछन् । हरियो पहिलो अनि सेतो अनि अरू रङ्गहरू । आलुबखडा हाँस्दथे । आरु लाल हुन्छ, काँइयो फूल सुनौलिन्छ । जाई ढकमक्क हुन्छे, कनकचम्पा टप लगाउँछे, नास्पाती मुस्कन्छे, अनार मुजराउँछ, कोइरालो कोपिलिन्छ लालधर्के भएर फुल्दछ" (दा.रू., पृ.८० ) । "...ती फूलहरूको माहुरी, भँवरा, पुतली बोलाउँछन् । जगत्को चलचित्रमा चाख लिने यी ठाँटिएका अप्सराहरू पाउडर, रेशम, अत्तर, मुसकान, मदमत्त चाल र इसारा, सारा आकर्षणमा बैंसालु कलाले सम्पन्न भएर जिस्किन्छन्, नाच्छन् । चेपारे पार्छन् र ओठ खोली-खोली बोल्छन् (दा.रू., पृ. ८२) ।

कल्पनाशील देवकोटा मानव मस्तिष्कलाई आनारको बोटमा प्रकृतीकरण गर्दै यस्तो लेख्छन् : "हाम्रा मस्तिष्कमा हाँगा बिँगा अनेक छन् त्यस्तै अनारको बोटमा पनि जरा र हाँगा ? कुन शाखा-प्रशाखामा रूखको मस्तिष्क होला त ?" (दा.रू.,पृ .११६) ।

निबन्धकार देवकोटाले निबन्धहरूमा प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरण गरेका छन् । यो देवकोटाको प्रकृतिप्रेमको महत्त्वपूर्ण विशेषता हो । कतै उनी मानिसलाई रूख र बिरूवाको रूपमा चित्रण गर्छन् भने कतै रूख बिरूवाले टप लगाएको, फूलले सारी लगाएको कुरा अभिव्यक्त गर्दछन् । पहाडहरू हिडेका, नदीले गीत गाएको र फूलले भँवरा बोलाएको सुन्ने

देवकोटा ढुङ्गाको पनि आवाज र चैतन्य हुनेमा विश्वस्त छन् । यो प्रवृत्ति देवकोटा प्रायः निबन्धहरूमा पाइन्छ । त्यसर्थ प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरण पनि उनको प्रकृतिप्रेमको मूलभूत पक्ष नै रहेको ठम्याउन सकिन्छ ।

### ४.२.१३ दिव्यता तथा ईश्वरप्रतिको प्रेम

ईश्वरको अस्तित्त्व स्वीकार गर्दै ईश्वरको गुण तथा विशेषताप्रति श्रद्धाभाव प्रकट गर्नुलाई दिव्यता तथा ईश्वरप्रतिको प्रेम भनिन्छ । प्रकृतिको विषयमा चर्चा गर्दा ईश्वरको बारेमा पनि चर्चा गर्नुपर्ने हुन्छ किनकि यस प्रकृतिको सर्जकको रूपमा देवता वा ईश्वरलाई लिइन्छ र "इसाई तथा हिन्दू दुबैथरी धर्मग्रन्थहरूमा प्रकृतिलाई ईश्वरको अधीनस्थ सत्ता अथवा ईश्वरीय सत्ताको व्यञ्जक तत्त्वको रूपमा उभ्याइएको छ" (जोशी, २०५३ : झ) । त्यस्तै कतिपय विद्वान तथा दार्शनिकहरूले प्रकृतिलाई ईश्वरकै अङ्गको रूपमा पनि व्याख्या गरेका छन् । स्वच्छन्दतावादी स्रष्टाहरू प्रकृति मानव र ईश्वरको अभेद्य र तादात्म्य सम्बन्ध स्थापित गर्दछन् । प्रकृति कहिले ईश्वरको रूपमा सुख प्रदान गर्छ कहिले रौद्र रूप धारण गरी विनाशक बन्छ । 'देवकोटाले आफ्ना कृतिमा मानव, प्रकृति र दिव्यताको समीकरण गरेका छन्' (सापकोटा, २०६६ : २७८) । देवकोटाले आफ्ना निबन्धहरूमा ईश्वरको अन्ध आस्था नभई नैतिकतापूर्ण ईश्वरवादको वकालत तथा श्रद्धा भाव व्यक्त गरेका छन् ।

'श्रीगणेशाय नमः' निबन्धमा देवकोटाले आफूलाई ईश्वरको पक्षपाती भन्दै, मानिसले देवता वा ईश्वरको आरधना गर्ने प्रमुख मनोवैज्ञानिक कारण नै आफ्नो अपूर्णता हो भन्ने उल्लेख गरेका छन् । उनी लेख्छन् :

> जुनसुकै मनोविज्ञानिक दृष्टिले हेर्दा देवताको आधार लिन खोज्ने स्वाभाविक प्रवृत्ति मनुष्यको अपूर्णता र त्यसको परिणामस्वरूप आत्मविश्वासको कमीमा नै उत्पन्न हुन्छ । ....मेरो हिन्दू हृदयमा त अनेक न्यूनता र अपूर्णताको चैतन्यको त्रास चिसो भएर पस्तछ र म प्रकृतिवश या त सरस्वतीको चिह्न या त श्रीगणेशाय नमः को रूद्रीचण्डीक्रमको स्मरण नगरी सक्तिनँ (ल.नि.स., पृ. १)

'पाँचौटा चाहिने कुराहरू' शीर्षकको निबन्ध नैतिक र आध्यात्मिक चेतनामा आधारित निबन्ध हो । "देवकोटाले मानव जीवनका निमित्त ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्म यी पाँचवटा कुरा आवश्यक छन् भन्दै विभिन्न तर्क, युक्ति र प्रमाणका आधारमा यी पाँचैवटा कुरालाई छैन र होइन भन्न नसक्ने गरी सिद्ध र प्रमाणित समेत गरेर देखाइदिएका छन्" (जोशी, २०६१ : २२-२३) । प्रस्तुत निबन्धमा उनले ईश्वर पनि मानवीय उन्नतिका लागि महत्त्वपूर्ण छन् भन्ने तर्क प्रस्तुत गरेका छन् ।

ईश्वरीय सत्ताप्रति श्रद्धाभाव र विश्वास गर्दै उनले यस्तो लेखेका छन् : "दुनियाँमा पाँचौटा चाहिने कुराहरू छन्-ईश्वर, आत्मा, स्वर्ग नरक, धर्म । ईश्वरविना संसार नै शून्य छ । कारण नभई कार्य हुँदैन । हामी 'उनी छन्' को विश्वासमा जीवन धारण गर्दछौँ । यत्रो विश्वको काँट र अडान देख्तादेख्तै यसमा चेतन्ययुक्त महा पुरुषको सत्ता देखिँदैन भन्नु अन्धोपन हो" (ल.नि.स. पृ. २७) ।

यस संसारमा सबैतिर दिव्यनीतिकै संकेतहरू छन् भन्दै ईश्वरीय चेत नभई मानव मनले प्राकृतिक विकास समेत पाउन सक्दैनन् भन्ने कुरा यसप्रकार उल्लेख गरेका छन् :

> हामी संसारमा दिव्य नीतिको सङ्केत पाइरहेछौँ, यहाँ द्वन्द्वको ऐक्यमा नै शान्ति र सत्य भेट्टाइन्छ । दुःखहरूमा परमेश्वर सम्झाउने  र सत्य सङ्केतक अभिप्राय स्पष्टीकृत छ र हामी असत्यको राहले शान्ति पाउँदैनौँ । सौन्दर्य सत्यबाट झल्कन्छ र चराहरूको मधुरता परमात्माहरूको आनन्दको लागि पाइएको जस्तो बुझिन्छ । माधुर्य परप्रेममा आभाषित हुन्छ र विश्वपयोगितामा चीजहरूले सौन्दर्य लिएजस्तो .... । तब स्पष्ट हुनजान्छ कि चराचरमा दिव्य नीतिकै शासन रहेछ....ईश्वरीय चेत नभई मानव मन प्राकृत विकास पाउन सक्तैन, गडबडिन्छ (ल.नि.स., पृ. २८) ।

मानिस दुःख पाएपछि र मरणासन्न अवस्थामा ईश्वरप्रति समर्पित बन्छ भन्दै यस प्राकृतिक स्वभावको उल्लेख यसरी गरेका छन् : "हाम्रो मरणासन्न प्राकृत आध्यात्मिक ध्वनि 'हे ईश्वर !' को पुकारसँग जीवन गर्छ । सार्वजनिक यस प्रवृत्तिले हामी ईश्वरको सत्ता आखिरमा स्वीकार नगरी सक्तैनौँ" (ल.नि.स., पृ. २८) ।

परमेश्वर/ईश्वर ढुङ्गाजस्ता कठोर छैनन् भन्ने देवकोटाको विचार छ । ईश्वरको जहाँ पूर्णाभास हुन्छ, त्यही स्वर्ग हो भन्दै यस्तो भाव प्रकट गरेका छन् : "परमेश्वर ढुङ्गा जस्ता छैनन् तर सजीव सहृदय छन् यद्यपि अनन्त करूणाका अनन्त कठोरता क्रिया गर्छन्-सत् शिव सुन्दरका सभामा जहाँ यी पूर्णाभासी ईश्वर रहन्छन् । त्यो ठाउँ कस्तो होला ? त्यही स्वर्ग हो, त्यहाँ निर्मल आत्माहरू शान्निध्यमा बास पाउँछन्" (ल.नि.स., पृ. २९) ।

देवकोटा कुनै महात्मा ऋषि जस्तै हरेक जीवात्मामा ईश्वरको बास देख्छन् । उनी जीवलाई ईश्वरले नै यस धर्तीमा पठाएको र ईश्वरको इच्छा अनुसार नै एकदिन उनै कहाँ जानु पर्ने भाव प्रकट गर्दछन् उनले यस्तो भाव व्यक्त गरेका छन् : "यो जिवात्मा परमेश्वरको हुकुमले यहाँ आउँछ, केही समय सजीव क्रियामा रहन्छ र ईश्वरेच्छाले संसार त्याग गरेर आफ्नो स्थान लिन जान्छ । उसको जवाफदेही अनन्त छ, उसका भाव र विचारहरू सब उत्तरदायित्व भावी फल धारणा गर्दछन् र ऊ ईश्वर नसम्झी संसार त्याग गर्न सक्दैन" (ल.नि.स., पृ. ३०) ।

संसारमा ईश्वर छन् भन्ने निष्कर्षमा देवकोटा पुग्दै आजका ईश्वर छैनन् भन्ने भौतिकवादी वैज्ञानिकहरू शङ्काको भूल गर्दै हिँडेका बताउँदै लेख्छन् : "ईश्वर वाणी ह्वैन भन्ने वैज्ञानिक शङ्काधारीहरू भूल गर्दछन् । किनकि असत्य दुनियाँका हृदयमा थोरै समय राज गर्न सकोस्

तापनि शासन गर्न सक्तैन र सत्यका ती चमत्कारी ध्वनिहरूमा वाणी सजिलैसँग चिनिन्छ । त्यहाँ ईश्वरीय चमत्कार छ" (ल.नि.स., पृ. ३०) ।

'कला र जीवन' शीर्षकको निबन्धमा देवकोटा ईश्वर नै प्रथम र अन्तिम सत्य हो भनि ईश्वरप्रति प्रेमभाव प्रकट गर्दछन् । उनी लेख्छन् : "परमेश्वरको सिर्जनात्मक कलपूर्णता काम गर्दछ र ईश्वरीय सत्यलाई सुन्दर रेखा रङ्गरूपमा प्रकाशन गर्दछ ।.... जुन चीज त्रीकालाराध्य छ, त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन्" (ल.नि.स., पृ. ७५) ।

नेपालका शिखरहरूमा पनि शिव र शिवको मन्दिर देख्ने निबन्धकार देवकोटा त्यहाँ देवी देवताहरू हात जोडेर बसिरहेको भन्ने भाव प्रकृतिसँग समीकरण गर्दै यस्तो भावना व्यक्त गर्दछन् :

> शिखरमा शिवको मन्दिर छ, त्यहाँ अनन्तताको कारीगरी छ, त्यहाँ विचित्र सुनका घण्टीहरू बज्दछन्....। त्यहाँ देव र देवीहरू हात जोडेर बसिरहेछन्-ती जो पृथ्वीमा सफल भएथे तर जो स्वर्ग पुगे पनि स्वर्गको सिंहासनमा बस्ने सत्यमा अविदितको मोहनी र अनन्तको पूर्णता देखेर अरू जीवहरूद्वारा त्यही चढ्नको मिठास.... (ल.नि.स., पृ. १८०) ।

साहित्यमा शिवत्व निबन्धमा देवकोटा शिवको भावनाप्रति समर्पित छन् । "यस निबन्धमा उनले असल साहित्य र शिवको विषयमा तर्कपूर्ण अभिव्यक्ति राखेको पाइन्छ" (दाहाल, २०६६ : ५५) । ईश्वरको एउटा रूप शिवको बारेमा प्रष्ट्याउँदै उनी शिव शब्दको अर्थ यसरी लगाउँछन् :

> शिव शब्दले कल्याण जनाउँछ । शिवत्वलाई भलोपन अथवा कल्याणकारितासँग समीकरण गर्न सकिन्छ । यो चीज त्यस कारण वस्तु अथवा धर्मबाट राखेर सिकाएको सार अथवा गुण हो" (दा.रू., पृ. ९०) । "शिव भावनालाई लक्ष्य गरेर धर्महरूको जन्म भयो, तिनको द्वन्द्व हामीहरू अझ भोग्दैछौँ । यो भावनालाई यति ठूलो महत्त्व र दिव्यता दिइयो कि यसलाई ठोस बनाउँदै प्राचीन ऋषिले ईश्वरलाई शिव बनाए शिवलाई ईश्वर (दा.रू., पृ. ९०) ।

माथिको उद्गारमा देवकोटाले शिवकै कारणबाट ईश्वर जन्मेको तर मानिसहरूले त्यसको दुरूपयोग गरेर द्वन्द्व बढाएको गुनासो पनि गरेका छन् र ईश्वरप्रति सच्चा दृष्टिकोण हुनुपर्नेमा जोड दिएका छन् । "'साधुको माहात्म्य' निबन्धमा देवकोटाले देवदेवी र ऋषिमुनिका आस्था र आदर्शप्रतिको आफ्नो विश्वास र आदरभाव प्रस्तुत गरेका छन्" (काफ्ले, २०६९ : १०९) । यस तथ्यले पनि देवकोटा ईश्वरप्रति श्रद्धाभाव व्यक्त गर्ने स्रष्टा हुन् भन्न सकिन्छ ।

पूर्वीय सभ्यता र साहित्यमा ईश्वरको महत्त्वपूर्ण स्थान छ तर अङ्ग्रेजहरू यसमा अस्पष्ट चैतन्य राख्छन् भन्ने कुरा यसरी उल्लेख गरेका छन् : "....अङ्ग्रेजहरू सूर्यमा ईश्वर देख्तैनन् र पहाडमा देवता ! अरू जाति खालि ईश्वर छ भन्ने अस्पष्ट चैतन्यमा अविदितको होस दिव्य वाणी र धर्मपुस्तक मात्र हुन् । ....देवताहरूले बास गरिएको त्यो भिरालो जगत्मा हामी बास गर्दछौँ जो भारतका सच्चा पुत्र हौँ" (ल.नि.स., पृ.७९-८०) ।

'कविराजको च्याङ्ग्रे खच्चर' शीर्षकको निबन्धमा विभिन्न देव देवीप्रति जनवारसँगको सम्बन्ध देखाउँदै यसरी प्रेमभाव प्रकट गरेका छन् : "शङ्कर साँढेमा चढेर कसले निन्दा गर्न सक्यो ? गणेशजी मुसामा चढेर साना भएनन् । सरस्वती हाँसमा चढेर पनि संसारको पूजा पाउँदैछिन्" (ल.नि.स., पृ. ९६) ।

'कुम्भकर्ण' निबन्ध हिन्दू धर्मग्रन्थमा वार्णित एक मिथकीय पात्र कुम्भकर्णको सुत्ने प्रवृत्तिलाई दिव्यतासँग सामीप्य गाँसिएको विषयवस्तुमा नै आधारित छ । 'साधुको माहात्म्य' निबन्धमा पनि देवकोटा हिन्दू धर्मानुकूल साधुलाई समेत ईश्वरीय लीलाको नकट देख्दछन् र इशाई अनुयायीहरूले जस्तो साधुहरूलाई गरिबीको दृष्टिले हेर्न नहुने भाव व्यक्त गर्दछन् ।

'फूल' निबन्धमा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले फूललाई प्रकृति र ईश्वरको प्रतीकका रूपमा लिँदै हाम्रा धर्मग्रन्थमा वर्णन गरिएका ईश्वरहरूले पनि फूलकै प्रयोग गर्ने गरेको कुरा उल्लेख गरेका छन् । उनले ईश्वर र प्रकृकतिलाई सँगै राखेर दुबैप्रति प्रेमभाव प्रकट गरेका छन् । उनी लेख्छन् : "कृष्णजीको नाभिबाट कमल फुलेको छ, कमलका फूलमा चार वेद हातमा लिएका ब्रह्माजी प्रादूर्भूत हुनुभएको छ" (ल.नि.स., पृ. ६५) ।

उपर्युक्त विश्लेषणबाट पनि देवकोटाले ईश्वरप्रति वा दिव्यताप्रति प्रेमभाव दर्शाउँदै प्रकृति, मानव र ईश्वरको अन्तर्सम्बन्धको चर्चा गरेका पाइन्छ । उनले हिन्दू धर्मका विविध देवीदेवताहरूको उल्लेख निबन्धहरूमा गरेर उनीहरूको सद्गुणको र योगदानको प्रसङ्ग ल्याउनुबाट पनि यो कुरा प्रमाणित हुन्छ । कतिपय निबन्धका शीर्षक नै धर्ममा वा देवतामा आधारित हुनुले पनि उनको ईश्वरीय सत्ताप्रतिको आदरभाव र झुकाउलाई प्रष्ट्याउँछ । मानिसले अपूर्णताकै कारणबाट ईश्वरको पकिल्पना गरेको र ईश्वर प्रत्येक जीवात्मामा रहेका छन् भन्दै ईश्वरको सर्वव्यापकताको चर्चा गरेका छन् । मानिसका निम्ति धर्म पनि चाहिने कुरा हो भन्ने पुष्टि गर्दै विभिन्न तर्कको आधारमा ईश्वर रहेको र ईश्वरको कारण यस चराचर जगत् तथा प्रकृतिको निरन्तर सञ्चालन सम्भव भएको भाव निबन्धमा व्यक्त गरेका छन् । मानिस मर्ने बेलामा पनि ईश्वरकै नाम जप्दछ, झन् जन्म त ईश्वरकै कारणबाट हुन्छ भन्दै ईश्वरले चाहेसम्म मात्र जीव यस धर्तीमा रहन सक्ने कुरा पनि उल्लेख गरेका छन् । शिव वा ईश्वर भन्नु नै कल्याण हो भन्दै नैतिक ईश्वरवादको वकालत देवकोटाले गरेका छन्, अन्ध ईश्वरवादको वकालत होइन । आफू हिन्दूधर्मको अनुयायी भएकोले पनि यति धेरै ईश्वरप्रति आस्था र विश्वास तथा प्रेमभाव राखेको स्वीकारोक्ति पनि देवकोटाले गरेका छन् । यसरी लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा दिव्यता वा ईश्वरप्रति पनि प्रेमभाव भएको पृष्टि गर्न सकिने आधारहरू छन् र उनी ईश्वरभक्त निबन्धकार पनि हुन् ।

## ४.३ निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृतिप्रेमका विविध भावहरू प्रकट भएका छन् । प्रकृतिका विविध रूपहरूमध्ये वनस्पति, मानवीय स्वभाव, तन्मय प्रकृति, मन्मय प्रकृति, नदीनाला, वर्षा, बादल, भूगोल तथा धरातलीय स्वरूप, खगोलीय पिण्डहरू, चरा, कीटपतङ्ग, जनावर, ध्वनि, वायु आदिप्रतिको प्रेमभाव उनका निबन्धमा व्यक्त भएका छन् । प्रकृतिको रौद्र स्वभाव तथा सौम्य स्वभावप्रति पनि प्रेमभाव प्रकट गर्दै प्रकृतिकै अङ्ग मानिने ईश्वरप्रति पनि श्रद्धाभाव र महत्त्व प्रकट गरेका छन । यी विभिन्न आधारहरूबाट देवकोटा प्रकृतिप्रेमी निबन्धकार भएको पुष्टि मिल्दछ । प्रकृति नै सारा संसारको मूल तत्त्व हो, प्रकृतिबाट नै यस चराचर जगत्को हरेक क्रिया अनवरत रूपमा सन्तुलित ढङ्गले चलेको छ र प्रकृतिको अभावमा केहीको पनि अस्तित्व छैन भन्ने प्रकृतिप्रेमी भावहरू देवकोटाका निबन्धहरूमा प्रकट भएको छ ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ परिच्छेदगत सारांश

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय समाविष्ट गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृतिप्रेम शीर्षकको यस शोधपत्रको पहिलो परिच्छेद समग्र शोधपत्रको परिचय र क्रमशः समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र उपयोगिता, शोधको सीमा, शोधविधि र शोधकार्यको परिचय प्रस्तुत गर्दै शोधपत्रको प्रारूप तयार पारिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा प्रकृतिप्रेमको अवधारणात्मक स्वरूप प्रस्तुत गरिएको छ । यस अन्तर्गत विषय परिचयमा दोस्रो परिच्छेदको चिनारी प्रस्तुत गरिएको छ भने त्यसपछि प्रकृतिको परिचय र परिभाषा प्रस्तुत गरिएको छ । जसअन्तर्गत विभिन्न शब्दकोषहरूले प्रकृतिको परिभाषा कुन-कुन रूपमा गरेको छ भनि उल्लेख गरिएको छ । विभिन्न पूर्वीय दर्शनको आधारमा प्रकृति भन्ने उपशीर्षकमा वेदान्त र साङ्ख्य दर्शनले प्रकृतिको बारेमा प्रस्तुत गरेका निचोड उल्लेख गरिएको छ । त्यसपछि विभिन्न वादहरूले प्रकृति र प्रकृतिप्रेमलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । निबन्धमा प्रकृति विश्लेषणका आधारहरू उपशीर्षकमा प्रकृति विश्लेषणका आधारहरू बूँदागत रूपमा प्रस्तुत गरिएको छ र त्यसपछि निबन्धमा प्रकृति विश्लेषणको महत्त्व र आवश्यकता प्रस्तुत गर्दै प्रकृति विश्लेषणका आधारहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा लक्ष्मीप्रसाद देवकोटाको निबन्ध सिर्जना र निबन्धयात्राको अध्ययन गरिएको छ । विषय परिचय अन्तर्गत तेस्रो परिच्छेदको परिचय गराइएको छ र त्यसपछि निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको परिचय र उनको निबन्ध लेखनको क्रमिक विकासको उल्लेख गर्दै त्यस आधारमा देवकोटाको निबन्ध लेखनगत चरण विभाजन प्रस्तुत गरिएको छ । जसअनुरूप देवकोटाको निबन्ध लेखनलाई दुई चरणमा विभाजन गरिएको छ । वि.सं. १९९३ देखि २००२ सम्म पहिलो चरण र वि.सं. २००३ देखि २०१६ सम्मको अवधिलाई दोस्रो चरणमा निबन्धात्मक यात्रालाई विभाजन गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा देवकोटाका निबन्धमा रहेको प्रकृतिप्रेमको विश्लेषण गरिएको छ । निबन्धमा अभिव्यक्त भएका प्रकृतिप्रेमका विश्लेषणका आधारका रूपमा वनस्पतिप्रतिको प्रेम र यसका उपशीर्षकका रूपमा वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम र वनस्पतिको अनौठो गुणप्रतिको प्रेमको चर्चा गरिएको छ । त्यस्तै मानवीय स्वभावको प्रेम अन्तर्गत पुरुषगुण, स्त्रीगुण र बालबालिकाका गुणप्रतिको प्रेमको चर्चा गरिएको छ । प्रकृतिप्रेमकै

विश्लेषणको क्रममा तन्मय प्रकृति, मन्मय प्रकृति, नदीनाला, बादल, वर्षा, भूगोल र धरातलीय स्वरूप, खगोलीय पिण्डहरू, चरा, कीटपतङ्ग तथा जनावर, ध्वनि, वायु, स्वाद जस्ता रूपको प्रकृतिप्रेमको चर्चा गरिएको छ । त्यस्तै प्रकृतिको सौम्य स्वभाव र रौद्र स्वभाव, प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरण र दिव्यता वा ईश्वरप्रतिको श्रद्धाको चर्चा गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

'लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा प्रकृतिप्रेम' शीर्षकको प्रस्तुत शोधकार्यबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ :

१. लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९९३ मा 'आषाढको पन्ध्र' (शारदा, वर्ष २, अङ्क ९) निबन्ध प्रकशन गरी औपचारिक निबन्धयात्रामा प्रवृत्त भएका हुन् । यसै निबन्धबाट आधुनिक नेपाली निबन्धमा निजात्मकताको प्रादुर्भाव भएको हो ।

२. देवकोटाको समग्र निबन्ध यात्रालाई पहिलो चरण र दास्रो चरण गरी छुट्याउन सकिन्छ । उनको पहिलो चरण (वि.सं.१९९३-२००२सम्म) का निबन्धहरूमा स्वच्छन्द रूपमा प्रकृतिचित्रण र प्रकृतिप्रेमको प्रकटन भएको छ भने दोस्रो चरण (वि.सं.२००३-२०१६सम्म) मा स्वच्छन्दतावादसँगै  सामाजिक तथा रानीतिक पक्षसँग सम्बन्धित भएका छन् ।

३. देवकोटाका निबन्धमा वनस्पति मानवीय स्वभाव, तन्मय प्रकृति, मन्मय प्रकृति, नदीनाला, वर्षा, बादल, जनावर, ध्वनि, वायु, स्वाद, सौम्य स्वभावको प्रकृति, रौद्र स्वभावको प्रकृति, प्रकृतिको मानवीकरण, मावनको प्रकृतीकरण र दिव्यता तथा ईश्वर आदिजस्ता विविध प्राकृतिक पक्षहरूप्रति प्रेमभाव प्रकट गरिएको छ । प्रस्तुत आधारहरूबाट देवकोटाका निबन्धमा प्रकट भएका प्रकृतिप्रेमको मुख्य  बूँदाहरू यसप्रकार छन् :

(क) देवकोटाले वनस्पतिलाई स्वाभाविक गुणका आधारमा प्रेमभाव प्रस्तुत गर्दै त्यसको फूल फुल्ने, फल लाग्ने, बूढो हुने गुणको चित्रण गरेका छन् । उनले वनस्पतिमा पनि विभिन्न प्रकारका अनौठो गुण पाइन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

(ख) निबन्धकार देवकोटाले स्त्री,  पुरुष, बालबालिका आदिका विभिन्न स्वभावप्रति प्रेमभाव प्रकट गरेका छन् ।

(ग) देवकोटाका निबन्धमा तन्मय प्रकृति अन्तर्गत माटो, ढुङ्गा, वनस्पति, फूल र नदी आदिप्रति प्रेमभाव प्रकट गरेका छन् ।

(घ) मन्मय प्रकृतिको प्रेमभाव प्रकट गर्दै देवकोटाले प्रकृतिको सौन्दर्यमा स्वर्गीय अनुभव पाइने, प्रकृतिका कण-कणमा सौन्दर्य लुकेको कुरा अभिव्यक्त गरेका छन् ।

(ङ) वर्षा, बादल, जल जस्ता प्राकृतिक स्रोतप्रति प्रेमभाव प्रकट गर्दै देवकोटाले तरलताको सम्बन्ध मूल प्रकृतिसँग हुन्छ भन्ने व्यक्त गरेका छन् । उनले पहाडी प्रदेशको स्वच्छ,

निर्मल पानीलाई अमृतधाराको संज्ञा दिएका छन् । नदीनालाले नै सङ्गीत सिकाएको र यसको आवाजमा वेद र परमानन्द पाइने भाव प्रकट गरेका छन् ।

(च) देवकोटाले भूस्वरूप र धरातलप्रति प्रेमभाव प्रकट गर्दै जमिन बिना यस धर्तीको नै अस्तित्त्व शून्य हुने भाव प्रस्तुत गरेका छन् । हिमाल पहाड, मैदान आदि भौगोलिक स्वरूपको प्रेममय चर्चा उनको निबन्धमा पाइन्छ । उनले कुनै तन्मय रूपमा र कुनै मन्मय रूपमा भौगोलिक धरातलप्रति प्रेमभाव प्रकट गरेका छन् ।

(छ) ध्वनि, वायु, स्वाद, आदिजस्ता प्राकृतिक पक्षप्रति पनि देवकोटाको अनुराग रहेको छ । नदीको कलकल आवाजले सम्पूर्ण पीडा र थकान मेटाउँछ भन्ने उल्लेख गरेका देवकोटाले फूलको सुगन्धमा दिव्यता प्रकट हुने कुरा उल्लेख गर्दछन् ।

(ज) देवकोटाका निबन्धमा प्रकृतिको सौम्य रूपप्रति प्रेमभाव प्रकट भएको छ । उनले प्रकृतिलाई सत्यं शिवं र सुन्दरंको रूपमा चित्रण गरेका छन् ।

(झ) प्रकृतिका सौम्य गुणमात्र नभई रौद्र पनि विद्यमान रहेको उल्लेख गर्दै रौद्र रूपको प्रकृतिप्रति पनि प्रेमभाव प्रकट गरिएको छ । पहाडी भेगको कतिपय ठाउँमा प्रकृतिले नै मानिसप्रति दया नगरेको, बाढी, पहिरो र भूकम्प जस्ता रूपमा प्रकृतिले दुःख दिएको तर पनि मानिस प्रकृतिकै अनुयायी बन्नुपरेको भाव देवकोटाका निबन्धहरूमा अभिव्यक्त भएका छन् ।

(ञ) निबन्धकार देवकोटाले प्रकृतिको मानवीकरण तथा मानवको प्रकृतीकरण गरेर प्रकृति र मानवको तादात्म्य सम्बन्ध स्थापित गर्दै प्रकृतिप्रति प्रेमभाव प्रकट गरेका छन् ।

(ट) दिव्यता वा ईश्वर पनि प्रकृतिकै एउटा रूप मानिन्छ । निबन्धकार देवकोटाका निबन्धमा दिव्यता तथा ईश्वरप्रति श्रद्धाभाव प्रकट गरिएको छ र यिनैबाट समग्र चराचर जगत् र प्रकृति सञ्चालित रहेको र विश्वब्रहमाण्डको सन्तुलन कायम रहन सकेको अभिव्यक्त गरेका छन् ।

(ठ) देवकोटाका निबन्धहरूको अध्ययनको आधारमा उनी प्रकृतिप्रेमी निबन्धकार भएको पुष्टि हुन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, अम्बिकाप्रसाद (२०२८). 'देवकोटाको प्रकृतिदर्शन'. **प्रज्ञा**. १.४; २६-३० ।

अर्याल, दुर्गाप्रसाद (२०५७). **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन.** काठमाडौं : उदय बुक्स प्रा.लि. ।

अवस्थी, महादेव (२०६१). **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**. काठमाडौं : एकता बुक्स ।

.................. (२०६४). **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**. काठमाडौं : इन्टेलेक्च्युअल बुक प्यालेस ।

ए.स. हर्नबे (सन् २००५). **अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरी,** सातौं संस्करण. लन्डन : अक्सफोर्ड यूनिभर्सिटि प्रेस ।

ओझा, रामनाथ (२०५९). *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य चेतना.* अप्रशित विद्यावारिधि शोध प्रबन्ध. मानविकी तथा सामाजिक शाास्त्र सङ्काय त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

कँडेल, घनश्याम (२०२८). 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह'. **प्रज्ञा** १.४; ४६-५२ ।

काफ्ले, रजनी (२०६९). *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा निजात्मकता.* अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

गोमा, (२०२७). 'प्रकृति पुजारी लक्ष्मीप्रसाद देवकोटा'. **रूपरेखा.** ९.५; ५५-६० ।

........(२०३०). 'देवकोटामा राष्ट्रियता'. **रत्नश्री.** ११.१; ३१-३४ ।

गौतम, देवीप्रसाद र लुइटेल खगेन्द्रप्रसाद (२०५४). **नेपाली निबन्ध**. काठमाडौं : नवीन प्रकाशन ।

घिमिरे, कृष्णचन्द्र (२०३८).*निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समिति, कीर्तिपुर बहुमुखी क्याम्पस, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

चापागाई, नरेन्द्र (२०२८). 'लक्ष्मी निबन्धसङ्ग्रह र देवकोटा'. **बरगाछी**.१; १-२६ ।

जोशी, कुमार बहादुर (२०५३). **देवकोटाका कविताकृतिमा प्रकृति.** काठमाडौं : सरस्वती प्रकाशन ।

........................ (२०६१). **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्यमान्यता**. काठमाडौं : श्रीमती सरस्वती जोशी ।

जोशी, रत्नध्वज (२०१०). 'निबन्धकार देवकोटा'. **हिमानी.** २/४; १७-२२ ।

त्रिपाठी, वासुदेव (२०६५). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** पाँचौं संस्करण. ललितपुर : साझा प्रकाशन ।

दाहाल, खेम (२०६६). **केही नेपाली निबन्धको समीक्षा**. धरान : हारती माँ अफसेट प्रेस ।

दुबे, चन्द्रेश्वर (२०३८). **नेपाली साहित्य : एक सर्वेक्षण**, काठमाडौं : ज्योति प्रकाशन ।

देवकोटा, पद्म र अन्य (२०६८). **महाकवि देवकोटा अभिसूचिका.** काठमाडौं : महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४९). **प्रसिद्ध प्रबन्ध सङ्ग्रह,** चौथो संस्करण. काठमाडौं : साझा प्रकाशन ।

............................ (२०६५). **दाडिमको रूखनेर** (सम्पा. राजेन्द्र सुवेदी), पाँचौं संस्करण. काठमाडौं : साझा प्रकाशन ।

...........................(२०६६). **महाकवि देवकोटाका निबन्ध,** (सम्पा. शिव रेग्मी). काठमाडौं : महाकवि देवकोटा शताब्दी महोत्सव ।

.........................(२०६७). **लक्ष्मी निबन्धसङ्ग्रह,** अठारौं संस्करण. काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, नेत्रप्रसाद (२०६१). 'लक्ष्मी निबन्धसङ्ग्रह : देवकोटाको साहित्यिक आत्मवृतान्त. **गरिमा.** २२/८; ४८-५५ ।

पराजुली, ठाकुरप्रसाद (२०२५). 'देवकोटाको प्रकृति-प्रयोग र प्रकृति-काव्य वनकुसुम'.**भानु.** ५.१२; १७८-१८४ ।

प्रधान, राजनारायण (२०४८). **केही कृति केही स्मृति**. काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५८). *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५८). **देवकोटा**. ललितपुर : साझा प्रकाशन ।

बस्याल, ध्रुवप्रसाद (२०५३). *लक्ष्मी निबन्धसङ्ग्रहको कृतिपरक विश्लेषण.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

भट्टराई, शिवप्रसाद (२०५०). 'निबन्धकार देवकोटा र उनका मूलभूत प्रवृत्ति'. **गोरखापत्र.** ९-१० ।

राई, इन्द्रबहादुर (सन् १९६६). **टिपेका टिप्पणीहरू.** दार्जिलिङ्ग : नेपाली साहित्य सञ्चयिका ।

रेग्मी, चूडामणि उपाध्याय (२०२५). 'लक्ष्मीप्रसाद देवकोटाः निबन्धकार'. **भानु.** ५.१२; ६५-७६ ।

लुइटेल. खगेन्द्रप्रसाद (२०६८).**नेपाली निबन्ध समालोचना**. काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद. २०६७. पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. तेस्रो संस्करण. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रमा (२०६३). *देवकोटा सम्बन्धी अध्ययन परम्परा.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

शास्त्री, सुन्दर झा (२०२४). 'मुनामदनमा प्रकृति-वर्णन र अलङ्कार'. **रत्नश्री.** ४.४; ५५-६० ।

**श्रीमद्भागवत् गीता** (२०५४). उन्नाइसौं संस्करण. गोरखपुर : गीताप्रेस ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८). **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** तेस्रो संस्करण. ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०३४). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सापकोटा, निर्मला (२०५६). *दाडिमको रूखनेर निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

सापकोटा, रमा (२०६६). महाकवि देवकोटा र उनको प्रकृतिप्रेम. **सम्प्रेषण.** ६.६; २७८-२७९ ।

सुवेदी, भीमप्रसाद (२०६५). *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा देशभक्ति.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०३९). **देवकोटाका निबन्ध : केही मेलो-केही झमेलो.** (ले. लक्ष्मीप्रसाद देवकोटा) 'दाडिमको रूखनेर'. काठमाडौं : साझा प्रकाशन ।

..................(२०५८). **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, तेस्रो संस्करण. ललितपुर : साझा प्रकाशन ।

....................(सम्पा. २०६३). **स्नातकोत्तर नेपाली निबन्ध भाग-३,** चौँथो संस्करण. काठमाडौं : पाठ्य सामग्री पसल ।